
राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क

# अनेसास दर्पण

# INLS Darpan

## 7




अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज

International Nepali Literary Society

राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क

# अनेसास दर्पण

# INLS Darpan




अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

**International Nepali Literary Society**

केन्द्रीय कार्यसमिति

वासिङ्टन डिसी, अमेरिका

अनेसास
# दर्पण
INLS Darpan

प्रकाशक : अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
केन्द्रीय कार्य समिति, वासिङ्टन डि.सी.,
अमेरिका

संस्करण : अनलाइन
अङ्क : सात

प्रकाशन : वि.सं. २०७७ (सन् २०२०, डिसेम्बर)
सर्वाधिकार : © प्रकाशकमा

आवरण/आकृतिविन्यास : रदाल rd.sindhuli@gmail.com

अनेसास
# दर्पण
INLS Darpan

वर्ष ६, अङ्क १, पूर्णाङ्क ७ , २०७७ (डिसेम्बर, २०२०)

**प्रमुख सल्लाहकार**

**गीता खत्री, प्रकाश पौडेल 'माइला'**

**सल्लाहकार**

**गोवर्द्धन पूजा, राजेन्द्रकुमार श्रेष्ठ, राजेश बुढाथोकी, सुनिल सङ्गम, बाबा बस्नेत, सर्वज्ञ वाग्ले, विमला निरौला, कृष्णकुमार गिरि, दीप पाठक, रेनुका थापा 'सोलु', तारा अधिकारी, प्रमोद सारङ, निजानन्द मल्ल, महेश्वर शर्मा, माया गुरुङ**

प्रधान सम्पादक

**लालगोपाल सुवेदी**

कार्यकारी सम्पादक

**हरिप्रसाद काफ्ले 'शैव'**


प्रविधि सम्पादक

**रमेश दाहाल**

सम्पादक

**ज्ञानु अधिकारी** (नेपाल)
**हेमन्त गिरी** (जापान)
**डी.आर. न्यौपाने 'सूर्य'** (कोरिया)
**प्रदीप खनाल** (भारत)
**मनोज न्यौपाने** (नेपाल)
**नीलकण्ठ सुवेदी** (अमेरिका)
**धनीराम सापकोटा** (अमेरिका)
**सुरेश पोखरेल** (अमेरिका)
**मदन पौडेल** (बेलायत)
**यादव देवकोटा** (पोर्चुगल)
**नमराज लामिछाने** (साउदी)

# हार्दिक श्रद्धाञ्जली



*जन्म : १९७६ असार ७ गते मङ्गलबार*

*निधन : २०७७ भदौ २ गते मङ्गलबार*

नेपाली वाङ्मयका महत्तम व्यक्तित्व, नेपाली काव्य संसारका उच्चतम शिखर स्रष्टा, नेपाली गीति क्षेत्रका प्रकाशवान् नक्षत्र राष्ट्रकवि माधव घिमिरेको १०१ वर्षको दीर्घजीवनपश्चात् भएको दुःखद निधनले नेपाली वाङ्मयको क्षेत्रमा अपूरणीय क्षति पुगेको छ । शताधिक उमेर बाँचेका राष्ट्रकवि घिमिरेको निधनबाट नेपाली साहित्य जगत्मा निकै ठूलो रिक्तता आएको छ । उहाँका कालजयी सृजनाले नेपाली जाति र नेपाली भाषा-साहित्यको गौरव परन्तुसम्म बढाइरहने छन् । यस्ता अमर साधक राष्ट्रकवि माधव घिमिरेप्रति हार्दिक श्रद्धाञ्जली !

**प्रकाश पौडेल 'माइला'**

**अध्यक्ष**

**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)**

**केन्द्रीय कार्यसमिति परिवार**

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)
INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)
BOARD OF TRUSTEES (BOT)

# शुभकामना



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको नियमित प्रकाशन **अनेसास दर्पण**को सातौँ अङ्क 'माधव घिमिरे विशेषाङ्क'को रूपमा प्रकाशन हुन लागेको खबरले मलाई खुसी बनाएको छ। अनेसासको इतिहासमा 'माधव घिमिरे विशेषाङ्क' अर्को ऐतिहासिक कडी हो। भविष्यमा माधव घिमिरेका बारेमा अनुसन्धान गर्न र शोधपत्र लेखनका लागि समेत अत्यन्त उपयोगी हुनेछ भन्ने ध्येयकासाथ गरिएको यस नौलो सोच र कार्यबाट प्रसन्नताको अनुभवन भइरहेछ। विभिन्न विधामा विभिन्न विचारधारा भएका स्रष्टाहरूको सिर्जना एकिकृत गरी सम्पादन गर्नु सजिलो काम होइन। यस्तो कठीन कामको जिम्मा लिएर नेपाली भाषासाहित्य, कला र संस्कृतिलाई विश्वविस्तारीकरणको अभियानमा संलग्न प्रमुख सम्पादक श्री लालगोपाल सुवेदी भाइ तथा सम्पादक मण्डलका सबै मित्रहरूलाई मुरीमुरी धन्यवाद दिन चाहन्छु।

भाषासाहित्यले नै मान्छेको मौलिकता र संस्कृतिलाई सम्बर्द्धन र संरक्षण गर्दै समाजलाई अगाडि बढाइरहेको हुन्छ। साहित्यबाटै सभ्यताको जानकारी पाउन सजिलो हुन्छ। त्यसैले हामी जहाँ बसे पनि जहाँ रहे पनि आफ्नो भाषा संस्कृतिलाई सधैँ संरक्षण सम्बर्द्धन गर्नमा तल्लीन छौँ। **दर्पण**ले विश्वभर छरिएर रहेका नेपाली भाषाभाषीहरूलाई भाषाको सरल र सुलभ माध्यमबाट एकताको सूत्रमा आबद्ध गर्न ठूलो भूमिका निर्वाह गर्ने छ भन्ने मैले ठानेकी छु।

अन्त्यमा **दर्पण**ले सबैतिरका सर्जकको सिर्जनालाई आफ्नो प्रकाशनभित्र समावेस गर्न सफल हुनेछ भन्ने मैले विश्वास लिएकीछु। साथै **दर्पण** अनेसासका सम्पूर्ण आजीवन सदस्यज्यूहरू, अनेसासलाई माया गर्ने सम्पूर्ण दाजुभाइ दिदिबहिनीहरू तथा नेपाली भाषासाहित्यलाई माया गर्नेहरूबिच लोकप्रिय हुँदै सबैको मनभित्र बस्न सकोस् हार्दिक शुभकामना दिन चाहन्छु। साथै नवदुर्गा भवानीले सबैको रक्षा गरुन भन्ने कामना गर्दै विजयादशमी २०७७ को हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछु।

*अक्टोबर २५, २०२०*
*रेगोपार्क, न्युयोर्क।*

**गीता खत्री**
अध्यक्ष

# हार्दिक श्रद्धार्चन



*जन्म : १९७६ असार ७ गते मङ्गलबार*

*निधन : २०७७ भदौ २ गते मङ्गलबार*

नेपाली वाङ्मयका शिखर पुरुष, नेपाली गीति क्षेत्रका जाज्वल्यमान् नक्षत्र राष्ट्रकवि माधव घिमिरेको १०१ वर्षको दीर्घजीवनपश्चात् भएको दुःखद निधनले नेपाली वाङ्मयको क्षेत्रमा निकै ठूलो रिक्तता आएको छ । उहाँका कालजयी सृजनाले नेपाली जाति र नेपाली भाषा-साहित्यको गौरव अनन्तसम्म बढाइरहने छन् । यस्ता अमर साधक राष्ट्रकवि माधव घिमिरेप्रति हार्दिक श्रद्धाञ्जली !

**लालगोपाल सुवेदी**

**प्रधान सम्पादक**

**एवं अनेसास दर्पण परिवार**

अनेसास दर्पण INLS Darpan

# अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास)

## INTERNATIONAL NEPALI LITERARY SOCIETY (INLS)

केन्द्रीय कार्यसमिति, वासिङ्टन डिसी, अमेरिका

## अध्यक्षको मन्तव्य



वि. सं. २०४८ तदनुरूप सन् १९९१ मा अमेरिकाको वासिङ्टन डिसीमा विधिवत स्थापना भएको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) हालसम्म विश्वको विभिन्न देश र राज्यहरूमा गरी दर्जनौं च्याप्टर स्थापना भई नेपाली भाषा, साहित्यको श्रीबृद्धिका लागि सक्रिय रूपमा लागी परिरहेको छ।

संसारभर छरिएर रहनुभएका नेपाली साहित्यिक स्रष्टाहरूको महत्त्वपूर्ण साथ पाएर नै अनेसासले अनेकौं उकाली ओरालीहरू पार गर्दै यहाँसम्म आइपुगेको छ। अनेसासले च्याप्टरहरूमार्फत् डायस्पोरिक स्रष्टाहरूलाई गोलबद्ध गरी विश्वमै नेपाली भाषासाहित्यको पहिचानका लागि खेलेको भूमिका अतुलनीय छ भन्ने कुरामा दुईमत छैन।

केन्द्रबाट प्रकाशन हुने **अनेसास दर्पण**को सातौं अङ्क प्रकाशन हुने खबरले हर्षविभोर भएको छु। प्रस्तुत सातौं अङ्कलाई नेपाली साहित्यका धरोहर राष्ट्रकवि माधव घिमिरेको स्मृतिमा 'राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क'का रूपमा प्रकाशन गर्न लागेकोमा खुसी व्यक्त गर्दै यसका प्रकाशन समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। यसका साथै अनेसासको मुखपत्रको रूपमा मुद्रण हुने **अन्तर्दृष्टि** त्रैमासिक नियमित प्रकाशन हुँदै आइरहेको कुरा त यहाँहरूलाई विदितै छ।

अनेसासबाट प्रकाशन हुने  हरेक प्रकाशनमार्फत् विश्वभरि छरिएर रहनुभएका स्रष्टाहरूलाई समेट्ने कोसिस हामीले गरिरहेका छौं। यसका लागि अग्रजहरूको माया, सद्भाव प्रेरणा एवं आम स्रष्टाहरूको साथ सहयोगको आवश्यकता पर्दछ। प्रकाशन समितिले गरेको लेखरचनाको आह्वानमा अधिकतम उत्कृष्ट लेख/रचनाहरू प्राप्त भएको कुराले पनि अनेसासप्रति यहाँहरूको माया ममता अगाध रहेको प्रष्ट भएको छ।

त्यसका लागि सम्पूर्ण स्रष्टाहरूमा केन्द्रको तर्फबाट हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्दछु ।

अथक मिहिनेतका लागि प्रधान सम्पादक लालगोपाल सुवेदी, कार्यकारी सम्पादक हरिप्रसाद काफ्ले 'शैव' तथा प्रविधि सम्पादक रमेश दाहालसहित सम्पादन मण्डलका सम्पूर्ण सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दै आगामी अङ्कको निरन्तर प्रकाशनको शुभकामना व्यक्त गर्दछु ।

नेपाली भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण र सम्बर्धनमा अनेसासले चालेका हरेक कदममा साथ दिनुहुने सम्पूर्ण साहित्यप्रेमीहरूलाई हार्दिक धन्यवाद दिँदै वर्तमान केन्द्रीय कार्य समिति, निवर्तमान कार्य समिति, पूर्व अध्यक्षज्यूहरू, आजीवन सदस्यज्यूहरू, च्याप्टर अध्यक्षज्यूहरू, बोर्ड अफ ट्रष्टीलगायत सबैमा कृतज्ञता व्यक्त गर्दछु । जय अनेसास !

प्रकाश माइला

**प्रकाश पौडेल 'माइला'**
*अध्यक्ष*
**अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज** (**अनेसास**)
*केन्द्रीय कार्य समिति*

अनेसास दर्पण
INLS Darpan

# केही लेख्नैपर्दा .....



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज विश्वव्यापी बन्दै जानु हाम्रा लागि खुसीको विषय हो। दुई हजारभन्दा बढी आजीवन सदस्य रहेको यस संस्थाका नयाँ नयाँ च्याप्टर थपिँदै गएका छन् भने साहित्यिक गतिविधिहरू पनि बढ्दै गएको अनुभव गर्न थालिएको छ। अनेसासका सम्पूर्ण आजीवन सदस्य, शुभचिन्तक तथा साहित्यानुरागीहरूलाई एकैपटक सम्बोधन गर्न सक्ने विश्वासिलो अनलाइन साथीको रूपमा यस **दर्पण** आउँदैछ।

सर्वसम्वादको स्थिति जस्तोसुकै भए पनि हामी (सबै सम्पादकहरू) आफ्नो जिम्मेवारीप्रति प्रतिबद्ध छौँ। पत्रिकालाई स्तरीयता प्रदान गर्नेबारेमा हामी गम्भीरतापूर्वक छलफल गरिरहेकै छौँ। डायस्पोराका धेरैभन्दा धेरै स्रष्टाहरूलाई समेट्दै अपनत्वको विकास गर्दै जानेतर्फ समेत हामी सचेत छौँ, यही नै हाम्रो प्राथमिकता हो। हरेक अङ्क ऐतिहासिक बनोस् भन्ने उद्देश्य हाम्रो छ। साहित्यिक पत्रिका त्यतिबेला सार्थक हुन्छ जुनबेला सर्जक, भावक र साहित्यसेवी पूर्णरूपेण सन्तुष्ट हुन्छन्।

प्रस्तुत सातौँ अङ्कलाई 'माधव घिमिरे विशेषाङ्क'को रूपमा पस्केका छौँ। सय वर्षभन्दा बढी समय बाँचेर नेपाली कविता र गीतलाई अमरता प्रदान गर्ने घिमिरेको योगदान देवकोटा, लेखनाथ र बालकृष्ण समकै हाराहारीको छ। देवकोटा, लेखनाथ र समका समकालीन समेत हुन् घिमिरे। शारीरिक, मानसिक र आत्मिक रूपलेसमेत स्वस्थ भएकैले सय वर्ष पार गर्न सके घिमिरेले। आफ्ना अन्तर्वार्ताहरूमा सकारात्मक चिन्तन र जीवनशैलीबारे खुलेर कुरा गरेका छन्। आशावादी जीवनदृष्टिलाई कहिल्यै छोडेनन्। निराशावादी जीवन दृष्टिले मानव र मानवताको भलो गर्दैन भन्ने उनको मान्यता थियो। विकृत भाव र भाषा उनलाई मन पर्दैनथ्यो। राष्ट्रियता, भाइचारा र विश्व मानवताका गायन हुन् उनका समग्र सिर्जनाहरू। उनको **अश्वत्थामा** गीति नाटकलाई अङ्ग्रेजीमा अनुवाद गराएर नोबेल पुरस्कार समितिमा पठाइएको थियो। विश्वसामु सगर्व

प्रस्तुत गर्न सकिने रचनाहरू उनले नेपाली साहित्यलाई प्रदान गरेका छन् । कालिदास र रवीन्द्रनाथ टेगोरबाट प्रभावित घिमिरे लेखनाथ र देवकोटापथका अमर सेतु हुन् । देवकोटाको जस्तै स्वच्छन्द भावधारालाई लेखनाथको जस्तै परिष्कृत शैलीशिल्पका साथ पस्कने घिमिरे सय पङ्क्तिले भन्न नसक्ने कुरा एकै पङ्क्तिले भन्ने सामर्थ्य काव्यमा हुनुपर्छ भन्थे । **मुनामदन**पछिको सबैभन्दा शक्तिशाली खण्डकाव्य मानिन्छ **राजेश्वरी** खण्डकाव्य । रवीन्द्रनाथ टेगोरको **गीतान्जली**भन्दा कुनै पनि मानेमा **राजेश्वरी** र **अश्वत्थामा** कम शक्तिशाली छैनन् । दुवै कृति अत्यन्त खँदिला र गहन छन् ।

अन्त्यमा, यो विशेषाङ्कलाई मुद्रणसमेत गर्नेछौँ र यस कार्यले घिमिरेका अनुसन्धानकर्ताको महत्त्वपूर्ण सहयोगी बन्नसक्ने विश्वास लिएका छौँ, जसबाट हाम्रो अनेसासको साख ऊँचो हुनेछ । यसका लागि केन्द्रीय पदाधिकारीहरूप्रति पनि आभार प्रकट गर्न चाहन्छु । विओटी अध्यक्ष गीता खत्री, केन्द्रीय कार्यकारी अध्यक्ष प्रकाश पौडेल 'माइला' र वरिष्ठ उपाध्यक्ष गोवर्द्धन पूजाजीले समेत घिमिरेसम्बन्धी आफ्नो महत्त्वपूर्ण अनुभव लेख्नुभएको छ जसबाट अनेसासको नाम र काम स्पष्ट हुनेछ । हाम्रो आह्वान एवं अनुरोध सहर्ष स्वीकारेर महत्त्वपूर्ण लेख/रचना पठाइ यस अङ्कको उचाइ थप्नुहुने सम्पूर्ण स्रष्टाज्यूहरूप्रति ऋणी बनेका छौँ, यहाँहरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत अङ्कमा समावेश लेख/रचनाहरू स्रष्टाको नामको वर्णानुक्रमानुसार राखिएको छ ।

कार्यकारी सम्पादक हरिप्रसाद काफ्ले 'शैव'ज्यू र प्रविधि सम्पादक रमेश दाहालज्यूले यस अङ्कका लागि सुरूदेखि गर्नुभएको मिहिनेत अतुलनीय छ । त्यसैगरी नीलकण्ठ सुवेदीज्यूलगायत अन्य सबै सम्पादक मन्डलका साथीहरूको सहयोगप्रति उत्तिकै आभार प्रकट गर्दछु । आर्थिक सहयोग गर्नुहुने साहित्यिक मनहरूप्रति एकमुष्ठ धन्यवाद दिन चाहन्छु ।

**दर्पण**का आगामी अङ्कहरू नियमित रूपले प्रकाशन हुनेछन् भन्ने विश्वास दिलाउँदै अङ्ग्रेजी नयाँ वर्ष २०२१ को हार्दिक मङ्गलमय शुभकामनासहित यस विशेषाङ्कलाई आम पाठकको हातमा सुम्पँदै अमूल्य सुझावको अपेक्षा गर्दछु । अस्तु ।।

**लालगोपाल सुवेदी**
प्रधान सम्पादक
**अनेसास दर्पण**

# अनेसास: हालसम्मका अध्यक्षहरू र कार्यकाल



होमनाथ सुवेदी
(१९९१–१९९६)



किरण ढुङ्गाना
(१९९६–१९९७)



अच्युत श्रेष्ठ
(१९९७–१९९८)



वसन्त श्रेष्ठ
(१९९९–२०००)



सरला श्रेष्ठ
(२०००–२००१)



भीम रेग्मी
(२००१–२००२)



पुरुषोत्तम सुवेदी
(२००३–२००४)



डा. दुर्गाबहादुर सुवेदी
(२००४–२००५)



मोहन सिटौला
(२००५–२००८)



डा. कुमार बस्नेत
(२००८–२०१०)



ज्ञानेन्द्र गदाल
(२०१०–२०१२)



गीता खत्री
(२०१२–२०१४)



पदम विश्वकर्मा
(२०१४–२०१८)



राधेश्याम लेकाली
(२०१८–२०२०)



प्रकाश पौडेल 'माइला'
(२०२०– )

# अनेसासः वर्तमान कार्यसमिति



प्रकाश पौडेल 'माइला'

*अध्यक्ष*



गोवर्द्धन पूजा

*वरिष्ठ उपाध्यक्ष*



बाबा बस्नेत

*उपाध्यक्ष (एसिया)*



राजेन्द्रकुमार श्रेष्ठ

*उपाध्यक्ष (अमेरिका)*



सुनिल सङ्गम

*उपाध्यक्ष (युरोप)*



राजेश बुढाथोकी

*उपाध्यक्ष (ओसियाना)*



सर्वज्ञ वाग्ले

*महासचिव*



विमला निरौला

*सचिव*



कृष्णकुमार गिरी

*कोषाध्यक्ष*



दीप पाठक

*सदस्य*



डा. रेनुका सोलु

*सदस्य*



प्रमोद सारङ

*सदस्य*



तारा अधिकारी

*सदस्य*



निजानन्द मल्ल

*सदस्य*



महेश्वर शर्मा

*मनोनित सदस्य*



माया गुरुङ

*मनोनित सदस्य*

# अनेसासः बोर्ड अफ ट्रष्टी (BOT) को कार्यसमिति (२०१८-२०२२)



गीता खत्री

*अध्यक्ष*



पदम विश्वकर्मा

*उपाध्यक्ष*



पुरु सुवेदी

*उपाध्यक्ष*



शिव लामिछाने

*सचिव*



राम लामा 'अभिनाशी'

*कोषाध्यक्ष*



प्रा.डा. गोपी उप्रेती

*अध्यक्षः पुरस्कार समिति*



तीर्थ अधिकारी

सदस्य

# विषयसूची

## कृतित्व र व्यक्तित्व खण्ड


| | | |
|---|---|---|
| बालकहरूका पनि उत्तिकै प्रिय राष्ट्रकवि | *अर्चना लामिछाने/अर्पणा लामिछाने* | ३ |
| नेपाली साहित्यका शिखर पुरुष राष्ट्रकवि माधवप्रसाद घिमिरे | *गंगा लिगल* | ८ |
| राष्ट्रकवि माधवप्रसाद घिमिरेसँगको क्षण | *गीता खत्री* | १२ |
| राष्ट्रकवि र बा.अ.प. ३१९५ | *गोवर्द्धन पूजा* | १८ |
| बुवासँगको अन्तिम रात | *ज्योति पौडेल* | २३ |
| राष्ट्रकवि माधवप्रसाद घिमिरे र उनको राजेश्वरी खण्डकाव्यको विश्लेषण | *डा. टेकनारायण उपाध्याय* | २९ |
| राष्ट्रकविलाई सम्झँदा | *दिव्य गिरी* | ४४ |
| १०१ वसन्तदर्शी राष्ट्रकवि | *नारायणप्रसाद तिवारी* | ५१ |
| राष्ट्रकविसँगको अविष्मरणीय पल | *पदम विश्वकर्मा* | ५४ |
| राष्ट्रकविसँगको त्यो भेट अन्तिम हुन सकेन | *प्रकाश पौडेल 'माइला'* | ५९ |
| राष्ट्रकविप्रति श्रद्धाञ्जली | *फणिन्द्रराज काफ्ले* | ६४ |
| राष्ट्रकवि माधव घिमिरेको कवितादृष्टि | *महेश पौड्याल* | ६९ |
| माधव घिमिरे  मेरो साहित्यिक जीवनमा | *मोहन सिटौला* | ७६ |
| हाम्रा गौरव | *युवराज नयाँघरे* | ८८ |
| प्रारम्भ हो खालि ! | *डा. रजनी ढकाल* | ९१ |

| | | |
|---|---|---|
| मनमनमा राष्ट्रकवि | *रञ्जना निरौला* | ९७ |
| राष्ट्रकवि : पहिलादेखि अहिलेसम्म | *रमण घिमिरे* | १०२ |
| मैले चिनेका राष्ट्रकवि माधव घिमिरे | *राम खत्री* | १११ |
| प्रेरक व्यक्तित्वः माधवप्रसाद घिमिरे | *रामकुमार पण्डित क्षत्री* | ११५ |
| खण्डकाव्यकार माधवप्रसाद घिमिरे र राजेश्वरी खण्डकाव्य | *डा. रामप्रसाद ज्ञवाली* | ११७ |
| महान् प्राज्ञिक विभूति : राष्ट्रकवि माधव घिमिरे | *रोचक घिमिरे* | १४६ |
| माधव घिमिरेको वैशाख कवितामा लोकजीवनको अभिव्यक्ति | *प्रा.डा. लक्ष्मणप्रसाद गौतम* | १५१ |
| स्मृतिका छालमा राष्ट्रकवि माधव घिमिरे | *लालगोपाल सुवेदी* | १६१ |
| कविवर माधवप्रसाद घिमिरेको सम्झनामा | *वसन्त श्रेष्ठ* | १६९ |
| राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूप्रति | *विजयध्वज थापा* | १७४ |
| राष्ट्रकवि माधवप्रसाद घिमिरे र विद्यावारिधि | *डा. शैलेन्दुप्रकाश नेपाल* | १७८ |
| स्मृतिमा राष्ट्रकवि | *सुभद्रा भट्टराई* | १८२ |
| राष्ट्रकविसँगको एक बसाइ | *हरिप्रसाद काफ्ले 'शैव'* | १८६ |
| प्रवृत्तिगत आधारमा 'वैशाख' कविताको विश्लेषण | *हरिप्रसाद पराजुली* | १९२ |
| माधव घिमिरेको अमेरिकामा अभिनन्दन | *होमनाथ सुवेदी* | २०७ |
| घिमिरेका गद्यकृति र साहित्यचिन्तन | *ज्ञानु अधिकारी* | २१३ |
| **कविता / गीत / गजल खण्ड** | | |
| हाम्रा प्यारा राष्ट्रकवि | *अरूणबहादुर खत्री "नदी"* | २१९ |
| हार्दिक श्रद्धाञ्जली | *इन्दिरा दाहाल* | २२० |
| शब्द-श्रद्धाञ्जली | *ऋषभदेव घिमिरे* | २२२ |

| | | |
|---|---|---|
| वाङ्मयका ज्योति | *ऋषि बराल* | २२४ |
| श्रद्धा-कुसुमाञ्जलि | *कोषराज न्यौपाने* | २२५ |
| राष्ट्रकवि | *चित्रकला कोइराला* | २२६ |
| शोक छैन | *छत्रपति दाहाल* | २२७ |
| कविको जन्मस्थल | *तीर्थराज अधिकारी* | २२९ |
| माधव घिमिरे | *दुर्गाबहादुर शाह 'बाबा'* | २३० |
| एउटा चिठी : कविवरलाई | *प्रह्लाद पोखेल* | २३१ |
| माधवः एक प्रेम नक्षत्र | *पुष्पा खनाल* | २३२ |
| अमर स्मृति | *बाबुराम न्यौपाने 'उत्स"* | २३३ |
| सम्झनामा राष्ट्रकवि | *भगवती बस्नेत* | २३४ |
| राष्ट्रकविः श्रद्धासुमन | *भावना न्यौपाने भवानी* | २३६ |
| नेपाल धर्तीका सपूत | *भीमकुमारी श्रेष्ठ* | २३७ |
| गर्छु श्रद्धाञ्जली समर्पण | *मुकुन्द शर्मा चालिसे* | २३८ |
| माधव घिमिरे | *रामविक्रम थापा* | २४० |
| राष्ट्रकविको याद | *लक्ष्मी नेपाल* | २४१ |
| छैन आज उज्यालो | *ललिता 'दोषी'* | २४२ |
| मेरो मनपरेको कविसँग | *विश्वप्रेम अधिकारी* | २४३ |
| हार्दिक श्रद्धाञ्जली | *शम्भु गजुरेल* | २४५ |
| ध्रुवतारा तिमी | *शर्मिला श्रेष्ठ* | २४७ |
| सम्झनामा राष्ट्रकवि | *श्रीषा पाण्डे* | २५० |
| **गीत** | *जीविका अश्रु* | २२८ |
| **गजल** | *राज श्रेष्ठ* | २३९ |



# राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क

## कृतित्व र व्यक्तित्व खण्ड

# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका
सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ,
दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा
सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका
साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै
अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई
चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन
सम्पूर्ण मानवसमुदायलाई सफलता
प्राप्त होस् भनी हार्दिक शुभकामना
व्यक्त गर्दछु ।



**पदम विश्वकर्मा**
उपाध्यक्ष
अनेसास बोर्ड अफ ट्रष्टी

# बालकहरूका पनि उत्तिकै प्रिय राष्ट्रकवि



अर्चना लामिछाने



अर्पणा लामिछाने

भाद्र २, २०७७ कुशेऔँशीका दिन। साँझ करिब ६ बजेको आसपास। फेसबुकमा बसेँ। अचानक राष्ट्रकवि माधवप्रसाद घिमिरेको निधन भएको कुरा थाहा पाएँ। मनमा चिसो पस्यो। कविवरको मृत्युले स्तब्ध बनायो। आँखा वरिपरि घुम्यो कविको हँसिलो मुहार। मैले नजिकै बसेकी दिदीलाई यो अप्रिय खबर सुनाएँ। दिदीले पनि एक तमासको अनुहार बनाइन्।

झलझली सम्झिन थाल्यौँ कविलाई भेट्दाका क्षणहरू। हामीले राष्ट्रकविलाई पहिलोपटक २०६७ सालको साउने सङ्क्रान्तिका दिन भेटेका थियौँ। त्यस बेला दिदी दश वर्षकी थिइन् र म सात वर्षकी। हामी उहाँको घर बाबासँग गएका थियौँ त्यस बेला। आफ्नो पढ्ने किताबमा कविता लेख्ने कविलाई हेर्न हामी उहाँको घर गएका थियौँ त्यो पनि बाबालाई पिरेर। हामीसँगै ठूलाबाका छोराछोरी अच्युत दाइ र अभिज्ञा दिदी पनि थिए। हामी चार जना बच्चाहरू र बाबा गरी जम्मा ५ जना थियौँ। हामी डराइडराइ उहाँको घर पुग्यौँ। धेरै जना बच्चा लिएर जानुपर्दा बाबाले पनि केही

असजिलो मानिरहनुभएको हामीले थाहा पाएका थियौँ । तैपनि हामी गयौँ कविता लेख्ने कविलाई भेट्न ।

लैनचौरको अल्काबस्ती । अत्यन्त शान्त र सुन्दर ठाउँ । रातोरातो रङ्गमा सजिएको दुई तले घर । घर अघिको लोभैलाग्दो बगैँचा । नीलो बुट्टे सर्ट अनि सादा प्यान्ट । घण्टी बजेपछि कवि आँफै ओर्लनुभयो ढोका खोल्न । हाम्रो नमस्कारलाई मन्द मुस्कानका साथ स्वीकार्नुभयो । सामान्य परिचय भयो । त्यसपछि खुसी हुँदै हाम्रो स्वागत गर्नुभयो । हामी ४ जना बच्चाहरू थियौँ बाबाको साथमा । हामीसँग आफ्नै नाति-नातिनी जसरी कुरा गर्नुभयो । बेला बेला ठट्टा गर्दै हाम्रा असहजतालाई कतिबेला दूर गरिदिनुभयो पत्तै भएन ।

कस्तो अचम्म ! हाम्रो डर त कविको घरको ढोकासम्म मात्रै रह्यो । उहाँको घर पुगेपछि त बाबालाईभन्दा महत्त्व त हामीलाई पो दिनुभयो । हामी अञ्जान बालकहरूसँग पनि कवि कत्ति प्रेमपूर्वक गफिनुभयो । आफ्नो जीवनका कथाहरू हामीलाई सुनाउनभयो । उहाँको मीठो मुस्कान देख्दा हामीभित्रको डर हराएर पूरै भाग्यो । हामीलाई पालैपालो आफ्नो काखमा राखेर धेरै कुराहरू सोध्नुभएको याद अझै ताजै छ ।

त्यतिमात्र होइन । हामीसँग माया गर्दै फोटो खिच्नुभयो । हाम्रा साना हातहरू समातेर उहाँका घरको कोठामा लैजानुभयो । कोठाभरि राखिएका विभिन्न सम्मानपत्रहरू देखाउनुभयो । हामीजस्ता साना मान्छेलाई पनि धेरै माया दिन सक्ने कविको महानता देखेर म हामी अहिले अचम्म मान्छौँ ।

फेसबुकका भित्ताभरि कविका विभिन्न कविताका अंशहरू लेखिएका थिए उहाँ परलोक हुनुभएको दिन उहाँको सम्झनामा । मेरो मानसपटलमा भने मैले दश वर्षअगाडि उहाँलाई घरमै गएर सुनाएको कविताको एक अंश घुमिरह्यो -

**पर्ख हे साथी म पनि आएँ सँगसँगै जाऔँला**
**पोल्टाको खाजा छायामा बसी बाँडेर खाउँला ॥**

घिमिरेले लेख्नुभएको ‘पर्ख हे साथी’ बालकविता । म ७ वर्षकी थिएँ कविसँगको पहिलो भेटमा । त्यस बिहान निकै उत्साहित थिएँ । आफ्नो किताबमा

कविता लेख्ने मान्छेलाई सुनाउनका लागि कविता कण्ठ गरेकी थिएँ। राम्रो भयो भएन थाहा भएन तर एकदमै खुसी भएर कविले ताली बजाउनुभयो।

राष्ट्रकवि भनेपछि ठूला व्यक्तित्व, ठूलो घर, केही नोकर चाकर अनि भेट्नका लागि चिनजान हुनुपर्ने होला भन्ने लागेको थियो, तर वास्तविकता फरक रहेछ। जब हामीले सजिलै भेट पायौँ, थाह भयो ठूला कवि मायालु हुँदारहेछन्।

कविता त तयार गरेकी थिएँ। सुनाएँ पनि। एकदमै खुसी हुनुभयो। ताली पनि मार्नुभयो। राष्ट्रकविले आफ्नो लागि ताली बजाउँदाको क्षण नै छुट्टै। हामीसँग निकै मजाले गफ गर्नुभयो। पहिलो भेटजस्तो त भान नै भएन। त्यस्ता महान् स्रष्टाको कस्तो सरलता! उहाँले हामीलाई कोठाभरि सम्मानपत्र र मायाका चिनोहरू देखाउँदै 'तिमीहरूले पनि यस्तै र यीभन्दा नि धेरै पुरस्कार र सम्मान पाउनु है!' भनेर गाला मुसार्नुभएको हिजैजस्तो लाग्छ।

कविसँगको पहिलो भेटपछि नै हो हाम्रो लेखन कार्यको थालनी भएको थियो। सानो कक्षाबाट नै उहाँको कविताहरू पढेका थियौँ। पुस्तकमा पढेको व्यक्तिलाई यसरी प्रत्यक्ष भेटेर फर्किंदा हाम्रो खुसीको सीमा नै थिएन। 'तिमीहरू पनि लेख्ने प्रयास गर्नू है', उहाँले हामी फर्कने बेला पनि भन्नुभएको थियो पहिलो भेटमा। उहाँलाई भेट्दाको अनुभव समेटेर नै लेखन यात्राको श्रीगणेश गरेँ। त्यसपछि हामी स-साना रचनाहरू तयार गर्न थाल्यौँ। हाम्रा रचनाहरू प्रायः राष्ट्रिय पत्रपत्रिकाहरूमा प्रकाशित हुन्थे। कविज्यूसँगको भेट र उहाँको प्रेरणादायी शब्दले नै हामीलाई लेख्ने हौसला मिलेको थियो।

वि.सं २०७१ को अन्त्यतिर अर्चनाको **जूनकीरीसित एघार पाइला** नामक पुस्तक प्रकाशित भएको थियो। यस पुस्तकमा अर्चनाले सुरुका दिनमा लेखेका ससाना यात्रा निबन्धहरू छन्। यसमध्ये पहिलो रचना कविज्यूसँगको भेटका बारे नै थियो। त्यसैले हामी यो पुस्तक लिएर कविसँग भेट्न जाने योजनामा थियौँ। तर २०७२ सालको सुरुवातीको दिनमा भूकम्प आएपछि हामी योजनाअनुसार उहाँलाई भेट्न जान पाएनौँ।

जेठ १७, वि.सं २०७२ देखि विद्यालय पुनः सुचारु भयो। जेठको १७ गते हामी रानीपोखरी छेउका संस्कृत मा.विमा पढ्न गयौँ। त्यो दिन पढाइ नभएकाले हामी मध्याह्नतिर लैनचौरतिर लाग्यौँ। लैनचौरस्थित उहाँको निवास पुग्दा थाहा

भयो कि उहाँको विश्राम गर्ने समय भएको रहेछ। विश्राम समय नसकिउञ्जेल हामीलाई बैठक कोठामा पर्खिन भनियो। केहीबेरमै ओठमा मिठो मुस्कानसहित कविज्यू बैठकमा प्रवेश गर्नुभयो। सामान्य कुराकानीपछि उहाँलाई हामीले पुस्तक देखायौँ। 'यो म नै हुँ त ?', भन्दै आँखाको चस्मा मिलाउँदै आफ्नै तस्वीर हेरेर हाँस्नुहुँदाको त्यो क्षण आँखैअगाडि घुमिरहेको छ अझै। कविबाट नै प्रेरित भएर लेखेका लेखहरूको सङ्ग्रह लिएर उहाँकै निवास पुग्नु एकदमै गौरवको कुरा थियो हाम्रा लागि।

राष्ट्रकवि माधवप्रसाद घिमिरे अब हाम्रा माझमा हुनुहुन्न। नभए पनि नेपाली साहित्यको एक आदर्श व्यक्ति हुनुहुन्छ, जो आफ्नो रचनाको माध्यमबाट बालकदेखि बृद्ध सबैको मनमा बस्न सफल हुनुभएको छ। उहाँले कविताकै माध्यमबाट हामीमा राष्ट्रभक्ति जगाउनुभएको छ। प्रकृतिप्रेम सिकाउनुभएको छ। शोककाव्य **गौरी**, **राष्ट्रनिर्माता**, **मालती–मङ्गले**जस्ता धेरै कृतिहरूमा कवि बाँचिरहनुहुनेछ। बालकका लागि लेखिएका पनि धेरै कवितका किताबहरू छन्। यतिमात्र होइन हरेक मान्छेसँग परिवारको सदस्यझैँ घुलमिल हुनसक्ने उहाँको आत्मीयताले उहाँलाई सदासदा बचाइरहनेछ।

आफ्ना मृत्युपछि मात्र बजाउनू भनेर उहाँले दिनुभएको गीत हिजोआज निकै बजिरहन्छ। धेरैले रुचिपूर्वक सुनेको पाइन्छ। हामी पनि कविका गीतका व्यक्त भएका शब्दहरूमा घोत्लिन्छौँ। सूर्यका स्वर्णीम किरणमा कविलाई हिमालका टाकुरातिर खोज्छौँ । तर किन देखिनुहुन्थ्यो र ! उहाँकै इच्छाझैँ बादलका रासका दुइटा मूर्ति एक भएझैँ उहाँ परमात्मामा लीन भइसक्नुभएको छ। उहाँ आफ्नो १०२ औँ जन्मोत्सव मनाउनुभन्दा केही दिनअगाडि नै यस संसारबाट बिदा हुनुभएको छ। देश र देशवासीलाई माया गर्ने प्रियकविलाई हार्दिक श्रद्धाञ्जली। हार्दिक श्रद्धासुमन।

*(अर्चना लामिछाने दिदी र अर्पणा बहिनी हुन्। स्नातकतह प्रथम वर्ष, ग्रामीण आदर्श क्याम्पस नेपालटार, काठमाडौंमा अध्ययनरत छात्रा हुन्।)*

# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका
सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ,
दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा
सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका
साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै
अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई
चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन
सम्पूर्ण मानवसमुदायलाई सफलता
प्राप्त होस् भनी हार्दिक शुभकामना
व्यक्त गर्दछु ।



**प्रकाश पौडेल 'माइला'**
**अध्यक्ष**
**अनेसास, केन्द्रीय कार्यसमिति**

# नेपाली साहित्यका शिखर पुरुष राष्ट्रकवि माधवप्रसाद घिमिरे



गंगा लिगल

नेपाली साहित्यको क्षेत्रकै लागि गौरवको पात्र हुन् राष्ट्रकवि माधवप्रसाद घिमिरे। नेपाली साहित्यमा उनले आफ्नो नाम स्वर्ण अक्षरले लेखे। राष्ट्रकविको उपाधी प्राप्त गरेर आफ्नो जीवन र सिर्जनालाई अमरत्व तुल्याए। आफू एक सयभन्दा बढी वर्ष बाँचेर नेपाली साहित्यमा अर्को इतिहास कायम गरे। एउटा सिङ्गो युग बाँच्ने सर्जकले २०७७ साल भाद्र २ गते मङ्गलबारका दिन हामीलाई छोडेर गएका छन्। तर, उनले दिएका कालजयी कृतिहरू हाम्रा सामु युगौँयुग बाँचिरहने छन्। राष्ट्रकविले बाँचेको उमेर असाधारण हो। झनै असाधारण कुरा त उनी जति बाँचे जीवनको अन्तिम समयसम्म पनि सिर्जनामा सक्रिय थिए। आफैँले लेखेको गीत 'यसरी होस् मरण' आफ्नो मृत्युपश्चात् प्रशारण गरिदिन आग्रह गरेका कवि आफ्ना सिर्जनाहरूप्रति कति धेरै मोह राख्दथे भन्ने कुराको एउटा गतिलो प्रमाण यो पनि हो। राष्ट्रकविको भौतिक शरीरको अन्त्य भएको छ। कलम रोकिएको छ। उनका भावनाहरू बन्द भएका छन्, तर उनले यतिञ्जेल गरेका योगदानहरू कहिल्यै मर्ने छैनन्। नेपाली भाषा, साहित्य, संस्कृति, लोकसंस्कृति, गीतसङ्गीतको क्षेत्रलाई उनले लगाएको गुण अपरम्पार छ। सदैव राष्ट्रकवि नेपाली जनजनमा शोकधुनका रूपमा बजिरहने छन्। नेपालीहरूको मनमनमा सदैव जीवित रहने

छन् । अझ नेपाली साहित्यको क्षेत्रले त घिमिरेलाई कहिल्यै बिर्सने छैन । यदि नेपाली साहित्यले माधवप्रसाद घिमिरेको नाम बिर्सियो भने नेपाली साहित्य कहिल्यै पूर्ण हुने छैन । उनको नामविना नेपाली साहित्यको इतिहास सदैव अधुरो, अपूरो रहने छ ।

वि.सं. १९९२ मा १४ वर्षको उमेरमा ज्ञानपुष्प शीर्षकको रचना **गोरखापत्र**मा प्रकाशित गरेर साहित्यमा प्रवेश गरेका कवि घिमिरेले जीवनलाई साहित्य सिर्जनामा नै समर्पित गरे । वि.सं. १९९८ सालमा भाषानुवाद परिषदबाट मासिक २५ रूपैयाँ तलबमा लेखक पदमा जागिर गरेका राष्ट्रकविको जीवनमा थुप्रै ऐतिहासिक अविष्मरणीय घटनाहरू छन् । राष्ट्रकवि घिमिरेले बाँचेको त्यो युग एउटा ऐतिहासिक युग थियो । २००१ सालमा **गोरखापत्र**मा ४० रुपियाँको जागिर गरेका थिए । ४० रुपियाँको जागिरे व्यक्ति १०१ वर्ष बाँचे र जीवनभर भाषा, साहित्यको श्रीवृद्धिमा लागि परे । जीवनमा अनेकौं दुःख, सुखहरू झेल्दै झेल्दै आएका राष्ट्रकविले आफ्नो जीवनकालमा थुप्रै कालजयी सिर्जनाहरू गरेका छन् । उनका सिर्जनाहरूले नेपाली माटो बोलेका छन् । नेपाली सिमानाको रक्षा गरेका छन् । नेपालीहरूलाई सिर्जनाका माध्यमबाट देशका लागि लड्न, स्वाभिमानका लागि डटेर लाग्ने आग्रह गरेका छन् ।

अहिलेको पुस्ता भनौं अझ हामीहरूमध्ये धेरै नेपालीहरू छौं, जो राष्ट्रकविका गीतहरू सुन्दै उठ्थ्यौं, राष्ट्रकविकै गीतहरू सुन्दै आफ्नो दैनिकी गर्दथ्यौं । राष्ट्रकवि घिमिरेले रचना गरेको 'गाउँछ गीत नेपाली' प्रत्येक नेपालीको ओठमा झुण्डिएको गीत हो । यो गीत नसुनेको नेपाली सायद कोही पनि छैन । राष्ट्रिय भावनाले ओतप्रोत भएको यो नेपालीहरूको गीत हो । नेपाली जनजीवनको गीत हो । स्वाभिमानी नेपालीको गीत हो । त्यस्तै उनले लेखेको तारादेवीले आवाज भरेको 'फूलको थुङ्गा बगेर गयो' उत्तिकै लोकप्रिय छ । नारायणगोपालले गाएको 'आजै र राति के देखें सपना' होस् या 'सारङ्गी त रेटे पनि', 'लाग्दछ मलाई रमाईलो', 'आजभोलि दुख्दै' जस्ता गीतहरू चर्चाको शिखरमा छन् । राष्ट्रकविले सिर्जना

गरेको 'नेपाली हामी रहौँला कहाँ' गीत नेपाली राष्ट्रिय भावनाको अमर सिर्जना हो। जहाँ नेपाल र नेपालीको पहिचान बोलिएको छ। नेपाली भूमिको अगाध माया भरिएको छ।

राष्ट्रकविका साहित्यिक कृतिहरूको पनि उत्तिकै महत्त्व र उचाइ छ। जीवनमा धेरै दुःख, सुख भोगेका कविले २००४ सालमा आफ्नी अर्धाङ्गिनी गौरीलाई गुमाए। पत्नी वियोगमा डुबेका कविले सिर्जना गरेको शोककाव्य कृति **गौरी**ले सारा नेपालीहरूलाई रुवाएको थियो। पत्नीको माया, सम्झना, मृत्युपश्चात् पनि गौरीमार्फत व्यक्त गरेका कविको सिर्जनाको चौतर्फी चर्चा, परिचर्चा भयो। उक्त कृतिले कविलाई प्रशस्त मान, सम्मान र पुरस्कारहरू दिलाएको थियो। यो कृतिले नेपाली साहित्यको क्षेत्रमा विशिष्ठ महत्त्व राख्दछ। यो कृति प्रकाशनपश्चात् नेपाली साहित्यमा शोककाव्य कृति लेख्ने लहरसमेत चलेको साहित्यिक अन्वेषकहरूको धारणा छ।

स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी शैली भएका कुशल नेपाली साहित्यकार तथा गीतकारको अग्लो पहिचान बनाएका घिमिरेका **नवमञ्जरी** (वि.सं. १९९४), **घामपानी** (वि.सं. २०१०), **नयाँ नेपाल** (वि.सं. २०१३), **किन्नर–किन्नरी** (वि.सं. २०३३) जस्ता कवितासङ्ग्रहहरू प्रकाशित छन्। **गौरी** (शोककाव्य), **मालती–मङ्गले** (गीतिनाटक), **हिमालपारि हिमालवारि** (गीतिनाटक), **राजेश्वरी, इन्द्रकुमारी, राष्ट्रनिर्माता, चारुचर्चा** (निबन्ध), **आफ्नो बाँसुरी आफ्नै गीत** (निबन्ध) जस्ता कृतिहरू साहित्यिक क्षेत्रमा अनुपम उपहार भएर बसेका छन्

घिमिरेले नेपाली भाषा, साहित्यलाई मात्र होइन शिक्षा क्षेत्रलाई पनि अमूल्य योगदान दिएका छन्। आफ्नो जन्मभूमि लमजुङमा वि.सं. २००८ सालमा माध्यमिक विद्यालयको प्रधानाध्यापक भएर योगदान पुऱ्याएका थिए।

घिमिरेलाई ८५ वर्षको उमेरमा राष्ट्रकविको उपाधि दिइएको थियो। जन्मगाउँ लमजुङबाट सात मोहोर रुपियाँ लिएर भागेर राजधानी आएका राष्ट्रकविलाई यो ठूलो उपाधी थियो। भाषा, साहित्यको श्रीवृद्धिका लागि भनेरै स्थापना गरिएको नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपतिसम्म भएका घिमिरेले साझा पुरस्कार र त्रिभुवन पुरस्कारजस्ता अनेकौं पुरस्कार प्राप्त गरेका छन्।

व्यक्तिगत रूपमा घिमिरे अत्यन्तै सरल स्वभावले भरिएको व्यक्तित्व थिए। साहित्यमा एउटा उचाइ कायम गरेर पनि अनुज स्रष्टाहरूसँगको उनको व्यवहार साह्रै कदरयोग्य रहेको थियो। घिमिरेले नयाँ पिढीका साहित्यकारहरूसँग साक्षात्कार गर्ने, साहित्यप्रतिको चासो र चिन्ता व्यक्त गरिरहने स्वभाव थियो। नयाँ कृतिहरू र नयाँ सर्जकहरूलाई शुभकामना, शुभेच्छा र आशीष प्रदान गर्न राष्ट्रकवि लालायित देखिन्थे। आफ्नो कृतिमा शुभकामना लेखाउन जाने नयाँ स्रष्टाहरूलाई घिमिरेले मैले अब शुभकामना होइन आशीष दिने हो भन्दै दुई चार हरफ लेखिदिन्थे। यसले नयाँ स्रष्टालाई थप उत्साह र हौसला थपिरहेको हुन्थ्यो। आफू राष्ट्रकविको उपमाबाट विभूषित भए पनि राष्ट्रकविको साधारण जीवनशैली कहिल्यै बदलिएन।

यस्ता अमर साधक, अमर व्यक्तित्व राष्ट्रकविप्रति सदैव सम्मान रहिरहने छ। उच्चसम्मानसहित अक्षर अभिवादनसहित हार्दिक श्रद्धासुमन चढाउँदछु।

*(भैरहवा, नेपाल निवासी लेखक अनेसास, ह्युस्टन टेक्सासका संस्थापक अध्यक्ष हुन्।)*

# राष्ट्रकवि माधवप्रसाद घिमिरेसँगको क्षण




गीता खत्री

राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यू एक सय एक वर्षको सुखमय जीवनयापन गरी गत २०७७ साल भाद्र २ गते स्वर्गारोहण हुनुभयो। जीवन मृत्युलाई उहाँले सहज ढङ्गले बुझ्नुभएकोले आफूले चाहेको जस्तो मृत्युवरण गर्न सफल हुनुभयो।

उहाँले जसरी आफ्नो मृत्यु होस् भनेर चाहनुभएको थियो। ठीक त्यसै गरी यो लोक त्याग गर्नुभयो। उहाँले चालीस वर्षअगाडि चाहना गरेको मृत्यु यस्तो थियो, उहाँकै शब्दमा–

**"त्यसरी होस् मरण**
**जसरी सुत्छन् तारमा**
**गीतका चारु चरण**
**हिमालचुली देशमा**
**दिनको शान्त भेषमा**
**जसरी गर्छन् विश्राम**
**सूर्यका स्वर्ण किरण**
**सुन्दर सृष्टि निहारी**
**सुखैले चिम्लुँ नयन।**
**बिहानीपख रातको**

कुसुमपारि जातको
जसरी जान्छ झरेर
भुइँमा विना पवन
त्यसरी होस् मरण।
मुटुमा चोट नपरी
टुटेर जाओस् बन्धन
बादलको सेतो रासमा
दुईटा मूर्ति पासमा
जसरी शिर नुहाई
आफैँमा हुन्छन् अर्पण
त्यसरी होस् मरण।



त्यसरी होस् मरण
जसरी सुत्छन् तारमा
गीतका चारु चरण
हिमालचुली देशमा
दिनको शान्त भेषमा
अमरापुरी सभामा
आफैँलाई गरौँ वरण"।

उहाँको **गौरी** शोककाव्य मैले धेरैपटक पढेको छु। धेरै पङ्क्तिहरू अझै मलाई कण्ठ आउँछन्। सायद सबै मान्छेलाई आफ्नो प्रिय पती वा पत्नीको वियोगको पर्खालले थिच्दा यस्तै अनुभव हुन्छ होला। **गौरी**का यी पङ्क्तिहरू जति पटक पढ्दा पनि मेरो मन चसचस दुखिरहन्छ।

**यी रोए पनि दुःख लाग्छ, यिनले सम्झे कि आमा भनी**
**यी हाँसे पनि सुक्ख छैन, यिनले बिर्से नि आमा भनी**
**को हेर्ला अब हर्षसाथ, यिनले हुर्केर खेले पनि**
**फाटी मर्नु छ पीर लाग्छ, यिनले फुर्की नखेले पनि॥**

स्कुलमै मैले उहाँका धेरैजसो काव्यकृतिहरू पढिसकेकी थिएँ। उहाँले प्रयोग गरेका सरल तथा सरस शब्दहरूले मेरो मन छुन्थ्यो। नबुझिने शब्दै हुँदैनथ्यो। मलाई लाग्थ्यो, शब्दसँग खेल्ने कवि हुन् माधवप्रसाद घिमिरे। मलाई पनि त्यस्तै सरल शब्दहरूमा कविता लेख्न रहर लाग्थ्यो र स्कुलमा कविता लेख्थेँ। कस्तो हुन्थ्यो मलाई थाहा थिएन। पुरस्कारचाहिँ पाइहाल्थेँ।

कलेजमा नेपाली र संस्कृत मेरो प्रमुख विषय भएकोले उहाँका गीत, कविता उपन्यास, निबन्ध तथा नाटकलाई बेग्लाबेग्लै विश्लेषणात्मक रूपमा पढेँ। **मालती–मङ्गले**को मन्चन भइसकेपछि म उहाँको भक्त बनेँ। **मालती–मङ्गले**बाट प्रभावित भएर झण्डै उस्तै परिवेशको एउटा गीतिनाटक तयार गरेकी थिएँ। त्यसलाई प्रकाशित गराउने सिलसिलामा जान्ने मान्छेहरूसँग सोधपुछ गर्दै थिएँ। परिवारमा लेखक वा साहित्यकार कोही नभएकोले मलाई सहयोग गर्ने मान्छे तुरुन्तै भेटाउन सकिनँ। घरगृहस्थीमा प्रवेश गरिसकेकोले कसैलाई भन्ने साहस पनि गरिनँ। यस्तैमा रुमलिँदा रुमलिँदै जीवनले अर्कै मोड लियो। बसाइँसराइको चपेटामा परेँ। सामान प्याकिङ र अनप्याकिङ तथा सरसफाइको काममा पाण्डुलिपि कता हरायो कता। गीतिनाटक लेख्ने मेरो रहर रहरै बन्यो। बल्ल वि.सं.२०७० सालमा भाग्यले मलाई इन्दिरा प्रसाईं दिदीसँग भेट गरायो।

उहाँको प्रेरणाले **आमा हुन आमा** गीतिकाव्य तयार गरेँ। त्यसको मन्चनको तयारी सकिएको थियो। कोरोना महामारीले हाल प्रर्दशनी रोकिएको छ। राष्ट्रकविलाई प्रमुख अतिथि बनाई **आमा हुन आमाको** मन्चन गराउने मेरो रहरलाई कोरोना–१९ ले तुषारापात गरिदियो। मान्छे जीवनमा कति योजनाहरू बुन्दै जान्छन्। कति पूरा हुन्छन्। कति निरर्थक बन्छन्। हामीले कर्म गर्दै जाने हो। परिणाम हाम्रो हातमा हुन्न। प्रमुख अतिथि बनाएर आफ्नो कृतिको चर्चा सुन्ने रहर बोकेको मनले अहिले उहाँप्रति श्रद्धासुमनका गीत बनाउन बस्नुपर्‍यो। उहाँको ४५ औं दिनको पुण्यतिथिका अवसरमा उहाँमा समर्पित एउटा गीत बनाएँ जसलाई वरिष्ठ सङ्गीतकार राजु सिंहले सङ्गीत दिनुभयो र गायिका सरिता शाहीले सुमधुर स्वर दिई जीवन्त बनाइ दिनुभएको छ। यो गीतको लोकार्पणपछि यसलाई युटुबमा राखिएको छ। यसको बोल **मुसुमुसु हाँस्दै आएँ** भन्ने छ।

समयको लहरसँगै बग्दैबग्दै हामी न्युयोर्क आइपुग्यौँ। न्युयोर्कमा उहाँकी कान्छी छोरी ज्योति पौडल र ज्वाइँ बद्री पौडलसँग हाम्रो पारिवारिक भेटघाट भयो। पारिवारिक रूपमा हामी नजिकियौँ। नेपालमा प्रसिद्धि कमाएको **मालती–मङ्गले**ले न्युयोर्कमा मन्चन गर्ने मौका पायो। स्वर्गीय माधवप्रसाद घिमिरेज्यू आमा महाकालीकासाथ न्युयोर्क आउने खबरले म एकदम खुसी भएँ। **मालती–मङ्गले** हेर्नेभन्दा पनि उहाँलाई भेटने मेरो चाहना थियो। **मालती–मङ्गले**को प्रर्दशन सकियो। हामी उहाँलाई भेट्न मन्चमा पुग्यौँ। हामीलाई आफ्नै छोराछोरीकै व्यवहार गर्नुभयो। उहाँलाई बीचमा राखेर हामीले एउटा पारिवारिक फोटो पनि खिच्यौँ। मलाई त्यो फोटो सधैँ हेरिरहन मन लाग्ने भएकोले फ्रिजको ढोकामा टासेँ। केही समयअगाडि उहाँ अलि बढी अस्वस्थ हुनुभयो। मैले सोचेँ, यो तस्वीरलाई अलि जतनसँग राख्नुपर्‍यो भनेर निकाल्ने प्रयास गरेँ तर फोटो एकदमै कडासँग फ्रिजमै टाँसिएको रहेछ र बिस्तारै रङ पनि उडेर फिका भएछ। त्यो फोटोलाई राम्रोसँग जतन गर्न नसकेकोमा मलाई खेद लागिरहेको छ। उक्त तस्वीर उहाँसँगको मेरो पहिलो भेटमा खिचिएको हुँदा पनि मेरो लागि उक्त फोटो महत्त्वपूर्ण थियो।

यसै भेटमा उहाँले मलाई आशीर्वादसहित लेख्ने प्रेरणा दिनुभयो। मलाई लाग्यो, भगवान्‌ले चाहे मान्छेले गरेका सबै राम्रा इच्छाहरू पूरा हुने रहेछ। त्यसपछि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय अध्यक्ष पदमा मैले आफ्नो उम्मेदवारी दर्ता गराएपछि राष्ट्रकविको आशीर्वादको लागि फोन गरेकी थिएँ। उहाँले अन्य कुरा सोधपुछ गर्दै नगरी "तिमीलाई मेरो सधैँ आशीर्वाद छ। नेपाली भाषा-साहित्यको लागि तिमीले ज्यादै गह्रौँ भारी बोक्ने आँट गर्‍यौ। जे जस्तो अवस्थामा पनि नआत्तिनू। तिमीले गर्न सक्छेउ। मेरो आशीर्वाद र शुभकामना तिम्रो साथमा हुनेछ"। यस आशीर्वादले मैले चुनाव जितेको महसुस गरेकी थिएँ। मैले निडर भएर निर्वाचनमा भाग लिएँ। उहाँको आशीर्वाद तथा सबै मित्रहरूको मायाले मैले चुनाव जितेँ। मेरो विजयपछि सबैभन्दा पहिलो फोन उहाँलाई गरेर पुनः आशीर्वाद मागेकी थिएँ।

त्यसपछि नेपाल गएका बखत एउटा साहित्यिक समारोहमा मलाई सम्मान गर्न बोलाइएको थियो । एउटै मन्चमा उहाँसँग फेरि भेटघाट भयो । उहाँको हातबाट सम्मान लिएँ र बसेँ । त्यसभन्दा अगाडि म त्यति ठूलो सभामा सम्मान लिन पुगेकी थिइनँ । उहाँले भन्नुभयो –"उठ, किन बसिहालेकी, फोटो खिच्न बाँकी नै छ ।" मैले सम्मानपत्रलाई भुइँमा राखेर उठेँ । फेरि उहाँले भन्नुभयो – "त्यो सम्मानपत्र उठाउ त" । मैले सम्मानपत्रलाई हातमा लिएँ । मैले लिएको सम्मानपत्रलाई उहाँले नियालेर हेर्नुभयो अनि भन्नुभयो –"त्यसरी होइन, यसरी समाउ त" । सम्मानपत्रको टाउको माथि पार्दै दुइटा हातको आठ औँलाहरूले तलबाट माथितिर फर्काएर टमक्क समाउन लगाउनुभयो । त्यसपछि फोटोग्राफरहरूले फोटो खिच्न थाले । एउटा बाबुले जसरी आफ्ना छोराछोरीलाई शिक्षा–दीक्षा दिन्छन् त्यसरी नै उहाँले मलाई सिकाउनुभयो । त्यसपछिका दिनमा जहिले पनि मन्चमा गएर मान–सम्मान पुरस्कार लिन पुगेँ भने म उहाँलाई सम्झना गर्दै सम्मानपत्र समातेर त्यस्तै किसिमले मन्चमा उभिन्छु । उहाँको त्यो माया तथा ममताले होला, मैले उहाँलाई आफ्नै बाबुको स्थानमा राखिरहेँ । नेपाल गएपछि जहिले पनि उहाँलाई भेटन पुग्थेँ ।

एक पटक उहाँलाई भेटन घरमा पुगेकी थिएँ । एउटा स्वेटर, मफलर र अलिकति ड्राइफुडहरू यतै (अमेरिका) बाट लगेकी थिएँ । उहाँ मलाई भेट्न तलै आउनुभयो । दुवै सामान उहाँको हातमा थमाएँ । स्वीटर र मफलर उहाँले लिनुभयो र भन्नुभयो – "आमा अरूलाई भेटन आउँदिनन् । आज छोरीको साथी तिमी आएकीछ्यौ भनेर तल आउँदैछिन् । यो उनैलाई देऊ ।" म झसङ्ग भएँ । कसरी मैले आमालाई बिर्सें । यो कुरा मेरो जीवनको लागि एउटा नयाँ पाठ थियो । त्यो दिनदेखि म बुढाबुढी भएको घरमा जाँदा एउटामात्र सामान लिएर आजसम्म गएकी छैन ।

उहाँसँगको मेरो अन्तिम भेट उहाँको एक सय वर्षको जन्मोत्सवका अवसरमा काठमाडौंमा भएको थियो । उहाँ महाकाली आमासहित ठूलो मेचमा बसिराख्नुभएको थियो । उहाँको समीपमा पुग्न मलाई करिब निकैबेर लाइनमा

बस्नुपऱ्यो । ठूलो भीड थियो । दिनभरिजस्तो चलेको कार्यक्रममा म चार बजेतिर त्यहाँ पुगेकी थिएँ । सय वर्षको उमेरमा पनि दिनभरि हजारौँ मान्छेलाई सम्झँदै उनीहरूको नामले बोलाउँदै उनीहरूलाई आशीर्वाद दिँदै र उनीहरूको शुभकामना लिँदै गर्दा कति गाह्रो भयो होला ! सम्झँदा मलाई अत्यास लाग्छ । मलाई लागेको थियो, यत्रो भीडमा मलाई चिन्न सक्नुहुन्छ की हुन्न ! मेरो पालो आयो । मैले आशीर्वादका लागि टाउको निहुराएँ । उहाँले भन्नुभयो– "गीता छोरी ! तिमी पनि आइपुग्यौ ? कहिले आयौ ? मेरो आशीर्वाद छ । आफ्नो सिर्जना कहिले नरोक्नू मेरो आशीर्वाद छ" भनेर टाउकोमा हात राख्नुभयो । फोटो लिन पनि बडो भीड थियो । बल्लबल्ल एउटा फोटो दाजु बद्री पौडलज्यूले लिइदिनुभएछ । फोटो के ठूलो कुरा भयो र ? हामीले उहाँलाई यो अवसरमा भेटेर आशीर्वाद लिएको कुरा मनमा फोटोभन्दा बलियो भएर रहने नै छ ।

मैले नेपाली भाषा साहित्यका महान् हस्तीहरू भानुभक्त आचार्य, मोतिराम भट्ट, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, पारसमणि प्रधानलाई देख्न त पाइनँ तर हाम्रै युगका महान्, सरल र लोककवि, राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई भेट्न पाएँ, देख्न पाएँ । उहाँको आशीर्वाद लिएँ । यसमा म आफूलाई भाग्यशाली सम्झन्छु ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको नियमित प्रकाशन **दर्पणले** राष्ट्रकवि स्वर्गीय माधवप्रसाद घिमिरे विशेषाङ्क प्रकाशित गरेर उहाँप्रति श्रद्धान्जली व्यक्त गरेर धेरै राम्रो कार्य गरेको छ । यसका प्रधान सम्पादक वरिष्ठ कवि तथा साहित्यकार प्रिय भाइ लालगोपाल सुवेदी तथा सम्पादन मण्डलका सबै मित्रहरूमा हार्दिक शुभकामना तथा धन्यवाद व्यक्त गर्दछु ।

*(हाल न्युयोर्क, अमेरिका निवासी लेखक अनेसासको पूर्व केन्द्रीय अध्यक्ष र वर्तमान अनेसास बोर्ड अफ ट्रष्टीका अध्यक्ष हुन् ।)*

# राष्ट्कवि र बा.अ.प. ३१९५



गोवर्द्धन पूजा

हुन त त्यति बेला उहाँ राष्ट्रकवि घोषित भइसक्नु भएको थिएन्, तर पनि नेपाली साहित्यका पाठकको मनमा उच्च कवि हुनुहुन्थ्यो । समय २०४९ को अन्त्यतिरको हो। उहाँलाई खोज्दै म उहाँको घर लैनचौर पुगेको थिएँ, 'आकाश साहित्यिक परिवार'को आयोजनामा हुन लागेको प्रथम राष्ट्रिय गजल गोष्ठिको प्रमुख अतिथिका रूपमा आमन्त्रण गर्न ।

कम्पाउन्डको फलामे ढोका ढक्ढक्याउदै भित्र पसैं, महाकाली आमाले भित्र आउन भन्नुभयो तर चैतको न्यानो दिन भएकोले बाहिरै बस्ने अनुमति मागैं– "ठीक छ हजुर ! म बाहिरै बस्छु ।"

केहीछिनमै कविज्यू बाहिर आउनुभयो। मैले सम्मानपूर्वक अभिवादन गरैं। नजिकैको कुर्सी देखाउदै बस्न भन्नुभयो र आफू पनि बस्नुभयो।

उहाँले मेरो नामको प्रशंसा गर्दै भन्नुभयो– "गोवर्द्धन पूजा, कस्तो राम्रो नाम है ! साहित्यका पूजारी !"

मैले खिस्स हाँसैं मात्र। केही कुराकानी भए आधा घन्टाको बसाइमा र कार्यक्रमको प्रमुख अतिथि बन्ने स्वीकृति मिल्यो र म फर्किएँ।

XXX XXX XXX

उहाँको घर र कार्यक्रमस्थल समाज कल्याण परिषद्को भवन नजिकै थियो। मैले कार्यक्रमका दिन म आफैँ लिन आउने वचन दिएको थिएँ। लिन जादाँ उहाँ तयारी अवस्थामा  बस्नुभएको रहेछ। ढोकाबाहिर उभिएँ, मलाई देख्नेबित्तिकै उहाँ आउनुभयो। बा. अ. प. ३१९५ नम्बरको मेरो मोटरसाइकलमा बसेर मलाई ढाप मार्दै भन्नुभयो– जाऔँ।

उहाँको मायालु ढापसँगै हाम्रो गति अगाडि बढ्यो। मेरो शरीरमा अनौठो अनुभूति भएको थियो। दुई घन्टा लामो कार्यक्रमअवधिभर त्यही अपनत्वले घुमाइरह्यो। फर्किने बेलामा पनि उहाँले भन्नुभयो– "म त पूजाकै मोटर साइकलमा जान्छु, उहाँले राम्रो चलाउनु हुँदोरहेछ।" म खुशीले गदगद् भएँ र उहाँलाई पुऱ्याउन पाएकोमा भाग्यमानी सम्झिएँ।

XXX XXX XXX

केही दिनपछि उहाँसँग जाउलाखेलको एउटा कार्यक्रममा भेट भयो। उहाँ मञ्चमा हुनुहुन्थ्यो। म दर्शकदीर्घाको अग्रपङ्क्तिमा थिएँ। कार्यक्रमको आधाआधीमा उहाँको मन्तव्यपश्चात हातको ईशाराले मलाई बोलाउनुभयो। म अक्क न बक्कमा परेँ। दगुर्दै उहाँ भएको मञ्चमा गएँ। उहाँले कानमा खुसुक्क भन्नु भयो– "यहाँ पिसाब फेर्ने ठाउँ कता होला ?"

मैले नजिकैको पुलिसचौकीतिर ईशारा गर्दै भनेँ– "हजुर, त्यहाँ छ। मैले चिनेका पुलिस पनि छन्, जान दिन्छन्।"

उहाँ जुरुक्क उठनुभयो र मेरो हात समाउनुभयो। हामी पुलिसचौकीतिर लाग्यौँ  र काम फत्ते गऱ्यौँ।

कार्यक्रमको समापनपश्चात् उहाँले मलाई भन्नुभयो– "मलाई घरसम्म पुऱ्याइदिने तपाईं त होला नि !"

मैले कुरा बुझिहालेँ र खुसीले स्वीकृतिको टाउको हल्लाएँ ।

मोटरसाइकलमा बस्नेबित्तिकै सोचेँ– उहाँलाई आयोजकहरूले गाडीमै पुऱ्याइदिन सक्थे, किन उहाँ मसँग जाने चाहना राख्नुभयो ?

कुपन्डोलको ओरालोमा पुगेपछि उहाँले भन्नुभयो– "तपाईंहरूले गजल गोष्ठीमा बोलाएपछि म व्यस्त हुन थालेको छु। सबैले कार्यक्रममा बोलाउन थालेका छन् ।"

वास्तवमा यो सत्य पनि थियो। २०४६ को आन्दोलनले उहाँलाई दरबारको नजिक रहेका कविको सङ्ज्ञा दिएकाले कार्यक्रमहरूमा उहाँलाई निम्ता दिन आयोजकहरू डराएको अवस्था थियो । मैले उहाँले भन्न खोज्नुभएको कुरा बुझिसकेको थिएँ, त्यसैले टाउको हल्लाएँ मात्र ।

उहाँको घर पुगेपछि चिया नखाइ फर्कन दिनुभएन । चियाकै बहानामा भए पनि केही समय उहाँसँग बस्न पाएकोमा गर्व पनि लागेको थियो ।

XXX XXX XXX

२०५४ सालतिर **रेडियो सगरमाथा**को अजम्बरी गीत-सङ्गीत कार्यक्रम खुब हिट थियो । कार्यक्रम प्रस्तोता प्रकाश सायमी रहेको उक्त कार्यक्रमका लागि उहाँलाई स्टुडियोमै बोलाएर कुराकानी गर्ने निधो भएछ, तर रातको ९ देखि १० सम्म चल्ने कार्यक्रममा कसले उहाँलाई पुऱ्याउने भन्ने चिन्ता रहेछ। यस्तैमा प्रकाश सायमीले मेरो नाम लिएर भन्नु भएछ– "कविज्यूलाई लिन गोवर्द्धन पूजा आउँछन् ।" मेरो नाम सुनेपछि राष्ट्रकविले स्वीकृत दिनुभएछ ।

मलाई पनि एक प्रकारको खुसी लागेको थियो । म उहाँलाई लिन गएँ । उहाँलाई लिएर जानुपर्ने **सगरमाथा रेडियो**को अफिस सानेपामा थियो। कार्यक्रम अवधिभर सँगै स्टुडियोभित्रै बिताइयो र रातको साँढे दशबजे उहाँलाई लैनचौर छोडेर म मेरो घर सिनामङ्गल फर्किएँ । बाटोमा उहाँले भन्नुभएको कुराले

मनमा खेलिरह्यो । "सिर्जना एउटा साधना हो , साधनाबिनाको लेखन चिरस्थायी हुँदैन ।"

XXX XXX XXX

२०५७ सालमा मेरो पहिलो कविता कृति **पीडा अवतार**को विमोचनमा उहाँलाई प्रमुख अतिथि बनाउने निर्णय गरियो । म आफैँ लिन गएँ र कार्यक्रमपश्चात् पुऱ्याउन पनि । मोटरसाइकल उही बा. अ. प. ३१९५ थियो ।

त्यसपछिका दिनहरूमा अन्य कार्यक्रमहरूमा भेट हुँदा पनि उहाँले मलाई मायालु भावमा सोध्नुहुन्थ्यो– "सन्चै ?"

यस्तो देखेर अरू साथीहरूले कसैको किताब विमोचन गर्ने कुरा चल्योकि राष्ट्रकविलाई बोलाउने जिम्मा मलाई दिने गर्दथे । एक प्रकारले म राष्ट्रकविको निकट पात्र बनेको थिएँ ।

२०६२ सालमा म **अन्नपूर्णपोष्ट**को वरिष्ठ उप-सम्पादकका रूपमा कार्यरत थिएँ । प्रत्येक साता आइतबार "अन्नपूर्णसँग खाना" कोलममा एक पेज चर्चित व्यक्तित्वहरूको खानासम्बन्धी आर्टिकल लेख्नुपर्थ्यो । कविज्यूलाई अनुरोध गरेँ, लन्चका लागि । स्वीकार गर्नुभयो मेरो अनुरोधलाई । यस पटक महाकाली आमा र कविज्यू दुवैलाई निम्तो गरेकाले मैले जिस्किएर भनेँ– "यो पटक हजुरलाई लिन म अफिसको गाडी लिएर आउनेछु, मोटर साइकलमा होइन ।"

उहाँको घरदेखि होटल याक एण्ड यतीसम्मको यात्रामा मैले सोधेँ– "मोटरमा सजिलो कि मोटरसाइकलमा ?"

उहाँले हाँस्दै भन्नुभयो– "आनन्द त मोटरसाइकलमा पनि हुन्थ्यो ।"

करिव ४ घन्टाको खाना-गफपश्चात् होटलबाट नजिकै रहेको उहाँको छोराको रेष्टुँरासम्म हिँडेरै गयौँ । त्यस दिन गाडीमा उहाँको घरसम्म छोडेर फर्कँदा एउटा आनन्दको नयाँ अनुभूति मिलेको थियो ।

XXX XXX XXX

म अमेरिका आएपछि तयार पारेको कवितासङ्ग्रह **अनामनगरकी अम्बिका** विमोचनका लागि उहाँलाई बोलाउन भनेर घरसम्म गएको थिएँ, तर उहाँको व्यस्तताबारे थाहा पाएको कारण किताबमात्र दिएर फर्किएँ । उहाँलाई मैले गरेको सम्मानका कारण दुःख दिन चाहिनँ ।

आज उहाँसँगको मेरो प्रस्तुत संस्मरण कोर्दै गर्दा लाग्यो– "अब उहाँ कहिल्यै मेरो मोटरसाइकलको पछाडि बस्न आउनुहुने छैन । र, न त मैले अब कहिल्यै गर्वसाथ राष्ट्रकविलाई मेरो मोटरसाइकलमा बोकिरहेको छु भन्ने अनुभूति गर्न पाउने समय नै फर्केर आउने छ ।" एकाएक छाती भक्कानियो, परेलीहरू ओसिए । राष्ट्रकविलाई बोक्ने बा. अ. प. ३१९५ को रूप एकपटक आँखाअगाडि नाच्यो ।

*(बोस्टन, अमेरिका निवासी लेखक हाल अनेसासको वरिष्ठ उपाध्यक्षसमेत हुन् ।)*

# बुवासँगको अन्तिम रात



ज्योति पौडेल

आइतबार, अगष्ट १६ को दिन म अमेरिकाको न्युयोर्कबाट टर्किस एअरलाइन्सको चार्टर उडानमार्फत इस्तानबुलमा १५ घन्टाको ट्रान्जिट सकाएर मङ्गलबार, अगष्ट १८, २०२० दिउसो ४:३० तिर त्रिभुभन विमानस्थलमा अवतरण गरेकी थिएँ। बुवालाई भेट्नको लागि यो मेरो अपर्झटको भ्रमण थियो। गत ३-४ महिनादेखि बुवा निकै बिरामी हुनुहुन्थ्यो। कोरोनाको जगजगीले गर्दा मार्च महिनादेखि नै नेपाल जाने सबै उडानहरू बन्द थिए। मन धेरै आत्तिएको थियो, 'के गर्ने कसरी जाने होला, कहिले उडान खुल्ने होला, कहिले पुगेर बुवाको मुख हेर्ने होला!' भन्ने मनमा जतिबेला पनि भइरहन्थ्यो। मनलाई सम्हाल्न गाह्रो हुँदाहुँदै जान खोजेको पनि ४ महिना भइसकेको थियो। उता नेपालमा बुवा पनि दिनप्रतिदिन गलिरहनुभएको थियो। हुन त त्यहाँ आमा, दिदीहरू, भाइहरू र बुहारीहरू सबैले आ-आफ्नो तर्फबाट बुवाको खुब स्याहारसुसार गरेका थिए। त्यसमाथि पनि परिवारमा दिदी डाक्टर हुनुभएकोले विशेष हेरचाहको व्यवस्था थियो। बुवालाई डाक्टर दिदीमाथि निकै विश्वास थियो। यस हिसाबले हेर्दा बुवालाई सेवाको कुनै कमी थिएन। घर नै एक प्रकारले नर्सिङहोमजस्तै थियो तर पनि आफ्नो उपस्थिति भनेको आफ्नै हुँदोरहेछ। त्यसको बदला कसैले लिन सक्दोरहेनछ। विगत ४ महिनादेखि नेपालमा दिनमा

बिहान-बेलुकी २ पटक कुरा हुन्थ्यो । तीन महिनाअगाडिसम्म त बुवा राम्रैसँग कुरा गर्नुहुन्थ्यो । म साहित्यतिर लागेको हुनाले बेलाबेलामा यस विषयमा पनि कुरा हुन्थ्यो । “तेरो लेखाइ राम्रो छ, लेख्न नछोड्नू, भावलाई टिपोट गरिहाल्नू तर सिर्जना निकाल्न धेरै हतार नगर्नू” भन्नुहुन्थ्यो । बिस्तारै बिस्तारै यस्ता कुराहरू सिमित हुँदै गए। तर पनि हामी परदेशमा भएका सन्तानहरूमध्ये जसले फोन गर्दा पनि हाँसेरै “मलाई बिस्तारै ठिक हुँदैछ” भन्ने गर्नुहुन्थ्यो। बुवाले भौतिक शरीर छोडी जानुभन्दा सायद २०-२२ दिनअगाडि मेरो जन्मदिनमा भिडियोमार्फत दिनुभएको आशीर्वाद मेरो जीवनको अमूल्य धन हुनेछ। त्यसपछि बुवा त्यति लामो बोल्न सक्नुभएन। पछिपछि आएर त हातले पार लगाएर ‘राम्रो छ !’ भन्ने गर्नुहुन्थ्यो । पीडामा पनि कस्तो सकारात्मक सोच बुवाको ! सकारात्मक सोचको कुरा आउँदा बुवाको जीवन जिउने कलालाई फर्केर थोरै हेर्न मन लाग्यो–

**बुढेसकालसम्म पनि ज्यून जानौँ**  
**यो जीवनीको रस प्यून जानौँ**

हो, साँच्चै नै जिउन पनि जान्नुपर्ने रहेछ। बिहानै उठ्ने, शीतले नुहाएको दुबोमा खाली खुट्टाले हिँड्ने, योग, ध्यान गर्ने, चिसो पानीले स्नान गर्ने, सुमधूर सङ्गीत सुन्ने र आमाले ठिक्क पारिदिएको सन्तुलित भोजन गर्नेदेखि उहाँ बच्चासँग बच्चाजस्तै र बुढासँग बुढाजस्तै बनिदिनुहुन्थो । नाचगानमा रुचि थियो, हाँसो रमाइलो गर्न मन पराउनुहुन्थ्यो। हामीले उहाँलाई सानैदेखि कडा परिश्रम गरेको देख्यौँ । आधि रातसम्म बसेर लेख्दै गर्दा प्रकृति लेख्नुभयो, राष्ट्रको महिमा गाउनुभयो, मायाप्रीति लेख्नुभयो र त्योभन्दा माथि उठी मानवता लेख्नुभयो ।

**ढोकाको अघि धुलामा बसी म कति गाउँला**  
**हे प्रभू ! तिम्रो मन्दिरभित्र कहिले आउँला**  
**आँगनी छेऊ गाइने गाउँछ दिलको सवाई**  
**अछूत भाइ हृदय छुन्छ सारङ्गी बजाई**

मैले थोरै प्रसङ्गमात्र जोडेँ। उहाँको साहित्य यात्रातिर म लाग्दिनँ। म यहाँ खाली उहाँका जीवनका उत्तरार्धका केही सम्झनाहरू पोख्दैछु, आखिर रहने भनेको त सम्झना नै रहेछ।

आजभन्दा २० वर्षअगाडि बुवाआमा अमेरिका आउनुभएको थियो। विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूका साथै व्यक्तिगत तवरमा अमेरिकामा उहाँहरूको स्वागत सत्कार भएको थियो। बुवाले जहिले पनि यसको सरहाना गर्नुहुन्थ्यो। बुवा यहाँबाट फर्किएर जाँदा बुवाका आँखा भरिएका थिए, गला अबरुद्ध भएको थियो। सायद हाम्रो भेट फेरि हुन्छ कि हुँदैन भनेर होला! बुवा त्यतिबेला ८० वर्षको हुनुहुन्थो। हामी भाग्यमानी रहेछौँ यस्ता भेट त त्यसपछि धेरै पटक भए। बुवालाई खासै त्यस्तो रोग नभए पनि आम नेपालीलाई बुढेसकालमा आएर हुने मधुमेह र उच्च रक्तचाप भने न्यून मात्रामा थियो। ९९ सय वर्षसम्म पनि उही जोश उही फूर्तिका साथ बुवा साहित्य साधनामा लागिरहनुभयो। देशको सेवा गरिरहनुभयो। १०० वर्ष पुग्न केही महिना बाँकी हुँदा बुवा अलि बिरामी हुनुभयो। दुई पटकसम्म स्वास्थ्य जाँचको लागि दिल्ली जानुपर्यो। केही महिना निकै गाह्रो भयो। म पनि न्युयोर्कबाट दुई पटक बुवालाई भेट्न गएँ। बुवाआमासँग डेढ महिना बसेँ। फर्किएर आएपछि जहिले पनि फोनमा कुरा हुँदा "तँ उहाँदेखि आएर मेरो सेवा गरिस्" भन्नुहुन्थ्यो। सेवा गरेँ त के भन्नु, सामीप्य पाएर मेरो मन हलुका भएको थियो। बिस्तारै बुवालाई अलि अलि ठिक हुँदै गयो र भगवान्को कृपाले बुवाको जन्मशताब्दी धुमधामसँग मनाउन पायौँ। त्यसपछि बुवाको स्वास्थ्य ठिकठिकै भयो। सधैँ महाकाव्यको बाँकी दुई सर्ग सक्नुछ भन्दै लेख्ने कोसिस गरिरहनुहुन्थ्यो तर त्यो खेम्राको खेम्रै रह्यो।

१०२ वर्ष पुग्नु केही महिनाअघिदेखि बुवा फेरि बिरामी हुनुभयो। हामी विदेशमा भएकाहरूका लागि कोरोनाको कारणले उडान बन्द भएकोले तत्काल नेपाल जान सम्भव भएन। उडान खुल्नेबित्तिकै नेपाल जानलाई २० अगस्टको टिकट लिएँ। मन अशान्त थियो, हरेकपल्ट नेपाल कुरा गर्दा बुवाको स्वास्थ

बिग्रँदै गएको थाह हुन्थ्यो। तै पनि धैर्य गरी २० तारिख कुरेर बसिरहेकी थिएँ। यसैबीच नेपालमा कोरोना बढेकोले सबै उडानहरू पुनः स्थगित भए भन्ने खबर आयो। मन झन् आत्तियो, लौन के गरौँ ! भनी म धेरै छट्पटाउन थालेँ। मेरो त्यस्तो हालत देखेर मेरा श्रीमान्ज्यूले कतै चार्टर उडान पाइन्छ कि ! भनी खोज्न थाल्नुभयो। संयोगवस अगष्ट १६ तारिखमा चार्टर्ड उडान रहेछ। दुई दिनभित्र, टिकट, कोरोनाको पीसीआर जाँचदेखि सारा चिजको व्यवस्था मिलाएर नेपालतर्फ लागेँ र १८ तारिख मङ्गलबार साँझ ६:२५ तिर लैनचौरस्थित मेरो माइतीघर पुगेँ। बुवाको अन्तिम अवस्थालाई ध्यानमा राखेर प्रकाश ज्वाईंले हवाईअड्डाका कर्मचारीहरूको सहयोगमा मलाई होल्डिङ सेन्टर नगई सिधै लैनचौर जाने व्यवस्था मिलाउनुभएको थियो। लैनचौरस्थित मेरो माइतीघर पुग्दा त्यहाँ मेरो बाटो हेर्ने झ्यालहरू खाली खाली थिए। सदाझैँ 'ज्योति आई' भनेर झ्यालबाट मायाले हेर्ने बुवाआमा र भाइ-बुहारीलाई मैले परबाट देखिनँ। घर शून्य शून्य थियो। माथि कोठामा पुग्दा सबैजना बुवाको वरिपरि बसेर आँसु झार्दै थिए। मैले आफूलाई कसरी सम्हालु !, के भनौँ, कस्तो बेलामा पुगेँ। बुवाले हामीलाई र धर्तीलाई छोड्नुभएको केही मिनेट भइसकेको रहेछ। बुवाले भन्नुहुन्थ्यो "तँ आइज अनि बाउछोरी बसेर गफ गरौँला।" तर कति कुर्ने ? मैले नै धेरै ढिला गरेछु। तर पनि २० तारिकको उडान स्थगित भएर म त्योभन्दा अगाडि चार्टर उडानबाट आई बुवालाई देख्नपाउनु मेरो ठूलो भाग्य भन्ने ठान्छु। बुवाको तातो शरीरलाई सुम्सुम्याउदा धन्वन्तरी वायु अझै बाँकी नै थियो। छातीमा टाउको राखेर रुन पाएँ। बुवाको अन्तिम दर्शन गर्न पाएँ। आमा, दिदी, भिनाजुहरू र भाइ-बुहारीहरू सँगसँगै बसेर दुःखमा धैर्यधारण गर्ने शक्ति जागरण गर्न पाएँ। बुवाले आमालाई अत्यन्त माया गर्नुहुन्थ्यो। यसैले होला उहाँले आफूपश्चातको अत्यन्त दुःखद घडीमा आमालाई हरदम साथ दिने छोरीको व्यवस्था मिलाएरमात्र जानुभयो कि ! जस्तो मलाई लाग्यो। हुन सक्छ यसैको लागि मलाई नै कुरिरहनुभएको थियो।

बुवाको मृत्युको खबरले बाहिरका मानिसहरू जम्मा हुन थाले। धर्ती

अन्धकार हुँदै गयो । बुवा हाम्रोमात्र बुवा नभएर राष्ट्रिय विभूति भएकोले राष्ट्र, सेना र प्रहरीले राष्ट्रिय सम्मानसहित भोलिपल्ट अन्त्येष्टि गर्ने भएकोले हामीले बुवालाई त्यस रात तल बगैंचाको चउरमा सुताएर हामी वरिपरि बसेर बितायौं । त्यो बगैंचामा बुवाले आफ्नो स्वास्थ्यले साथ दिँदासम्म हरेक दिन बिहान दुबोमा खाली खुट्टा हिँड्ने गर्नुहुन्थ्यो । भोलिपल्ट बिहान कुशेऔंशी बुवाको मुख हेर्ने दिन परेको थियो । यसलाई हामीले अवसरको रूपमा लिई फुलैफूलले सिँगारिएको बुवाको शरीरलाई सबै छोराछोरीहरूले उहाले नै दिनुभएको गायत्रीमन्त्र पाठ गर्दै परिक्रमा गर्‍यौं । यसरी दुःखलाई हामीले शक्तिमा बदल्यौं र आमाको जन्मदिन पनि त्यसै दिन भएकोले गएर आमासँग पनि आशीर्वाद लियौं ।

१० बजे राष्ट्रिय झन्डा ओडाएर नेपाली सेनाले बुवाकै गीत "गाउँछ गीत नेपाली, ज्योतिको पङ्खा उचाली" धून बजाएर सलामी अर्पण गरेको थियो । सेनाको सिँगारिएको गाडीमा सपरिवार बुवाको शरीरसँगै महामृत्युन्जय मन्त्र पाठ गर्दै पशुपति आर्यघाटतर्फ लागियो । हामी सबै छोराछोरीले बुवालाई काँध दियौं अनि श्रीखण्ड पनि चढायौं । हामी शोकमा डुब्यौं, राष्ट्र शोकमा डुब्यो । आफ्ना आमाबुवा बाँचिरहून् भन्ने त सबैलाई हुन्छ तर बुवा १०१ वर्षसम्म बाँचेको मात्र होइन, सक्रिय भई बाँचेर, छोराछोरीको प्रगती हेरेर, भोगेर र राष्ट्रको सेवा गरेर जानुभएकोले हामीले हाम्रो मनलाई बुझाई सन्तोष लिएका छौं । जानु त एकदिन सबैले पर्छ तर बुवाको मरण बुवाले ६० वर्षअघि गीतमार्फत भन्नुभएजस्तै आफूले सोचेजस्तै र चाहेजस्तै भएको छ । दिनभरि उज्यालो दिएर जसरी सूर्य साँझमा अस्त हुन्छ त्यसैगरी बुबाले पनि विश्राम लिनुभयो र आफूलाई अमरापुरीमा वरण गर्नुभयो ।

**त्यसरी होस् मरण**<br>
**जसरी सुत्छन् तारमा**<br>
**गीतका चारु चरण**<br>
**हिमालचुली देशमा**

**दिनको शान्त भेषमा**
**जसरी गर्छन् विश्राम**
**सूर्यका स्वर्ण किरण**
**त्यसरी होस् मरण**
**सुन्दर सृष्टि निहारी**
**सुखैले चिम्लूँ नयन।**

धेरै साहित्यकारहरूले आफ्नो जीवनकालमा त्यस्तो मानसम्मान पाएका छैनन् जुन बुवाले पाउनुभयो। पुरस्कार र सम्मानपत्रले कोठा भरिएको छ। मृत्युपछि पनि बुवा आफ्ना सृजनामा अमर हुनुहुनेछ। बुवाले आफ्नी पहिली पत्नी गौरीलाई खण्डकाव्यद्वारा अमर बनाउनुभयो, बुवालाई हाम्री आमा महाकालीले ७२ वर्षको साथ दिई अनवरत सेवा गरी ८ सन्तानको लालनपालन, पठनपाठनको जिम्मा लिई, साहित्यकारमात्र नबनाई राष्ट्रकवि बनाउनुभयो। पर्दापछाडिकी हाम्री आमा महाकालीको पनि कदर होस् भन्ने हाम्रो चाहना छ। जसरी बुवाले जीवनकालमै मानसम्मान पाउनुभयो त्यसैगरी उहाको साहित्यको संरक्षण, सम्बर्धन र अङ्ग्रेजीलगायत अन्य भाषामा पनि अनुवाद भएमा उहाँको सच्चा श्रद्धाञ्जली हुनेछ।

*(हाल न्युयोर्क, अमेरिका निवासी ज्योति पौडेल अनेसास न्युयोर्क च्याप्टरको पूर्वअध्यक्ष, एवं राष्ट्रकवि माधव घिमिरेकी सुपुत्री हुन्।)*

# राष्ट्रकवि माधवप्रसाद घिमिरे र उनको राजेश्वरी खण्डकाव्यको विश्लेषण



डा. टेकनारायण उपाध्याय

## १. विषयप्रवेश

राष्ट्रको हँसिलो वर्तमान र सुन्दर भविष्य त्यस देशका महान् साहित्यकार, कवि, कलाकार, दार्शनिक, शहीद र महान् पुरुषहरूको योगदान, त्याग, बलिदान र उत्सर्गको गाथासित जोडिएको हुन्छ। तिनै महान् साहित्यकार, राष्ट्रनिर्माता, शहीद तथा सपुतहरूको असीम राष्ट्रभक्ति, रगत, पसिना तथा परिश्रमले धरतीमा भोलिका निम्ति मुस्कुराउन र अतीतलाई सम्झेर गर्वित हुने गर्छौं। ती महान् सपुतहरूका गरिमामय गाथा, कीर्ति र इतिहास सुनाई वर्तमानका पुस्तालाई प्रेरणा दिन र भविष्यलाई बाटो देखाउन सक्षम हुन्छौं तथा ती साधक, बलिदानी, साहित्य महारथी हाम्रा अमूल्य निधि हुन् भनी आनन्दित हुन्छौं।

नेपाल अनेकौं कवि, कलाकार, साहित्यकार, दार्शनिक, महान् चिन्तकजस्ता सपुतहरूले बनेको देश हो। देशको गरिमा र कला सुरक्षित राख्न तिनिहरूको अमूल्य भूमिका रहेको हामी पाउँछौं। आफ्नो मान-सम्मान, भाषा-संस्कृतिद्वारा धर्तीलाई चट्टानजस्तै पर्खाल बनाएर देशको आनमानको रक्षामा प्राणोत्सर्ग गर्ने महान् सपुतहरूमध्ये राष्ट्रकवि माधवप्रसाद घिमिरे पनि एक हुन्। उनले नेपाली भाषा, जाति र मातृभूमिको गौरव, गरिमाको निम्ति असीम सहासको

प्रदर्शन गर्दै आफ्नो जीवनको अन्तिम रगतको थोपा दिएर नेपाली जातिको छाती गर्वले चौडा बनाइदिएका छन् । यस लेखमा यिनै महान् कविको योगदान र उनको अमूल्य कृति **राजेश्वरी**को विभिन्न कोणबाट विश्लेषण गरिएको छ ।

## २. परिचय

राष्ट्रकवि माधवप्रसाद घिमिरेको जन्म वि.सं.१९७६ असोज ७ गते चतुर्दशीका दिन गौरीशङ्कर उपाध्याय घिमिरे तथा द्रौपदीदेवी घिमिरेको कोखबाट पुस्तुन लम्जुङमा भएको हो । उनको चिनाको नाम टोपप्रसाद थियो । एक दिन घिमिरेको गाउँमा पुण्यशील घिमिरे नाम गरेका पण्डित आएका थिए । टोपप्रसादले जानी नजानी उनका विषयमा लेखेको कविता सुनेर उनले माधवप्रसाद घिमिरे नाम राखिदिएपछि त्यस दिनदेखि उनी माधवप्रसाद घिमिरेका नामले चिनिन थाले र त्यसै नामले प्रख्यात भए । उनको प्रारम्भिक शिक्षा गाउँघरमै भयो भने पछि काठमाडौं गएर रानीपोखरीस्थित संस्कृत विद्यालयमा संस्कृत पढे । त्यहाँको पढाइले उनी सन्तुष्ट नभएपछि क्विन्स कलेज, बनारस पुगेर शास्त्रीसम्मको औपचारिक शिक्षा लिएपछि उनको शिक्षा समाप्त भयो । माधव घिमिरे वि.सं. १९९९ मा भाषानुवाद परिषद्मा जागिरे भए भने वि.सं.२००२ मा **गोरखापत्र** दैनिक पत्रिकाको सहायक सम्पादक बनाइए । वि.सं. २००५ मा आधारशिक्षाका शिक्षक बने भने त्यहीं पछि गएर प्राधानाध्यापकको कार्य पनि गरे । वि.सं.२००९ मा उनी शिक्षक शिक्षण केन्द्रका शिक्षक बनाइए। वि.सं. २०१० मा उनी नेपाल-भारत मैत्री सङ्घका अध्यक्षमा नियुक्त गरिए । वि.सं. २०१२ कलेज अफ एजुकेशनका लेक्चरर भए । वि.सं. २०१३ मा घिमिरेले **इन्द्रेणी** पत्रिकाको सम्पादन गरे। वि.सं. २०१४ मा काव्य-प्रतिष्ठानका सदस्य बने भने त्यही साल नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका स्थापनासँगै उनी सदस्य बने। वि.सं.२०३५ मा उनी नेपाल राजकीय-प्रज्ञा प्रतिष्ठानका उपकुलपति र वि.सं. २०४६ मा उनी कुलपति भए ।

वि.सं. १९९२ मा **गोरखापत्र**मा 'ज्ञानपुष्प' शीर्षकको पहिलो कविता प्रकाशित भएपछि उनको काव्ययात्रा प्रारम्भ हुन्छ। माधवप्रसाद घिमिरेले

वि.सं. १९९५ मा **रामविलाप**, वि.सं. १९९६ मा **कृष्णभक्ति**, वि.सं. १९९२ मा **जीवनसङ्गीत** र १९९९ मा **सुदामा चरित्र**को रचना गरेका थिए तर ती कृति प्रकाशनमा आएनन् । असी वर्षसम्म निर्विवाद रही काव्यसाधना गरी राष्ट्रकविको उच्चस्थान प्राप्त गर्ने माधव घिमिरेका- **नवमञ्जरी** (काव्यसङ्ग्रह १९९४), **घामपानी** (बालकविता २०१०), **बालालहरी** (बालकविता २०२६), **किन्नर-किन्नरी** (काव्यसङ्ग्रह २०३३), **नयाँ नेपाल** (गीति खण्डकाव्य २०१३ मा प्रकाशित अधुरो), **पापिनी आमा** (खण्डकाव्य २०१३), **नयाँ नेपाल** (खण्डकाव्य २०१३), **कान्तिमति** (काव्यसङ्ग्रह २०१४, अर्धलिखित अवस्थामै प्रकाशित), **गौरी** (खण्डकाव्य २०१५), **राजेश्वरी** (खण्डकाव्य २०१७), **राष्ट्रनिर्माता** (खण्डकाव्य २०३०), **धर्तीमाता** (खण्डकाव्य २०३०), **राहुल-यशोधरा** (खण्डकाव्य २०३२), **शकुन्तला** (नाटक ३०३२), **मालती-मङ्गले** (नाटक २०३५), **चारूचर्चा** (निबन्धसङ्ग्रह), **आफ्नै बाँसुरी आफ्नै गीत** (निबन्धसङ्ग्रह) प्रकाशित छन् भने **ऋतम्भरा** महाकाव्य मृत्युकालसम्म लेख्दै गरेको कृति हो ।

लामो काव्यसाधना गरेका घिमिरेलाई (त्रिभुवन प्रज्ञा– २०३३), आदिकवि भानुभक्त आचार्य (२०५२) सार्वजनिक अभिनन्दन (२०५३), राजा ज्ञानेन्द्रबाट राष्ट्रकवि घोषणा (२०६०) आदि पुरस्कारले सम्मानित गरिएको छ।

## ३. काव्यप्रवृत्ति

वि.सं.१९९२ सालम **गोरखापत्र**मा प्रकाशित 'ज्ञानपुष्प' शीर्षकको कविताबाट माधव घिमिरेको काव्ययात्रा आरम्भ भएको हो। असी वर्षभन्दा अधिक समय आफूलाई काव्य-रचनामा जीवित राख्ने घिमिरेका काव्य-रचनाहरूमा काव्यरसको विविध स्वाद पाइन्छन् । उनले आफ्नो लामो काव्यसाधनाको यात्रामा कविता, बालकविता, गीत, खण्डकाव्य, गीतिकाव्य, नाटक, निबन्ध, महाकाव्य लेखेका छन्। घिमिरे मूलतः स्वच्छन्दतावादी-परिष्कारवादीधर्मी कवि हुन्। संस्कृतका कालिदास तथा बङ्गालीका रविन्द्रनाथको काव्यशिल्पबाट प्रभावित काव्य-रचना गर्ने घिमिरे शिल्पसचेत कवि हुन्। यिनका काव्यकृतिमा राष्ट्,

राष्ट्रियता र संस्कृतिको सशक्त अभिव्यक्ति पाइन्छन्। राष्ट्रप्रति अगाध श्रद्धा राख्ने यिनी प्रकृतिवादी कवि हुन्। यिनले नेपाली जनजीवनलाई र नेपालको प्रकृतिलाई कलात्मक ढङ्गले चित्रण गरेका छन्। काव्यवर्णन तथा लयका दृष्टिले उनी वर्णमात्रिक र लोकलय दुवैमा सफल रहेका छन्। मात्रिक लयको प्रस्तुतिमा घिमिरे आदिकवि भानुभक्त आचार्य र लेखनाथ पौड्यालका समकक्षी छन्।

कवि घिमिरे काव्यसंरचनाको सशक्त निर्वाह गर्ने कवि हुन्। संरचनाको सशक्त निर्वाह, विषयवस्तु र कविताको सुन्दर समीकरण यिनले **राजेश्वरी** खण्डकाव्यमा गरेका छन्। विषयगत विविधता यिनका काव्यको अर्को प्रवृत्ति हो। यिनले प्रख्यात र उत्पाद्य दुवै विषयवस्तुको उपयोग गरेर विविध काव्य रचना गरेका छन्। इतिहास, लोकप्रसिद्ध विषय, व्यक्तिगत शोक, मौलिक विषयवस्तु प्रयोग गरेर काव्यको सृजना गर्नु यिनको मुख्य काव्यप्रवृत्ति रहेको छ। स्वच्छन्दतावाद र मानवतावाद यिनका काव्यको मूल स्वर रहेको छ। यिनले प्रकृतिमा मानवतावाद रहेको देख्छन् भने नगर तथा शहरमा मानवसभ्यता समाप्त भएको पाउँछन्। कवि घिमिरे राष्ट्रवादी र विश्वबन्धुत्वको अभिव्यक्ति प्रस्तुत गर्ने कवि हुन्।

घिमिरे करुण रसका कवि हुन्। यिनका काव्यमा वीर, शान्त, भयानक, श्रृङ्गार, करुण आदि रसको प्रस्तुति पाइन्छ। यिनी संवाद, लय र शैलीका माध्यमबाट काव्यलाई नाटकीयता दिने कवि हुन्। यिनको अभिव्यक्तिप्रणाली परिष्कृत र परिमार्जित छ। परिष्कार र परिमार्जित शैली घिमिरेको मूल प्राप्ति हो। शिल्पका दृष्टिले विभिन्न विम्बद्वारा भावको प्रकाशन गर्न यिनी सफल छन्। थोरै शब्दमा धेरै अर्थ प्रकट गर्नसक्ने शक्ति यिनमा छ। यिनका विम्बहरू भावतादत्म्य हुँदै सहज रूपमा आउँछन्। भाव र शिल्पबीच तादात्म्य स्थापना गर्नसक्नु घिमिरेको मूल प्राप्ति हो। यिनका काव्यमा झर्रा शब्दका साथै संस्कृत शब्दको यथास्थानमा विन्यास भएको छ। भावलाई मार्मिक बनाउन झर्रा शब्द र तत्सम शब्दको समान रूपले प्रयोग गर्छन्। यिनी सङ्क्षिप्त पदावलीका माध्यमबाट विस्तृत भावलाई व्यञ्जना गर्ने प्रयास गर्छन्। सङ्क्षिप्त शब्द चयनबाट वयञ्जनात्मक अर्थको अभिव्यक्ति गर्नु घिमिरेको विशिष्ट उपलब्धि हो।

समग्रमा अत्यन्त परिष्कृत र परिमार्जित भावपक्ष र कलापक्ष दुवै दृष्टिले यिनका काव्य सशक्त र सुन्दर बनेक छन् । मन्दाक्रान्ता छन्दको विशेष प्रयोग गर्ने घिमिरे अन्त्यानुप्रास, अन्तर्नुप्रासयुक्त कविता सृजना गर्न सिद्धहस्त छन् । कोमल, सुकुमार भावलाई सरल, सहज शब्दयोजन गरी कलात्मक प्रस्तुतिको सन्तुलित प्रयोग यिनको मुख्य प्रवृत्ति रहेको छ ।

## ३. विभिन्न कोणबाट राजेश्वरी खण्डकाव्यको विश्लेषण

माधव घिमिरे नेपाली काव्यजगत्मा राष्ट्रकविको शीर्ष पद पाउने पहिलो नेपाली कवि हुन् । परिष्कारवादी, स्वच्छन्दतावादी धाराका विशिष्ट कवि घिमिरेको **राजेश्वरी** खण्डकाव्य काव्यसाधनाको उल्लेखनीय उपलब्धि हो । माधव घिमिरेको **राजेश्वरी** खण्डकाव्यको शिल्पसंरचना, मूलभाव वा विषयवस्तु, परिवेश, उद्देश्य र दृष्टिविन्दु, भाषाशैलीय विन्यास आदि विभिन्न कोंणबाट विश्लेषण गरिएको छ–

### (१) **शिल्पसंरचा**

माधव घिमिरेको **राजेश्वरी** खण्डकाव्य बीस छालमा विभाजन गरिएको छ । प्रत्येक छाललाई अङ्कमा विभाजन गरिएको छ भने शीर्षकमै विषयवस्तुको सङ्क्षेपमा परिचय गराइएको छ । यसमा चार पाउ वा पङ्क्तिको एक श्लोक भएका शार्दूलविक्रीडित र शिखरिणी छन्दको प्रयोग गरिएको छ । १९औँ छालसम्म शार्दूलविक्रीडित र २०औँ छालमा शिखरिणी छन्दको प्रयोग भएको छ । यसका प्रत्येक छालमा पाँच-पाँच श्लोक रहेका छन् । सम्पूर्ण काव्यलाई १०० श्लोकमा समाप्त गरिएको छ । वार्णिक छन्दको सर्वोत्तम उपलब्धिका रूपमा यो काव्य आएको छ । १०० श्लोकमा संरचित एउटा सानो काव्य भए तापनि कृतिको सङ्गठन व्यवस्था आदि, मध्य र अन्त्यको क्रममा सुसज्जित छ । काव्य सानो भए तापनि यसले नेपालको ऐतिहासिक घटना ओगटेको हुनाले यसमा खण्डकाव्यमा हुने सम्पूर्ण गुणहरू छन् । काव्यकारले थोरैमा इतिहासको महत्त्वपूर्ण विषयलाई

स्पष्ट रूपले पाठकसम्म पुऱ्याउन सफल भएका छन् । शिल्पसंरचनाका दृष्टिले यो एउटा सशक्त काव्य हुन पुगेको छ ।

(२) **विषयवस्तु वा मूलभाव**

यस खण्डकाव्यको विषयवस्तु नेपालको इतिहासको महत्त्वपूर्ण घटना रहेको छ । राजेश्वरी श्री ५ रणबहादुर शाहकी जेठी रानी हुन् । प्रचलित लोकगीत र लोकगाथाले राजेश्वरीको व्यक्तित्वलाई स्पष्ट पारेको छ । नेपालको इतिहासमा घटेको घटनाटलाई यस खण्डकाव्यको विषयवस्तु बनाइएको छ। यसको विषयवस्तुको स्रोत नेवारी लोककथामा प्रचलित सती विजयामाल पनि रहेको छ भन्ने आत्मस्वीकृति कविको छ। उनी लेख्छन्– "यस कार्यमा मेरो मुख्य आधार सती विजयामाल भन्ने नेवारी लोकगीत छ, जो हेलेम्बूमा निर्वासित भएदेखि बाग्मतीमा सती गएसम्मको राजेश्वरी मर्म मधुर जीवनको शेष अङ्गसँगै सम्बन्ध राख्तछ । इतिहासका अरू कुराहरूलाई केवल चरित्र नायिकाको स्वभाव र प्रवृत्तिको निम्ति उपयोग गरेको छु ।"

नेपालको इतिहासको एउटा जीवन्त घटनालाई लिएर यस काव्यको रचना गरिएको छ । श्री ५ रणबहादुर शाहकी जेठी रानी राजेश्वरी पतिपरायण तर उपेक्षित, सन्तानहीन तर गीर्वाणकी धर्मआमा, उदार हृदय तर दरबारीया षडयन्त्रमा परेर हेलेम्बूमा फ्याँकिएकी, सधैं नेपालको सुनौलो सपना देख्ने, पच्चीस वर्षमै चितामा जलेकी यिनको जीवन जटिल भए पनि सरल र जीवन्त छ। गुल्मीको राजकुलमा जन्मेकी भए पनि यिनको गाथा गुल्मीको धुलो, वसन्तपुरको दरबार, काशीको तीर्थस्थल, हेलेम्बूको एकान्त ठाउँ छरिएका छन्। यसमा नेपालको इतिहासको राष्ट्रिय चेतनाको महत्त्वपूर्ण क्षण र त्यस क्षणमा षडयन्त्रकारीहरूले चालेका विघ्नबाधाहरूको वर्णन भएको छ। नेपालको इतिहासको राजनैतिक चेतनाको क्षण र र षडयन्त्रकारीहरूको बाधाहरूको क्षणको द्वन्द्वको यात्रा कवि घिमिरेले यस काव्यमा गरेका छन् । नेपालको एउटा महत्त्वपूर्ण घटना भएकोले यो ऐतिहासिक काव्य भएको छ । यसमा राष्ट्रिय चेतनाको महत्त्वपूर्ण क्षण र त्यस

क्षणमाथि षडयन्त्रकारीहरूले चालेका बाधाको अभिव्यक्ति भएको छ। राजनैतिक चेतनाको उदयको क्षण र षडयन्त्रकारीहरूको विघ्नबाधाहरूको क्षणको द्वन्द्वलाई प्रस्तुत गरेर कविले वर्तमानको सेरेफेरोको यात्रा गरेका छन्। १७ औँ छालमा एक राजनैतिकका मुखबाट निस्केका वाणीले उक्त कुरालाई स्पष्ट पार्छन्–

**रानीलाई छकाइ घोर दुःखमा जो होम्न ल्यायौ यहाँ**
**छाडेनौ वनकी मुनाल वनमै जो घुम्नलाई त्यहाँ**
**तिम्रो नीति यही छलेर पिठमा हिर्काउने दाउ छ**
**धर्तीमा असहायलाई उभिने सानू कहाँ ठाउँ छ**

नेपालको भूगोल र सांस्कृतिक क्षेत्रका विभिन्न भेकको ऐतिहासिक घटनाको जीवन्त प्रस्तुति यसमा भएको छ। नेपाली राष्ट्रिय चेतनासँगै कविले विश्वयुगीन मानवीय धरातलको पनि यसमा चित्रण गरेका छन्।

**नेपाली अविराम बढ्छ अहिले नाला तरी पश्चिम**
**टिष्ट हुन्छ प्रविष्ट पूर्वतिरको आभा लिई आदिम**
**गङ्गा दक्षिणमा बहन्छ रणको खाँडो पखालीकन**
**अग्लो उठ्छ हिमाल गर्व–गरिमा हाम्रै उचालीकन**

**रच्छन् वीर जुटेर आज बलिया किल्ला कलुङ्गामहाँ**
**पुर्खाका पदचिह्न छन् अमिट रे प्रत्येक ढुङ्गामहाँ**
**हाम्रो हृदय हिल्छ मूल, छहरा छाँगा र गङ्गामहाँ**
**हाम्रो जीवन खिल्छ ज्योतिवनका अम्लान थुँगामहाँ**

कवि घिमिरेले यस काव्यमा कैलाश र हेलेम्बूलाई शीतल-शान्त र मानवीय प्रतीकका रूपमा चित्रण गरेका छन्। खण्डकाव्यमा प्रस्तुत गरिएका सेनापति, दूत, अमात्य, पूरोहित आदिलाई मानव विरोधीका रूपमा चित्रण गरेका छन्। कवि भूमिकामा भन्छन्– "जब राजेश्वरी कैलाशको शीतल छायाबाट ओर्लिएर वैशाखको टन्टलापुर घाममा बाग्मतीको चितातिर जान्छिन्। अनि त्यो

बेला कताकतातिर मेरो मनमा आजका मानवता पनि आफ्नो हाड-मासु आफैँले बोकेर निरिह भई ज्वालामुखीतिर बढिरहेजस्तो लाग्छ । आजको आकुल-संकुल उच्छवासपूर्ण सभ्यताको तप्त पथमा हामीले सृष्टिका शान्त शीतल सङ्केतलाई बिर्संदै गएका छौँ । सृष्टिको त्यही शाश्वत सङ्केतलाई मैले मेरो एकान्त कैलाशबाट उच्चरित भएको आश्चर्यचकित भएर सुनेको छु र अनि यहाँ उभिएर गाएको छु" ।

प्रकृतिको काखमा मानवता जीवित रहेको तर शहरिया वातावरणमा मानवता हराउँदै गएको कविले अनुभव गरेका छन् । कविको उक्तिले मानवताको यात्रा शान्त प्रकृतिबाट थालिएको थियो तर आजको वैज्ञानिक युगसम्म आइपुग्दा शान्ति, शीतलता बिर्संदै गएको भाव स्पष्ट पारेका छन्। समग्रमा मानवताका प्रतीकका रूपमा राजेश्वरी र उनको यात्राको सुरुको स्थान हेलेम्बू र बाग्मतीको चिता मानवताको विनास भएको स्थानको रूपमा आएको छ ।

यसरी नेपालको एउटा ऐतिहासिक घटना र पात्रलाई प्रकृति (हेलेम्बू) संस्कृति र मानवताको परिवेश दिएर नेपाली राष्ट्रियता र विश्वजनीन मानवताको विषय कविले सशक्त रूपमा प्रस्तुत गरेका छन् । समग्रमा यो खण्डकाव्य ऐतिहासिक रूपमा सफल छ र वर्तमानमा पनि उत्तिकै सशक्त छ । नेपालको ऐतिहासिक राष्ट्रिय धरातलका साथै विश्वजनीन मानवताको चित्रण पनि सफल छ। छाल २ मा रानीले र छाल १९ मा एक जना कलाकारले भनेका कुरा यस काव्यको विषयसित जोडिएका अत्यन्त सान्दर्भिक प्रसङ्ग छन्–

**हेलम्बु गिरिशृङ्ग विश्वभरको सौन्दर्यको देशमा**
**हिँड्छन् किन्नर–किन्नरीहरू जहाँ यै मर्त्यको भेषमा**
**आफैँलाई पियार गर्छु म त रे शृङ्गार आफैँ गरी**
**हुन्छिन् प्रातः हिमालमाथि पहिलो झुल्का स्वयं सुन्दरी**

**सक्छौ ता अरूलाई प्यार दिल नै खोलेर देऊ तिमी**
**सक्तैनौ त अलभ्य लाभ अरूको खोसी नलेऊ तिमी**

**आत्माको वरदान हर्न भन रे तिम्रो छ केको हक**
**यौटा दिव्य प्रकाश घुम्छ दिनहूँ बोकी नयाँ आसिक**

(३) **सहभागी**

**राजेश्वरी** खण्डकाव्यमा राजेश्वरी (मुख्य नारी सहभागी पात्र र नायिका), दूत, राजा, ग्राम युवती, पुजारी, बूढो गाइने, सेनापति, पूरोहित, राजा (पुत्र), अमात्य, एक रानैतिक, एक दार्शनिक, एक कलाकार, कवि आदि मुख्य पात्रहरू सहभागीका रूपमा प्रयोग गरिएका छन् । किन्नर-किन्नरी, मनुष्य, जोगी, स्वामी महाराज, निर्वाणानन्द, सौता, राक्षस, तपस्विनी, युवती, वनसिंह, वीरभद्र, विधवा, आमा, सर्दार, सुनकेशरा, कान्तिमती, देवशिशु, गीर्वाण, स्त्रीजाति, त्रिपूरा, विद्यावती तथा विद्यालक्ष्मी आदि नाममात्र उल्लेख गरिएका गौण पात्रहरू यसमा सहभागी गरिएका छन् । यस काव्यमा कविको मूल उद्देश्य राजेश्वरीको त्याग, तपस्या र बलिदान देखाउनु रहेको छ ।

राजेश्वरीका चरित्रगाथालाई संस्कृतका विद्वान्, जनसाधारणका सरल लोकगीत, कर्खा आदिमा बाँधेर प्रस्तुत गरिएको छ । हेलेम्बूमा निर्वासित भएदेखि बाग्मतीमा सती गएसम्मको उनको मर्म मधुर जीवनलाई यस काव्यमा देखाइएको छ ।

कविले यस काव्यमा नायिका राजेश्वरीका माध्यमबाट आफ्नो राष्ट्रवादी स्वरको अभिव्यञ्जना गरेका छन् साथै विभिन्न कलाकारबाट पनि आधुनिक नेपालको माटो, हावापानी, इतिहास आदिको उद्घोष गरेका छन् । नेपालीपनको उन्मुक्त अभिव्यक्तिको परिष्कृत रूप **राजेश्वरी**मा भेटिन्छ । यसमा आन्तरिक र बाह्य कारणले नेपाली राष्ट्रियतालाई आक्रमण भएको नायिकाका माध्यमबाट कविले व्यक्त गरेका छन् । छाल ८ मा आएको बूढो गाइनेका माध्यमबाट राजेश्वरीलाई एउटी विरङ्गनाका रूपमा प्रस्तुत गरेका छन् । यसरी नै छाल ९, ११ र १३ मा स्वयं राजेश्वरीले आफ्नो वीरता र राष्ट्रियताको अभिव्यक्ति गरेकी छन् ।

**गुल्मीका वनकुञ्ज बाल्यवयमा डुल्दा म सानी थिएँ**
**पाकेको छ मुहार फूलसरि नै वैशाखको घामले**
**हा विश्राम मलाई स्निग्ध मुख्ले बोल्दैन कोही पनि**
**खैँची खड्ग खडा अगाडि कुन ह्वौ झन् रोक्न खोज्ने तिमी**

*(छाल ९, पृ०१९)*

छाल १४ मा बालक गिर्वाणका बोलीमा वीर बालकको अभिव्यक्ति छ र खैरो दाँत भएका भारदारहरूका चरित्रको माध्यमबाट कविले तत्कालीन र वर्तमान नेपाली राजनीतिको कालो पाटोलाई देखाएका छन् ।

काव्यमा रानी राजकुमार, राजा रणबहादुर शाहबाट अन्तसंस्कारको उद्घोष छ। पूरोहित भारदारले देशभक्तिको र नेपाली समाजको राजनैतिक क्षेत्रको एउटा पक्षको अभिव्यक्ति गरेका छन्। सेनापतिको माध्यमबाट राजनैतिकपक्ष व्यक्त भएको छ। गाइने, दूत, ग्रामवासीजस्ता पात्रहरूको सहभागी पनि महत्त्वपूर्ण रहेको छ। उनीहरूले पनि नेपाली समाजको पक्षको प्रतिनिधित्व गरेका छन्। यी विभिन्न सहभागी पात्रहरूका माध्मबाट नेपाली प्राकृतिक जीवनको विशिष्ट पक्षको अभिव्यक्ति भएको छ। यस कव्यमा प्रयुक्त अन्य गौण सहभागी पात्रहरूले कविको मूल उद्देश्यलाई अघि बढाउन सहयोग गरेका छन्। समग्रमा नेपाली इतिहास र मानवतालाई ध्यानमा राखी लेखिएको यस काव्यमा कथावस्तु र सहभागीका बीच सामञ्जस्य  हुनसकेको छ।

### (४) परिवेश, उद्देश्य र दृष्टिविन्दु

परिवेशसूचक स्थानका रूपमा (हेलेम्बु, हिमालचुली, कैलाश, गिरिशिङ्ग, कान्तिपुर, वसन्तपुर, इन्द्रावती, हिउँका शिलाखण्ड, महाकाल, चन्द्रागिरी, चित्लाङ, टिष्टा, रावी, गङ्गा, कलुङ्गा, अमरावती, आर्यघाट, दरबार, बाग्मती, लेक आदि लगायतका विभिन्न ठाउँ वर्णन गरिएको छ। समयको रूपमा श्री ५

रणबहादुर शाहको युगीन विभिन्न शहरिया एवं ग्रामीण परिवेशको उल्लेख यसमा भएको छ। ऐतिहासिक भएर पनि तत्कालीन नेपाली सामाजिक(सांस्कृतिक एवं राष्ट्रिय परिवेश यसमा आएको छ। नेपालको संस्कृति र भूगोलको परिवेश दिएर कविले ऐतिहासिक घटना र पात्रको प्रस्तुति गरेका छन्। ऐतिहासिक दृष्टिले यो काव्यको परिवेश सशक्त छ। यसमा नेपालका विभिन्न भेकको चित्रण भएको छ। नेपालका विविध भौगोलिक परिवेशका विभिन्न व्यक्तिका मानसिकतालाई पनि यसमा उठाइएको छ। अर्को शब्दमा भन्ने हो भने यसले समस्त मानवसभ्यताको विषयवस्तु उठाएको छ। कवि घिमिरेले इतिहासको परिवेशसँगै वर्तमान मानवसभ्यतासम्मको यात्रा गरेका छन्। यसमा मान्छेका विविध जीजिविषाको परिवेशको चित्रण पनि भएको छ। कविले तत्कालीन परिवेशबाट आफ्नो राष्ट्रवादी स्वरको अभिव्यक्ति गरेका छन्। कविले राष्ट्रिय स्वरको अभिव्यक्तिमा पूर्वमा टिष्टा र पश्चिममा काँगडासम्मको परिवेशलाई समेटेका छन्। भारदारका माध्यमबाट तत्कालीन नेपाली राजनीतिको कालो पाटाको वर्णन भएको छ। कविले कोशीको प्राकृतिक ध्वनिको अभिव्यक्तिसमेत गरेका छन्। कविले वज्रयोगिनीको सांस्कृतिक र धार्मिक ध्वनिको परिवेशलाई समेत अघि सारेका छन्। कान्तिपुर र हेलेम्बूका मार्गगत प्रकृति र सांस्कृतिक स्मृतिको अभिव्यक्ति पनि यसमा भएको छ। काव्यकी नायिका राजेश्वरी एउटी वीर रमणी, आमा, प्रणयनी, तपस्विनी र विधवाका रूपमा बोल्छिन्। नेपालको भूगोल, तत्कालीन इतिहास, राष्ट्रिय परिवेश, राष्ट्रियता, समाजको गाथा, षडयन्त्र तथा विश्वजनीन युगको चित्रण गर्ने उद्देश्य राखिएको यो काव्य अत्यन्त सफल छ। मूलतः तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको यस काव्यमा राजेश्वरीको त्याग, तपस्या, बलिदानलाई इतिहासको महत्त्वपूर्ण खण्ड नेपालीहरूले कहिल्यै बिर्सिन नहुने भन्ने विचारलाई प्रस्तुत गरिएको छ। राष्ट्रियता, ऐतिहासिक तथा मानवसभ्यताको बदलिँदो परिवेश देखाउने उद्देश्यले लेखिएको यस काव्यमा लेखक पूर्णरूपले सफल छन्।

### (५) भाषाशैलीय विन्यास

परिष्कारवादी कवि माधव घिमिरेको **राजेश्वरी** खण्डकाव्यमा चयनपूर्ण ढङ्गबाट सरल, सहज, सुवोध र लयात्मक भाषाको विन्यास भएको छ। ऐतिहासिक तथा राष्ट्रिय विचारलाई वहन गर्नसक्ने यस कृतिमा भाव विचार तथा भाषाविन्यासको सन्तुलन पाइन्छ। यसको भाषा हेर्दा संस्कृत र झर्रा शब्दको समूचित प्रयोग यथा स्थानमा सन्निवेश भएको छ। भाषिक पदावली दुरुह र अस्पष्ट नभई सरल र सहज छ। यस काव्यको भाषा सरल-सहज हुनुका साथै ध्वन्यात्मक र व्यञ्जनात्मक किसिमको पनि छ। सहज र प्रौढ भाषाशैलीको सन्तुलित प्रयोग यस काव्यको विशिष्ट प्राप्ति हो।

वर्णमात्रिक छन्दका दुई लयको प्रयोग यसमा छ। शिखरिणी र शार्दूलविक्रीडित छन्दको समुचित ढङ्गले यसमा प्रयोग भएको छ। वर्णमात्रिक छन्दको सर्वोत्तम उपलब्धिका रूपमा यसलाई लिन सकिन्छ। सहज लयलाई कविले संयमित ढङ्गले अघि बढाएका छन्। लयको सहज र प्रौढतम रूपका बीच सन्तुलन गरेका छन्। नेपाली कविताको इतिहासमा घिमिरेको वर्णमात्रिक लयका स्वरूपको प्रतिनिधित्व यस काव्यले गरेको छ। कविले यसलाई रस परिपाकको सर्वोच्च शिखरमा पुऱ्याएका छन्। **राजेश्वरी** जीवनका विविध सन्दर्भका हेराइमा मानवताको विस्तृत अभिव्यञ्ना भएको काव्य हो। यसमा सामाजिकता, बौद्धिकता र प्राकृतिकताको अभिव्यक्ति गरेर त्यसैको चापमा मानवतालाई परिपाक अवस्थामा पुऱ्याएका छन्। शिल्पप्रबन्ध र जीवनसन्दर्भका माध्यमबाट शोकभाव र करुण रस परिपाकमा पुगेको छ। करुण रस नै यसको अङ्गी रस हो। करुण रस प्रारम्भदेखि वैधव्यजीवन हुँदै सतीदेवी चढेकी राजेश्वरीको दुःखद अन्त्यमा पुगेर परिपाकमा पुगेको छ। छाल २० मा कविले गाएको गीतले यस कुराको पुष्टि गरेको छ–

**गइन् रानी विद्या, रवि पनि उदासी बनि गए**
**रहेथे जो बाँचूसरि गरी सधैँ, ती पनि गए**
**छ बाँकी हावाका हर लहरमा मार्मिक कथा**
**पुछिन्नन् रे आँसु पुछिकन पनि निष्ठुर व्यथा**

यस काव्यमा अङ्ग रसका रूपमा श्रृङ्गारका सम्भोग र विप्रलम्भ दुवै, शान्त रस, वात्सल्य रस, भयानक रस, वीर रस आएका छन् । विभिन्न अङ्गरसका माध्यमबाट कविले जीवनको बहुमुखी अभिव्यक्ति गर्ने काममा सफलता पाएका छन् । समग्रमा **राजेश्वरी** खण्डकाव्यमा करूण रस परिपाकमा पुगेको छ । यो नै कवि घिमिरेको चर्मोत्कर्ष हो । एक-एक छालमा लघु विम्बद्वारा भावात्मक गुरुत्व समेट्ने प्रयास यसमा भएको छ ।  कविले सङ्क्षिप्त रूपमा आफ्नो भाषाशैलीको माध्यमबाट सानो सरल कृतिमा पूर्ण संसार दिने धोको पूरा गरेका छन् । भावचेतना र शिल्पका बीच सन्तुलन राख्ने कलामा पनि कवि समर्थ भएका छन् । यसमा कविले गरेको योजना नै शैल्पिक वैशिष्ठ्य हो । उपमान र उपमेयको सहज निर्माणले कविले सबैलाई आकर्षित गरेका छन् । सहजताको निर्माण कौशल पनि यस काव्यको भाषामा देखिन्छ । सहज भएर पनि निर्मित वस्तु बन्नु यस काव्यको स्वरूप हो । समग्रमा सहज, प्रौढ भाषाशैलीको तादात्म्य यस काव्यको महत्त्वपूर्ण प्राप्ति हो ।

## ६. उपसंहार

साधारण परिवारमा जन्मेर परिश्रमको बलले नेपाली काव्यसंसारको सगरमाथा चुम्ने माधवप्रसाद घिमिरे नेपाली जाति र विश्वमानवका लागि एक उदाहरणीय व्यक्तित्व हुन् । विषयवस्तुको चयन र लेखनमा नआत्तिइकन एउटै कृतिमा सकल संसार अटाउन चाहने घिमिरे नेपाली काव्यका अद्वितीय साधक हुन् । वि.सं. १९९२ सालमा काव्यसाधनाको आरम्भ गर्ने घिमिरेले जीवनको ८४ वर्ष नेपाली साहित्यजगत्लाई समर्पण गरेर राष्ट्रकवि बनेर अमर बन्न सफल भएका

छन् । विषयवस्तु चयनमा सधैँ सचेत रहने घिमिरे राष्ट्र, राष्ट्रियता, भाषा, संस्कृति र इतिहास अक्षुण्ण राख्न आजीन समर्पित रहे । स्वच्छन्दतावादी र परिष्कारवादी धाराका प्रतिनिधि घिमिरे जीवनप्रति अगाध आस्था र विश्वास राख्ने कवि हुन् । एउटै सानो कृतिमा सकल संसार समेटन चाहने घिमिरे सूत्रात्मक र सङ्क्षिप्तताभित्र पूर्णताका पक्षधर थिए । यिनका सबै कृति उत्कृष्ट र महान् छन् । कवि घिमिरे भावपक्ष र कलापक्षको सन्तुलन गर्न अत्यन्त सिपालु छन् । मात्रिक, वर्णमात्रिक र लोकलयलाई समुचित ढङ्गले प्रस्तुत गर्नसक्नु यिनको विशिष्टता हो । यिनी छन्द र अलङ्कार प्रयोगमा सक्षम र निपुण छन् । परिष्कृत, संयमित र सन्तुलित शिल्पसंयोजन घिमिरेको विशिष्ट उपलब्धि हो । सरल, सहज भाषाशैली तथा कोमलकान्त तत्सम, तत्भव र झर्रा शब्दावलीको संयोजन गरेर लक्ष्यसम्म पुग्नु घिमिरेको मुख्य उपलब्धि हो ।

**राजेश्वरी** खण्डकाव्यमा घिमिरेले नेपालको इतिहासको एउटा महत्त्वपूर्ण कालखण्डलाई उठान गरेर देशको तत्कालीन परिस्थितिको वर्णन गर्दै विश्वमानवका प्रवृत्तिसम्म विचरण गरेका छन् । यसले गर्दा यो काव्य घिमिरेको एउटा कालजयी काव्य बन्न पुगेको छ । यिनका सबै कृति उत्कृष्ट र महान् छन् तर **राजेश्वरी**ले विशेष उच्चता प्राप्त गरेको छ । भाव र शिल्पको तादात्म्य यस काव्यको महत्त्वपूर्ण प्राप्ति हो । यसमा कविता र आख्यानको समीकरण राम्ररी र यथोचित ढङ्गले भएको छ । यसमा घनत्वपूर्ण नाटकीय संरचना प्राप्त भएको छ । लघु विम्बको प्रयोगबाट विस्तृत भावचेतनाको अभिव्यञ्जना यसमा भएको छ । यसमा भाव र शिल्प, कविता र आख्यानको सन्तुलन छ । यस खण्डकाव्यलाई नेपाली खण्डकाव्यको परम्परामा उच्चतर खण्डकाव्यको रूपमा लिन सकिन्छ । नेपाली खण्डकाव्यको परम्परामा उच्चकोटिको खण्डकाव्य रहेको यो काव्यका २० वटा छालका १०० श्लोक पढिसक्दा नसक्दै पाठकलाई रुवाउन सक्ने क्षमता छ र त्यसबाट करूण रसको परिपाक भएको छ यही नै यसको मूल प्राप्ति र निष्कर्ष हो ।

## सन्दर्भग्रन्थ सूची


घिमिरे, माधवप्रसाद, **राजेश्वरी**, काठमाडौः *साझा प्रकाशन, वि.सं. २०४९ ।*

बन्धु, चुडामणि, **साझा कविता (सम्पा.)**, काठमाडौः *साझा प्रकाशन, वि.सं. २०४३ ।*

भट्टराई, घटराज, **नेपाली लेखककोश**, काठमाडौः *लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, वि.सं. २०५६ ।*

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौः *नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०५४ ।*

लुइटेल, खगेन्द्रप्रसाद, **नेपाली कविता**, काठमाडौः *विद्यार्थी पुस्तक भण्डार, वि.सं. २०५४ ।*

------------------------, **नेपाली कविता, नाटक र इतिहास, काठमाडौः** नवीन प्रकाशन, वि.सं. २०५६।

------------------------, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, **काठमाडौः** नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान,वि.सं. २०६०।

शर्मा, तारानाथ, **नेपाली साहित्यको इतिहास**, **काठमाडौं**, सङ्कल्प प्रकाशन, वि.सं. २०३९।

राष्ट्रकवि माधव घिमिरेसित २७ सेप्टेम्बर २०१७ मा कान्तिपुर टी. भी.मा दिलभूषण पाठकले लिएको अन्तर्वार्ता ।

राष्ट्रकवि माधव घिमिरेसित वि.सं. २०६९।५।०४ का दिन टी.भी.२४ मा भूषण दाहालले लिएको अन्तर्वार्ता ।



*(सिलाङ- २, मेघालय, भारत निवासी लेखक साहित्यकार एवं समालोचक हुन् ।)*

# राष्ट्रकविलाई सम्झँदा



दिव्य गिरी

**गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली**
**जय जय जय नेपाल, सुन्दर शान्त विशाल...।**

यो राष्ट्रियगान उनै राष्ट्रकवि माधव घिमिरेले म जन्मनुभन्दा दुई वर्ष पहिले अर्थात् वि.सं. २००९ सालमा नै लेख्नुभएको हो । यो राष्ट्रियगान उहाँको **घामपानी**नामक किताबमा थियो । मलाई सम्झना छ, हल्का हरियो रङको आवरण पृष्ठ भएको उक्त पुस्तकको पछाडि पृष्ठमा छापेको थियो यो राष्ट्रगान। किताब आकारमा अलिक ठूलो थियो अरूभन्दा। म वि.सं. २०२० सालमा ललितपुर जिल्लाको आफ्नै जन्मगाउँ इमाडोलस्थित महेन्द्र आदर्श माध्यामिक विद्यालयमा भर्ना भएर पढ्न गएँ। हरेक दिन विद्यालयको कक्षामा प्रवेश गर्नुभन्दा पहिले विद्यालयका सबै कक्षाका विद्यार्थीहरू पङ्क्तिबद्ध भएर एकसाथ उक्त राष्ट्रियगान गाउनुपर्दथ्यो । स्कुलको मनिटरले पहिले गाउन सुरु गर्थे र उसैले गाएको लयलाई पछ्याउँदै हामी सबै विद्यार्थीहरू पनि गाउँथ्यौं । राष्ट्रियगानको दुई-दुई पङ्क्तिलाई सबै विद्यार्थीले एकै स्वर र लयमा गाउनुपर्दथ्यो। त्यसरी दिनदिनै राष्ट्रियगान गाउँदा गाउँदा मलाई पूरै कण्ठ भएको थियो । त्यस पुस्तकका बालरचनाहरू सबै राम्रा थिए र जो प्रायः कण्ठस्थ नै गरेको थिएँ ।

पढाइ र उमेर बढ्दै गएपछि म आफूलाई पनि साहित्य पढ्न र लेख्न रूचि लाग्यो । स्कुल पढ्दा कौवा प्रकाशनबाट प्रकाशित हुने हास्यव्यङ्ग्यहरू पढिन्थ्यो ।

एकजना शैलेश नाम गरेका सहपाठी थिए, उनैले ल्याउँथे ती पुस्तकहरू। हास्यव्यङ्ग्यकार रामकुमार पाँडेले लेख्नुभएको एउटा हास्यव्यङ्ग्यको शीर्षक नै अचम्मको थियो - **सोल्टीमाथि साँढे, साँढेमाथि पाँडे**। त्यो पुस्तक उनैले ल्याएका थिए। शैलेश रामकुमार पाँडेलाई मेरो मामा हुन् भन्थे। जे होस् हाईस्कुलको पढाइसकेपछि म आफू पनि केही कविताहरू लेख्न थालेँ। धेरैपछि चालीसको दसकमा मात्र साहित्यिक सभा-समारोहरूमा राष्ट्रकवि माधव घिमिरेसँग मेरो पनि भेटघाट हुन थाल्यो। उहाँका कालजयी कृतिहरूमध्ये सबैभन्दा चर्चित खण्डकाव्य **गौरी**, जसको पर्याय हुनुहुन्थ्यो माधव घिमिरे। उहाँलाई अमरत्व दिने उक्त खण्डकाव्यले नै उहाँलाई नेपाली साहित्याकाशमा सँधै चम्काइरहने छ र यो धरा रहेसम्म त्यो जीवित रहन्छ। यसमा दुई मत छैन।

मलाई पनि एउटा संयोग जुर्यो र राष्ट्रकवि माधव घिमिरेसँग मैले पनि साहित्यिक कार्यक्रममा एउटै मञ्चमा बस्ने अवसर पाएँ। मेरो लागि महत्त्वपूर्ण त्यो दिन २०६० साल चैत्र १४ गते थियो। काठमाडौंको नयाँ बजारस्थित लेखनाथ सदनमा साहित्यकार भाग्यशाली अधिकारीको खण्डकाव्य **आमाका क्रन्दनको** विमोचन समारोहमा अधिकारीले मलाई कार्यक्रमको सभापति र राष्ट्रकवि माधव घिमिरेलाई प्रमुखअतिथि बनाउनुभएको थियो। दुःखको कुरा त्यो कार्यक्रममा अधिकारीले कुनै फोटो खिच्ने व्यवस्था राख्नुभएको रहेनछ। राष्ट्रकविले फोटो नलिएको देखेर किन फोटो नखिचेको भनेर अधिकारीसँग सोध्नु पनि भएको थियो। पछि मैले पनि यसबारे अधिकारीसँग जिज्ञासा राख्दा उहाँले त्यतातिर ध्यानै गएन भन्ने उत्तर दिनुभयो। मलाई पनि नरमाइलो लाग्यो। त्यो बेलामा उहाँले राष्ट्रकविको उपाधि प्राप्त नगरे पनि उहाँभन्दा वरिष्ठ साहित्यकार अरू कोही थिएनन्। उहाँसँग एउटै कार्यक्रममा बसेको फोटो लिने अवसरबाट बञ्चित हुनुपरेकोमा मलाई पनि खल्लो लाग्यो। त्यो खल्लोपन अहिले झन् खट्किरहेछ मनमा। विमोचन कार्यक्रममा सभापति भएर बस्दा मलाई भने मनमा कस्तोकस्तो असहजजस्तो महसुस भैरहेको थियो। म उहाँभन्दा धेरै कनिष्ठ थिएँ लेखनमा पनि उमेरमा पनि।

लामो अन्तरालपछि संयोगवस उहाँसँगै एउटा साहित्यिक कार्यक्रममा मैले पनि सहभागी हुन पाउने अवसर पाएँ। वि.सं २०६३ साल मङ्सिर २२ देखि २४ गते तीन दिनसम्म नुवाकोटमा नुवाकोट साहित्य महोत्सवको आयोजना भएको थियो । युवा साहित्यकार एवम् बट्टार युवा क्लबका अध्यक्ष श्रीराम श्रेष्ठको संयोजकत्वमा सम्पन्न त्यो भव्य कार्यक्रममा प्रमखअतिथि हुनुहुन्थ्यो राष्ट्रकवि माधव घिमिरे। त्यस कार्यक्रमको सुरूदेखि अन्त्यसम्मको सम्पूर्ण विवरण उल्लेख गरी मैले लेखेको लेख 'स्वागतमा झुमेको नुवाकोट' (प्रत्यक्ष प्रशारणः नुवाकोट साहित्य महोत्सव) नुवाकोटबाटै प्रकाशित हुने **महामण्डल**मा प्रकाशित भएको छ।

उक्त साहित्यिक समारोहको पहिलो दिनको कार्यक्रममा प्रायोजित रूपमा नै माधव घिमिरेलाई राष्ट्रकविको उपाधी दिएकोमा विरोधस्वरूप अनावश्यक प्रश्न उठाइयो । चर्चित स्तम्भकार एवम् लेखक खगेन्द्र सङ्ग्रौलाले बोल्ने क्रममा उहाँसँग नै त्यो प्रश्न गर्नुभएको थियो, कागजको एउटा चिर्कटोमा लेखेर । त्यो बनिबनाउ प्रश्न त्यो पनि कार्यक्रमकै प्रमुख अतिथि हुनुभएका राष्ट्रकविको उपस्थितिमा उहाँकै बारेमा प्रश्न उठाउनु कतिसम्म जायज थियो ? त्यो प्रश्न उठाइएपछि सभाहलमा उपस्थित सैयौँ मानिसहरू र आयोजकहरू पनि अन्यौलमा रुमल्लिए। त्यो असान्दर्भिक र अनावश्यक प्रश्नले सबैलाई एकछिन सोचमग्न गरायो तर अन्त्यमा कार्यक्रमलाई सम्बोधनको क्रममा आफूले पाएको राष्ट्रकविको उपाधी विरूद्ध अनावश्यक प्रश्न उठाउनेहरूलाई राष्ट्रकविले शालिनतापूर्वक तर डटेर जवाफ दिनुभएको थियो । उक्त दिनको बारेमा मैले लेखेको संस्मरणको सानो अंश यहाँ उल्लेख गर्दछु -

... ... ...

सर्बप्रथम बट्टार युवा क्वलका अध्यक्ष श्रीराम श्रेष्ठको संक्षिप्त स्वागत मन्तव्यपछि आजका प्रमुख अतिथि राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूबाट विधिवतरूपमा महोत्सवको उद्घाटन गर्नुभएको छ। महोत्सवमा आउनुभएका विशेष अतिथिहरूको मन्तव्य व्यक्त गर्ने कार्यक्रमअनुसार सर्वप्रथम पुष्कर लोहनी र प्रकाश सायमीले कार्यक्रमको सफलताको कामना गर्नुभएको छ भने नगेन्द्रराज

शर्माले आजको यस महोत्सवले साहित्यलाई सधैँ अनुत्पादक भन्दै आएको सरकारलाई गतिलो जवाफ दिएको मन्तव्य व्यक्त गर्नुभयो । मोहन दुवालले देशमा साहित्यको विकास र जनतामा साहित्यप्रति जागरूकता ल्याउन देशका ७५ वटै जिल्लामा राष्ट्रियस्तरको पुस्तकालय स्थापना र साहित्यिकारको कोटी निर्धारण हुनुपर्नेमा जोड दिनुभयो। कवि श्यामलको मन्तव्यपछि खगेन्द्र सङ्ग्रौलाले आफ्नो मन्तव्यको क्रममा प्रमुखअतिथि माधवप्रसाद घिमिरेको राष्ट्रकविप्रति उठेका प्रश्न र शाही शासनकालमा उहाँ राष्ट्रकवि हुनुभएकोले घिमिरेज्यूबाट नै त्यसको जवाफ माग गर्दा यहाँ उपस्थित भएका मानिसहरूले कताकता नमीठो र खल्लो अनुभव गरेका छन् । जहाँसम्म मलाई लाग्छ आजको यस महत्त्वपूर्ण साहित्यिक महोत्सवमा त्यस्ता प्रकारका प्रश्न उठाउनु सान्दर्भिक हुँदैन । किनभने घरमा बोलाएको पाहुनाको कसैले पनि बेइज्जत गर्दैन । यो कहींको पनि संस्कार होइन । आयोजकले प्रमुख अतिथिको रूपमा ल्याइसकेपछि उनलाई प्रदान गरेको राष्ट्रकविको सम्मानलाई वादविवादको विषय बनाउनु हुन्नथियो । त्यसमा पनि एउटै मञ्चमा अतिथि भएर बसेको एक अतिथिले अर्को अतिथिप्रति उठाइएको प्रश्नको जवाफ दिइरहनु आवश्यक थिएन । आयोजकले निमन्त्रणा गरेर मञ्चमा आसीन भएका सबै अतिथिहरूको सम्मान एउटै हो यतिबेला । आयोजकले चयन गरेको व्यक्तित्वलाई सबैले स्वीकार्नुपर्छ भन्ने छैन र त्यसरी व्यक्तिगत विषयलाई यो महोत्सवस्थलमा विवादको विषय पनि बनाउनु हुन्न जस्तो मलाई लागिरहेछ । किनकि यो वादविवाद गर्ने थलो होइन र समय पनि ।

वि.सं. २०६४ सालमा मेरो दोस्रो मुक्तकसङ्ग्रह **स्वप्निल शिविर** प्रकाशित गरेपछि त्यसको विमोचन कार्यक्रममा राष्ट्रकवि माधव घिमिरेलाई प्रमुखअतिथि बनाउने मेरो इच्छा भयो। तर उहाँसँग मेरो व्यक्तिगत सम्बन्ध त्यति निकटको भैसकेको थिएन। बेलाबेलामा हुने साहित्यिक कार्यक्रमहरूमा उहाँसँग भेट हुन्थ्यो । म टाढैबाट नमस्कार गर्थें उहाँ मुसुक्क हाँसेर नमस्कार फर्काउनुहुन्थ्यो ।

मुक्तकसङ्ग्रह **स्वप्निल शिविरको** विमोचन कार्यक्रममा राष्ट्रकवि माधव घिमिरेलाई प्रमुखअतिथि बनाउने मेरो इच्छा सामाखुसी साहित्य समाजका अध्यक्ष

भाग्यशाली अधिकारीसमक्ष राखेँ । उहाँको राष्ट्रकविसँग राम्रो चिनजान र सम्बन्ध थियो ।

भाग्यशाली अधिकारी र म एकदिन उहाँको घरमा गयौँ । उहाँलाई मैले मेरो मुक्तकसङ्ग्रह दिएँ । खुसी हुँदै मेरो मुक्तकसङ्ग्रहको पानाहरू सरसर पल्टाएर हेर्नुभयो । हामी दुवै जना चूपचाप बसिरह्यौँ । मुक्तकसङ्ग्रह पल्टाउँदै गर्दा एउटा पानामा गएर उहाँ टक्क रोकिनुभयो र पढ्न थाल्नुभयो 'ताराहरूको ओठबाट मुस्कान झरेकी तिमी ...।' अनि भन्नुभयो, ज्यादै सुन्दर भाव । छब्बीस नम्बरको मुक्तकको त्यो दोस्रो हरफ थियो । उहाँलाई खुब मन परेछ त्यो हरफ । मुक्तक यस्तो थियो -

**मेरो स्वागतमा साइतको घडा भरेकी तिमी**
**ताराहरूको ओंठबाट मुस्कान झरेकी तिमी**
**टिपुँ, टिप्न सक्दिन, भेटुँ त भेट्न सक्दिन**
**मेरै मनको तलाउमा कमल सरेकी तिमी ।** *(स्वप्निल शिविरः पृष्ठ ४५)*

अधिकारी र म चूपचाप उहाँले भनेका कुराहरू सुनिरह्यौँ । मभित्र चाहिँ उहाँसमक्ष प्रमुख अतिथिको निम्ति प्रस्ताव राख्ने हुटहुटी जागिरहेको थियो । यसैबीच केही सामान्य कुराकानी भयो । अनि भाग्यशालीले मुक्तकसङ्ग्रह विमोचन हुने कुरा जानकारी गराउँदै उक्त विमोचन कार्यक्रममा उहाँलाई प्रमुख अतिथि हुनको लागि आग्रह गर्नुभयो ।

त्यसबखत उहाँलाई अलिक सञ्चो रहेनछ । अतः उहाँले आफूलाई सञ्चो नभएको कारण इच्छा हुँदाहुँदै पनि कार्यक्रममा उपस्थित हुन असमर्थता जाहेर गर्दै मलाई बधाई र शुभकामना दिनुभयो । म अलिक खल्लो मन लिएर फर्किएँ । त्यो नै उहाँको घरमा मेरो पहिलो र अन्तिम भेट थियो ।

त्यसपछिका दिनहरूमा विभिन्न ठाउँमा हुने साहित्यिक कार्यक्रममा उहाँसँग बराबर भेट हुन्थ्यो । उहाँका सारगर्भीत मन्तव्यहरू मलाई निकै मन पर्दथ्यो । चढ्दो

बुढ्यौली उमेरमा पनि उहाँ फुर्तीसाथ मन्तव्य दिनुहुन्थ्यो। नेपाली सिनेमा **मनको बाँध**को गीत 'फूलको थुँगा बगेर गयो गङ्गाको पानीमा...' मलाई अति मन पर्ने गीतमध्येको एक हो। यो गीत रेडियो वा एफ.एम.बाट जति पटक बजे पनि म पूरै गीत सुन्छु अहिले पनि। जति पटक सुने पनि मनलाई भावविभोर तुल्याउने त्यो गीत सुनेर सायदै धीत नमर्ला।

पछिल्लो समयका आयोजित कार्यक्रमहरू बोल्दा उहाँ आफ्नो पूरा हुन बाँकी **ऋतम्भरा** महाकाव्यको बारेमा जानकारी गराइरहनुहुन्थ्यो। राष्ट्रकविको सय नाघिसकेको उमेर र उहाँले पूरा गर्न बाँकी महाकाव्यको बारेमा सबैलाई चासो हुनु स्वाभाविकै हो। उहाँको दृढ चाहना र प्रबल इच्छाशक्तिलाई हेर्दा उहाँले महाकाव्य पूर्ण गर्नुहुन्छ भन्ने विश्वास सबैमा थियो। यसैबीच सामाजिक सञ्जालमा कुनै बदमासले राष्ट्रकविको निधन भएको समाचार सम्प्रेषण गरिदिएछ। त्यो समाचार क्षणभरमा नै संसारभर फैलियो। अन्ततः त्यो समाचार झुठो रहेछ। दुष्ट मनस्थिति भएका मान्छेहरूको कारण सबैले दुःख नै पाउँछन्। तर विधिको विधान कसैले टार्न नसक्ने। आखिर एक सय एक वर्षको आयु पूरा गरेर अचानक २०७७ साल भाद २ गते साँझ पाँच बजेर पचपन्न मिनेट जाँदा उहाँ यस धराबाट सदासदाको निम्ति बिदा हुनुभयो। नेपाली साहित्यको आकाशबाट परलोकयात्रा आरम्भ गर्नुभयो। दुःख लाग्छ, दुःख लागेर हुने केही रहेनछ। नेपाली साहित्यलाई आफ्ना कालजयी साहित्यिक कृतिहरू दिएर जानुभयो। 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे, उचाई हाम्रो रहला कहाँ हिमालै नरहे' भन्ने दिव्यबाणी नेपाली आकाशमा हरदम गुञ्जिरहनेछ।

दुःखको कुरा उहाँको अवसानलगत्तै केही साहित्यकारहरूले उहाँलाई दिइएको राष्ट्रकविको विषयलाई सामाजिक सञ्जालमा प्रश्न उठाएको पाइयो। उहाँमाथि देशमा राजनीतिक परिवर्तनको निम्ति भएका आन्दोलनहरूमा न उहाँले उपस्थिति जनाउनुभयो न त त्यसको निम्ति आवाज उठाउनुभयो भन्ने नै मुख्य आरोप लगाइयो। कुनै पनि स्रष्टाको पहिलो काम हो साहित्य, कला र सङ्गीत सृजना गर्ने। उसले आफ्नो सृजना कर्मलाई नै मुख्य धर्म सम्झेको हुन्छ। स्वतन्त्र

लेखन र जीवन चाहने लेखकलाई देशको शासन र राजनीतिप्रति चासो नहुन पनि सक्छ र उसले त्यसलाई महत्त्व नदिन पनि सक्छ । यद्यपि साहित्यकार राजनीतिबाट रहन सक्तैन । कति कति सरकार साहित्यकारकै कलमको कारण ढलेका इतिहास पनि छन् । त्यसैले त भन्ने गरिन्छ, तरवारभन्दा कलम शक्तिशालि हुन्छ ।

देश र सरकारले कुनै पनि सर्जकलाई कुनै उपाधीद्वारा सम्मान गर्छ भने त्यसको निम्ति केही आधार त होला नै । सरकारले पनि जसलाई पायो तेसैलाई जे पायो त्यही उपाधी दिँदैन होला । हुन त सरकारले प्रदान गरेको उपाधी होस् वा पुरस्कार लिन अस्विकार गर्ने स्रष्टा पनि थिए, छन् । विश्वमा यस्ता घटना नघटेका होइनन् । माधव घिमिरेले पनि मलाई राष्ट्रकवि देऊ भनेर विन्ति बिसाएका थिएनन् । तत्कालिन सरकारले उहाँलाई राष्ट्रकविको उपाधी दियो । उहाँले सहर्ष स्वीकार गर्नुभयो । हो, त्यो बेला नै राष्ट्रकविको उपाधी दिएकोमा विरोध जनाउनुपर्थ्यो र सकिन्थ्यो भने त्यो उपाधी खोस्न पनि पर्थ्यो । अहिले आएर भिँगाले पछाडिबाट खुट्टा सुर्केजस्तो गर्नु पक्कै पनि निन्दनीय हो । दिनेले दियो, पाउनेले पायो । पाउने पनि अब यस संसारबाट बिदा भएर परलोकगमन गइसक्नुभयो । कुन्ठित मनस्थितिको आक्रोशलाई सार्वजनीकरण गर्नुको कुनै तुक छैन ।

अन्त्यमा, राष्ट्रकवि माधव घिमिरेको अमर आत्माले चीर शान्ति पाओस् भन्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पणका साथै शोकसन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

*(इमाडोल, ललितपुर निवासी लेखक अनेसासको.........पदमा रहेका छन् भने उनका धेरै कृति तथा लेखहरू प्रकाशित भएका छन् ।)*

# १०१ वसन्तदर्शी राष्ट्रकवि



नारायणप्रसाद तिवारी

विक्रम संवत् १९७६ आश्विन ७ गते जन्मनुभएका समआदरणीय राष्ट्रकविज्यू २०७७ भाद्र २ गते मङ्गलबार नश्वर शरीर छाडी अनन्तको यात्रामा लाग्नुभयो । श्रद्धाभावपूर्ण श्रद्धाञ्जली १०१ वसन्तदर्शी ज्येष्ठ तथा राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूमा । श्रद्धासुमनसहित उहाँका केही सम्झनाहरू–

**"अचम्म भो ! यही जुनीमा अर्को जुनी पाएँ**
**लाख लाख नेपालीको माया पाएँ ।"**

यो भनाइ हो १०१ वसन्तदर्शी राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूको । २०७४ आषाढ २२ गते लाजिम्पाटस्थित उहाँकै निवासमा ज्योतिष मित्र चक्र सुवेदीसहितको भेटमा सुनाएको कविताको बोल हो यो ।

अकस्मात् गलत हल्ला चल्यो– राष्ट्रकवि गए । भोलिपल्ट तपाईंको आयु बढ्यो भनें । "मरेपछि के हुन्छ ? भनी हेर्न सम्भव छैन तर त्यस्तो असम्भव कुरो पनि सम्भव भयो । जसले यस्तो जुटाइदियो त्यसलाई धन्यवाद ! सबैले भने– कविता लेख्नुहोस् । के कविता लेख्ने ? माथि भऱ्याङ चढ्दा फुरण भयो । अचम्म भो ! यही जुनीमा अर्को जुनी पाएँ । लाख लाख नेपाली को माया पाएँ ।" राष्ट्रकविले बडो उत्साहका साथ यी कुराहरू सुनाउनुभयो । अझ भन्नुभयो– "म बुढो भएँ, अब त झन् कस्सिएर काम गर्नुपऱ्यो नि ।"

कविजीको यस्तो उत्साह र जाँगर देखेर हामी पनि उत्साहित भयौँ । कुरा अघि बढ्न थाले । कविजीले भन्नुभयो "म त कवितामा जीवित भएँ । कवितालाई माया गरेकोले मलाई पनि माया गरेको । अर्को जुनी यही कवितामा पाएँ । म कवि नभएको भए कसले मलाई सोध्ने थिए र ? कसले मलाई माया गर्ने थिए र ? ४०-५० वर्ष पहिला लेखेको कविता पानी ट्याङ्कर, ट्रकको अगाडिपछाडि लेखिएको देखेँ– 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।' यो देखेपछि मैले थाहा पाइसकेको थिएँ– 'म मरेपछि पनि जीवितै रहन्छु ।"

अहिले केही लेख्न मा व्यस्त हुनुहुन्छ भनी सोधनी गर्दा भन्नुभयो– "पहिला मानिसहरूले भन्थे– 'तपाईंको छन्द राम्रो छ महाकाव्य लेख्नुहोस् तर ८-८ सन्तानको बाबू । लालनपालन गर्नुपर्यो कहाँ फुर्सद हुनु ? महाकाव्य भनेको सबै कुरामा महानता हुनुपर्‍यो । सोचको गहराइमा जानुपर्यो । अहिले मलाई ठीक छ, राज्यले २४-२५ हजार मासिक दिन्छ । छोराहरू पनि राम्रा छन्, सेवाभाव छ । बुबालाई कुनै असुविधा नहोस् भनी सचेत छन् । अहिले अनुकुल वातावरण छ । यो महाकाव्य लेख्न डेढ सर्ग जति बाँकी छ । साझा प्रकाशनले बारम्बार आई हामी प्रकाशन गर्छौं भन्थे । ३-४ दिन पहिला आई पेश्की नै दिई गए । मैले भनेको छु चैत्रमा दिन्छु । यो महाकाव्य सिद्धियो भने एउटा सोलिड चिज तजुर्मा भयो नि !"

यो महाकाव्यको विशेषता के छ भनी सोधनी गर्दा भन्नुभयो– "यसमा दुवै कुरा छ । बाह्यका साथ अध्यात्म पनि घुसेको छ, जस्तैः षडचक्र आदि । महाकाव्य स्रष्टाका रूपमा लेखियो त्यसपछि एक पाठक भै पढ्छु । जुन कुरा ठिक लाग्दैन त्यसलाई काटिदिन्छु । पाठकको दृष्टिले पनि ठिक हुनुपर्यो ।"

विक्रम संवत् १९७६ आश्विन ७ गते जन्मनुभएका, युवा जोश र जाँगरले भरिनुभएका, सकारात्मक सोचका धनी, नेपाल र नेपाली भाषा, संस्कृतिलाई माया गर्ने कविवरले कुरैकुरामा भन्नुभयो– "अहिले चितवनमा परिष्कृत छन्द र हृदयस्पर्शी भावका कवि छन् । जस्तैः गोविन्दराज विनोदीजस्ता आधुनिक विचार भएको र आफ्नो संस्कृतिसँग मिल्ने पनि ।"

कविवरसँग शिवपुरी बाबा, बासुकी ब्रह्मचारी, स्वर्गद्वारी बाबा आदि सन्त तथा सिद्धहरूको चर्चा गर्दा नेपालमा गुप्त रूपमा उच्चस्तरका गृहस्थ, तपस्वी र सिद्धहरू भएका कुरा पनि गर्नुभयो । प्रफुल्ल मुद्रामा लेखनाथका केही अध्यात्मिक कविताहरू सुनाउनुभयो, जसले मेरो मनमा पनि लेखनाथका **तरूणतपसी** आदि कृतिहरू पढनुपर्ने रहेछको भाव उत्पन्न गरायो । **वेद, श्रीमद्भागवत**, **गीता**, **योग बाशिष्ट्य**, **विपश्यना ध्यान** आदिको चर्चा गर्नुभयो ।

मातृ देवो भवः, पितृ देवो भवः को भावनासहित, समाजमा आमाबुबा आदि ज्येष्ठहरूको सम्मान र सेवा गर्नुपर्दछ भन्ने भाव जगाउने उद्देश्यबाट २०६९ मा स्थापित ज्येष्ठ नागरिक कल्याणकारी प्रतिष्ठान नेपालको चर्चा गर्दा उहाँले “यस्तो शास्त्रसम्मत संस्था सञ्चालित हुनु राम्रो कुरा हो । हाम्रो संस्कृतिअनुसारको राम्रो कुरा हो ।” भन्नुभयो ।

कविवरसँग दिउसो १२ बजेदेखि कुराकानी गर्दा दिउसोको १.४५ भइसकेको रहेछ । यो उत्साहजनक र प्रेरणादायक भेटघाट दिर्घकालसम्म हृदयमा अङ्कित रहने नै छ । समआदरणीय तथा अनुकरणीय कविवरसँग अनुमति लिई विदा भएँ ।

*(...नेपाल निवासी लेखक, साहित्यकार हुन् । उनका लेखरचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा पढ्न पाइन्छन् ।)*

# राष्ट्रकविसँगको अविष्मरणीय पल



पदम विश्वकर्मा

राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई नचिन्ने र नजान्ने नेपालीहरू सायद विरलै होलान्। उहाँले नेपाली साहित्यमा पुऱ्याउनुभएको योगदान महाकवि लक्ष्मीप्रसाद देवकोटा र आदिकवि भानुभक्त आचार्यको भन्दा कम छैन भन्नु अतिसयोक्ति नहोला। राष्ट्रवाद, लोकपुकार र खासगरी लोप हुँदै गएको छन्दपरम्परालाई उहाँका कलमले उजागर गरेका हुन्। सायद शिरोमणि लेखनाथ पौड्याल, महाकवि देवकोटा प्रवृत्ति छन्दपरम्परालाई घिमिरेले निरन्तरता नदिनुभएको भए नेपाली साहित्यमा छन्दपरम्पराले आजको लोकप्रियता पाउन असम्भवप्रायः थियो।

मेरा दाजु स्वर्गीय गगनसिंह विश्वकर्मा नेपाली साहित्यमा निकै रुचि राख्नुहुन्थ्यो। हामी त्यस बेला सानै थियौँ। म र भजिता, भतिजी एकै उमेरका थियौँ। दाइ शिक्षाप्रेमी भएकै कारण उहाँ धेरै वर्ष शिक्षण पेसामा संलग्न हुनुभयो। अनपढ गाउँलेहरूलाई अक्षर सिकाउनुपर्छ भन्ने उद्देश्यले गाउँघरमा प्रौढ शिक्षा पढाएर धेरै गाउँले दाजुभाइ, दिदीबहिनीहरूलाई पढ्न लेख्न सिकाउनुभएको थियो। त्यस बेला हाम्रो घरमा मात्रै रेडियो थियो। समाचार, गीत सुन्न गाउँलेहरू हाम्रो घरमा धुरिन्थे र 'के छ आजको समाचार ?' भनेर सोध्ने गर्दथे।

दाजु लयात्मक ढङ्गले **स्वस्थानी**, **रामायण**, **गौरी**, **मुनामदन** पढ्ने गर्नुहुन्थ्यो। **स्वस्थानी**को कथा सुन्न छिमेकीहरूले घर भरिँदाको रमणीय क्षण सधैँ सम्झना आउँने गर्छ। धेरै वर्षसम्म यस्तो परम्परा नियमित चलिरह्यो मेरो घरमा।

कामको सिलसिलामा दाजु शहर बजारबाट फर्कँदा हरेक पटक कुनै न कुनै साहित्यिक कृतिहरू लिएर फर्कने गर्नुहुन्थ्यो। **मुनामदन**, **गौरी**, **शिरिषको फूल**, **बसाईं**, **तरुणतपसी**, **रितु विचार**, **नरेन्द्र दाइ**, **सुम्निमा** आदि पुस्तकहरू घरमै उपलब्ध थिए। ती पुस्तकहरू खुब चाखका साथ पढने अवसर पाएको थिएँ मैले। **मुनामदन**, **गौरी** त लयवद्ध शैलीमा कण्ठस्थ वाचन गर्थें। **मुनामदन**, **गौरी** मीठो स्वरमा वाचन गर्दा परिवारका सदस्य र छिमेकीहरू आँखाभरि आँशु बोकिरहेका हुन्थे।

लमजुङ पुस्तुन गाउँका कवि हुनुहुन्थ्यो राष्ट्रकवि। एउटै जिल्लावासी भएकाले पनि उहाँका पुस्तक खुब रुचिका साथ पढिन्थ्यो। उहाँका गीतहरू रेडियोमा बज्दा निकै उत्सुकताका साथ सुन्ने गरिन्थ्यो। राष्ट्रकविका कविता, गीतहरू सुनेर राष्ट्रकविलाई भेट्न कहिले र कसरी सकिएला ! भन्ने रहर मनमनै पलाउँथ्यो। तर त्यतिबेला राष्ट्रकवि काठमाडौं सरिसक्नुभएको थियो। खर्च, दूरी, आफ्नो उमेर आदिका हिसाबले ती चाहना पूरा हुन सकेनन्।

विद्यालयको वार्षिकोत्सव समारोह थियो। सायद म कक्षा पाँचमा पढ्दै थिएँ। अतिरिक्त क्रियाकलापका शिक्षकले मलाई एउटा गीतमा नाच्न निकै कर गरेपछि उनैको रोजाइमा राष्ट्रकविद्वारा रचित गीत 'फूलको थुँगा बगेर गयो गङ्गाको पानीमा' बोलको गीतमा नाच्नुपर्ने भयो। विभिन्न अभ्यास र तयारीपश्चात् विद्यालयको वार्षिकोत्सव समारोहको सांस्कृतिक कार्यक्रममा नाच प्रस्तुत गरेँ, दर्शकदिर्घाबाट परर ताली आयो। जिल्लावासी गीतकारको रचना भएकोले नाच्न लगाइएको थियो र उहाँका गीत, कविताहरू आफूलाई निकै मनपर्ने भएकाले पनि मैले सहर्ष स्वीकार गरेको थिएँ।

हाईस्कुलमा पढ्दा छन्द कविताका बारेमा केही जानकारी भयो। राष्ट्रकविका कविताका प्रभावले  शार्दुलविक्रिडित, अनुष्टुप र अन्य छन्दमा कविताहरू लेख्न थालें। हाईस्कुलका कैयन कविता प्रतियोगिताहरूमा प्रथम, द्वितीय भएर पुरस्कार प्राप्त गर्दाका सुनौला क्षणहरू अझै ताजा छन् ।

त्यसताका उच्च शिक्षा हाँसिल गर्न या त पोखरा वा काठमाडौं जानुको विकल्प थिएन । एसएलसी उत्तीण गरेपश्चात् उच्च शिक्षाको निमित्त पोखरा जाने सोच पनि नआएको होइन तर संयोगवस काठमाडौंतिर हानिएँ। रोजगारीका संभावनाका हिसाबले र देशको राजधानी पनि भएकोले काठमाडौं नै पढ्न जाने निर्णयले जित्यो ।

काठमाडौं रहुन्जेल एकाध कार्यक्रममा राष्ट्रकविका कविताहरू सुन्ने अवसर मिलेको थियो । काम–कलेजको भागदौडमा जीवनका दौडहरू चलिरहेका थिए । कार्यक्रमहरूमा सहभागी हुन पनि खासै अनुकुलता मिलेको थिएन। पछि उहाँ प्रज्ञा-प्रतिष्ठानको उपकूलपति बन्नुभयो त्यसैले हामी सर्वसाधारणले उहाँसँग भेट्ने प्रयास झन् टाढा हुँदै गयो । राष्ट्रकविका **मालती–मङ्गले** नाटक प्रज्ञाभवन, राष्ट्रिय नाचघरमा महिनौं दिनसम्म मन्चन भए, नाटक हेर्न पाइयो तर नाटककारसँग भेट्न भने पाइएन ।

जीवनले अमेरिकातर्फको नयाँ गति लियो। अमेरिका आगमनपछि संस्थागत कामको सिलसिलामा पटक पटक नेपाल जाँदा सधैं समयको अभाव रहिरह्यो। केही वर्ष पहिलेको कुरा हो, कवि राधेश्याम लेकाली र मेरो राष्ट्रकविलाई भेट्न उहाँकै निवास लैनचौरमा जाने योजना बन्यो। हामी सबेरै लैनचौरतिर मोडियौं ।

कार्तिक महिना थियो सायद। हामी राष्ट्रकवि निवास पुग्यौं। मनोरम वातावरण, सुन्दर बिहानी । घामको झुल्का राष्ट्रकविको आँगनभरि पोखिएर फूलेका फूलमा ठोक्किएका थिए। राष्ट्रकवि एकैछिनमा बैठक कोठामा आइपुग्नुभयो।

मैले आफ्नो कवितासङ्ग्रह **शब्दसुमन** उहाँको हातमा थमाउँदै आफ्नो परिचय दिएँ। आफू पनि लमजुङे भएकोले राष्ट्रकविले निकै रुचिकासाथ किताब नियाल्नुभयो र खुसी हुँदै कुराकानी गर्नुभयो। कुराकानीकै बीचबीचमा **शब्दसुमन** कवितासङ्ग्रहका केही कविताहरू पनि पढ्नुभयो।

प्रसङ्गवस राष्ट्रकविले अनेसासले नेपाली भाषा, साहित्यको क्षेत्रमा संसारभर छरिएर रहेका नेपालीहरूलाई समेट्दै पुऱ्याएको योगदानको निकै चर्चा गर्नुभयो। वासिङ्गटनमा उहाँलाई गरिएको सम्मान र सोल्टी होटलमा आयोजना गरिएको कार्यक्रमको पनि स्मरण गर्नुभयो। "पदम बाबु ! विदेशको त्यस्तो व्यस्त जीवनमा पनि आफ्नो समय निकालेर भाषा, साहित्यको क्षेत्रमा तपाईंहरूले गर्नुभएको योगदान मातृभूमिको लागि गरिएको योगदान हो" भन्नुभएको कथन अझै ताजा स्मरण छ।

बैठक कोठासँगैको अर्को कोठामा लैजानुभयो मलाई। उहाँप्रति समर्पित हजारौंको सङ्ख्यामा प्रशंसापत्र, प्रमाणपत्र, सम्मानपत्र तथा अभिनन्दनपत्रहरू व्यवस्थित रूपमा सजिएका थिए त्यहाँ। राष्ट्रकविले तिनलाई औंल्याउँदै स्मरण गर्नुभएको सम्झना अझै पनि मेरो मानसपटलमा घुमिरहेको छ।

हरेक प्रसङ्गहरू निकै रुचिका साथ सुन्नुहुन्थ्यो, स्मरण गर्नुहुन्थ्यो, प्रश्न गर्नुहुन्थ्यो र आफ्ना भनाइहरू पनि राख्नुहुन्थ्यो। हाम्रो वार्तालाप निकैबेरसम्म चलिरह्यो। ज्यादै मिजासिलको स्वभाव, सुललित भाव, प्रेमपूर्ण व्यवहार, मीठा शब्दहरूका भनाइहरूले मन प्रफुल्लित भयो। सहनशीलता, सुशिलता गुणलेयुक्त राष्ट्रकविका व्यवहार सायद एकादुईमा बाहेक अरूहरूमा पाउन कठिन हुन्छ।

हामी छुट्टिन तयार हुँदै थियौं। छुट्टिन मन थिएन, बाध्यता थियो। राष्ट्रकविको मन छुट्टिन तयार थिएन। उहाँको मन हामीसँगै थियो। हामी ढोकाबाट बाहिर निस्कियौं, राष्ट्रकवि पनि हामीसँगै निस्कनुभयो। उहाँका न्याना हातले मलाई समाइरहेका थिए।

राष्ट्रकविले घरबाहिरको आगँनमा लटरम्म फूलेका फूलहरूमा फोटो खिच्न अनुरोध गर्नुभयो । हामीले फूल र राष्ट्रकविसँग थरिरथरिका तस्वीरहरू लियौँ । राष्ट्रकविको हातमा **शब्दसुमन** थियो । कवितासङ्ग्रह पल्टाउँदै मेरा कवितामा फेरि रमाइरहनुभयो राष्ट्रकवि । हामी राष्ट्रकविको निवासबाट बाहिरिने तरखरमा थियौँ, राष्ट्रकविको चाहना अपुरै अधुरै राखेर । राष्ट्रकविका औँलाहरूले अझै मेरा हात छाड्न मानेका थिएनन् । राष्ट्रकविका आँखाहरूले हामीलाई बिदाइ गर्न मानेका थिएनन् । उहाँ अरू धेरै विषयमा कुराकानी गर्न चाहनुहुन्थ्यो । धेरै कुरा व्यक्त गर्न चाहनुहुन्थ्यो । हामी अलिक हतारमा थियौँ । फेरि छिट्टै भेट हुने आश्वासनसहित विदा भयौँ ।

त्यही थियो राष्ट्रकविसँगको अन्तिम भेट । बाल्यकालदेखिको राष्ट्रकविसँग भेट हुने चाहना त पूरा भयो तर अर्को पटक भेट हुने चाहना भने कहिल्यै पूरा हुन नसक्ने भएको छ, अल विदा राष्ट्रकाकवि !

*(हाल कोलोराडो, अमेरिका निवासी लेखक अनेसासको निवर्तमान अध्यक्ष एवं अनेसास बोर्ड अफ ट्रष्टीका उपाध्यक्ष हुन् ।)*

# राष्ट्रकविसँगको त्यो भेट अन्तिम हुन सकेन



प्रकाश पौडेल 'माइला'

२०६० साल असोज ९ गते। दसैंको मुखमा ८५ वर्षको उमेरमा माधव घिमिरेलाई राष्ट्रकविको उपाधि दिइएको थियो। युवा जोस र केही न केही गरूँ भन्ने स्वभावको त्यो बेला कलेज पढ्दै लोकसेवाको पनि तयारी गरिरहेको थिएँ मैले। त्यसैले नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपतिसमेत भइसकेका माधव घिमिरेलाई दिएको यो महत्त्वपूर्ण उपाधिलाई मैले मज्जाले नै रटेको थिएँ, जुन आज यो लेख लेख्न बस्दा पनि मज्जाले याद आएको छ।

त्यसअघि नै हामीले हाम्रा विद्यालयमा पढाइने 'कमिलाको ताँती', 'टालाटुली बाटुली कति राम्री पुतली' जस्ता बालकविताहरू पढिसकेका थियौँ। हाम्रालागि माधव घिमिरे लक्ष्मीप्रसाद देवकोटाजत्तिकै पढिरहने कवि थिए। हामी जुनसुकै कक्षा उक्लिए पनि हरेक कक्षाको नेपाली किताबमा कतै न कतै उनका कविता पढ्ने र रट्ने गर्नु पर्दथ्यो। त्यसबाहेक 'गाउँछ गीत नेपाली ज्योतिको पङ्खा' उचाली भन्ने गीतले पनि उत्साह जगाउँथ्यो। २०४६ को परिवर्तन लगत्तै तातोपिरो समयमा तत्कालिन राष्ट्रिय गानको सट्टामा स्कुलमा लाइन लागेर 'गाउँछ गीत नेपाली' कण्ठस्थ गरेको पल अझ ताजै छ। यसरी हाम्रो मस्तिष्कमा माधव घिमिरे पाका, भरिला र भरपर्दा कविका रूपमा अडेका थिए।

तर मेरो बाल मनस्थितिमा उनी जीवित छन् भन्ने कल्पना आउँदैनथ्यो। लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लेखनाथ पौडेल, सिद्धिचरण श्रेष्ठजस्तै धेरैअघि नै महाप्रस्थान गरिसके होलान् भन्ने लाग्दथ्यो। विशिष्ट कविहरू हामीजस्तै मानिस हुन्, हामीजस्तै कमी-कमजोरीले युक्त हामीसँगै कुरा गर्ने खालका हुन्छन् भन्ने कुरा मैले धेरैपछि मात्र थाहा पाएको हुँ।

देशले राष्ट्रकविको उपाधि पाएका चर्चित कवि माधव घिमिरे चितवन आइपुग्ने खबर पाएँ। यो २०६० साल पुस महिनाको १७ गतेको कुरा थियो। राष्ट्रकविको उपाधिपछि देशमा मात्र होइन, विश्वभरि छरिएर रहेका नेपालीहरूबीच माधव घिमिरेको चर्चा थियो। उपाधि पाएको सयदिन पुगेको अवसरमा चितवनमा उनको अभिनन्दनसहित नगरपरिक्रमा गर्ने कार्यक्रम बनेको थियो। कार्यक्रमको आयोजक चितवन साहित्य परिषद् थियो। मोफसलको प्रज्ञा प्रतिष्ठान भनेर चिनिएको यो संस्थामा मेरो किशोरकालदेखि नै आउजाउ हुन थालेको थियो। यही संस्थाले राष्ट्रकविको अभिनन्दन कार्यक्रम गर्ने भएपछि मलाई पनि चासो लाग्नु स्वाभाविक नै थियो। नगरपरिक्रमा र अभिनन्दन कार्यक्रममा पूरा दिन सहभागिता जनाएर आफ्नो कर्तव्य तथा राष्ट्रकविप्रतिको सम्मान प्रकट गर्ने निधो मैले गरेँ!

कार्यक्रमको दिन राष्ट्रकविको भव्य स्वागत भएको थियो। रथयात्रा भरतपुरको वीरेन्द्र बहुमुखी क्याम्पसको चौरबाट सुरु भएर नारायणघाटको क्याम्पाचौरमा समापन भएको थियो। यो बेला राष्ट्रकविको स्वागतमा नगरयात्राभर हजारौँ नरनारीले उत्साहजनक सहभागिता जनाएका थिए। अग्रपङ्क्तिमा केही अग्रज साहित्यकारहरू प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, केशवराज आमोदी, एल.बी. क्षेत्रीका अतिरिक्त राजकृष्ण कँडेल, रामबाबु घिमिरे, गायत्री श्रेष्ठ, नारायणप्रसाद खनाल, सरस्वती रिजाल, कपिल अज्ञात, सुरेन्द्र अस्तफल, पुष्प अधिकारी 'अञ्जलि', सिर्जन अविरल, रमेश प्रभात, लेखराम सापकोटा, सन्देश पोखरेल, कमल अर्याल 'धादिङ्गे', राजनविफल पौडेल निकै ऊर्जाका साथ हिँडिरहेको देखिन्थ्यो। चितवनबाट मात्र होइन, छिमेकी जिल्लाहरूबाट

पनि हुलका हुल कवि, लेखक, शिक्षक, पत्रकार र शिक्षित व्यक्तिहरू आएका थिए। एउटा कविको यो स्तरको स्वागत यसअघि मैले कहिल्यै देखेको थिइँन। त्यसपछि पनि देख्ने मौका मिलेको छैन। चितवन साहित्य परिषद्का तत्कालीन अध्यक्ष केदारनाथ खनालको संयोजकत्वमा १ सय १ सदस्यीय मूल आयोजक समिति गठन गरेको थियो। यो समितिलाई हामीजस्ता सयौँ साहित्यप्रेमी किशोर-किशोरीहरूलाई सक्रिय गराइएको थियो।

त्यहाँ शिक्षा र साहित्यबाहेकका व्यक्तिहरूको पनि ठूलो उपस्थिति थियो। सायद चितवनको विशेषता नै यही हो, कुनै एउटा क्षेत्रमा कुनै महत्त्वपूर्ण काम हुन लाग्यो भने यहाँ सबै किसिमका संस्थाहरूको सहयोग रहन्छ। आयोजक चितवन साहित्य परिषद् भए पनि चितवनका हरेक सङ्घ-संस्थाले चिसापको यो कार्यक्रमलाई आफ्नो कार्यक्रम ठानेको देखिन्थ्यो। तत्कालीन समयमा सक्रिय साहित्यिक संस्थाहरू अभिव्यञ्जना साहित्य प्रतिष्ठान, वाल्मीकि साहित्य परिषद्, साहित्य सङ्गम चितवन, त्रिवेणी साहित्य परिषद्, चितवन वाङ्मय प्रतिष्ठानलगायतका सङ्घ-संस्थाहरूले पनि कार्यक्रम सफल पार्न निकै सहयोग गरेका थिए। हुन त संस्था पुरानो भएका कारण पनि यसको आफ्नो गरिमा छ। २०४४ सालमा स्थापना भएको यो संस्थाले २०६० सालसम्म आइपुग्दा छुट्टै पहिचान बनाइसकेको थियो। राष्ट्रकविको रथारोहणपछि यसले आफूलाई जस्तोसुकै उन्नत कार्यक्रम पनि गर्न सक्छ भन्ने पहिचान बनाउन सफल भयो।

मुख्य दिन भने धुम्म कुहिरो लागेको थियो। कार्यक्रमस्थलबाट हाम्रो घर १८ किलोमिटर टाढा थियो। त्यो दिन अन्धकार कुहिरो चिर्दै हामी एकाबिहानै साइकलमा कार्यक्रमस्थलमा भेला भएका थियौँ। मूल कार्यक्रम चल्दै गर्दा मैले पटक-पटक भेट्ने प्रयास गरेँ, नजिक पुग्ने कोसिस गरेँ। तर ठूलो भीड भएका कारण राम्रोसँग भेट्न सकिनँ। अन्त्यमा मञ्चको छेउमा गएर बडो बलले उहाँलाई फूल दिने अवसर प्राप्त गरेको थिएँ। चिसापका तत्कालिन सचिव सुरेन्द्र अस्तफल र गणेश श्रमण तथा बालकृष्ण थपलियाले महत्त्वपूर्ण सहयोग गर्नुभयो। त्यो दिनभरि राष्ट्रकविलाई अघि-अघि लगाएर हामीले नगरपरिक्रमा गर्‍यौँ। यसरी

एउटा कविको यो ऐतिहासिक रथारोहणको राम्रोसँग साक्षी हुन पुगेँ । घर फर्कंदा झमक्क साँझ परेको थियो। त्यो भीडमा राष्ट्रकविसँग धित मरुन्जेल भेट्न नसके पनि पछि कुनै बेला मज्जाले भेट्छु भन्ने इच्छा पलाएको थियो । तर केही समयपछि नै म जापान आइपुगेँ । भौतिक भेट सम्भव नभइकन त्यो घटनाको १६ वर्षपछि हामीले राष्ट्रकविलाई गुमायौँ ।

राष्ट्रकविसँग मेरो भौतिक भेट एकपटक मात्र भएको जस्तो लागे पनि मैले कुनै न कुनै रूपमा राष्ट्रकविसँग भेट गरी नै रहेँ । जापान पुगेको केही समयसम्म जापानी भाषाको अध्ययनमा व्यस्त भए पनि म साहित्यसँग नजिक रहेकाले कुनै न कुनै रूपमा माधव घिमिरे वा उनीजस्ता दिग्गज स्रष्टासँग नजिक रहेँ । प्रकृतिको अचुक वर्णन गर्ने माधव घिमिरेजस्ता अनेक कवि-लेखकका लेख-रचनाले कुनै न कुनै रूपमा मेरो अचेतन मनमा गढेको हुनुपर्छ। प्राकृतिक चेतबिना हाइकु लेख्न सम्भव छैन । नेपाली हावापानी, पाखा-पखेरा, लोकलय र भाकामा माधव घिमिरे पनि कुनै न कुनै रूपमा मेरो मनमा रहे । जब अनलाइन माध्यमबाट नेपाली समाचारहरू जापान पुग्न थाले, साहित्यिक सामग्री र रचनाहरू पनि सँगै पुग्न थाले । यही माध्यमले मैले नेपाली कला-साहित्यका सबै समाचारहरू ध्यानपूर्वक पढ्न थालेँ। मलाई नेपाली कला-साहित्यका हरेक कुराहरू कण्ठस्थजस्तै हुनथाल्यो । यही कारण माधव घिमिरेको जीवन दृष्टिकोण, खानपान, पोसाक, उनलाई दुःख दिइरहेका शारीरिक रोगहरू र उपचारका प्रयासहरू, अध्ययनहरू, घुमफिर, सङ्गीत, उठबस सबै कुरा ज्ञात हुन थाल्यो ।

मलाई यिनै समाचारहरूबाट ज्ञान भयो, माधव घिमिरेले कहिल्यै मोबाइल बोकेनन् । कहिल्यै मदिरापान गरेनन् र कहिल्यै पनि गणेशको चिह्न भएको औँठी औँलाबाट उतारेनन् । उनलाई ब्राह्मण भएको र सत्ताको नजिक भएको लाभ सधैँ भइरह्यो । आरोप पनि लागिरह्यो । समाचारहरू पढेरै मलाई थाहा भयो, उनले काठमाडौँमा बनाएको घर जम्मा ६५ हजारमा पूरा भएको थियो । तर एकेडेमीसँग घर बनाउन उनले ४ लाख रूपैँया सुविधा लिएका थिए। त्यही घरमा उनले अन्तिम सास लिएका थिए ।

माधव घिमिरे बेजोड कवि थिए। उनका शब्द-शब्दमा स्वतः सङ्गीत बग्दथ्यो। उनले नेपाली भाषा, संस्कृति र मानवीयताका बेजोड पक्षपाती थिए। उनले लेखेका बालगीत हुन् कि राष्ट्रगीत हुन्, नाटक हुन् कि काव्य हुन्, सबैले नेपालीपन बोलेका छन्। उनी पहाडे उच्च ब्राह्मण भए, उनले **मालती–मङ्गले**जस्ता कमारा-कमारीमाथि नाटक रचेर तल्ला वर्गका जीवन्त वर्णन गरेका छन्। भनिन्छ, **मालती–मङ्गले** नाटकले त्यो बेला मञ्चनको इतिहास रचेको थियो। यसले उनी कविमात्र होइन, बेजोड नाटककार पनि भएको पुष्टि हुन्छ।

राष्ट्रकविलाई धेरै लेखक कविले धेरै पटक भेट्ने अवसर पाएका छन्। देशभित्र उनलाई भेट्नु एउटा फेसनजस्तै भएको थियो। हरेक दिनजसो फेसबुकमा पोस्ट हुने तस्वीरले म भावुक हुन्थेँ। जापानमा भएका कारण मैले राष्ट्रकविलाई पुनः भेट्ने अवसर पाइँन भन्ने लागिरहन्थ्यो। तर आजभोलि मलाई चिसापले जुराइदिएको त्यो भव्य भीडमा भेटेको एकछिनको भब्य भेट नै ठूलो लाग्छ। त्यसपछि मैले उनलाई सधैँ काव्यमा भेटेँ, समाचारहरूमा भेटेँ र उनको जीवनशैलीमा भेटेँ।

खासमा लेखक कविलाई भौतिकरूपमा भेट्नुभन्दा उनीहरूका अक्षर र भावमा भेट्नु नै खासमा सच्चा भेट हो। भौतिक भेट त केवल बाहिरी भेटमात्र हो। राष्ट्रकविको मृत्युका दिन मलाई निकैबेर दोस्रोपटक भेट्न नपाएकोमा अपशोच लागिरहेको थियो। तर आजभोलि लाग्छ, त्यो मेरो अन्तिम भेट थिएन न त पहिलो भेट नै थियो। मैले स्कुलका दिनदेखि माधव घिमिरेलाई अक्षरका माध्यमले भेटिरहेँ र आजपर्यन्त भेटिरहेको छु।

*(हाल जापान निवासी लेखक अनेसास केन्द्रीय कार्य समितिका वर्तमान अध्यक्षसमेत हुन्)*

# राष्ट्रकविप्रति श्रद्धाञ्जली



**फणिन्द्रराज काफ्ले**

वि. सं. १९७६ आश्विन २७ गते नेपालको लमजुङमा जन्मेका राष्ट्रकवि माधवप्रसाद घिमिरेको २०७७ भाद्र २ गते काठमाडौंमा निधन भयो । उनी नेपाली साहित्यको मुख्यतः कविताकाव्यको क्षेत्रमा स्वच्छन्दतावादी धारा एवं परिस्कारवादी शैलीका नेपाली कविहरूमध्ये एक लोकप्रिय कवि हुन् । उनका शास्त्रीय छन्दोबद्ध एवं लोकछन्दमा नै निर्मित मौलिक गीत, नाटकहरूका धेरै सुन्दर पङ्क्तिहरू नेपाली गायकहरूद्वारा विभिन्न प्रसङ्गमा र नेपाली चलचित्रमा समेत सुमधुर स्वरमा गाइएका छन्, लोकप्रिय छन् ।

शैशवावस्था पारपछि बाल्य-युवावस्थादेखि नै पढाइ र क्रमशः लेखनकार्यमा निरन्तर अघि बढ्दै गएका कवि घिमिरे शतवर्षपार उमेरसम्म पनि कविताकाव्य सिर्जनामा नै जीवन समर्पण गरेको उदाहरण उनको अपूर्ण भनिएको कृति **ऋतम्भरा** महाकाव्य हो ।

सकारात्मक चिन्तन, प्रकृतिका विविधपक्षको चित्रण, सिर्जनशीलता र राष्ट्रिय एकताप्रतिको पूर्णनिष्ठा भाव उनका थप मौलिक विशेषता हुन् । यिनै विशेषताका साथ काव्यलेखनमा नै पूर्ण जीवन समर्पणले उनलाई सबै नेपालीहरूको

प्रिय कविको रूपमा अविस्मरणीय बनायो । उनको 'ज्ञानपुष्प' शीर्षकको कविता १९९२ मा र **रामविलास** खण्डकाव्य १९९८ मा **गोरखापत्र**मा प्रकाशित भएका थियो । त्यसपछि विभिन्न समयमा प्रकाशित भएका उनका **गौरी**, **राजराजेश्वरी**, **धर्तीमाता**, **राष्ट्रनिर्माता**, **पापिनी आमा**जस्ता खण्डकाव्यहरू र **मालती–मङ्गले**, **शकुन्तला**, **हिमाल वारिपारि**जस्ता नाटकहरू अति लोकप्रिय छन् । त्यस्तै **किन्नर किन्नरी** ,**नवमंजरी**, **आफ्नो बाँसुरी आफ्नै गीत**, **चारुचर्चा** आदि सबै नै सुन्दर कृति हुन् ।

आदिकवि भानुभक्त आचार्य र युवाकवि मोतीराम भट्टले नेपाली काव्यसाहित्यको क्षेत्रमा महत्त्वपूर्ण आधारभूत जगको प्रारम्भ गरेका थिए । त्यसपछि नेपाली भाषामा साहित्यका विविध विधाका साथै व्याकरण लेखन प्रकाशन, भाषा -साहित्य संस्थाको स्थापना र नेपाली भाषामा पाठ्यक्रम लेख्ने र पठनपाठनको व्यवस्थासमेत गर्नेजस्ता अति आवश्यक एवं अति महत्त्वपूर्ण ऐतिहासिक काम भएको हो । त्यस कामका महारथीहरू– महाकवि लक्ष्मीप्रसाद देवकोटा, नाटककार बालकृष्ण सम, कविशिरोमणि लेखनाथ पौड्याल र अन्य व्याकरणकार भाषा साहित्यसेवीहरू– राज गुरू पं हेमराज पण्डेय, सोमनाथ सिग्देल, पुष्करशम्शेर जबरा, युगकवि सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला, गोपाल पाण्डे असीम, चक्रपाणि चालिसे, राममणि आचार्य दीक्षित आदि हुन् । कवि माधवप्रसाद घिमिरे यी महारथीहरूको सङ्गत तथा सहकार्यबाट पनि प्रोत्साहित भएको पाइन्छ । यिनले वि सं १९९८ मा नेपाली भाषानुवाद परिषद्मा र २०१०मा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अध्यक्ष्यतामा गठित काव्यप्रतिष्ठानमा ४ वर्षसम्म सदस्य भई काम गरे । उनले त्यसभन्दा अघि २..१ मा **गोरखापत्र**को सहायक सम्पादक र २००५ मा सम्पादक भई काम गरेका थिए ।२०१४ मा राजकीय प्रज्ञा प्रतिष्ठानमा सदस्य भए , पछि आजीवन सदस्य र उपकुलपति, कुलपतिसम्म भई भाषासाहित्य सेवामाा सक्रिय रहे ।

उनका कतिपय कविता र गीतिरचनाहरूले त्यसबेलाका प्रसिद्ध कुशल सङ्गीतकार गायकगायिकाहरू- नातिकाजी, अमर गुरुङ स्वरसम्राट् नारायणगोपाल, तारादेवी, जनार्दन सम, भक्तराज आचार्य आदिका उत्तम सुमधुर स्वर सङ्गीतमा त्यस बेला रेडियो नेपाल र पछि अरू विभिन्न सञ्चारमाध्यमबाट अन्य गायकहरूबाट पनि घन्किन नाच्न पाए। त्यसैले सुनमा सुगन्धजस्तै बनेर घिमिरे झन् लोकप्रिय कवि र स्तरीय गीतकार पनि भए। उनको **राष्ट्रियगान** शीर्षकको निम्न कविता कुनै समय नेपालका विद्यालयहरूमा राष्ट्रियगानको रूपमा गाइन्थ्यो।

*गाउँछ गीत नेपाली ज्योतिको पंख उचाली जय जय नेपाल सुन्दर शान्त विशाल।* यस्तै अन्य कविता गीतहरू पनि धेरै गाइएका छन् र कतिपय पाठ्यक्रममा पनि राखिएकाछन्। धेरै पटक गाइएका केही गीतहरू- *लाग्दछ मलाइ रमाइलो, मेरै पाखा पखेरो हिमालचुली मन्तिर पानी भर्ने पँधेरो*

त्यस्तै *आजै र राति के देखेँ सपना मै मरी गएको, विना र हावा गुँयली फूल भै झरी रहेको।* त्यस्तै **धर्तीमातामा** *जहाँ बसे तापनि मर्त्य जाति हे धर्ती तिम्रै प्रिय कोख माथि।* युवा शीर्षकमा युवाहरूलाई सम्बोधन गर्दै बिहान घाम झुल्किसकेको प्रसङ्ग उठाई कवि भन्छन्–

**छिः यो बेला नबस घरमा निस्क आलस्य फाली,**
**ए तन्नेरी उठन पृथिवी तीन बित्ता उचाली**

मनको बाँध चलचित्रमा गाइएको– *फूलको थुँगा बगेर गयो गङ्गाको पानीमा, कहिले भेट होला हे राजै यो जिन्दगानीमा।*

कवि घिमिरेकी पत्नीको निधनको शोकमा लेखिएको **गौरी** शोक खण्डकाव्य पनि निकै लोक प्रिय एवं चर्चित छ। राजा महेन्द्र पनि यस शोककाव्यबाट अति प्रभावित एवं भावविह्वल भएको कुरा त्यसबेला निकै चर्चित थियो। राजा महेन्द्रकी महारानी इन्द्रराज्यलक्ष्मी देवी शाहको निधन र

**गौरी** शोककाव्यको लेखन प्रकाशनको समयको निकटता र पत्नी वियोगजन्य शोकवेदनाको समानतामा त्यसो हुनु स्वाभाविक हो। राजा महेन्द्रकै लागि मेल खाने उक्त काव्यको भावार्थले पनि पुष्टि गर्छ।

राजा महेन्द्र पनि नेपाली भाषाप्रति ममता र गौरव गर्दथे र यसको विकास चाहन्थे भन्ने कुरा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापना र नेपाली सेना प्रहरीका पदका नाम र तालिमा त्यसबेलासम्म प्रयोग हुँदै आएका अङ्ग्रेज़ी शब्दको नेपाली रूपान्तरण ,नेपाल राष्ट्र बैंकको स्थापना गरी नेपाली नोटहरूमा नेपाली लिपिको प्रयोग आदि धेरै महत्त्वपूर्ण काम राजा महेन्द्र कै प्रबल इच्छामा भएको कुरा सत्य हो। त्यसैले आफैँ पनि शोकमा परेको बेला नेपाली भाषामा लेखिएको शोककाव्यबाट अवश्य प्रभावित भए होलान् भन्ने अनुमान पनि हुन्छ ।

शोकात्मक **गौरी** खण्डकाव्यको एकश्लोक हेरौँ–

**मर्ने मानिस फर्किंदैन कहिल्यै भेटिन्न भेटिन्न रे**
**पर्दा लाग्दछ जो महामरणको उल्टिन्न उल्टिन्न रे**
**यो कस्तो कुन निष्ठुरी नियम हो के हुन्छ फेरे पनि**
**हाम्रो भेट हुँदैन हो कि सँगिनी धिक्कार कैल्यै पनि।**

यस्तै **राष्ट्रनिर्माता** खण्डकाव्यमा राष्ट्रको एकीकरणको पक्षमा यसो भन्छन्–

**जुम्ली किराती अनि पालपाली उपत्यकाली सब शक्तिशाली**
**जो ब्युँझिए तापनि ब्युँझ नै हो, यै राष्ट्रको गौरव सम्झ नै हो।**

यस्ता धेरै उत्तम काव्य, कविता गीतहरूले कवि घिमिरे जनप्रिय भए, सरकारबाट पनि राष्ट्रकवि, मानार्थ जर्नेल, महाउज्ज्वल छन्द शिरोमणिजस्ता उपाधिबाट विभूषित भए। उनले **चारुचर्चा** निबन्ध र **हिमाल वारिपारि** कृतिका

लागि साझा र अन्य पुरस्कार पनि पाए। यसको मुख्य कारण राष्ट्रकविले आफ्नो युवावस्थादेखि सय वर्ष पार गरेको सिङ्गो जीवन नै नेपाली भाषाको सेवा र काव्य गीत रचनामा संलग्न गराए। तत्कालीन शीर्षस्थ कवि र सङ्गीतकार गायकहरूको सङ्गत, भाषा साहित्यका उच्च संस्थाहरूमा संलग्नता संस्कृत साहित्यका आदिकवि वाल्मीकि, महाकवि कालिदास आदिका संस्कृतकाव्य कृतिको अध्ययन, पूर्वीय दर्शनशास्त्रको समेत अध्ययन ज्ञान र मुख्यतः आफ्नै श्रम सीप सक्रियता समर्पणले गर्दा नेपाली साहित्यको क्षेत्रमा अमूल्य योगदान गरे। राष्ट्रबाटै सम्मानित भए, धेरै नेपाली भाषाभाषीको माया श्रद्धा र सम्मान पनि पाए।

**क्यै काम नौलो नगरी नजाऊँ, अकालमा नै म मरी नजाऊँ**

**आयुष्य देऊ र भविष्य देऊ, मभित्र जीवन्त मनुष्य देऊ** भन्ने इच्छा राख्ने कविले नेपाली साहित्यको कविता गीतको क्षेत्रमा अविस्मरणीय योगदान गरे। देश विदेशमा बस्ने लाखौं नेपालीभाषीहरूको सम्मान पनि लिए। शरद : शतम्पारको दीर्घजीवन पनि पाए र **जीवेम शरद :शतम्**को इच्छा पनि पूर्ण गरे। आयुष्य, भविष्य र जीवन्त मनुष्य पनि मागेको सबै पाए। अब उनको भौतिक देह भष्मसात् भए पनि **कीर्ति र्यस्य स जीवति** भनेझैँ राष्ट्रकवि उनका सुन्दर कृतिहरूमा जीवित छन्। नेपाली भाषाभाषी लाखौंमा चिरञ्जीवी छन् र अब पनि नेपाली साहित्यको क्षेत्रमा सक्रिय नवपिढ़ीका लागिसमेत प्रेरणाका स्रोत बनेका छन् र बनिरहने छन्। राष्ट्रकविको दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली !

॥ हरि ऊँ तत्सत् ॥

*(सेक्र्यामेन्टो, क्यालिफोर्निया, अमेरिका निवासी लेखक...............समेत हुन्।)*

# राष्ट्रकवि माधव घिमिरेको कवितादृष्टि



महेश पौड्याल

यो कुनै प्रबन्ध वा शोधकार्य होइन। यो राष्ट्रकविसँगको मेरो व्यक्तिगत कुराकानी र सत्सङ्गबाट मैले टिपेको उहाँको कवितादृष्टि हो। सामान्य शब्द र लोकसम्प्रेष्य भावमा पनि राष्ट्रकविको सिर्जना किन पृथक, विशिष्ट र लोक-अपेक्षाको कसीमा अत्यन्त ग्राह्य हुने गर्छ, त्यसको गुह्य पनि सायद यस कुराकानीले खोल्ने छ। यसले, सपाट कथन र काव्यिक अभिव्यक्तिबीचको अन्तरलाई पनि सायद प्रस्ट्याउने छ। यसले निजी र वैश्विक दृष्टिबीचको फरक पनि सतहमा ल्याउने छ।

राष्ट्रकविको रूपमा प्रतिष्ठित कवि माधव घिमिरे नेपाली गीत, काव्य, र गीतिनाटकको क्षेत्रका एक शिखर श्रष्टा हुन् भन्ने कुरामा सायद कुनै पनि विवाद र विमति छैन। **गौरी**, **अश्वत्थामा**, **मालती–मङ्गले**जस्ता लोकप्रिय पुस्तकका स्रष्टा घिमिरे जीवनको अन्तिम पलसम्म पनि सिर्जनामै व्यस्त थिए। भन्नुपर्ने कुरा अझ भन्न बाँकी भएर भन्दा पनि, सिर्जनाले कविहृदयलाई जुन झङ्कार दिन्छ, त्यस झङ्कारले सम्पूर्ण जीवन र जगत्को लयलाई जसरी नृत्यमग्न बनाइदिन्छ, त्यस निमग्नता र निनादले उनलाई अन्तिम पलसम्मै काव्यरसको पारखी बनाइरह्यो, र उनी लेखिरहे। अन्तिम सिर्जना उनको **ऋतम्भरा** महाकाव्य हो, जुन उनको जीवनकालमा प्रकाशित हुन सकेन। उनले ९९ वर्षको नेटो टेकेको बेला, यसै

काव्यका बारेमा सोध्दा, उनले भनेका थिए, "म **ऋतम्भरा** भन्ने महाकाव्य लेखिरहेको छु। यसले हाम्रो समयका दुईवटा जटिल समस्याको कुरा गर्छः आणविक त्रास, तथा मानवताको क्रमिक ह्रास। यो महाकाव्य पूर्वीय मिथकीय र दार्शनिक जगको आधारमा उभिएको छ, र म यसलाई छिटै नै सक्नेछु। अर्को वर्ष त म सय वर्ष पुग्छु, र त्योभन्दा अगाडि म यो सिद्ध्याउन चाहन्छु।"

सिर्जनाले दिने निनाद, र त्यसले उत्पन्न गर्ने झङ्कारमा, कमसेकम कविहरूका लागि एउटा आश्चर्यजनक ऊर्जा हुन्छ। त्यस ऊर्जाका लागि, संस्कारगत रूपमै कविहरूले आफूलाई तन र मनले तयार पारेर राख्नुपर्ने हुन्छ। आफैँ धेरै विभाजित, खण्डित, विरोधाभासपूर्ण, आग्रही र विलासी भइयो भने कविताको उक्त ब्रह्मनादले हामीलाई सायद छुँदैन, र कविताका नाममा हामी आफ्नै अहं, आक्रोश र कुण्ठा पोखिरहेका हुन्छौँ। यसै बुझाइका आधारमा राष्ट्रकविलाई मैले उनको आरोग्य, दिनचार्य र दीर्घजीवनका बारेमा पनि सोधेको थिएँ। उनले भनेका थिए– "वास्तवमा हाम्रो स्वास्थ्य भनेको हाम्रै हातको कुरा हो। यो प्रकृति-निर्मित हुन्छ, र अन्य सबै प्राकृतिक चीजमा जस्तै यसमा पनि पानी, हावा र प्रकाशको सन्तुलन जरूरी हुन्छ। म यी सबैप्रति सजग रहन्छु। म मेरो आहार सचेततापूर्वक चयन गर्छु, मदिरा सेवनबाट आफैँलाई टाढा राख्छु, र धेरै खाने कुराबाट पनि परै बस्छु। दूध मेरो भोजनको अनिवार्य अङ्ग हो। म आफू करिब डेढ वर्षको शिशु हुँदै मैले आमा गुमाएको हुँ। मलाई बुवाले दूधमात्रै खुवाएर हुर्काउनुभएको हो। दूधप्रतिको मेरो आकर्षणको एउटा कारण यो पनि हो।"

राष्ट्रकविले आफू, आफ्नो चिन्तन, र सिर्जनाको निनादबीचको सन्तुलनलाई अक्षुण्ण राख्नका लागि योग अभ्यास पनि गर्थे, र एक कविको शैलीमा, उक्त योगलाई "लय योग" भन्थे। भन्थे– "वास्तवमा हामी सबैभित्र सधैँ गुञ्जिरहने एउटा सङ्गीत हुन्छ। हामीले ध्यान दिएर त्यसको लय बुझ्नुपर्ने हुन्छ। यो सङ्गीतसँगै म समयमै सुत्छु, र समयमै जाग्छु। तर कहिलेकाहीँ कविताप्रतिको अनुराग ज्यादै चढ्यो भने म मेरो नियमित दिनचर्याको क्रमलाई मिचि पनि दिन्छु। अन्यथा, म चनाखो रहन्छु। यस प्रकारको दिनचर्याको प्रेरणा मैले **भगवद्गीता**मा पाएको हुँः

**युक्ताहार विहारस्य युक्तचेष्टस्य कर्मसु**
**युक्तस्वप्नावबोधस्य योगो भवति दूस्खहा**
(गीता ६.१७)

**अर्थ :** जसको आहार, विहार, विचार एवम् व्यवहार सन्तुलित तथा संयमित छ, जसको कार्यमा दिव्यता, मनमा सदा पवित्रता एवम् शुभका प्रति अभीप्सा छ, जसको शयन एवम् जागरण नियमित छ, उही सच्चा योगी हो।"

जहाँसम्म सिर्जनशीलताको कुरा छ, यसबारे राष्ट्रकवितको बुझाइ पनि विशिष्ट थियो। भन्थे– "मेरो लागि त्यो मस्तिष्कलाई विकारहरूबाट मुक्त राख्ने सर्वोत्तम उपाय हो। हामी सिर्जनशील भएको बेला हामीले गर्ने भनेको सिर्जना हो। त्यसो गर्नका निम्ति हामीले अन्य सबै कुरा त्याग्नुपर्ने हुन्छ। त्यसो गर्दा हामीले आफैँलाई सबै प्रकारका नकारात्मक सोचबाट पनि मुक्त राखेका हुन्छौँ।"

यो लय र निनादसँग राष्ट्रकवि यसरी जोडिनुको एउटा कारण उनको ग्रामीण पृष्ठभूमि पनि हो। प्राकृत र जैविक वातावरणमा हुर्केका कवि घिमिरेले प्रकृतिको सङ्गीतसँग आफूलाई सानै उमेरमा परिचित बनाउने मौका पाए, त्यो जीवनभर उनीसँगै रह्यो। उनको स्वीरोक्ति यस्तो छ– "मलाई लेखनमा लोकगीतहरूले तानेको हो, जो म जन्मेका डाँडापाखाहरूमा गाइन्थे। एकपल्ट मैले विद्यालयमा एउटा प्रतियोगिता जितेँ, जसको पुरस्कारमा मलाई त्यो बेला साप्ताहिक रूपमा प्रकाशित हुने **गोरखापत्र** र केही नेपाली किताबहरू दिइयो। ती किताबभित्र मैले लेखनाथ पौड्यालको एउटा कविता पनि पढ्न पाएँ। त्यो पढ्दा मलाई कविता लेख्न मन लाग्यो, र म कविता लेख्न थालेँ। मैले कविता काठमाडौँ पठाउन थालेँ, र ती छापिन पनि थाले। मैले आफैँमात्र कविता लेखिनँ, साथीहरूका लागि पनि लेखिदिएँ। त्यसताका लेखनमाथि राज्यको नियन्त्रणका कुरा हामी त्यति सुन्दैनथ्यौँ। त्यसैले, हामीमा त्यस्तो भय कतै पनि थिएन। तर जब म अलि ठूलो भएँ, मैले राणा सरकारले लेखनमाथि लगाएको अङ्कुशबारे थाहा पाएँ। स्वतन्त्रताको पक्षमा त्यो बेला मैले एउटा कविता लेखेँ, जसको शीर्षक थियो "विश्वबन्धुत्व"। तर त्यो नेपालबाट नभएर दार्जिलिङबाट प्रकाशित भयो।

म सबै खाले एकाधिकारवाद र नियन्त्रित प्रजातन्त्रको विरोधमा थिएँ। म सधैँ नागरिक अधिकार र स्वतन्त्रताकै पक्षमा उभिएँ।"

माधव घिमिरेले लम्जुङको ग्रामीण र पहाडी क्षेत्र छोडेर काठमाडौँ शहर प्रवेश गरेका कुरा हामी सबैलाई थाहा छ। तर, माधव घिमिरेको चिन्तनमा, दिनचर्यामा र लेखनमा कहिल्यै पनि काठमाडौंले प्रवेश पाएन। उनको लय लोक लय हो, जसको जग ग्रामीण नेपाली हो। उनका विम्ब र प्रतीकहरू ग्रामीण हुन्। उनको भाषा लोक वाङ्मयको अभिव्यक्ति हो। जीवनको दुईतिहाइभन्दा बढीको समय शहरमा बिताएको एउटा कविले कसरी रोक्न सक्छ शहरको प्रवेश आफ्नो जीवनको लयमा ? यसमा उनको आफ्नै स्पष्टोक्ति निकै रोमाञ्चक छ। भन्छन्– "वास्तवमा, कुनै पनि व्यक्तिको स्मरणमा सबैभन्दा बलियो भएर बस्ने भनेको उसलाई सबैभन्दा बढी प्रभावित पार्ने परिवेश नै हो। मेरो सन्दर्भमा पनि सायद त्यही भयो। म लम्जुङका डाँडाहरूमा हुर्किएँ, र त्यहाँको प्रकृति नै मेरो लागि सबैभन्दा प्रभावशाली चिज रह्यो। त्यस भेगमा बोलिने भाषाको प्रभाव पनि त्यस्तै रह्यो। मलाई थाह छ, त्यस परिवेशबाहिर पनि उस्तै शक्तिशाली प्रभावहरू हुन्छन् र तिनीहरूले मान्छेका सोचाइमा ठूलो प्रभाव पर्छन्। तर मेरो सन्दर्भमा सायद मैले शहरमा त्यस्तो ठूलो प्रभाव केही पनि फेला पारिनँ।"

माधव घिमिरेबाट सिक्नुपर्ने धेरै कुरा छन्, तर धेरै कवि र सर्जकका लागि उनको कवितादृष्टि सबैभन्दा मूल्यवान गुरुमन्त्र हुन सक्छ। कविता के हो र कस्तो हुनुपर्छ, त्यो अनन्त विवादको कुरा हो। तर कवितै लेखेर जनमानसको मनमनमा बस्न सक्ने कविको निजी अनुभव, निश्चय पनि कुनै केरा सिद्धान्तभन्दा बढी व्यावहारिक हुन्छ। कविताका बारेमा माधव घिमिरेको व्यवहारिक बुझाइ हामी सबैका लागि अर्थपूर्ण हुन सक्छ। उनी भन्थे– "मेरो पहिलो कविता भनेको "वैराग्य पुष्प" हो जुन मैले पन्ध्र वर्षको हुँदा लेखेँ। आज फर्केर हेर्दा, त्यस उमेरमा त्यस्तो गम्भीर विषय मजस्तो एउटा पन्ध्रवर्षे केटोको मस्तिष्कमा कसरी फुर्यो होला भन्ने सोचेर अचम्म पनि लाग्छ। त्यो बेला, कविता लेखनको नाममा मैले गर्ने भनेको मैले अरूबाट सुनेका कुरालाई आफ्नै शैलीमा पुनर्लेखन गर्ने मात्रै थियो। मेरो कवितामा निजत्व धेरै पछि मात्रै आयो, जब म सामान्यजस्ता लाग्ने

कुराभित्र पनि मेरो निजी विश्वदृष्टिहरू मिसाउन थालेँ । लेखनाथलाई हेर्नुस् न । **ऋतु विचार**का यी हरफमा उनको निजत्व कसरी प्रस्फुटित भएर आयोः –

**धरतीको दिव्य सौन्दर्य, नअटाएर पट्ट भै**
**फुटी बाहिर निस्कियो, पुष्पको रूपमा सबै ।**

त्यसरी नै देवकोटाजीले फूलमा श्रृष्टिकर्ताको भव्यता देख्नुभो । त्यो एउटा मौलिक चिन्तन हो । एउटा कविलाई आफ्नो परिपक्व र मौलिक व्यक्तित्व फेला पार्न लामो समय लाग्न सक्छ । त्यस्ता कवितामा कविले केही कुरामा आफ्ना निजी दृष्टिकोणहरू दिएको हुन्छ । मेरो सन्दर्भमा, प्रेम बारे मेरो निजी दृष्टिकोण दिनसक्ने यस्ता हरफ लेख्न थालेपछि म आफैँलाई मौलिकताको बोध भयोः

**चौतारीमा बरपीपलको बोट नौलो लगाऊँ**
**छाहारीको तलतिर बसी गीत एउटा म गाऊँ**
**आई कहिल्यै पनि नसकिने चैत वैशाख मेरा**
**लाई कहिल्यै पनि नसकिने प्रीति नौलाख मेरो**

मलाई लाग्छ, सत्य दुई खाले हुन्छन्ः शाश्वत र परिवर्तनशील । शाश्वत सत्य जहाँ पनि सत्य हुन्छ र जहिले पनि । परिवर्तनशील सत्य केही अन्तरालपछि पुनः देखा पर्छन्, तर कहिल्यै मर्दैनन् । माथिका हरफहरूमा मैले यो पछिल्लो विचार प्रकाट गरेको हुँ । ती हरफ भन्छन्, प्रेम कहिल्यै सकिँदैन । त्यो वसन्त फेरि फेरि आएजस्तै विभिन्न रूपमा आइरहन्छ ।"

यी कवितामा कवि माधव घिमिरे कविताको भावको शाश्वतताको कुरा गरिरहका छन् । कविता जुन भावभूमिमा उभिए पनि, त्यसको भाव समयातीत हुनुपर्छ भन्ने उनको बुझाइ थियो । उनी जीवनभर यसै बुझाइमा उभिए, र आफूलाई यसैको लयमा ढालेर अघि बढाए । उनले विरासतमै पाएको साङ्गीतिक र छन्दको चेतले उनलाई कविता लयात्मक, सरल, श्रुतिमधुर र सम्प्रेष्य हुनुपर्छ भन्ने चेत उनको मस्तिष्कमा स्थापित गरिदियो । अर्को कुरा, उनले आफूमा बालकहरूको जस्तो कोमलता सदा सर्वदा बचाएर राखे । बालासाहित्यमा पनि अलिकति पोखिएका माधव घिमिरेलाई बालशुलभ चिन्तन र बालासाहित्यले सधैं कोमल र कारुणिक

बनिरहन प्रेरित गऱ्यो । भन्छन्, "हामी साना छँदा नेपालमा बालसाहित्य भन्ने केही पनि थिएन । केही थियो भने लोक गीत थिए । मेरो ग्रामीण पृष्ठभूमिका कारण मैले धेरै लोकगीत सुनेँ र जानेँ । देवकोटाले केही कविता लेखे बालबालिकाका लागि । मैले पनि केही लेखेँ । मैले देवकोटा र रवीन्द्रनाथ ठाकुरको बालसाहित्य पनि पढेँ, र लोकगीत, देवकोटा र ठाकुरको त्रिपक्षीय प्रभावका कारण बालसाहित्य लेखनतिर लागेँ । हामीले बालसाहित्यमा गर्ने भनेको रोचक र बोधगम्य हिसाबले नैतिकता सिकाउने हो । हाम्रो रचनाभित्र बालकले आफूलाई आफैँ भेट्टाऊन् । त्यस पाठमा बालकहरूले पछि पुनः सोचून्, जब धेरै समयपछि उनीहरू माथिल्लो कक्षामा पुगिसकेका छन् । बालसाहित्यमा कुनै क्लिष्ट विचार घोल्नुभन्दा हामीले रोचक प्रस्तुतिभित्र नैतिक पाठहरू पस्कनुपर्छ ।"

भावको प्रश्नमा कविता कसरी र केमा उभिनुपर्छ, कवि घिमिरेको कुरा स्पष्ट थियो । उनी सपाट अभिव्यक्ति र स्थापित सत्यको पुनर्कथनले मात्र कविता नहुने तर्क गर्छन् । आफ्नै गीतहरूलाई उदाहरण बनाएर उनी भन्छन्, "नेपाली हामी रहूँला कहाँ नेपालै नरहे" भन्ने हरफ सामान्य हो, जसमा एउटा कथन छ, कविता छैन । यत्तिकैमा कविता हुँदैन । तर, यसै कथनमा टेकेर जब कवि कल्पना र अलङ्करणको अर्को शिखरमा पुग्छ, कविता बन्छ । "उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे" भन्ने हरफ कल्पना र अलङ्करणको अर्को उचाइमा उभिएको छ, र यो कविता हो ।" यस्तै उनले आफ्नै अर्को गीतलाई पनि यस सिद्धान्तको व्याख्याको उदाहरण बनाएका छन् । भन्छन्, "आजै र राति के देखेँ सपना मै मरिगएको," त सबैले भन्छन् । ठ्याक्कै यही नभने पनि, राति सपना देखेको कुरा त भन्छन् नि । तर, त्यसैमा टेकेर "बसात बिनु हाँगाको फूल झैँ झरिगएको" – यो सपाट होइन । यो अलङ्कृत भनाइ हो । यो कल्पनाशीलता हो । यो कविता हो ।"

माधव घिमिरेकृत अधिकांश गीत र बालकवितामा यही प्रवृत्ति पाइन्छ । र तिनले लोकप्रियताको बुलन्दी छोएको हामी सबैलाई थाहा छ । यहाँसम्म कि देवकोटाका अनियन्त्रित ज्वारभाटा र लेखनाथको क्लिष्ट र परिष्कारवादी सिर्जनाभन्दा पनि बढी हृदयसम्वेद्य, सम्प्रेष्य र जनप्रिय माधव घिमिरेका कविता र गीत हुन पुगे । समयले यस दावीको मूल्याङ्कन गर्ने नै छ ।

कवितलाई कसरी हेर्ने भन्ने कवि माधव घिमिरेको दृष्टि, जीवन र जगत्लाई हेर्ने उनको दृष्टिको पनि द्योतक हो । उनले समान्य अनुभवबाट सधैँ आफूलाई एक उन्नत सिर्जना र कल्पनामा उठाएका छन्, जुन कुरा उनका पाठकलाई राम्रै गरी थाहा छ । उनका कुन सिर्जनामा त्यो कसरी कविता बनेर आयो, त्यो प्रबुद्ध पाठकलाई भनिरहनु पर्दैन । प्रकाशित भएका, र जनमानसको पहुँचमा रहेका उनका सिर्जना त्यसका दृष्टान्त हुने । प्रकाशित हुन बाँकी उनको महाकाव्य **ऋतम्भरा**मा पनि उनी उसै गरी पोखिए । यस काव्यको बारेमा सोध्दा उनले भनेका छन्, यसमा पनि उनको वैश्विक मानवीय चिन्तन, उनकै स्वाभाविक लय र शैलीमा पोखिएको छ । भन्छन्– "मैले मेरो **अश्वत्थामा**मा पनि वैश्विक मानवीय समस्याका कुरा उठाएको थिएँ । **ऋतम्भरा**मा मैले परमाणुको त्रास, र घट्दो मानवीय प्रेमका कुरा उठाएको छु । मलाई थाह छ, आज निर्माण भइरहेका परमाणु बमहरू हिरोसिमामा पड्केका भन्दा कइयौँ गुणा घातक छन् । यस आणविक त्रासभित्र सम्पूर्ण मानव सभ्यतालाई समाप्त पार्ने क्षमता छ ।  र अर्को समस्या यो छ कि आजभोलि हृदयमा मानवीय संवेदनाभन्दा पनि तर्क, बौद्धिकता र प्रविधि बढी हावी भइरहेका छन्, र वैश्विक मानवीय प्रेम चैं घट्दै भइरहेको छ । आज सम्बन्धविच्छेदको अनुपात हेर्नुहोस् न । आज श्रीमान श्रीमतीबीच नै प्रतिबद्धताको कमी छ । म यो कुरा मान्छु कि विज्ञान विस्तारित भइरहेको छ, मान्छेहरू नयाँ नयाँ ग्रह पत्ता लगाइरहेका छन्, र रङ्गको विश्लेषण गरेरै कहाँ कुन खनिज पाइन्छ, त्यो पत्ता लगाइरहेका छन् । हामीले विश्वास गर्नै गाह्रो हुने गरी प्रगति भइरहेको छ । तर पनि, हाम्रो संवेदनाको पक्ष मर्दै गयो भने, यी सबै कुराको के काम ? आज पारिवारिक मूल्यलाई हेर्नुहोस् न ! बालबालिकाहरू बाआमालाई छोडेर भागिरहेका छन् अथवा उनीहरूलाई बृद्धाश्रमतिर पठाइरहेका छन् । बाआमा, छोराछोरी र नातिनातिना सँगै बसेको संयुक्त परिवारमा कति प्रेमपूर्ण हुन्थ्यो वातावरण ! आजभोलि, बच्चाहरू आफ्ना बाआलाई घरबाट लखेटिरहेका छन् । प्रेमको यो ह्रास खेदपूर्ण छ ।  मेरो **ऋतम्भरा** यस्तै विषयमा लेखिएको छ । रित भनेको सत्य, जुन सधैँ अक्षुण्ण रहन्छ । यो एउटा उन्नत प्रकारको प्रज्ञा हो । यसको सम्बन्ध जीवनसँग छ, र स्वर्ग र मर्त्यको प्रेम यसका लागि आवश्यक हुन्छ ।"

*(काठमाडौँ, नेपाल निवासी लेखक त्रिविविका उपप्राध्यापकका साथै वर्तमानका जल्दावल्दा समालोचक हुन्)*

# माधव घिमिरे  मेरो साहित्यिक जीवनमा

*(महान् स्रष्टा राष्ट्रकवि माधव घिमिरेका वरिपरि घमेको मेरो साहित्यिक जीवन)*



**मोहन सिटौला**

वि.सं. २००३ र ०४ सालतिर म त्यति नै वर्षको हुँदादेखि पछि नै सम्म पिताजी नेपाल (चार भञ्ज्याङ्ग खाल्डो अथवा काठमाडौं), दार्जिलिङ, बनारस, पटना आदि ठाउँ घुमेर आउँदा निकै नयाँ नेपाली र हिन्दी भाषित केही धर्मशास्त्रहरूका पुस्तकहरू पनि ल्याउनुहुन्थ्यो। घरमा हप्तामा दुईचोटि नियमित किसिमले वरिपरिका छरछिमेकी, खास गरेर महिलाहरूलाई पहिले नै खबर गरेर बेलुका खाना खाइसकेपछि भेला गरेर ती पुस्तकहरू पढेर व्याख्या गर्दै सुनाउनुहुन्थ्यो। केही पछिदेखि म पनि ती पुस्तकहरू पढ्न सक्ने भएको थिएँ, सानै उमेरमा।

यस्तो क्रममा र अघिपछि पनि पिताजी हामीलगायत केही छरछिमेकीलाई यसैउसै साधारण भेला गराएर गान्धी, नेहरू, विपि, आदिशङ्कराचार्य भानुभक्त, लेखनाथ, सम, देवकोटा, रुद्रराज आदिका नाम र तीमध्ये **रामायण, लक्ष्मीपूजा, भानुभक्त, मुनामदन, रूपमती** र **देशदेशावरका बयान**जस्ता केही पुस्तकहरू देखाउनुहुन्थ्यो र पढ्न प्रेरित गर्नुहुन्थ्यो। केही पछि गान्धी र नेहरूका आत्मकहानीहरू, प्रेमचन्द र भीमनीधि तिवारीका केही कहानी, उपन्यास र नाटकहरू पनि ल्याउनुभएको थियो। पछि ती सबै करिब २०० वटा पुस्तकहरू आफैँले सुरु गरी र धेरै स्थानीयहरूको सहयोगमा विकसित भएको श्री शारदा

(हाई) माध्यमिक स्कुलको पुस्तकालयमा दिनुभयो। वि.सं. २००७ सालदेखि पछि विशेष गरेर धर्मराज थापाका गीत र स्वरहरू रेडियोमार्फत् ज्यादै लोकप्रिय भएका थिए। केही पछिदेखि भने माधव घिमिरेको नाम र उनका गीतहरू पनि सुन्न थालिएको थियो।

हामी छ जना स्थानीय युवाहरू वि.सं. २०१८ सालमा वीरेन्द्र इन्टर कलेज (हाल तेह्रथुम बहुमुखी डिग्री क्याम्पस) को प्रथम समूह (ब्याच) का विद्यार्थी भई अध्ययन गर्दा त्यहाँ नेपाली विषयको पाठ्यक्रममा माधवप्रसाद घिमिरेको 'विश्ववन्धु' शीर्षक कविता असाध्य मन पराएर पढ्ने गर्थ्यौं। त्यतिबेला कविलाई चिनेर होइन, तर मालिनी छन्दमा रचिएको सलल बग्ने कविता स्वयं नै अति मीठो र त्यसको सन्देश विश्वव्यापी मानवीय महत्त्वको थियो र सदा भइरहने छ। कविताका निम्नलिखित अंशहरू यस्ता थिए–

**मनुज मनुज एकै एउटै लक्ष हाम्रो**
**कुन तरह बनाऊँ विश्व संसार राम्रो**
**......................................रहन्न**
**... नररगत बहाई शान्ति संग्लो बहन्न।**

यस्ता सुन्दर पद्यांशहरू ज्यादै मर्मस्पर्शी, चिन्तनशील, समसामयिक र शाश्वत महिमाका स्थायी भाव भएका हुन् भनी हामीलाई दार्जिलिङबाट आएका प्रिन्सिपल ठूला विद्वान् र प्रशिद्ध साहित्यकार प्रा राजनारायण प्रधानले लामा लामा, वजनदार एवम् तुलनात्मक व्याख्या गर्नुहुन्थ्यो। उहाँ मलाई निबन्ध र साहित्यिक समीक्षाहरू पढ्न र लेख्न प्रोत्साहन दिने अनि लामै समय दिएर सच्याउने र सुझाव दिने गर्नुहुन्थ्यो।

करिब १५ वटा जति छन्दको ज्ञान र प्रयोगका अभ्यासहरू हामीलाई पहिले नै २०१३र १४र १५ सालतिर स्कुलमा ८, ९, १० कक्षामा छँदै दार्जिलिङबाट आएका तात्कालीन प्र.अ. कुलप्रसाद राई अतिरिक्त रूपमा नेपाली पाठ्यक्रमअनुसार र चुहानडाँडाका स्थानीय विद्वान् धरणीधर न्यौपाने गुरुले पनि त्यहीअनुसार

सिकाइसक्नुभएको थियो । कक्षामा कविताका गृहकार्यहरू पनि बुझाउनुपर्थ्यो । धरणीधर गुरु साहित्याचार्य हुनुका साथै व्याकरण, धर्मशास्त्र, ज्योतिष र दर्शनका पनि धुरन्धर विद्वान् हुनुहुन्थ्यो । उहाँले घरमै स्थानीय अनौपचारिक गुरुकुल पनि चलाउनुभएको थियो । मैले स्कुल पास गरेपछि माथि भनिएको आइए पढ्दा पनि उहाँसित फाल्टु समयमा संस्कृत साहित्य, छन्द, काव्यका नवरस, अलङ्कार, व्यञ्जनादि तत्व, सिद्धान्त र नियमहरूको शास्त्रीय अध्ययन गर्दा ती कुराहरूमा प्रशस्त प्रगति भएको पनि थियो । ज्यादा विषयान्तर नगरीकनै उहाँसम्बन्धी उल्लेखनीय के छ भने उहाँ अहिले मोरङको इटहरीमा १०२ वर्षको उमेरमा स्वस्थ हुनुहुन्छ र काव्यहरू लेख्दै र प्रकाशन गर्दै हुनहुन्छ । उहाँले भर्खरै दुई महिनाअघि लेखी सिध्याएको **लीलाको स्तुति** भन्ने अपाङ्गसम्बन्धी एक छोटो खण्डकाव्य वि.सं. २०७७ साल भाद्र महिनामा छापिएर विमोचित भएको छ ।

हो, हामी राष्ट्रवि माधव घिमिरेज्यूका बारेमा केही भनिरहेका थियौँ । आठराई चुहानडाँडाबाट म आइएको जाँच दिन २०१८ सालमा नेपाल (काठमाडौं) आएर आफ्नै फूपू कुन्तादेवी उप्रेतीको घर क्षेत्रपाटीमा बस्न थालेपछि त्यहाँ धर्मराज थापा र माधव घिमिरेसित एकैसाथ दुई पटक जति भेट भएको थियो । फुपाज्यू (आठराई सिम्ले र झापाका प्रसिद्ध समाजसेवी व्यक्तित्व देवीप्रसाद उप्रेती, २००६ सालको झापा प्रान्तीय सरकारका कानून मन्त्री) र फुपू धेरै पहिले दार्जिलिङमा लामै समय घर लिएर सपरिवार बसेका बेलामा काठमाडौंबाट लेखनाथ, सम, महाकवि देवकोटा, धर्मराज थापा र अन्य धेरै नेपाली साहित्यकारहरू साहित्यसम्मेलन दार्जीलिङ्गका हस्ती सुधपाहरूको निम्तामा बारम्बार त्यहाँ जाँदा देवकोटा, थापा र केही अरू पनि उहाँहरूको घरमा पनि समयसमयमा बस्ने व्यवस्था हुँदोरहेछ र सुधपाहरू पनि त्यहाँ आउने र केही खानपीन गर्ने चलन रहेछ । देवकोटा त झन् कतिकति ! पछि झापामा पनि कवि कलाकारहरूको सम्मान र सत्संगत् गर्ने अथवा साथसहयोग दिने उहाँको घरमा धेरैपछि कटुवाल पनि आएका थिए रे । तर गोकुल जोशीचाहिँ लामै समय बसेका थिए । यस्तै अरूहरू पनि आइरहन्थे, बसिरहन्थे, साथसहयोग लिइरहन्थे ।

पहिलेदेखि नै काठमाडौंमा फूप कुन्तादेवी उप्रेतीसित बस्ने अर्को एक आफन्त भाइलाई धरणीधर कोइराला, जनकवि धर्मराज थापा र माधव घिमिरेलाई बोलाउन पठाउनुभयो। धरणीधर एक पटक मात्र आउनुभएको थियो। यसो त केही पछिदेखि कलाकार वाङ्देलजीसित पनि छुट्टै दोहोरो आवतजावत र खानपीन हुन्थ्यो। आफू प्रणामी भएकाले फूपूले घरमा त्यही किसिमको धेरै राम्रो खानपीनको व्यवस्था गर्नुहुन्थ्यो। कवि घिमिरे र गायक थापाहरू त्यसरी आएका बेलामा दार्जिलिङ पोखरा, आदि ठाउँका रमाइला, सुन्न र सिक्न लायकका बात मारेर कवि घिमिरे केही कविताका २-४, २-४ हरफहरू पाठ गरेर अनि जनकविले चाहिँ उहाँका ज्यादै लोकप्रिय गीतका १-२ बोलहरू जस्तै : "धुरुधुरु नरोऊ आमा...., झमझम परेली..." आदि गाएर दुवैजना जानुहुन्थ्यो। त्यतिबेला उहाँहरू दुवैजना नेपाली लोकगीतको सङ्ग्रह र अध्ययनमा लाग्नु पनि भएको थियो क्यारे! उहाँहरू पश्चिमका सङ्ग्रहित केही लोकगीतहरू टेप रिकर्डरबाट पनि सुनाउनुहुन्थ्यो। अनि फूपूलाई पनि केही लोकगीत गाउन प्रेरित गर्नुहुन्थ्यो। त्यस बेलामा हामीसित मेरी भान्जीदिदी र आमा मनमाया सिटौला पनि हुनुहुन्थ्यो। उहाँहरू सँगिनी र 'हेर हौ' भन्ने थेगो भएको र अन्य २ जना लोकगीतहरू गाउनुहुन्थ्यो। यस्तो बेलामा कवि घिमिरेजी मलाई पनि कविता पाठ गर्न वा गीत गाउनु भन्नुहुन्थ्यो। मैले उतै स्कुल र कलेजमा फाट्टफुट्ट हामीले गाउने गरेका छोटाछोटा पद्य कविता सुनाएको थिएँ :

**हामी साना बाला हौँ**
**फूलका राम्रा माला हौँ**
**छात्रजीवन हाम्रो हो**
**सबैभन्दा राम्रो हो !**

'आहा राम्रो !' भन्दै घिमिरेजीले मलाई आफ्नो छेवैमा बोलाएर शार्दूलको लयमा **गौरी**बाट एक हरफ कविता सुनाउँदै संस्कृत लवजमा त्यसको गणको पनि छन्द-सिद्धान्त भन्दै र एउटा कपीमा टिप्दै छन्दमा कविता लेख्ने प्रेरणा दिनुभएको थियो। त्यहाँ मैले अरू केही पनि भनिनँ।

केही पछिदेखि म त्रिचन्द्रमा वीए पढ्न लागिसकेको थिएँ। त्यहाँ खास गरेर नेपाली पढाउने ताराप्रसाद जोशी गुरुले व्यक्तिगत रूपमा पनि खुबै माया गर्नुहुन्थ्यो। उहाँ र बदरीनाथ भटराई मलाई समीक्षा लेख्न पनि प्रेरणा दिनुहुन्थ्यो। मैले साहित्य लेखनमा प्रगति गरेको आफैँलाई महसुस हुन लागेको थियो। त्रिचन्द्रमा छन्द पढिएन तर म पहिले पढेका छन्दहरूको अभ्यास गर्न लागेँ र घरमा यसै छुटफुट सुनाउन लागेँ।

निकै पछि अर्को चोटि उहाँहरू दुईजना जनकवि र कवि घिमिरेलाई स-सम्मान फेरि बोलाएर ल्याइयो। खानपीन भयो। यसपाली उहाँले मन्दाक्रान्तामा अर्को दुई हरफ युवासम्बन्धी कविता सुनाउनुभयो। त्यहाँ बस्ने मेरा अरू साथीहरू पनि रमाइरहेका थिए। त्यस दिनचाहिँ मैलै उपजातिमा आफैँले रचेको कविताका चार हरफ सुनाएँ –

**यी सिर्जनाका कणमा रमेर**
**र सिर्जनैका रसमा बहेर**
**वसन्तको प्रातमयी धरामा**
**प्रिती रमायो मृदुमञ्जरीमा**

उहाँले केही आश्चर्यजस्तो मानेर "कहाँ सिक्नुभो ?" भनी सोध्नुभयो। मैले माथि भनिएको मेरो स्कुलको पृष्ठभूमि बताएँ र उहाँको पनि प्रेरणा भएको सहर्ष सुनाएँ। मलाई मुखाग्रै अहिले पनि आउने केहीमध्ये ४५ वटा छन्दका सिद्धान्त वा गणहरू नेपाली कविताका परामा कण्ठस्थ भनेँ। उहाँले "त्यो हाम्रो घरायसी समूहमा निकैबेर छन्द कविताका बारेमा र मेरो उज्यालो सम्भावनाका मीठा उत्प्रेरणका कुरा गरेर नियमित किसिमले लेख्नु र हामी बारम्बार भेटुँला" भन्नुभयो। त्यो छोटो र मीठो वार्तालाप मेरो लागि छन्द कवितामा अर्को आशीर्वाद भन्ने मैले सम्झेको थिएँ। त्योभन्दा मलाई उल्लेख गर्न मन लागेको कुराचाहिँ केहो भने उहाँले "भेट्न आउनुहोला" भन्नुभएन तर बडो विनयशील

र शालीन शिष्टताले फेरि भेटौँला भन्नुभयो र पछिसम्म मेरो उहाँसित एक्लै र बहुविध मित्रहरूका साथमा धेरैपटक भेट र कुराकानी भएका छन् र जहिले पनि उहाँको त्यो शालीनता त्यसरी नै कायम रहेको थियो। उहाँलाई भेट्न जाँदा सारै उज्यालो कान्तिमय अनुहारमा देखिनुहुन्थ्यो। वीए अध्ययनताका मेरो त्यस्तै क्रम चलिरह्‍यो, मैले लेखिरहेँ र उहाँकै घरमा गएर सुनाइरहेँ। माथि उल्लेख 'वसन्त' कविताले निकै लामै रूप लियो र हाल त्योलगायत **आर्तव राग** र अन्य कविताहरूको सङ्ग्रहमा छापोन्मुख छ। वीए परीक्षा सकेर त्यही उत्साह लिएर म पहाड घर फिरेँ।

एक वर्षपछाडि म फेरि एमए पढ्न आएँ अनि वासुदेव त्रिपाठी, घनश्याम कँडेल, ठाकुर पराजुलीजस्ता विद्वान् र प्रतिभाशाली, लगनशील र सिर्जनशील धेरै मित्रहरूसित भेट भयो, सहपाठी भयौँ। कोही कोहीसित त लामो लामो समयसम्म एकै कोठामा सहखाना र सहवास पनि भएको थियो। हाम्रा प्रशस्त साहित्यिक छलफलहरू पनि हुन्थे। कवि घिमिरेज्यूसित प्रज्ञा-प्रतिष्ठानमा मेरो निकै बाक्लै भेट हुन थाल्यो। प्रज्ञा-प्रतिष्ठानको परिसरको माथ्लापट्टि एक तले लामा भवनका आआफ्ना कक्षमा प्राज्ञहरू बस्ने गर्थे। त्यही कक्षमा कवि घिमिरेज्यूसित भेटघाट हुन्थ्यो। उच्चस्तरीय कविता पत्रिका र **प्रज्ञा** जर्नलको भूमिका र अन्य गद्य लेखहरू उहाँले लेख्दा नेपाली निबन्ध विधालाई नै अर्कै आयाम र उचाइतिर लगेको बारे बारम्बार छलफल हुन्थ्यो। यीलगायत देवकोटा, लामिछाने, हृदयचन्द्र, सम र पश्चिमका फ्रान्सिस् बेकन, जि.के.चेष्टर्टन, चार्ल्सल्याम्ब आदिका निबन्धहरू प्रशस्त पढिरहने र निकै लेखिरहने मैले २०२४ सालको राष्ट्रव्यापी निबन्ध प्रतियोगितामा 'परिवर्तनः एक आलोक' भन्ने निबन्धमा प्रथम भई नगद पुरस्कार र स्वर्णपदक पाएको थिएँ। कविज्यूले मुक्तकण्ठले मलाई बधाई र आशीर्वाद दिनुभएको थियो।

एमएको अध्ययन हामीले त्रिपुरेश्वरमा नै पूरा गर्यौँ। अध्ययनकै क्रममा हामी विद्यार्थीहरूले आयोजना गरेको भारतीय र नेपाली कविहरूको संयुक्त

काव्यगोष्ठीमा अरू केहीलगायत कवि घिमिरेज्यूले मन्दाक्रान्ता छन्दमा रचिएको अत्यन्त सुन्दर 'कालीगण्डकी' कविता पाठ गर्नुभएको थियो ।

त्यो बाहेक विदेशी साहित्यसित तुलनात्मक नेपाली समालोचना र रामकृष्ण तथा देवकोटाका पश्चिमी साहित्यालोकसम्बन्धी दृष्टिकोणका बारेमा पनि उहाँ र अन्य मेरा सहपाठीहरूसित मेरो वादविवाद भइरहन्थ्यो । त्यसै सिलसिलामा **भानु–लेखनाथ** विशेषाङ्कमा मेरोलगायत अन्य धेरै देशीविदेशी विद्वान्हरूको तुलनात्मक अध्ययन भएका समालोचनाहरू छापिएका थिए । छान्दसिक र गद्य कविताहरू प्रशस्तै लेखिरहने भए तापनि मैले कविता प्रकाशनमा अझै पनि पाइला अगाडि बढाएको थिइनँ यद्यपि **गो.प**. आदि दैनिक पत्रिकामा मेरा लेख, निबन्ध र कविताहरू छापिन थालेका थिए । यस्तैमा एमएको अध्ययन सकेर म घर फिरेँ र त्रिविअन्तर्गत स्थानीय सोही कलेज (क्याम्पस) मा अध्यापनमा लागेँ । तर स्वाध्यायन र साहित्य लेखनमा भने क्रमिकता रहिरह्यो । त्यसपछि निकै वर्ष कविज्यूसित भेट भएन ।

म पृथ्वीनारायण क्याम्पस पोखरा हुँदै फेरि त्रिवि कीर्तिपुर पाविकेमा आएपछि कविज्यूसित पुनः मेरो भेट, छलफल कविता पाठ हुन थाले । मेरा गद्य पद्य कविताहरू **मधुपर्क**, **गरिमा**, **गोप**. **कान्तिपुर** आदिमा प्रकाशनहरू हुन थाले । अन्यान्य प्रसङ्गमा **राइजिङ नेपाल** र **हिमालयन टाइम्समा** पनि मेरा अङ्ग्रेजी लेखहरू छापिन लागे । नयाँसडकमा र कुनै कुनै बन्द महफिलभित्र 'छन्दवादी मृत कविता लेख्ने भानुभक्त, लेखनाथ, देवकोटा, घिमिरे आदिको परम्परामा पनि लेख्ने ? को हुन् ती फलाना, फलाना, छन्दकवि भनिएकाहरू ?' भन्नेजस्ता ठूलाठूला शब्दहरू पनि कतैकतै सुनिन लागेका थिए ।

तिनीहरूप्रति वास्तै नगरी छन्दका कवि र कविताहरू मौलाउँदै गएको अवस्था पनि थियो । यसका लागि खास गरी त्रिवि, प्रज्ञा-प्रतिष्ठान र निजी क्षेत्रबाट पनि त्यसमा विपुल मलजल भएको कुरालाई बिर्सनुहुँदैन । कविज्यूले मलाई नेपाली छन्द कवितामा विशेष गरेर यो परम्परालाई अक्षूर्ण राख्नुपर्छ

तपाईंहरूबाट भन्नुहुन्थ्यो । मैले खासै केही गर्न नसके पनि छन्दमा केही कवितामात्र होइन, कवितासङ्ग्रह, काव्य र महाकाव्यिक ग्रन्थहरूचाहिँ प्रकाशन गरिहेको छु हालसम्म नै । कमीकमजोरी होलान्, अस्वाभाविक पनि होइन, सच्याउँदै प्रगति गर्नुपर्छ । सकारात्मक मूल्याङ्कनचाहिँ विज्ञ र सहृदयी पाठकवर्गको नै हो । यतिमात्र गर्न सकेको भए पनि यसको बृहतांश कवि घिमिरेज्यूकै योगदान हो मलाई । यस प्रसङ्गमा म युगकवि सिद्धचरणज्यूसितको र मित्रहरूको सम्पर्कलाई पनि ससम्मान सम्झिन्छु ।

छन्दसम्बन्धी मलाई थप र गाढा रूपमा के लाग्छ भने यो छान्दसिक कला र शैली समुच्चा संस्कृत परम्पराका उपज धेरै भाषाहरूमा नेपालीमात्र त्यो अति प्राचीन र महिमामय वैदिक छन्द परम्पराको एकमात्र उत्तराधिकारी हो र विश्वमा यो पनि एउटा हाम्रो साहित्यिक, सांस्कृतिक छुट्टै पहिचान पनि हो । यो कुरा मैलै मेरो **नवालोक** बृहत् कवितासङ्ग्रहको 'थपेर केही भनौँ कि !' भन्ने प्राक्कथनमा पनि निकै विस्तारमा उल्लेख गरेको छु ।

त्यसो त राज्यको वा देशको र विश्वकै पनि साहित्यिक वनेलीमा सबै किसिमका फूलहरू फुल्छन् । नवोन्मेषी र प्रायोगिक विम्बमय झल्झलाकार गद्य कविता, हाइकु, मुक्तक, गीत, गजलहरू मौलाउन् यो प्राकितिक-सांस्कृतिक पुण्यभूमिमा । साथसाथै छन्दमय महिमा पनि आफ्नो मौलिकता र गरिमा लिएर श्रीबृद्धितिर सदा उन्मुख होस् । दम्भ र द्वेष, गुट र फुट कतै नहुन् । यो सानो, साझा तर विशाल नेपाल बगैँचामा अनेकतामा एकता भइरहोस् भन्ने विचार सधैँ कविज्यू राख्नुहुन्थ्यो :

**जय हे** ! **जय हे** ! **जय हे नेपाल** !
**सुन्दर**, **शान्त**, **विशाल** !

आफ्नो सास्कृतिक मूल्य र मान्यतालाई आवश्यक मात्रामा मात्र सुधार गर्दै हाम्रो वैदिक महिमाले ओतप्रोत हुनुपर्दछ हामी र यसमा नवजागरण ल्याउनुपर्छ

अनि हाम्रा राम्रा रचना र अभिव्यक्तिहरू विदेशी भाषा खास गरी अङ्ग्रेजीमा अनुदित हुनुपर्छ भन्ने सशक्त र स्वस्थ धारणा राख्नुहुन्थ्यो राष्ट्रकवि घिमिरे । मलाई पनि यस कुराले ज्यादै अभिप्रेरित गरायो ।

मैले वि.सं. २०४१ मा **भारद्वाज** द्वैमासिक (नेपाली, अङ्ग्रेजी) **साहित्यिकर**सांस्कृतिक पत्रिका सुरु गरेर केही वर्ष सञ्चालन गरेको थिएँ । यहाँ स्मरणीय कुरा के छ भने सो पत्रिका निकाल्न सुरु गर्नुपर्‍यो भनी उहाँलाई जानकारी दिन गएँ र शुभकामना पाउनुपर्‍यो भनेँ । सधैँझैँ उहाँ सारै खुसी हुनुभयो र भन्नुभयो “ल, १० र १२ दिनपछाडि आउनुहोस्, केही दिउँला ।” पछि म उहाँले भन्नुभएको समयमा गएँ। उहाँले त महर्षि भारद्वाज रचित **वेद**को उषाकालीन सूक्तपो शुभकामनास्वरूप शार्दूल विक्रीडित छन्दमा नेपालीमा अनुवाद गरेर सिर्जनाको पहिलो बिहानीको डाको र ज्योतिस्वरूप मलाई दिनुभयो। म त अवाक् हुँदै अत्यन्त खुसी भएर आएँ अनि म आफैँ प्रधान सम्पादक भएर **भारद्वाज** प्रकाशनको नाममा रजिष्टर्ड भएको सो पत्रिकाको प्रथम अङ्कमा प्रथम पृष्ठमै श्रीगणेशका रूप लिएर सो सूक्त कविता छापियो। सो प्रथम अङ्कको प्रथम ज्योतिको सरस्वती पाइलास्वरूप सो कविता केही ठूला स्वर्णाक्षरमा छुट्टै छापियो। सो एक पूरा पृष्टको पद्यको एक हरफ यस्तो छ :

**ऊ ! ऊ ! हेर उषा भुभुल्कि रहिछन् क्या कान्तिमान् रङ्गमा**
**पानीका लहरी सरी हरघडी**.......

केही कालान्तरसम्ममा त्यसका निकै अङ्कहरू छापिए र ती अङ्कहरू विभिन्न विद्धान् र पुस्तकालयहरूमा सुरक्षितै हुनुपर्छ। यो लेखकसित पनि सुरक्षित छ। मेरो बाहिरफेर आवागमन हुन थालेपछि केही समयदेखि पत्रिका स्थगित भएको छ। मन त्यति खुसी छैन। र कविज्यूसितको भेटघाटमा पनि केही समयान्तर भएको नै हो।

अब म राष्ट्रकविज्यूका विषयमा मैले बुझेका केही धारणाहरू यहाँ बूँदाकृत गर्न उपयुक्त सम्झिन्छु :

- छन्दकविता संस्कृतिको निरन्तर श्रीबृद्धि भइरहोस्,
- अन्य विविध कविता, गजल आदि र नाट्यविधाको पनि प्रगति भइरहोस्,
- झ्याउरे र अन्य गीति कविता तथा लोकगीतहरूको सङ्कलन, अभिलेखन र प्रचलन भइरहोस्,
- कुनै पनि नेपाली पाखा, पखेरा सुन्दर छन्, तिनको हेरचाह होस् र सधैँ तिनीहरू हराभरा हुन्,
- विविध प्रकृति र संस्कृतिको मिलान भएको देशमा अथवा अनेकतामा भएको एकतामा निरन्तरता होस्,
- 'वसुधैव कुटुम्बकम्' को उच्च वैश्विक वैदिक महिमाको मूल्य र मान्यता बढेर जावस्,
- हाम्रो प्राचीन काव्य र मीमांसाहरूबाट हामीले धेरै कुरा सिक्नुपर्छ,

सिर्जनशील स्रष्टा र चिन्तनशील दूरद्रष्टा माधवप्रसाद घिमिरे यसरी नेपालका सर्वतोमुखी विषयहरूमा चाख राख्दथे । उनी साहित्यिक जर्नलका कुशल सम्पादक पनि थिए । मूलतः उनी शब्दका किसान-कलाकार हुन् । सटीक शब्दार्थका शब्दशैयामा मोहनी हाल्न उनी बेजोड छन् । सौन्दर्यबोध उनको अर्को नेपाली सिर्जनशील विलक्षणता हो ।

विश्वमा संस्कृत भाषा साहित्यको अध्ययन बढ्दो क्रममा रहेको कुरामा खुसी व्यक्त गर्दै नेपालमा यसको विशेष बढोत्तरी हुनुपर्छ भन्ने उनको उत्तम राष्ट्रिय विचार थियो । बङ्गाली कवि रविन्द्रनाथ ठाकुर (टेगोर) को उदाहरण दिँदै राष्ट्रकवि घिमिरे नेपाली साहित्यिक श्रृजनाहरूको अनुवादमा जोड दिइरहन्थे । यसका साथसाथै नेपाली साहित्यको वैश्विक परिवेशमा लगेर तुलनात्मक समालोचकीय

सोध्यायन हुनुपर्छ भन्थे । उनको समालोचकीय गद्य नितान्त नवीन, अत्यन्त प्राञ्जल र निबन्धमय थियो, छ ।

यसरी राष्ट्रिय जनजीवन विश्वमानवका बहुविद् पक्षहरूलाई समेट्न सकेका स्रष्टा, द्रष्टा र चिन्तक अत्यन्त कुशल कवि माधवप्रसाद घिमिरेलाई उचित किसिमले राष्ट्रकविको उच्च र व्यापक हैसियतमा सम्मानित भएको कुरा पुष्टि हुन्छ ।

कवि घिमिरेका कृतिहरूको विदेशी भाषा खास गरेर अङ्ग्रेजीमा अनुवाद गरेर अन्तर्भाषीय सिर्जनशील तुलनात्मक अध्ययन गर्ने हो भने केही अरू मूर्द्धन्य नेपाली स्रष्टाजस्तै उनी पनि विदेशी स्रष्टाहरूसितको त्यस तुलनाको तुलामा प्रशस्त गहन पाइनेछन् ।

पहिलेदेखि नै कवि घिमिरेलाई घरमा वा उहाँको प्रज्ञा कक्षमा म भेट गर्न जाँदा उहाँ ज्यादै प्रशन्न मुद्रामा देखिनुहुन्थ्यो र उत्साहित पनि हुनुहुन्थ्यो । उहाँसितको मेरो धेरै लामो सत्सङका कारणले पनि मैले २०४१ सम्ममा प्रकाशित केही छान्दसिक कविताकाव्यहरूको रचयिता हुन, **केही सिर्जनाः केही विवेचना** नेपालीमा र Wandering Essays अङ्ग्रेजीमा **तुलनात्मक समालोचनासङ्ग्रहहरू** र **गोठालाहरू** निबन्धसङ्ग्रह पनि प्रकाशन गर्न अभिप्रेरित भएको हुँ र हालसम्ममा मेरा अन्य धेरै साहित्यिक प्रकाशनसमेत गरेर निकै नै भैसकेका छन् भनी सविनय प्रस्तुत हुन चाहन्छु । समालोचनाका यी दुवै पुस्तकमा समावेश गरिएका विभिन्न शीर्षकमा बहुविध तुलनाका प्रसङ्गहरूमा राष्ट्रकविज्यूका विविध कृतिहरूको पनि उल्लेख भएका छन् । सो पुस्तक पनि मैले उहाँलाई दिएको हुनुपर्छ । ती कुराहरू म उहाँकै संस्मरणको अर्को परिच्छेदमा प्रस्तुत गर्नेछु ।

यसका साथै उहाँको **अश्वत्थामा** भन्ने गीतिनाटिकाको समालोचना मैलै वि.सं २०६० साल श्रावण २९ गते का दिन काठमाडौंमा हुँदैखेरि लेखी सिद्धयाएँ र उहाँलाई सुझावको लागि सुनाएँ । उहाँले ठीकै छ, तपाईं आफैँले नै त्यसलाई १-२ पटक आवृत्ति दिनुभए वेस हुन्छ भनी बडो आत्मविश्वासकासाथ भन्नुभयो ।

फेरि हेरी आवश्यक केही परिमार्जन पनि गरी छाप्ने विचारले राखेको राख्यै भएको छ। त्यही बीचमा मेरो बारम्बारको अस्वस्थता र अस्पताल, अनि प्रशस्त बाहिरफेर आवागमन अनि अन्यान्य समसामयिक लेखकीय, संस्थागत र विज्ञ प्राथमिकताले गर्दा धेरै कुरा स्थगित भए, तर धेरै अन्यान्य राम्रै काम कुरा पनि भए। तथापि अलिअलि गर्दै भए पनि अङ्ग्रेजी र नेपालीमा समालोचना र सिर्जना अनि नेपालीमा यात्रा निबन्धहरूचाहिँ.पहिलेभन्दा थप एक-एक वा छुट्टाछुट्टै ठूलैठूलै सङ्कलन हुन सक्ने सङ्ख्यामा लेखिएका छन्। तिनलाई यथायथा समयमा छाप्ने विचार छ। यो संस्मरण आफैँमा निकै लामो भएको छ। सो **अश्वत्थामा** समालोचना पनि म यथाशीघ्र कतै छुट्टै प्रकाशन र नयाँ सङ्कलनमा पनि समावेश गर्ने विचारमा छु।

मेरो सिर्जनशील साहित्यिक र साङ्गठनिक साहित्यिक जीवनमा मैले प्राप्त गरेका केही सम्मान र पुरस्कारहरूमध्ये अनेसासको केन्द्रीय अध्यक्ष भएका बेला इस्वी सन् २००७ मा नेपाल साहित्य परिषद्ले नेपालमा अनेसासलाई गरेको सम्मानलाई राष्ट्रकविज्यूबाट सो सम्मान अध्यक्षको नाताले मैले ग्रहण गरेको थिएँ।

यसबाहेक नेपालको सोल्टी होटलमा २०६४ साल असोज महिना (अक्टोबर ९-२००७) मा अनेसासले एनआरएनको पनि सहभागितामा सम्पन्न गरेको प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलनमा कवि माधव घिमिरेज्यूलगायत तत्कालीन प्रायः सबै वयोबृद्ध नेपाली साहित्यकारहरूले सहभागिता जनाएको कुरालगायत कविज्यूसितका अरू कुराहरू म अर्को संस्मरणमा प्रस्तुत गर्नेछु।

अन्त्यमा, एक शताब्दी पूरा जीवन जीवन्त रूपमा सक्रिय भई बाँचेर सुख, सफलता, सन्तोष र शान्तिमा महान् मृत्युवरण गर्नुहुने अमर नेपाली महान् स्रष्टा राष्ट्रकवि स्व.माधवप्रसाद घिमिरे ज्यूलाई शब्दश्रद्धाञ्जली व्यक्त गर्दछु। अस्तु।

*विस २०७७ साल, भाद्र २९ गते सोमबार सेप्टेम्बर १४-२०२०*

*(हाल अमेरिका निवासी लेखक अनेसासमा हालसम्मका सबैभन्दा ज्येष्ठ पूर्व अध्यक्ष हुन्।)*

# हाम्रा गौरव



**युवराज नयाँघरे**

राष्ट्रकवि माधव घिमिरेका कवितालाई मैले सधैँ सूक्तिमय आधारमा पढेँ । ती पढिरहँदा स्वर संसारको माधुर्य र मिठासले आलोकित भइरहेँ ।

कविताले दिने ठूलो आनन्दी भनेको विम्ब, सन्देश र शिल्प जति हो, चित्र र भावनाको रङ अर्को विशाल संसार हो । राष्ट्रकविका कविताहरूले यी सबै पक्षलाई स्नेहवत् रूपमा सुम्सुमाएको अनुभूत हुन्छ ।

'कविताको शक्ति यति बलशाली !' रचना पढिरहँदा सधैँ मनमा खेलिरहने खुलदुली हो यो । यो रहरिँदो चेतनामा कविवरप्रति अगाध प्रेम र सम्मान, श्रद्धा र आदर, मान र भरपत्यारको शब्द उद्वेलित भइरहन्छ ।

'बन जीवन्त मानिस' पढेदेखि नै कविवरप्रतिको श्रद्धा, सम्मान र सप्रेममा मैले कमी गरिनँ । उल्टै थपिएर गयो । त्यो थपाइमा कविता र कविवरको समान यात्रा ठान्छु म ।

कविवरसँग पनि यी सबै तथ्य परै रहे भन्दिनँ म । तर उनको कवित्व र रचनाकारितामा माथि तोकिएका असङ्गत, असम्मत र अस्पष्टताहरू वर आएनन् परपरै बसे । कविवरको गीति, काव्य वा फुटकर कविता लेखनको उचाइसँग हार खाएको मैले कहिल्यै देखिनँ ।

जीवन एउटा समयको दुवै गति हो । ओल्लो किनार वा पल्लो किनार, घाम वा छायाँ, उज्यालो र अँध्यारो अर्थात् उन्नति वा अवनतिका सग्ला र मसिना

चरित्रसँग जीवन जोडिएकै हुन्छ। कवितासँग शास्त्रास्त्र गर्ने कला र क्षमता घिमिरेले पाएको लाग्छ। उनको कविता र शैल्पिक चेतना औधी मोहक लाग्छ। गीति संसारमा सधैँ नेपाली मौलिक अनुहार र आभासँग उनले मेलमिलाप गरे। त्यो मेलमिलापले हाम्रो गीत, कविता र काव्यको आकाश सधैँ सङ्लो रह्यो, निर्मल रह्यो, चहकिलो रह्यो।

०००

कपुरधाराको त्यो घर। जहाँ निकै खेप गएको छु म। कविवरका ती कविता- जसलाई मैले अनेक भाव र भङ्गीमा बुझेर पढेको छु। ती कविवर- निकै भेटघाट गरेर आफूलाई सधैँ ऊर्जा, उत्साह र उल्लसित बनाएर फर्केको छु।

**गौरी** पढेर पनि भक्कानिएको क्षण, **मालती-मङ्गले** हेरेर परेली पुछेका दिन, **राष्ट्रनिर्माता** पढेर जोसिएको क्षण, **किन्नर-किन्नरी** पढेर पग्लिएको दिन वा **आफ्नै बाँसुरी आफ्नै गीत** पढेर तरङ्गिएको साँझ सबै प्यारा लाग्छन्। ती प्यारपूर्ण समयका सबै अंशमा जोडिए राष्ट्रकवि घिमिरे।

मानिस भएर सिर्जनशीलतामा सम्हालिइरहनु औधी ठूलो कुरा हो। सम्हालिनुभित्र धेरै पक्षले रेखदेख गरेको हुन्छ। कोही कता फुस्कन्छन्, कोही कता बाँधिन्छन्, कोही कता टन्किन्छन् वा कोही कता खुकुलिएर जान्छन्। कविवरका हरेक रचनामा गहकिलो र कसिलो, गहन र सुगठित पक्षले सँगालेको अनुभूत हुन्छ।

प्रज्ञा-प्रतिष्ठानको एउटा भव्य कोठामा कविवरसँग भेटेको रिमरिमे सम्झना छ- चालीस साल लगत्तै। अनि त्यसयताको समयमा कविवरसँगको आत्मीयता र आशीर्वादमा जोडिएको छु म। तिनको हार्दिकता र मायामा उही व्यवहार छ, बोली छ, भावना छ, भाषा पनि छ उस्तै।

०००

कविवरलाई राष्ट्रकवि सम्मान दिलाउन अनेक कार्य र गतिविधिहरू भए। त्यसपछि मनग्गे कार्यहरू बने, बनाइए र सार्थक पनि भए। त्यसको नतिजा भयो- कविवरलाई राष्ट्रकै अग्रपङ्क्तिमा राखेर मानभाउ गरियो। उनको कदर जीवितमै गरिनुपर्छ भनेर प्रयत्नहरू गरिए धेरै।

जीवन र जगत्का हरेक सगर निहालेर यिनै पङ्क्ति बोलिरहँदा हृदयमा अर्कै आनन्दी र उमङ्ग आउँछ। एउटा बिछट्टै हर्ष र खुसी पग्लिन्छ। रचनाले दिने उन्माद र रस भनेकै त्यही होला।

कविवरलाई श्रद्धा गरेर होटेल ब्लू स्टारमा २०५१ सालमा गरिएथ्यो- अभिनन्दन। त्यो सम्मान र अर्चना ऐतिहासिक हुनुपर्छ। देशकै विराट् लेखन र साधकहरूको उपस्थिति थियो त्यो बेला। म सेतो लुगा लाएर दुःखमा थिएँ। आमाको वार्षिकी बोकेर घरमै थन्के पनि मनले नमानेर त्यहाँ पुगेको थिएँ।

कविवरलाई एउटा फूलको गुच्छा किनेर दीर्घायु, सिर्जनशीलता र समृद्धिको शुभकामना दिएको थिएँ।

०००

राष्ट्रकविको श्रद्धामा यिनको कोसिस आफैँ गाँसिएर आउने नाम हुन्- फूल र परागजस्तो, सुवास र पुष्पजस्तो।

कविवरमा हामी सबैको प्रणाम छ। जीवनमा सधैँ जितिरहने, नेतृत्व लिइरहने, विजयी भइरहने, समुन्नत भइरहने, जनमनमा रहिरहने नाम भयो- कविवरको लेखन र जीवनयात्रा। अरूका लागि पनि त्यो अनुकरणीय चरित्र बनोस्। मेरो समयका मानक र प्रिय कविवरमा प्रणाम छ।

कविवरलाई भेट्दा पनि उनका हरेक काव्यगुञ्जनले छेकारो मारेको लागिरहन्छ। 'वैशाख' कविताका गहकिला हरफहरू गुनगुनाइरहँदा कविवरको ख्याल स्वतः आउँछ-

**'आई कैले पनि नसकिने, चैत-वैशाख मेरा**
**लाई कैले पनि नसकिने प्रीति नौलाख मेरा।'**

*(काठमाडौं, नेपाल निवासी लेखक अनेसासका आजीवन सदस्य तथा प्रख्यात नियात्राकार हुन्)*

# प्रारम्भ हो खालि !



डा. रजनी ढकाल

वैशाखले दुई महिना अघि नै छोडिसकेको थियो। वसन्त र ग्रीष्मलाई नेपथ्यमा राखेर मञ्चिँदै थियो असार। असारको उत्तरार्द्ध वर्षामा चम्किनु नौलो पनि त होइन। तीन दिनदेखि लगातार वर्षिरहेथ्यो आकाश। एकैछिन झिमिक्क भएको थिएन पानी। रोकिएला भन्ने छाँट पनि थिएन। असारे झरी झरिरहनमा आश्चर्य पनि के थियो र ! हो, असार अवसर हो हाम्रा लागि, मेरा लागि। सिर्जनशीलताको बीऊ रोप्न मैले सधैं असारलाई उपयुक्त मानें त्यसैले त मेरो हत्केलामा उम्रिन मानेको थियो असार। त्यस दिन पनि यस्तै कोसिसमा थिएँ, म सिर्जनशील बनूँ।

**'सय वर्षपछि पनि असार यस्तै होला**
**उठी आउने बादललाई हतार यस्तै होला !'**

आहा, कति गजबको कल्पना छ कविको ! असारसँग हतारको जति लयगत मित्रता छ उति नै व्यावहारिक सामञ्जस्य पनि छ। असार हुनु र हतार नहुनु कहाँ ? कवि माधवप्रसाद घिमिरेले असारको कल्पनामा अनेक गीत लेखेका छन्। यसको प्राकृतिक सौन्दर्य र जनजीवनसँग जोडिएको संवेदना गजबको छ नेपाली जीवनमा अनि कविको कल्पनामा। जीवन रहर, चाहना र इच्छाको

मेघमाला हो । यो यही मेघमालाको सिर्जनशीलताले जीवन बाँचेको अर्थ राख्छ र त कवि भन्छन्–

**'बरू मलाई असारको मेघ बनाइदेऊ**
**नरोकिने मनको इच्छा वेग बनाइदेऊ**
**दौडुँला म दशै दिशा बाहाँ पसारेर**
**ओसारेरै नसकिने माया ओसारेर !'**

जीवनसँग असारको साइनो कति छ कति यो बुझ्न कि घिमिरे पढ्नुपर्छ कि कृषिकर्मको व्यवहारिक कुशल शिल्पी बन्नुपर्छ । ऋतुविचारमा कविशिरोमणि लेखनाथ पौड्यालले असारलाई अनेक सौन्दर्य र सङ्घर्षका विम्बमा चिनाएका छन् । उनले असारलाई आफू बाँचेको राणाकालीन समयको सहानुभूतिशील सामाजिक प्रतिविम्बमा समेत कुँदिदिए– 'वर्षा जाँगरिली दासी धोई पोती लिपी चली...।' घिमिरेले चाहिँ जीवनको शास्वत रङमा घोलेर वर्षालाई राष्ट्रिय चेतनामा समेत यसरी समेटेका छन् –

**यही देश जाने भनी नजानेरै पनि**
**नेपालैमा आइपुगुँला नीलो बादल बनी**
**आनन्दले गर्जुँला जो एक चुली घेरी**
**हिउँ(गोरी मेरीलाई अङ्कमालमा बेरी !**

प्रिय कवि, तिमी आइरहनू सधैँ असारमा, म र मेरो राष्ट्र सधैँ बादल र वर्षाको प्रतीक्षामा हुनेछौँ । तिम्रो सङ्गीतमय गर्जनमा चुलीहरू छमछम नाचिरहनेछन् र गोरीहरू अनेक मायालु सपनामा बाँचिरहनेछन् । देशको स्वतन्त्रता, सौन्दर्य र कला गाउन जान्ने स्वचिन्तनमा सहअस्तित्व खोज्ने तिम्रो चेतना सँधै चाहिन्छ– 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे !' यो प्रकृति रहँदासम्म नेपाली राष्ट्रियताको बीऊ नेपालीहरूमा रहिरहनेछ ।

२०७६ हरिशयनी एकादशी, असार २७ गते शुक्रबार। गाडीबाहिर पानीले स्कर्टिङ गरिरहेको थियो। लाथ्यो, सिर्जनशीलताको असारे सुरक्षाघेरामा वाष्पमय बन्दै थियो कल्पनाशील समय गाडीका सिसाभित्र। ओतसँगै गुडेर ओभानो थिएँ तर सिर्जनाले भिजाउने परिवेश मनभरि अनि वातावरणभरि थियो। राष्ट्रकविज्यूलाई भेट्नु थियो र कुरा गर्नु थियो। उहाँको शतक जीवनको व्यस्त सूचीमा मिलेको त्यो स्वप्निल अवसरलाई कुनै अनिच्छाको बाढीले बगाउला भन्ने डर पनि थियो मनभित्र कतैकतै। आलस्यको भङ्गालो पर्ला भनेर निकै सतर्क थिएँ। मन हो कतिबेला केके सोचिदिन्छ...आ यस्तो पानीमा कहाँ जानु... ! तर रहरले बाँधेको कर्मशील पटुकीमा असारले दिएको चुनौतिपूर्ण साथलाई आत्मसात गरेका बाउसे र रोपाहरझैं मैले पनि गमक्कै समातेकी थिएँ गाडीको स्टेरिङ! शहर रुझेरै चुपचाप थियो म प्रश्नका वर्षाले मनमनै वाचाल थिएँ। कविज्यूले कति समय बोल्न सक्नुहोला ? यो समय उहाँको लागि उपयुक्त होला नहोला ? के मेरा सबै जिज्ञासा राख्न सकूँला ? शतक आयुको शरीरले लगातार बसेर कति समय बोलिरहने रहर गर्ला ? तर असारले जुराएको बाटो पानी टमाटम भरिएर स्वागतमा थियो। सायद शुभ थियो दिन।

झरीको दर्कोलाई वर्षादीले थाम्दाथाम्दै पनि अटेरी गरी भिजाएको रहेछ राधिकालाई! नेपाली केन्द्रीय विभागको कर्मथलोमा मिसिएर चिसिएका लुगासँगै आइन् उनी मसँग। तताइदिएँ हिटरले उनलाई पनि। मेरा चिसिएका घुँडाहरू पनि सजिला भए र पैताला क्लच, ब्रेक र एक्सिलेरेटरमा हानथाप गरिरहे। हानियौं हामी कीर्तिपुरबाट लैनचौरतिर! राष्ट्रकविलाई भेट्ने रहरसाथै करले पनि जुराएको थियो आजको दिन हामी दुवैलाई। सधैं जीवनको प्रारम्भ मान्ने शतायु कविसँग गफिन दर्जन बढी प्रश्नहरू थिए कापीका पानामा अनि मनमा पनि। थाहा थिएन राधिकासँग केके थिए जिज्ञासाहरू। अल्पभाषी मौनभाषा बढी बोल्छन् सायद ! मैले राधिकालाई उधार्न चाहिनँ।

गाडी गुडाउन र मन उडाउन रमाइलो लाग्छ एकैचोटि ! सानैमा **गौरी** पढेर आमासँगै रोएका दिन, जति पटक पढे पनि 'फेरि पढ् त छोरी !' भनी आमाले उही **गौरी** पढ्न कजाएका दिन, जति पटक पढे पनि आँसु झरेका दिन, २०४५ सालमा काठमाडौँ आएर एकेडमीको हलमा **मालती–मङ्गले** नाटक हेरेका दिन फनफनी मनमा घुमिरहे । साथीलाई केही अनुभूति सेयर गरिरहेँ । सम्झेँ, बुबाले घिमिरेलाई रुन्चे कवि भनेको पनि । **मालती–मङ्गले**को सुरुको दृश्यले गजबले हाँसेकी थिएँ म तर बिस्तारै मनमा बादल मडारिइरह्यो । अनुभूतिका चुलीचुली मडारिएको बादल निरन्तर वर्षिरहेको थियो नाटक अन्त्य हुने बेलासम्म पनि । दर्शकले खचाखच थियो हल । रोएको कसैले देख्ला भनेर हातमा रुमाल लिएर नाकतिर मात्र पुछेजस्तो गरिरहेथेँ । भलभली बगेको आँसुले नाटक हेर्नसमेत गारो पारिरहेको थियो । कमाराकमारीको किनबेचसँग जोडिएको दर्दनाक कथाले कति सजिलै मानवीयताको गतिलो पाठ सिकाएको थियो मलाई । मानिसको अस्तित्व र स्वतन्त्रता कति महान् हो भन्ने कुरा त्यतिबेलै बुझेकी थिएँ नाटक हेरेर । नाटक सकिएर उठ्नेबेला बुबाले भन्नुभयो, 'रुन्चे कविका रुवाउने नाटक' ! बुबाका आँखा पनि मजाले भिजेका थिए । मैले सन्तोषको सास फेरेकी थिएँ त्यतिबेला ! र रुनु नराम्रो रहेनछ भनी बुझेकी थिएँ ।

मनमा रहेको अर्को भ्रम पनि चिरिएको थियो त्यही दिन । रुनु अपराध लाग्थ्यो ! अन्यायको प्रतिरोध गर्न नसक्दा खसालेका आँसुलाई सानोमा आमाले 'यी कुकुरका मुत' भनी मेरा आँसुलाई उपेक्षा गरिरहँदा रुनु पनि पो अपराध हो कि भन्नेजस्तो लागिरहने अबोध किशोरी उमेरले एकाएक यो पाठ सिकेको थियो, रुवाइ अनुभूतिको स्वाभाविक अभिव्यक्ति हो । हो, त्यसपछि मैले आफ्नो रुवाइलाई कहिल्यै कमजोर ठानिनँ । बरु आँसुलाई सिद्धिचरणलेझैँ क्रान्तिमा बदल्ने मनमा अठोट पलाएको थियो । शोक नै शक्ति हो भन्ने शिक्षा मिलेको थियो । संवेदित हुनु कमजोर हुनु होइन, केही सिक्नु र बुझ्नु हो रहेछ ।

असारको पानी अवसर हो कर्मशीलका लागि। मनको रुवाइमा संवेदनाका अनेक तह हुन्छन् र वर्षिन्छन् कविता, गीत र अमर कला ! 'मेरो शिल्पी यस शकलमा सिङ्गो आकार देऊ, एउटै सानो सरल कृतिमा पूर्ण संसार देऊ !' भन्ने कवि कति रुँदा हुन् स्वानुभूति र परानुभूतिमा समानुभूति गर्दै !

झमझम पानी पऱ्यो असारको रात, पारीबाट बज्न थाले मकइका पात !

बाटो सोध्दै कविज्यूको घर पुग्दा वरिपरि मकैका पात बजिरहेका थिए। पानी रोकिएको थिएन। प्रकृतिको यो सुन्दर सङ्गीतले स्वागत गर्दै पुऱ्याएको थियो कविज्यूको साधनाको कलात्मक थलोमा। काठको पुरानो भऱ्याङ उक्लेर पूर्वतिरको कोठामा छिर्दै गर्दा दम्पतीको मुस्कानले अभीभूत भयौँ हामी।

शान्त शरीर खटियाको सफा ओछ्यानमा सजिलोगरी राखेर हामीलाई मुस्कानले स्वागत गर्दै हुनुहुन्थ्यो राष्ट्रकवि ! अभिवादनसँगै कुराकानीका लागि कापी र रेकर्डर ठिक पारेँ। राधिका फोटो र भिडियोका लागि मोबाइल लिएर अलि पर बस्नुभयो। कविज्यूका गहिरा आँखामा मैले आफ्नो परिचय दिएँ वा उहाँ आफैँले बुझ्नुभयो, प्रश्नहरूसँगै मैले आफूलाई चिनाएँ। कविलाई पढ्नु र कविलाई भेट्नुमा कति अन्तर छ ? मैले आफैँलाई पनि सोधिरहेँ। मैले सोधिरहनुभन्दा पनि उहाँका कुरालाई नै सुनिरहनुमा धेरै आनन्द महसुस गरेँ। सुन्दै गर्दा उत्तर मिलेझैँ भयो– कविताले कविलाई साधनाको थलो बनाउने रहेछ जसरी कविले आफ्नो जीवनलाई साधनाको थलो बनाएका छन्। कवितालाई बुझेर होइन भोगेर लेख्ने कवि वास्तवमै पाठकको मनमा बस्छ। जुनसुकै तहको पाठकका लागि लेख्न सक्ने कविले तिनका संवेदनालाई राम्ररी बुझेको हुन्छ। कविता लेख्न विचार र अनुभूति मात्र भएर हुन्न दीर्घ तपस्या पनि आवश्यक पर्दछ। कवि बोलिरहे, "मलाई सतुष्टि नमिल्दासम्म कविता छाप्न दिन्नँ। कविता भयो र मलाई राम्रो लाग्यो भने मात्र बाहिर निकाल्छु। कवितालाई सधैँ जीवन मानेँ। म कविता लेख्दिनँ, कविता बाँच्छु।"

**वैशाखको पैलो फूल – अचम्म हो खालि**
**मेरो कहीँ अन्त्य छैन – प्रारम्भ हो खालि !**

कविज्यू, जीवनलाई सधैँ आरम्भ मात्र देख्ने यो अनुभूति सबैले बुझ्न सकून् ! आफूलाई कहिल्यै बुढो भएको महसुस नगर्नु कर्मशील रहनु हो। यो तिम्रो अति राम्रो काव्यिक छाया अनि कवितामा पल्किएको माया ! यो माया सधैँ सुन्दर, शान्त र विशाल भएर बाँचिरहोस्। देवकोटाले देखेको नेपालको सुन्दर, शान्त र विशालको सुन्दर सपनालाई तिमीले कवितामा फेरि जोडिदियौ पुनर्जागृत गरिदियौ नेपाली राष्ट्रियता। आफ्ना अग्रज भानुभक्त, लेखनाथ र देवकोटाप्रतिको तिम्रो अगाध श्रद्धाले तिमीलाई अर्को विशेष कविको रूपमा जन्माएको कुरा निर्विवाद छ। तिम्रो यो जीवन सधैँ आरम्भ होस्।

**संयोग अनि सुखद वार्ता अचम्म हो खालि**
**यो भेटको अन्त्य छैन प्रारम्भ हो खालि !**

*२०७६ कात्तिक ३*

*(काठमाडौं, नेपाल निवासी लेखक त्रिविविमा प्राध्यापन तथा नेपाली साहित्यमा दख्खल राख्ने समालोचक हुन्)*

# मनमनमा राष्ट्रकवि



रञ्जना निरौला

***फूलको थुँगा बगेर गयो गङ्गाको पानीमा, कहिले भेटहोला है राजै यो जिन्दगानीमा !*** रेडियोबाट यो गीतले तनमन झङ्कृत पारेर बजिसक्यो। अरू पनि कयौँ सुमधुर गीतहरूले बिहानलाई सङ्गीतमय बनाइसक्यो तर ओठ र मनले यही गीत गुनगुनाइरहे धेरै समयसम्म । '...भेटहोला या नहोला'का शब्दहरूले मार्मिक यथार्थ बोकेका छन् र त सफल छन् स्रोताको मन मस्तिष्क हल्लाउन। कतिपटक भित्र-बाहिर गरिसकेँ ओठले गुनगुनाउन छोड्दैन, छोड्न विरही बन्न मनले पनि। संगसंगै सम्झिएँ माधव घिमिरेको आभायुक्त मुस्कान र प्रेरणा मिश्रित मुहार। यसै बस्नै सकिनँ र अक्षरमै भए पनि स्मृतिमा बाँधिराख्न मन लाग्यो राष्ट्रकविलाई।

**गौरी**ले जहिल्यै आँखा रसाइरहे, **राजेश्वरी**ले मन कुँड्याइरहयो, **पापीनी आमा**को दुःख बिझेको बिझेकै गर्यो, **राष्ट्रनिर्माता**ले छाती फुलिरह्यो। गाउँछ गीत नेपाली, बैसाख आदि कविता माधव घिमिरेका हुन् भन्ने थाहा नपाई ओठैमा बसेका थिए। छन्दले भावहरूलाई बाँधेर जीवन्तता दिँदै एक शतक युगलाई नायकत्व प्रदान गर्ने कवि माधव घिमिरेलाई कहिलेदेखि पढेँ या बुझेँ भनी ठम्याउन कठिन छ। चेतना हुँदादेखि नै घरमा **मुनामदन**सँगै **गौरी** भेटिइरहन्थिन्। एउटा सिङ्गो काव्यिक युगको बागडोर थामेर छन्दमय मिठासले भावनाको सत्ता हाँकिरहेका युग नायकसँग साक्षात्कार गर्ने रहर कसको नहोला! युगद्रष्टा र

युगस्रष्टाले हाँकेको समयको मिठासमा सरस बन्न पाउनु पाठकको भाग्य नै हो भन्छु म। राष्ट्रप्रतिको समर्पण प्राय सबै कविमा हुन्छ नै। देश दुख्दा नदुख्ने कवि, देश ढुकढुकीमा नभएको कवि हुनै सक्दैन् र जतिसुकै प्रगतिका कुरा हुन्, विद्रोहका कुरा हुन्, क्रान्तिका कुरा हुन् यी व्यवस्थासँग सम्बन्धित हुन्छन् तर देश त स्पन्दन भएर मुटु मै बसेको हुन्छ। राष्ट्रलाई ढुकढुकी नै मान्छन् कविहरू तर पनि नेपाली राष्ट्रियतालाई काव्यका माध्यमबाट मनमनमा सम्प्रेषण गराएका छन् भनेर घिमिरेलाई राष्ट्रकवि भनिएको छ। राष्ट्रवादी धारालाई प्राण दिँदै नेपालको चिनारी पस्केर अक्षर अक्षरमा राष्ट्रप्रेम, राष्ट्रियता, चिनारी लय र इतिहासलाई जीवन्त पार्दै अमर बनेका कविको अभाव महसुस गरिरहने छ युगले, गरिरहनेछु म। युगद्रष्टा र युगस्रष्टाले हाँकेको समयको लगामको स्मृति आलो आलै छन्। जीवन स्मृति नै हो कुनै न कुनै समयको तर सबैको स्मृति कालजयी नहुन सक्छ अथवा अमर स्मृतिको अहोभाग्य सबैलाई हुन्न। **गौरी, राजेश्वरी, पापिनी आमा** आदिको करुण रसमा बग्दैबग्दै प्रिय कविलाई सम्झँदैछु यिनै अक्षरहरूमा, गर्दै दीर्घ साधनाले पाएको अमरतालाई सलाम !

अरू पनि धेरै प्रियकवि झैँ माधव घिमिरेलाई पढेर नै सकिएका थिए स्कुल र कलेज। गाउँछ गीत नेपाली ओठैमा बसेको थियो। कयौँ कविता गीत घिमिरेका हुन् भन्ने थाहा नै नपाई कण्ठस्थ थिए। स्नातकोत्तरको दोश्रो वर्ष चल्दै गर्दा २०६१ /६२ तिर देवकोटा प्रतिष्ठानका अध्यक्ष आदरणीय गुरु शैलेन्दुप्रकाश नेपाल देवकोटा सम्मान कार्यक्रम राख्नुभएको थियो। प्रमुख अतिथिमा माधव घिमिरे हुनुहुन्थ्यो। पहिलो पटक स-शरीर नजिकबाट भेटने अवसर मिल्यो। सिँढी चढ्न र ओर्लन सहयोग चाहिए पनि उहाँको मुहारमा एक प्रकारको ओज थियो, चमक थियो। हातहरू कलिला देखिन्थे। सरल र सरस घिमिरेसँग भेट गर्न र फोटो खिच्न मात्र पाउँदा पनि **गौरी**लाई भेटेर शान्ति र कान्तिलाई सुम्सुम्याएको अनुभूति भयो। **राजेश्वरी**लाई हेलम्बुमै रोकिराखेझैँ भयो। यति साह्रै मनमनमा लयलयमा बसेका कविलाई भेटन पाउँदा साँच्चै रमाइलो भएको थियो। पछिसम्म पनि कविसँग उभिएको फोटो देख्दा यसै मन गौरवान्वित, करुण र सरस बनेर आउँथ्यो।

जिन्दगीका आफ्नै व्यस्तताहरू थिए। कहिले भावमा बग्न भ्याइएन, कहिले स्मृतिमा उभिन पाइएन। काव्यकै वर्षा गराउँछु भन्दै आउने अनुभूतिहरूमा निथ्रुक्क भिज्न पाइएन। समयको लछारपछारमा आफ्नै कविता छुट्यो, पोखियो र छरियो। घिमिरेका बाँध बाँधेका सरस र सुन्दर काव्यिक कुण्डमा रमाउने म तर मेरा भने नदीजस्तै जतातते बग्ने असरल्ल भावहरू शब्दहरू।

कलमलाई कति उपेक्षा गर्नु भनेर यताउता छरिएका भावनालाई सङ्ग्रहको रूप दिनुपर्यो भनेर गुरु शैलेन्दुप्रकाशलाई अनुरोध गरेँ। उहाँले २०६७ मा केही कविता लैजानुभयो र **छरिएका भावना** नामक कवितासङ्ग्रह प्रकाशित भयो। यसमा माधव घिमिरेले केही लाइन लेखिदिनुभएछ कविता पढेर, तर कविता लिएर मैले भेटेकी थिइन, शैलेन्दु सरले देखाउनुभएछ। माधव घिमिरेको सानु शुभेक्षा र समीक्षा पाउँदा मैले धन्य आभाष गरेकी थिएँ। पुनः एकपटक आफ्नै अनुभूति र कल्पना मिसाएर कागजी धर्तीमा उभिने जिद गर्यो रहरले र २०७३ तिर एउटा कपीमा ३५ वटा कविता बोकेर साथीसँग सोध्दै खोज्दै माधव घिमिरेको घरमा गयौँ। सेतो कुर्था सुरुवाल लगाएका घिमिरे ओजस्वी देखिनुहुन्थ्यो।

म बाँचेकै युगका एउटा सरस सिङ्गो युगलाई कविता देखाउन पाउँदा मेरो कलमलाई अरू ऊर्जा मिलेको थियो। तलमाथी गर्न गाह्रो भए पनि हामीलाई भेट्न तलकै कोठामा आउनुभएको थियो कवि। परिचय माग्नुभयो। हामीलाई भेटेर खुसी हुनुभयो। मैले आउनुको प्रयोजन बताएँ। उहाँले मेरा सबै कवितामध्ये आधाजसो पढनुभयो र आधा मलाई पढन लागाएर सुन्नुभयो। कविता पढिसकेपछि “तिमीले लेख्न सक्छौ, लेख मेरो आशीष छ” भनेर शुभेक्षा दिनुभयो। “यो दोस्रो खुड्किलो हो अझै माथिसम्म जानुपर्छ तिमीले तिमी जानसक्छौ” भनेर प्रेरणा दिनुभयो। भन्दाभन्दै रौसिएर खुसी हुँदै “म नारीवादी कवि हुँ। म तिमीहरूको कवि हुँ, हेर त **राजेश्वरी**, **गौरी**, **पापिनी आमा** आदि यी नारीलाई प्रतिनिधित्व गर्ने कृति हुन्” भनेर हाँस्नुभयो।

आफ्नो कलमको सफलताप्रति गर्व गर्दै, प्रेरणा दिँदै कविता र काव्यका कुरा धेरै गर्नुभयो। साक्षात्कारसहितका केही शुभेक्षा शब्दहरूको प्रेरणा बोकेर

हामी फर्कियौं । **कलम र म** कवितासङ्ग्रहमा ती प्रेरणा जीवन्त बनेर छापिए । माधव घिमिरे माधव घिमिरे नै भएर बाँचिरहेका थिए सतकको नजिक सरल र मृदुल । कहिलेकाहीँ चस्स कार्यक्रमको भिडमा देखे भेटे पनि सँगै बसेर कुराकानी गर्ने अवसर पनि समयले जुरायो ।

विद्यार्थीलाई 'नेपाली हामी रहौंला कहाँ नेपालै नरहे' पढाइरहँदा कविकै मुहारमा मन ठोक्किन्थ्यो, मुस्कानमा आँखा अल्झन्थे । कोरोनाले चिनलाई रोगी बनाउँदैछ भन्ने गाइँगुइँ सुनिए पनि हामी बेवास्ता गरेर नै बसेका थियौं । सतक भन्नु एउटा सिङ्गो युग हो । सिङ्गो युगको दर्शनमात्र पनि हामी काव्यमा रुचि हुनेलाई प्रेरणा हुन्छ । साथीहरू मिलेर गुरु शैलेन्दुप्रकाश नेपाललाई अघि लगाएर नितान्त भेटघाटको उद्देश्यले २०७६ फाल्गुन ५ गते पुनः एकपटक उहाँलाई भेट्न उहाँकै बासस्थान पुग्यौं । माथिल्लो तलामा दक्षिणपट्टिको कोठामा घामको पारिलोमा दुवैजना दम्पत्ति बस्नुभएको थियो । कविवरको मुहारमा पहिलेको जस्तो तेज थिएन गलेजस्तो देखिनुहुन्थ्यो । तर कुरा गराइमा जोस नै थियो । मैले ७३ मा निस्किएको कवितासङ्ग्रह दिएँ । कविताको किताव पल्टाएर पढनुभयो । फोटो खिच्ने बेलामा उहाँले ढाकाटोपी नै खोज्नुभयो । मैले फोटोमा हाँस्न अनुरोध गरेँ र हँसाएँ पनि । सबैले आ-आफ्ना कृतिहरू कविवरलाई दियौं । महाकाव्यमा काम गरिरहेको र अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । महाकाली आमाले पनि हामीलाई छोड्नु भएन । धेरैबेर कुराकानी भए, स्वास्थ्यका, लेखाइका, कविताका । उहाँले पूर्वीय र पाश्चात्य दर्शनका कुरा गरेर समयलाई बौद्धिक बनाउँदै छक्क पार्नुभयो । फेरि पनि "म नारीवादी कवि हुँ, म तिमीहरूको प्रतिनिधी गर्ने कवि हुँ" भन्न छुटाउनुभएन । चखेवाचखेवीजस्तो प्रेमिल जोडीले अझ दुई चार दशक धकेलोस् र काव्यिक ढुकुटीमा सह र हामीलाई ऊर्जा मिलिरहोस् भन्ने कामना गर्दै प्रशस्त कुराकानी र प्रशस्त फोटोहरूका साथ फर्कियौं ।

**ऋतम्भरा** महाकाव्य पढने उत्कण्ठा अहिले पनि उत्तिकै छ । चाँडै पढ्न पाएर सँधै एकरस वा एकनाश रहने सात्विक वृत्तिलाई ग्रहण गर्न पाउँ भन्ने अभिलाषा छ । कोरोनाले ठप्प पारेको जनजीवनको सुरुवातमै उहाँको महानिर्वाणले

साह्रै दुःखी बनायो । नेपाली काव्य ढुकुटीको सह गएको अनभूत भयो । अन्तिम भेट त्यही होला भनेर कल्पना गरिएको थिएन । संसार तहसनहस भैरहेको थियो । जीवन मृत्युसँग युद्धरत थिए। मानिसको अस्तित्व बचाउन लागिपरेको थियो विज्ञान । घरबाट निस्कने अनुमति थिएन । मानौँ जटिल परिस्थितिमा संसार मास्क लगाएर सास फेर्दैथियो । संवेदनाले हृदय भिजेको थियो ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको नेपालको सदस्यका नाताले कमिटीबाट समवेदना पुऱ्याउन पाए हुन्थ्यो भन्ने अभिप्रायअनुसार कमिटीका महासचिव ऋषभदेव घिमिरे र म सवारीको विशेष अनुमतिसहित अनेसास नेपाल च्याप्टरको प्रतिनिधी बनेर राष्ट्रकविको घर पुग्यौँ । शोकमा बस्नुभएका परिवार जन र घरबाहिर नै हासिँरहेको राष्ट्रकविको फोटोले मन चिसो बनायो । साहित्यका, कविताका, काव्यका, गीतका कुरा गर्ने, भेट्न आउने-जाने मान्छेको लर्कोले नछोड्ने कविको घर सुनसान प्रायः थियो । सह नै गएजस्तो, आभा हराएजस्तो कस्तो कस्तो ! मरण कस्तो, कसरी भन्ने कुरा कसैलाई थाहा नहुने रहेछ। परिस्थिति अनुकुल हुँदो हो त श्रद्धाञ्जली दिनेको भीड थाम्न सरकारले विशेष सुरक्षा व्यवस्था गर्नुपर्दथ्यो। संवेदना पत्र बुझाएर हामी फर्कियौँ, राष्ट्रकविका छोरा बुहारीलाई भेटेर । मन खाली खाली र उराठ दृश्य लिएर ।

बाँचेर मर्नु र मरेर बाँच्नु नितान्त फरक कुरा हुन् । जैविक दृष्टिले कविवर हामी माझ हुनहुन्न तथापि काव्यिक जीवन्ततामा अमर हुनुहुन्छ। सिङ्गो राष्ट्रकै तर्फबाट राष्ट्रकविको सम्मान पाउनुभएका नेपाली साहित्यको आधुनिककालीन इतिहासको सिङ्गो आयातन समेट्दै ससम्मान भौतिक जीवन व्यतित गरेर हामीमाझ रहनुभएन र पनि हामीसँगै हुनहुन्छ। एउटा अभिभावकजस्तो प्रेरणा, माया, आशीर्वादलाई समयले स्मरण गराइरहने छ, मनले स्मरण गरिरहने छ। मनमनमा बस्नुभएका कविवरलाई अन्तरआत्मादेखि नै श्रद्धाञ्जली अर्पण गर्दछु ।

*(काठमाडौं, नेपाल निवासी लेखक प्राध्यापन पेसामा संलग्न एवं अनेसास नेपाल च्याप्टरका सदस्य हुन्)*

# राष्ट्रकवि : पहिलादेखि अहिलेसम्म

*जन्म : १९७६ असार ७ गते मङ्गलबार*
*निधन : २०७७ भदौ २ गते मङ्गलबार*



रमण घिमिरे

'निकै बेर अभ्यास गरेपछि मात्र मेरो आवाज खुल्छ, प्रष्ट हुन्छ। उमेर र घाँटीको खराबीका कारण यस्तो भएको हो। उच्च आवाजमा बोलूँ भने त प्रष्ट हुन्छ तर यसो गर्दा रिसाएर गाली गरेजस्तो हुन्छ। म त्यो गर्दिनँ।'

त्यस बिहान राष्ट्रकवि माधव घिमिरे आफ्नो लयमा थिए। कुनै झिँजो नमारी बोलिरहे। उनले पहिलापहिला जस्तो समयको सीमा पनि तोकेनन्। मैले जे सोधेँ, त्यसको उत्तर फटाफट दिइरहे। यसरी मैले त्यस दिन उनको जीवनवृत्तिलाई संक्षेपमा रेकर्ड गर्ने अवर पाएँ। यो करिब तीन वर्षअघिको कुरा हो। त्यसअघि र त्यसपछि पनि उनीसँग पटकपटक कुरा भइरहे। विनाप्रयोजन खालि भेट्न मात्र जाँजा पनि म उनीसँग केही न केही नयाँ प्रसङ्गमा कुरा गरिहाल्थे। र सोधेका कुनै पनि विषयमा उनी धाराप्रवाह प्रवचन दिन्थे।

माधव घिमिरेको जन्म १९७६ साल असार ७ गते मङ्गलबार बित्दो चतुर्दशी र लाग्दो औँसीको बेलुका भएको हो। ग्रह नक्षत्र मिलाएर जुराउँदा उनको नाम टोपप्रसाद राखियो। लमजुङ बाहुनडाँडाको पुस्तुन गाउँमा लाहुरेको बाक्लो बसोवास थियो। त्यसैले त्यतिखेरै त्यहाँ उनीहरूले फौजमा जाँदा लाउने

टोप (छत्रेटोपी) पुगिसेको हुँदो हो । उनी अड्कल काट्छन्, त्यही टोपको नाममा उनको चिनामा टोपप्रसाद लेखियो । नत्र त तोयनाथ राखेको भए पनि त हुन्थ्यो । किनभने त्यस बेला टोपप्रसाद नाम अनौठो सुनिन्थो ।

गाउँघरमा मानिसको रङ, रूप, उचाइअनुसार कसैलाई काले, कसैलाई पुड्के, कसैलाई मसिने, कसैलाई बुङ्चे आदि बोलाउने छुट्टै नाम राख्ने चलन पछिसम्म पनि थियो । उनी सानोमा गोरो वर्णका थिए । त्यसैले उनलाई सेते भनेर बोलाइन्थ्यो । गाउँलेले माया गरेर बोलाउँदा उच्चारण गर्न नजानेर कसैले टोपे र कसैले माधौ पनि भन्थे । अलि पछि पुस्तुनमा एकजना संस्कृतका ज्ञाता तर पण्डितचाहिँ भइनसकेका पुण्यशील घिमिरे भन्ने व्यक्ति आइपुगे । एकदिन उनले सेतेले पढिरहेको एउटा किताब मागे र त्यसको गातामा सुन्दर अक्षरले नाम लेखिदिए- माधवप्रसाद । त्यसपछि उनको औपचारिक न्वारान भयो माधवप्रसाद घिमिरे ।

यसरी उच्चारणसम्म शुद्ध गर्न नसक्ने गाउँमा शिक्षाको स्थिति के थियो होला ? सहजै अनुमान गर्न सकिन्छ । त्यसमाथि त्यस गाउँमा घिमिरेले पढ्यो भने फाप्दैन, अनर्थ हुन्छ भन्ने अन्धविश्वासले जरा गाडेको थियो । तैपनि घरमा बिहानबिहान **वेद**, **चण्डी**, **रुद्री** पाठ गर्ने र पूजाआजा गर्ने चलन थियो । बेलाबेलामा पुराणहरूको पनि आयोजना हुन्थ्यो ।

सेतुको घरमा अर्का एकजना विद्वान् आएका थिए । उनी सम्भिन्छन् ती अलि टाठाबाठा व्यक्ति थिए । एक सन्ध्या सेतुले तिनको मुखारविन्दबाट पहिलोचोटि **रामायण**को कथा सुने । ती विद्वान्ले भने- 'रामचन्द्रले हनुमानलाई साथ लिएर समुद्र नाघे र लङ्कादहन गरे... ।' यो सुनेर उनलाई लाग्यो-बाफरे बाफ, यो त हुनै नसक्ने कुरा, काल्पनिक कथाजस्तो । गाउँमा पनि लामालामा पुच्छर भएका लङ्गुरे बादरहरू रुखका हाँगाहाँगामा सुरेली खेलिरहन्थे, घरका धुरीमा चढेर उपद्रो मच्चाइरहन्थे । सेतुको बालमनले भन्यो- मर्स्याङ्दी त तर्न नसक्ने यति सानो बाँदरले कसरी नाघ्यो होला त त्यति विशाल समुद्र ? उनलाई ती विद्वान्का कुरामा विश्वासै लागेन । उनले भनेका थिए- 'म यति अज्ञानी समाजमा हुर्केको मानिस थिएँ ।'

उनको बाल्यकाल गाउँका अरू आमबालकको जस्तो रमाइलोसँग बितेन । आमा द्रौपदीको निधन उनी दुई वर्षका पनि नहुँदै विसं १९७९ मा भयो । सगोल परिवार थियो । बडाबाको खुब हैकम चल्थ्यो । उनी जिम्मावाल भएकाले गाउँमै प्रभावशाली व्यक्ति थिए । बडाबाको हापदाप चलेपछि स्वभावतः बडीआमाको पनि त्यतिकै कडा शासन चल्थ्यो । उनीभन्दा एक महिनाले जेठा बडाबाका छोरा थिए, बोलाउने नाम कालु । बडाबा, बडीआमा आफ्नो छोरालाई माया गरेर कालु भनेर बडो लय हालेर बोलाउँथे तर उनलाई दुत्कारेर 'ए सेते' भन्थे । पिताजी टाढा जगराको लेकमा गोठमा बस्थे । त्यसैले उनलाई माया गर्ने पिताजीसँग पनि उनी टाढिएका थिए । उनले भनेका थिए-'बाली राम्रो अर्काको, बालो (सन्तान) राम्रो आफ्नो' भन्ने भनाइ मेरो बाल्यकालमा लागू भएको थियो ।' बडाबा, बडीआमाको बोली-व्यवहार अनि उनीहरूको हेराइमा पनि उनी करुणाको साटो क्रोध मात्र देख्थे । उनको बालमन भक्कानिन्थ्यो । 'मलाई पनि आफ्नै छोरालाई जस्तै स्नेह गरिदिए हुन्थ्यो नि !' भन्ने आशा टुसाउँथ्यो । उनलाई त बडीआमा नै आफ्नी आमा हुन् भन्ने लाग्थ्यो । तर बडीआमाले उनलाई कहिल्यै छोराको व्यवहार गरिनन् । अलिपछि उनलाई तिनी आफ्नी आमा होइन रहिछन् भन्ने थाहा पाएपछि उनी झन् आत्तिए । 'अहिले सम्झिँदा मैले त्यो व्यवहार मेरी आमा नभएका कारणले भोग्नुपरेको रहेछ' उनले भनेका थिए- 'त्यसैले आफ्ना छोरालाई बोलाउँदा बढो स्नेहिल बोलीमा सङ्गीत घोलेर 'बाबु कालु' भन्थे र मलाई बोलाउँदा हकारेर 'ए सेते' भन्थे ।'

उनलाई सधैँ आमाको धमिलो झझल्को आउँथ्यो । यद्यपि उनी आमाको ठ्याक्कै अनुहार त सम्झिन सक्तैनथे । तर गोरो अनुहारकी, घाँटीमा नीलो माला लगाएकी र बिरामी भएर ओछ्यानमा सुतेकी, 'बाबु ! आइज मेरो छेउमा बस् !' भनेर बोलाएजस्तो लाग्थ्यो । 'आफ्नै आमालाई सम्झेको हुँ कि अरूकै आमाको झझल्को मिसिएको हो म भन्न सक्तिनँ तर आमालाई सम्झिँदा यो स्वरूप मेरो कल्पनामा आउँछ,' उनले भनेका थिए ।

माधवका पिताजीले यो कुरा थाहा पाएछन् । यो सुनेर पिताजीलाई नरमाइलो लाग्नु स्वाभाविक थियो । टुहुरो सन्तान । आफ्नै दाजुभाउजूले हेलाँ गर्ने । अनि पिताजीले जगराको लेकबाट गाउँमा आएर बडाबासँग झगडै गरेछन् । भनेछन्- 'तिम्रो छोरोभन्दा बढ्ता मेरो छोरोले पढ्छ, मेरो छोरो तिम्रो छोरोभन्दा राम्रो छ, तिमीहरू किन दपेट्छौ सेतुलाई ?' दाजुभाइको यो इखाइले गर्दा पिताजीले माधव १२ वर्षको हुँदा हिँडाउँदै र पिठ्यूमा बोक्दै घरभन्दा १०-१२ कोस तलको दुराडाँडामा लगेर एउटा सामान्य पाठशालामा भर्ना गरिदिए। ठूलीआमाको घर थियो त्यहाँ । आमाको वियोगमा बडीआमाबाट नपाएको माया र स्नेह उनले त्यहाँ ठूलीआमाबाट पाए र पढ्न थाले । त्यस बेलाको गाउँको पढाइ नै के हुन्थ्यो ? ज्योतिष र गणित सिक्नुपर्ने । पात्रो पल्टाएर हिसाब निकाल्नुपर्ने, संस्कृतको पाठहरू घोक्नुपर्ने । दुराडाँडामा उनको खासै शिक्षा भएन । अक्षर त घरमै सिकेका थिए, त्यहाँ अलिअलि शब्दविन्यासहरू सिक्ने मौका पाए, यत्ति ।

उनी १४ वर्षका थिए खुदीबेनीकी गौरी पोखरेलसँग विवाह हुँदा, १९९० सालमा । गौरीको माइती निकै सम्पन्न थियो । विवाहपश्चात् सुसुरालीमै बसेर त्यहींको भाषा पाठशालामा उनले औपचारिक शिक्षा हासिल गर्न थाले । त्यहाँ उनले संस्कृतका **लघुसिद्धान्त कौमुदी**, **रघुवंश**, **हितोपदेश** आदि शास्त्रहरूको अध्ययन गरे ।

तर त्यहाँको शिक्षा पनि पर्याप्त थिएन । अनि १७ वर्षको किशोरवस्थामा १९९३ साल जेठ महिनामा शिक्षाको भोकले आकुल भएर तीन रुपियाँ ५० पैसा चोरर सुटुक्क काठमाडौँ आए र रानीपोखरीको संस्कृत पाठशालामा अध्ययन गर्न थाले । यहाँ पनि अपूर्ण शिक्षार्जनकका कारण उनी बनारस पुगे र त्यहाँको क्विन्स कजेजको अध्ययनबाट सर्वदर्शनमा शास्त्रीको परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे । आर्थिक अभाव र अन्य घरायसी झमेलाका कारण त्यसपछि उनको औपचारिक शिक्षाको निरन्तरमा पूर्णविराम लाग्यो । उनी काठमाडौँ फर्के ।

## काव्यसिर्जना

पिता गौरीशङ्कर सामान्य पुस्तक पढ्नसम्म जान्दथे तर लेख्न जान्दैनथे। पढ्न जानेकाले पिताजी तीर्थराज पाण्डेको **उपदेशमञ्जरी**का श्लोकहरू पाठ गर्थे। पिताजी यति मीठो स्वरमा लय हालेर श्लोकहरू पाठ गर्थे- माधव सुन्दासुन्दै भुसुक्क निदाउँथे। उनी भन्थे- पिताजीको **उपदेशमञ्जरी**को भाका नै उनको कविता-सिर्जनाको पहिलो प्रेरणा हुनपुग्यो। पिताजीले भाका हालेर कविता भट्याएको सुन्दा उनलाई पनि यसरी नै भाका हालेर भन्ने उत्सुकता मनभित्र पहिलोचोटि जाग्यो। उनले भनेका थिए- 'त्यसैको विस्तार हो मेरो कविता सिर्जना।'

गाउँको पूर्व-पश्चिमका अग्ला डाँडाका बीचबाट मर्स्याङ्दी छङछङाउदै बग्थ्यो। बिहान उठ्नेबित्तिकै पूर्वको डाँडामा रातो सूर्य झुल्किन्थ्यो र त्यसको सिँदुरे रेखाहरू तलतल झर्दै पश्चिमको डाँडामा फैलिन्थे। त्यो रेखा पछिसम्म पनि उनको कवितामा छुटेन भन्थे उनी। त्यसैले उनी आफ्ना कविता र गीतको थालनी गर्दा हिमालबाट थाल्थे। उनलाई ईश्वरले त्यस ठाउँमा जन्म दिएर त्यही सुनौलो रेखालाई लेख्न सुरु गर भनेजस्तो लाग्थ्यो। उनले भनेका थिए- ' अहिले अन्तिमअन्तिम पुऱ्याएको मेरो महाकाव्य **ऋतम्भरा** पनि त्यही रेखाहरूको भावबाट सुरु भएको छ। यो किन हुन्छ, मलाई अनौठो लाग्छ।'

खुदीबेनीमा अध्ययन थालेपछि उनलाई संस्कृत पढ्दा कताकता आनन्द लाग्थ्यो। यही बेला नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित नेपाली शिक्षा भाग- २, ३ र ४ उनको विद्यालयमा पुग्यो। सायद ती पुस्तकहरू मेधावी विद्यार्थीलाई पुरस्कार दिनका लागि झिकाइएका हुँदाहुन्। त्यहाँ लेखनाथ पौड्यालका कविता पनि थिए। तिनमा वसन्त ऋतुको वर्णन बढो रोचक शैलीमा गरिएको थियो। ती कविता पढेपछि पहिलोपटक उनलाई कविता भनेको लेखिने कुरा रहेछ भन्ने थाहा भयो। अनि उनले त्यहीँ बसेर एउटा कविता लेखे तर त्यसको छन्द मिलेको थिएन। अनि उनले आफ्ना शिक्षक पण्डित नारायणप्रसाद घिमिरेलाई त्यो कविता देखाए। घिमिरे सम्झिन्थे- 'मेरो त्यो कविता पढेपछि तिनले भने, 'ए बाबु ! तिमी कविता राम्रै लेख्दा रहेछौ तर यसको दोस्रो पङ्क्तिमा

अलि मात्रा मिलेको छैन । यसको नियम यो हो' भनेर उनले पहिलोपटक मलाई वसन्ततिलका छन्दको नियम सिकाइदिए । अनि मैले फेरि लेखेँ, फेरिफेरि लेखेँ । **रामायण**को एउटा श्लोक पक्डेर त्यसैको भाकामा लेख्न थालेँ । यसरी मेरो काव्यसिर्जना  आरम्भ भयो ।'

लेख्ने कुरा के थियो र ? उनीभित्र शोकैशोक थिए । आमा नहुनुको वेदना, पिताजीसँग छुट्टिनुको पीडा, आफू खेलीबडी हुर्केको गाउँ छोड्नुपर्दाको तिक्तता । यी सबै विरहहरू शब्द र छन्दमा साउने भेलजस्तो भएर पोखिए अनि उनको पहिलो काव्यसिर्जना जन्मियो- **ज्ञानपुष्प** । त्यसपछि १९९४ मै **नवमञ्जरी** उनको पहिलो काव्यसङ्ग्रह प्रकाशित भयो । पछि आफ्नी प्रिय अर्धाङ्गिनी गौरीको पनि २२ वर्षकै उमेर (२००४) मा निधन भएपछि यो वेदना र सन्ताप अझ गहिरो भएर उनको कवि मनलाई हल्लाउन पुग्यो । अनि सिर्जना भयो- **गौरी** शोककाव्य । र, माधव घिमिरेलाई एक सशक्त कविका रूपमा स्थापित गराउने सिर्जना यही **गौरी** हुनपुग्यो । यस काव्यलाई झिकिदिने हो भने उनको काव्यकारिता अधुरो हुन्छ । यसको प्रकाशन पनि **शारदा** पत्रिकामा खण्डखण्ड कविताको रूपमा छापिँदै पछि २०१५ सालमा **गौरी** खण्डकाव्य पुस्तकका रूपमा देखापऱ्यो । त्यसपछि काव्यतर्फ **राजेश्वरी**, **राष्ट्रनिर्माता**, **इन्द्रकुमारी**, **चैत–वैशाख**, **राहुल–यशोधरा**, **किन्नरकिन्नरी**, **पापिनी आमा**, गीतिनाटकहरू- **देउकी**, **शकुन्तला**, **मालती–मङ्गले**, **विषकन्या**, **अश्वस्थामा**, **हिमालपारि हिमालवारि**, **इन्द्रकुमारी**, **गौँथली** र **गजधम्मे**, लेख-निबन्धसङ्ग्रहहरू– **आफ्नै बाँसुरी आफ्नै गीत** र **चारू चर्चा** अनि कथासङ्ग्रह- **मनचिन्ते मुरली** आदि उनका प्रकाशित कृति हुन् ।

उनको महाकालीसँग २००५ सालमा दोस्रो विवाह भएको हो ।

माधव घिमिरेलाई कविको रूपमा पहिलोपटक परिचित गराएको हो, एउटा कविताले । २००४ सालमा काठमाडौँको सरस्वती सदनमा पहिलोपटक तीनदिने ऐतिहासिक कविगोष्ठीको आयोजना भएको थियो, महाकवि लक्ष्मीप्रसाद देवकोटाको सभापतित्वमा । त्यहाँ उनले पाठ गरेको कविता थियो-

**नेपालीलाई डाक्ला विगुल धरहराबाट कुर्ली कमाल**
**प्यारीले बाँधिदेलिन् झटपट खुकुरीमाथि रातो रुमाल**

यस कविताले उनलाई प्रथम बनायो। त्यसपछि कवि घिमिरे नेपाली काव्यजगत्मा नयाँनयाँ बान्की र शैलीहरू थप्दै स्थापित भए। यद्यपि उनले महाकवि देवकोटाभन्दा अघि १९९८-९९ तिरै **गोविन्द** महाकाव्य लेख्न सुरु गरेका थिए तर यो महाकाव्य पूरा हुन सकेन। त्यसपछि महाकाव्य सिर्जनामा उनको यात्राले फेरि गति समात्न सकेन। र, अब प्रकाशित हुने **ऋतम्भरा**ले उनको महाकाव्यको धोको पूरा गर्नेछ। महाकाव्य लेख्ने अतीव उत्कण्ठा भए पनि उनले आफ्नो जीवनको उत्तरार्धमा मात्र यो पूरा गरे तर पुस्तकका रूपमा यसका पाना पल्टाउनुअघि नै उनी यस लोकबाट विदा भइसकेका छन्।

पिताजीको श्लोकगायनबाट उनी प्रभावित त भएकै थिए। अलिपछि जब कविता कोर्न थाले अनि उनलाई लेखनाथका कविता र पाण्डेको **उपदेशमञ्जरी**ले औधी प्रभाव परेको बताउँथे उनी। त्यसपछि उनलाई कवितामा प्रभाव पारे रविन्द्रनाथ ठाकुरको **गीताञ्जली** र कालीदासका महाकाव्यले।

## जीवनवृत्ति

१९९३ को जेठमा राजधानी पसेपछि उनी 'नेपाली भाषानुवाद परिषद्' मा १९९८ देखि 'लेखकको जागिर गर्न थाले। उनी २००१ देखि ००४ सम्म **गोरखापत्र** साप्ताहिकमा पनि लेखकका रूपमा जागिरे भए। त्यसपछि २००४ सालमै शिक्षकको तालिम लिएर २००५ देखि आफ्नै जिल्ला, लमजुङको 'आधारस्कुल' मा अध्यापन गर्न थाले। उनले त्यहाँ २००८ सालसम्म शिक्षण गरे। त्यसपछि फेरि काठमाडौँमै आई उनी ००९ देखि ०१४ सालसम्म शिक्षक प्रशिक्षण केन्द्र र कलेज अफ एजुकेसनमा कार्यरत रहे। यस बीचमा **गोरखापत्र** साप्ताहिक र नेपाली भाषा प्रकाशिनी समितिमा पण्डित (सम्पादक) को पदमा पनि केही समय काम गरे। २०१४ सालमा तत्कालीन रोयल नेपाल एकेडेमीको स्थापना भएपछि सदस्यका रूपमा आवद्ध हुनपुगे। उनले भनेका थिए- 'त्यसपछि मेरो जीवनबाट आर्थिक सङ्कट परपर हुँदै गयो र दसतिरको जागिरमा भौँतारिनुपर्ने अवस्थाबाट मुक्त हुन पुगेँ।' माधव घिमिरे मात्र यस्ता एक यस्ता प्राज्ञ हुनपुगे, जसले रोयल

नेपाल एकेडेमीबाट सदस्यको रूपमा सुरु गरेको प्राज्ञिक यात्रा समयक्रममा यसको नाम रूपान्तरित हुँदै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र पछि नेपाल प्रज्ञा-प्रतिष्ठान हुँदासम्म यिनी त्यहाँ निरन्तर आवद्ध भइ नै रहे र कुलपतिमा पुगेर बिट मार्न पुगे। यस क्रममा उनी ०२८ मा आजीवन सदस्य, ०३७-४५ सम्म उपकुलपति र २०४५-४७ सम्म प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च पद कुलपतिसम्म भएर निवृत्त भए। यसअतिरिक्त २०१३ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको अगुवाईमा स्थापित 'काव्यप्रतिष्ठान' द्वारा प्रकाशित **इन्द्रेनी** पत्रिकामा पनि सम्पादक भए।

**गौरी** खण्डकाव्यकै कारण राजा महेन्द्रले तपाईंलाई रोयल नेपाल एकेडेमीमा एकैचोटि सदस्य बनाए भन्ने चर्चा सुनिन्थ्यो, के यो सत्य हो ? त्यस भेटमा राष्ट्रकवि माधव घिमिरेसँग मैले यो जिज्ञासा राखेको थिएँ। उनले यसलाई स्वीकार गरेका थिए। उनको भनाइमा महेन्द्रले **गौरी** पढेर समभाव राखेछन्। उनको हृदय करुणाले भरिएछ। 'त्यसैले म एकेडेमी पुग्नुको कारण **गौरी** पनि हो', उनले भनेका थिए, 'तर म चाकरी गरेर त्यहाँ पुगेको होइन। मप्रति नेपालका तत्कालीन दुई महान् व्यक्तिहरू महेन्द्र र विश्वेश्वरप्रसाद कोइरालामा समान प्रभाव परेको छ। तिनीहरूलाई यसरी एकै किसिमको प्रभाव पर्नुको कारण मेरो काव्यको कारुणिकता हो।'

## मालती–मङ्गले, नारायणगोपाल र अम्बर गुरुङ

राष्ट्रकवि माधव घिमिरेलिखित गीतनाटक **मालती–मङ्गले**ले अघिल्ला नाटक-मञ्चनका सबै कीर्तिमान भत्काएर राजादेखि रङ्कसम्म समान रूपले लोकप्रिय हुनपुग्यो। नाटकमा घिमिरेद्वारा करुण रसमा वर्णित दास-दासीको कथाले धेरैका आँखा रसाएका थिए। रानी ऐश्वर्यसमेत यो नाटक हेरेर सेतो रुमालले आफ्नो आँसु पुछिन्। मञ्चन हुनुअघिको प्रसङ्ग पनि यो गीतिनाटकजस्तै करुणिक र मार्मिक छ। यस गीतिनाटकलाई प्रदर्शनीको मेलोमा ल्याउनै वर्षौं लाग्यो। सुरुमा यसको गीत नारायणगोपाललाई गाउनका लागि राजी गराउनै नाटककार घिमिरेले धेरै कसरत गर्नुपऱ्यो। उनले भनेका थिए- त्यस बेला अम्बर गुरुङ र नारायणगोपालबीच खटपट परेको थियो। धेरै समयदेखि उनीहरूबीच संवाद नै भएको थिएन। घिमिरेले नारायणगोपालको घरमै गएर विनम्र अनुरोध

गरेपछि मात्र नारायणगोपालले 'मङ्गले' को भूमिकामा गाउन स्वीकृतिमा शिर हल्लाएका थिए। तर त्यसपछि पनि अर्को व्यवधान बाँकी थियो- नारायणगोपाल र तारादेवीबीचको कटाक्ष सम्बन्ध। नाटककार घिमिरे र सङ्गीत-निर्देशक अम्बर गुरुङ र नाटक-निर्देशक वसन्त श्रेष्ठहरूले धेरै प्रयत्न गर्दा पनि यिनीहरूबीच मिलाप गराउन सकेनन्। नारायणगोपाल र तारादेवी आपसमा बोल्ने कुरा त परै जाओस्, सँगै उभिएर गाउन पनि तयार थिएनन्। त्यसैले नारायणगोपाल र तारादेवीका बीचमा एकअर्कालाई नदेख्ने गरी एउटा हरियो पर्दा टाँगेर प्रज्ञा-प्रतिष्ठानमा **मालती–मङ्गले**का गीतको रेकर्ड गरियो।

एक महिनाभित्रमा यसको ख्याति दरबारसम्म पुग्यो। २०४२ जेठमा सुरु भएको यो नाटक हेर्ने भनेर असारमै दरबारबाट सूचना आयो। दुई घन्टाको नाटकलाई छोट्याएर ८९ मिनेटमा झारियो।

अनि राजारानीको सवारी चल्यो नाटक  हेर्न। नाटकको भावमा डुबेर रानी ऐश्वर्यले सेतो रुमालले आँसु पुछिन्। भोलिका अखबारमा राजारानीले **मालती–मङ्गले** हेरेर खुसी भई एक लाख रुपियाँ बक्सिस दिएको समाचार छापिएपछि फेरि त्यस गीतिनाटकको प्रदर्शनी निरन्तर भयो। राजधानी र मोफसलमा मात्र होइन विदेशमा पनि यसको भव्य प्रदर्शनी भयो। अनि **गौरी**पछि माधव घिमिरेलाई लोकप्रिय बनाउने कृति यही **मालती–मङ्गले** हुनपुग्यो।

आजीवन सिर्जनामा तल्लिन राष्ट्रकवि माधव घिमिरे लामो अस्वस्थतापछि ३ भदौ, २०७७ साँझ नेपाल र नेपालीबाट पार्थिव रूपमा सदाका लागि बिदा भए। तर उनी नेपाल र नेपाली रहँदासम्म उनको कविताझैं जीवित रहने छन्।

**नेपाली हामी रहूँला कहाँ नेपालै नरहे**
**उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे।**

*साभारः अक्षरङ्ग, ३ भदौ २०७७*

*(काठमाडौं, नेपाल निवासी लेखक नेपाली वाङ्मय जगत्‌का सिद्धहस्त साहित्यकार हुन्)*

# मैले चिनेका राष्ट्रकवि माधव घिमिरे



**राम खत्री**

राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यू एक शताब्दी लामो सुखमय जीवनयापन गरी २०७७ साल भाद्र ३ गते परलोक लाग्नुभयो। जन्मपछिको मृत्युको शास्वत सत्यलाई उहाँले बुझ्नु भएको थियो। उहाँले चाहेको जस्तो मृत्युबरण गर्नुभयो।

वि.सं २०२४/२५ तिर म आफ्नो गाउँको प्राथमिक स्कुल छोडेर भरखरै खुलेको आधा घण्टाजति टाढाको स्कुलमा गएँ। सबै कक्षाहरू दश बजे सुरु हुन्थ्यो। सबै विद्यार्थी पन्ध्र मिनेटअगाडि पुगेर स्कुलको आँगनमा उभिएर प्रार्थना गर्ने चलन थियो। प्रार्थनामा गाइने गीत थियो – "गाउँछ गीत नेपाली, ज्योतिको पङ्ख उचाली, जय जय नेपाल सुन्दर शान्त विशाल"। सुन्दासुन्दै केही समयपछि यो गीत कण्ठ भइहाल्यो। त्यतिबेला यसलाई कसले सिर्जना गऱ्यो ? चासोको विषय नै भएन। स्कुलकै समयमा मेरो एउटा मित्रले एउटा सानो पातलो किताब ल्याएर एकदम मन छुने कविता वाचन गरेर सुनाए। त्यो पुस्तक उनलाई कण्ठै पनि रहेछ। मैले मागेर हेरेँ त्यो त माधवप्रसाद घिमिरेको **गौरी** रहेछ। मलाई पनि मन पऱ्यो। मैले मागेर पढेँ। पढेँमात्र होइन मलाई पनि कण्ठ भयो। कयौँ वर्ष बिते उक्त पुस्तक नछोएको अझै केही लाइन कण्ठ छन्।

कलेज गइसकेपछि नेपाली विषयमा गीत, कविता, उपन्यास र नाटकलाई बेग्लाबेग्लै विश्लेषणात्मक रूपमा पढ्नुपर्ने भएकोले माधवप्रसाद घिमिरेको **राष्ट्रनिर्माता** पढ्नुपऱ्यो। त्यतीबेला मलाई थाहा भयो, माधवप्रसाद घिमिरे त ठूला कवि रहेछन्। उहाँका सबै गीत, कविता सरल, सरस तथा मन छुने हुँदारहेछन्। **राष्ट्रनिर्माता** तत्कालीन राजनैतिक पृष्ठभूमिमा तयार भएको खण्डकाव्य हो। यद्यपि यसको भावना तथा यसको मर्म संसारका सानाठूला सबै राष्ट्र तथा राजनीतिज्ञहरूले मनन गर्नुपर्ने वास्तविकता हो। मैले तीन-चार पटक दोहऱ्याएर पढेको पुस्तकचाहिँ **आफ्नो बाँसुरी आफ्नै गीत** हो। यो उहाँको निबन्धसङ्ग्रह हो। छोटाछोटा निबन्धहरूको सँगालो हो यो पुस्तक। मलाई कस्तो लाग्छ भने साहित्य लेखनमा रुचि राख्ने मान्छेले यो पुस्तक एक पटक ध्यानपूर्वक अध्ययन गऱ्यो भने ऊ आफैं उच्च कोटीको साहित्यकार बन्न सक्छ।

उहाँको **मालती–मङ्गले** गीतिनाटकले काठमाडौंमा प्रसिद्धि कमाएपछि उहाँलाई एकपटक भेटने इच्छा भएको थियो। आफू साहित्यको बाटोमा नलागेकोले होला खोजी गर्दै पछि लाग्न सकिएन। इच्छा इच्छै रह्यो।

समय बित्दै गयो। हामी न्युयोर्कमा आयौं। उहाँको कान्छी छोरी ज्योति पौडल र ज्वाईं बद्री पौडलसँग हाम्रो सामीप्यता बढ्यो। ज्योतिको परिवारसँग हामी नजिकियौं। नेपालमा प्रसिद्धि कमाएको **मालती–मङ्गले**ले न्युयोर्कमा मन्चन गर्ने मौका पाउने भयो। स्वर्गीय माधवप्रसाद घिमिरेज्यूसमेत न्युयोर्कमा आउने खबर आयो। उहाँलाई भेट्न पाउने आशामा मभन्दा बढी उहाँको फ्यान मेरी पूरोधिका गीता खत्री अझ बढी खुसी भइन्।

गीताजी त **मालती–मङ्गले**बाट प्रभावित भएर उस्तै परिवेशको गीतिनाटक लेखेर प्रकाशित गर्ने तयारीमा थिइन् उतिबेलै। दुर्भाग्यवश बसाइसराइको चपेटामा पाण्डुलिपि हरायो। गीताजीको गीतिनाटक लेख्ने धोको, त्यो रहर बल्ल २०७० सालमा दिदी इन्दिरा प्रसाईंको सामीप्यतामा पुगेपछि पूरा भयो। उहाँको प्रेरणाले

**आमा हुन आमा** गीतिकाव्य तयार भयो र मन्चनको तयारी पनि सकिएको छ। कोरोना महामारीले प्रर्दशनी रोकिएको छ।

माधव घिमिरेज्यू आमा महाकालीकासाथ न्युयोर्क आउने खबरले हामी एकदम खुसी भयौँ। **मालती–मङ्गले** हेर्नेभन्दा पनि उहाँलाई भेट्ने हाम्रो हुटहुटी थियो। **मालती–मङ्गले**को प्रर्दशन सकियो। हामी उहाँलाई घरमै भेट्न गयौँ। हामीलाई आफ्नै छोराछोरीकै व्यवहार गर्नुभयो। गीताजीलाई साहित्य सिर्जनाको आशीर्वाद र लेख्ने प्रेरणाका शब्दहरू दिनुभयो। गीताजीको रहर पनि पुग्यो। मेरो भेट्ने रहर पनि पूरा भयो। भगवान्ले चाहे मान्छेले गरेका सबै राम्रा इच्छाहरू पूरा हुने रहेछन्। त्यसपछिका दिनहरूमा हामीले उहाँहरूलाई आफ्नै बाबुआमाको स्थानमा राखिरह्यौँ। नेपाल गएपछि जहिले पनि उहाँलाई भेट्न पुग्थ्यौँ। एक पटकको भेट्मा उहाँले मलाई "मेरो नयाँ पुस्तक **चारुचर्चा** निस्केको छ लिएर जानुहोला" भन्नुभयो। मैले तुरुन्तै गएर किनेँ। नेपालको छोटो बसाइमा पढ्न भ्याइने कुरै भएन। तर त्यसलाई मैले हवाईजहाजभरिको यात्रामै सकेँ। कविको लामो अनुभव र खारिएका विचारहरूको निबन्धात्मक सँगालो रहेछ। कुनै छोटा कुनै लामा। यसलाई पढ्ने मात्र होइन यसलाई मनभित्र सधैँ राखिरहनु पर्ने र आवश्यक परेका बेलामा जीवनका लागि उपयोगी बनाउँदा जीवन अझ सरल र सुखमय बन्न मद्दत हुने विचारहरू पोखिएका रहेछन्। दुवै निबन्धहरू **आफ्नो बाँसुरी आफ्नै गीत** र **चारुचर्चा**ले प्रभाव गरेको भावलाई लेखनयात्रामा लागिसकेका वा सुरु गरेका तथा सबै मान्छेले आआफ्नो जीवनमा प्रयोग गर्दा सबैको मानवीय विचार उच्च हुने कुरामा मलाई विश्वास लागेको छ।

उहाँसँगको हाम्रो अन्तिम भेट उहाँको एक सय वर्षको जन्मोत्सवका अवसरमा काठमाडौंमा भएको थियो। उहाँ महाकाली आमासहित ठूलो मेचमा बसिराख्नुभएको थियो। उहाँको समीपमा पुग्न हामीलाई करिब एक घण्टाजति लाइनमा बस्नुपऱ्यो। बिहान दश–एघार बाजेबाट सुरु भएको जन्मोत्सव कार्यक्रममा हामी चार बजे पुग्दा पनि उस्तै लाइन थियो। हामीले सोच्यौँ, कति

गाह्रो भयो होला उहाँलाई ! सय वर्षको उमेरमा दिनभरि हजारौँ मान्छेलाई सम्भँदै उनीहरूको नामले बोलाउँदै उनीहरूलाई आशीर्वाद दिँदै उनीहरूको शुभकामना लिँदै गर्दा । हामीलाई के लागेको थियो भने यत्रो भीडमा यति लामो समयसम्म बुढाबुढी थाकिसके होलान् । हामीलाई चिन्न पनि सक्दैनन् होला । हाम्रो पालो आयो । गीताजीले आशीर्वादका लागि टाउको निहुराइन् । उहाँले भन्नुभयो– "गीता छोरी ! तिमी पनि आइपुग्यौ, कहिले आयौ ? मेरो आशीर्वाद छ । आफ्नो सिर्जना कहिले नरोक्नू मेरो आशीर्वाद" भनेर टाउकोमा हात राख्नुभयो । मैले पनि टाउको निहुराएँ । उहाँले 'आशीर्वाद' भन्नुभयो । फोटा लिन पनि बडो भीड थियो । बल्लबल्ल एउटा फोटो बद्री पौडलज्यूले लिइदिनुभएछ । फोटो त अरूलाई देखाउने न हो तर हामीले उहाँलाई यो अवसरमा भेटेर आशीर्वाद लिएको कुरा मनमा फोटोभन्दा बलियो भएर रहने नै छ ।

हामीले नेपाली भाषा, साहित्यका महान् हस्तीहरू भानुभक्त आचार्य, मोतिराम भट्ट, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा बालकृष्ण सम अनि सुधपालाई देख्न त सकेनौँ तर हाम्रै युगका महान्, सरल र लोककवि, राष्ट्रकवि माधवप्रसाद घिमिरेलाई भेट्न पायौँ, देख्न पायौँ । उहाँको आशीर्वाद पायौँ । यसमा हामी आफूलाई गर्व भएको महसुस गर्छौँ ।

अनेसासको प्रकाशन **दपर्णले** राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क प्रकाशित गरेर उहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न लागेको एकदम राम्रो काम हो । यसका प्रमुख सम्पादक वरिष्ठ साहित्यकार लालगोपाल सुवेदी भाइ तथा सम्पूर्ण सम्पादक समूह प्रशंसाका पात्र हुनुहुन्छ ।

*(न्युयोर्क, अमेरिका निवासी लेखक अनेसासका केन्द्रीय सल्लाहकार एवं अनेसास बोर्ड अफ ट्रष्टीका सदस्य हुन्)*

# प्रेरक व्यक्तित्व: माधवप्रसाद घिमिरे



रामकुमार पण्डित क्षत्री

राष्ट्रकवि माधवप्रसाद घिमिरे प्रेरक व्यक्तित्वका धनी हुन् । हुन त सरकारले राष्ट्रकविको उपाधी दिएर उनलाई मात्रै राष्ट्रकवि बाँकीलाई चाहिँ अराष्ट्रकवि बनाएकोप्रति व्यङ्ग्य गर्ने प्रतिष्ठित साहित्यकारहरू पनि भेटिन्छन् । खैर यो विषयलाई छोडिदिउँ । यहाँ उनका केही प्रेरणामयी व्यवहार र भनाइलाई उल्लेख गर्ने जमर्को हुँदैछ ।

जब युवावस्थामै आफ्नी पहिलो पत्नी गौरीको अल्पायुमै मृत्यु भयो, राष्ट्रकवि शोकाकुल भए । उनले त्यो शोकलाई शक्तिमा बदल्दै **गौरी**जस्तो शोककाव्य लेखेर मानिसहरूलाई एउटा प्रेरणा दिए । उनले कुनै पनि रचना लेख्नासाथ प्रकाशन गर्न हतारो नगर्ने बताउँथे । लामो समयसम्म त्यो रचनालाई ओर्काइफर्काइ गरेर पाठकीय भएको ठहर भएपछि मात्रै उनले त्यो रचना प्रकाशन गर्दथे । त्यस्तै लेख्न रुचि हुने सिकारु साहित्यकारलाई उनी निरन्तर लेखिरहन सुझाव दिन्थे । सुरुमा खहरे खोलाजस्तै हुने, कहिले फुर्छ फुर्छ भन्ने ठेगान हुँदैन तर हात बसेपछि नदीजस्तै रचनाहरू अटुट र अविरल फुर्दछ भन्ने उनको भनाइ थियो ।

कालजयी गीतहरूका रचनाकार उनले वास्तविक मृत्युभन्दा केही वर्षअघि आफू नमरीकनै मरेको भन्ने झुठो मृत्युको हल्लालाई सजिलै पचाइदिए। उनले त्यस हल्लालाई सकारात्मक रूपमा लिएर आफू नमरीकनै मरेपछि देखिने मानिसहरूको प्रतिक्रिया देख्न पाएको भाग्यमानीको रूपमा अनुभूति गरे। सामान्य मान्छे भएको भए त्यसलाई नकारात्मक भावमा लिएर या त त्यो हल्ला फैलाउनेप्रति प्रतिकार गर्थ्यो या आफैँ कुण्ठित हुन्थ्यो। तसर्थः यस घटनाले हामीलाई सकारात्मक सोच गरेमा जुनसुकै वा जस्तोसुकै कठिन घडीलाई पनि सजिलै पचाउन सकिन्छ भन्ने प्रेरणा मिल्दछ। राष्ट्रकविका यीबाहेक अरू थुप्रै प्रेरणाका घटनाहरू पाउन सकिन्छ। आजलाई यत्ति नै।

*email: eradhe.ram@gmail.com*

*Mobile: 9841416807*

*(नेपाल निवासी लेखक वरिष्ठ साहित्यकारका रूपमा परिचित छन्।)*

# खण्डकाव्यकार माधवप्रसाद घिमिरे र राजेश्वरी खण्डकाव्य



डा. रामप्रसाद ज्ञवाली

## १. खण्डकाव्यकार माधवप्रसाद घिमिरे

खण्डकाव्यकार माधवप्रसाद घिमिरे एक सय एक वर्षको दीर्घजीवन बाँचेर आठ दशकभन्दा बढी अवधि नेपाली साहित्यको सेवा गर्ने विशिष्ट साहित्यिक प्रतिभा हुन्। यस लामो साहित्ययात्रामा उनी सदैव समयका चापहरू सुन्दै आफूलाई तदनुकूल ढालेर अगाडि बढे तर आफ्नो मूल राजमार्ग कहिल्यै त्यागेनन्। उनको जन्म जन्म १९७६ साल आश्विन ७ गते लमजुङ जिल्लाको बाहुनडाँडास्थित पुस्तुन गाउँमा भएको हो। माता द्रौपदीदेवी घिमिरे र पिता गौरीशङ्कर घिमिरेका सुपुत्रका रूपमा जन्मेका उनी सानैमा टुहुरा भए। ३ वर्ष पूरा नगर्दै आमाको देहान्त भयो र मातृवात्सत्यबाट वञ्चित भए। उनलाई त्यस समयको सापेक्षतामा शिक्षित परिवार प्राप्त थियो। त्यसैले सानैदेखि शिक्षा लिने अवसर प्राप्त गरे। ६ वर्षको उमेरमा अक्षरारम्भ गरेका उनले यसै समयदेखि चण्डी र दुर्गाकवच पढ्न सुरु गरे। ८ वर्षका हुँदा उनलाई ज्योतिषविद्या सिकाउन थालियो। १९९० सालमा उनको पहिलो विवाह भयो। १९९३ सालमा उनी काठमाडौँको रानीपोखरी संस्कृत प्रधान पाठशालामा भर्ना भए र संस्कृत शिक्षाको अध्ययन गर्न थाले। यस अवधिमा उनले **लघुकौमुदी**जस्ता संस्कृत व्याकरण,

*हितोपदेश* **मित्रलाभ**जस्ता संस्कृत आख्यान र **रघुवंश महाकाव्य** लगायतका संस्कृत साहित्यको अध्ययन गरे। १९९७ सालमा उनले बनारसको क्विन्स कलेजबाट मध्यमा तह (आइए) को परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे। १९९८ सालमा बनारसबाटै शास्त्री प्रथम वर्षको परीक्षा उत्तीर्ण गरे। २००१ सालमा सर्वदर्शन विषयमा तीन वर्षे शास्त्री परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरे। उनको औपचारिक शिक्षा यहीँ समाप्त भयो र यसपछिको लामो जीवनकाल उनले आफूलाई नेपाली साहित्यको सृजना, साधना र सेवामा समर्पित गरे।

माधवप्रसाद घिमिरे नेपाली साहित्यको आधुनिक कालखण्डका विशिष्ट र प्रतिनिधि कवि हुन्। उनले राणाशासनकालको उत्तरार्ध आफैँले देखे, भोगे र आत्मसात् गरे। २००७ सालदेखि २०१६ सालसम्मको राणा-काँग्रेसको शासनकाल भोगे। २०१७ सालदेखि सुरु भएको ३० वर्षे पञ्चायती शासनव्यवस्थाको सदुपयोग गरे। २०४६ सालदेखि सुरु भएको संवैधानिक राजतन्त्रको अनुभव पनि गरे। २०५२ सालदेखि १० वर्षसम्म चलेको माओवादी सशस्त्र द्वन्द्वकाल पनि देखे र २०६३ सालपछिको सङ्घीय गणतान्त्रिक नेपालका करिब १४ वर्षहरूको अनुभव पनि गरे। यसरी उनले नेपालको राजनीतिक परिवर्तनले ल्याएका पाँचवटै कालखण्डको लामो समयचक्रमा समाहित हुँदै आफ्नो लामो साहित्ययात्रा सफलतापूर्वक सम्पन्न गरे।

यस अवधिमा माधव घिमिरेले विभिन्न साहित्यिक तथा अन्य सङ्घसंस्थाहरूमा रहेर पनि काम गरे। उनले भाषानुपरिषद्मा जागिरे (१९९९) भएर, *गोरखापत्र* पत्रिकाको सहायक सम्पादक (२००२) बनेर, नेपाल भारत मैत्री सङ्घका अध्यक्ष (२०१०) भएर, **इन्द्रेणी** पत्रिकाका सम्पादक (२०१३) बनेर, काव्य प्रतिष्ठान (२०१४) र रोयल नेपाल एकेडेमीका सदस्य (२०१४) भएर तथा नेपाली साहित्यक्षेत्रको एकमात्र आधिकारिक साहित्यिक संस्था नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका उपकुलपति (२०३५) तथा कुलपति (२०४६) को उच्च पदमा रहेर नेपाली भाषासाहित्यको दीर्घकालीन सेवा गरे। यसबिचमा उनी कविता, गीत, निबन्ध र नाटकको सृजनामा अनवरत समर्पित र साधनारत रहिरहे। यी चारै

विधा/उपविधामा उनले दिएको सिर्जनात्मक योगदान विशिष्ट र प्रौढ स्वरूपको छ।

१०१ वर्षको लामो जीवन स्वस्थ, व्यस्त, मस्त र सृजनशील रहेर व्यतीत गर्ने घिमिरेले साहित्ययात्राको प्रारम्भदेखि नै सत्ताधारी र जनता दुवैका प्रिय कविका रूपमा साहित्यसाधना गर्दै आएको पाइन्छ। फुटकर कविता र गीत दुवैमा उनी अत्यन्त प्रिय भए पनि तथा गीतिनाटक र निबन्धमा सशक्त हुँदाहुँदै पनि उनको विशेष चर्चा उनका खण्डकाव्यहरूलाई लिएर हुँदै आएको छ।

वि.सं.१९९२ सालमा **गोरखापत्र**मा प्रकाशित 'ज्ञानपुष्प' शीर्षकको कविता कवि माधवप्रसाद घिमिरेको प्रथम प्रकाशित रचना हो भने वि.सं.१९९४ सालमा प्रकाशित **नवमञ्जरी** उनको प्रथम प्रकाशित कवितासङ्ग्रह हो (प्रभात, (सम्पा.), २०७०, पृ.४०१)। त्यसपछि उनले निरन्तर फुटकर कविता र खण्डकाव्यात्मक प्रबन्धकाव्यहरूको लेखन गरिरहे तर उनका पुस्तकाकार कृति भने २०१२ सालपछि मात्र प्रकाशित हुँदै आएका देखिन्छन्। यिनका फुटकर कविता, गीत र बालकविताहरू सङ्कलन गरिएका अनेक पुस्तक प्रकाशित छन् भने आधा दर्जनभन्दा बढी खण्डकाव्य र आधा दर्जनको हाराहारीमा गीतिकाव्य प्रकाशित छन्। यीबाहेक यिनको एउटा कथासङ्ग्रह पनि प्रकाशित छ भने यिनले धेरै वर्षहरू खर्चेर रचेको **ऋतम्भरा** महाकाव्य प्रकाशित हुन बाँकी छ। यसरी यिनले फुटकर कवितादेखि महाकाव्यसम्मको कविताकर्म सफलतापूर्वक सम्पन्न गरेको देखिन्छ।

माधवप्रसाद घिमिरेलाई सहज, परिष्कृत र प्रौढ साहित्यिक प्रतिभाका रूपमा मूल्याङ्कन गर्ने गरिन्छ। स्वच्छन्दतावादी भावधारामा परिष्कृत काव्यसृजना गर्नु यिनको विशेष काव्यप्रवृत्ति मानिन्छ भने मितव्ययी सघन संरचनामा प्रौढ काव्यसृजना गर्नु यिनको विशिष्ट रचनाधर्मिता देखिन्छ। नेपाली साहित्यमा विशिष्ट योगदान पुऱ्याएबापत यिनलाई सयौँ सम्मान तथा दर्जनौँ पुरस्कारहरू प्रदान गरिएका छन्। तीमध्ये *त्रिभुवन पुरस्कार* (२०३३), *आदिकवि भानुभक्त आचार्य पुरस्कार* (२०५२), *सार्वजनिक अभिनन्दन* (२०५३), *सार्वजनिक*

*अभिनन्दन* (रथारोहणको योजना भए पनि स्थगित, २०६०), *राष्ट्रकविको उपाधि* (राजा ज्ञानेन्द्रबाट) (२०६०/०६/०९) जस्ता पुरस्कार तथा सम्मानको विशेष चर्चा हुने गरेको छ।

खण्डकाव्यकार माधव घिमिरेको कवित्व स्वच्छन्दतावादी भावधारा र परिष्कारवादी रचनाशिल्पको संश्लेषणबाट उत्कृष्ट बनेको पाइन्छ। परिष्कृत शैलीमा कोमल कविता लेख्ने यिनी प्रकृतिको कोखमा जन्मे, राजभक्तिको आँगनमा हुर्के, देशभक्तिको मैदानमा कुदे र बेला बेलामा जनताको जीवनतिर पनि फर्के। खासमा यथार्थलाई आदर्शतर्फ बढाउनमा, आदर्शलाई प्रगाढता दिलाउनमा र नित्यनवीन कल्पनाशील आविष्कार गर्नमा उनको कवि सक्रिय रहिआएको छ। उनका यिनै विशेषतालाई आधार बनाई यिनको कवित्वको मूल्याङ्कन यसरी पनि गरिएको पाइन्छ :

वर्गीय पीडाभन्दा व्यक्तिपीडा र व्यक्तिगुणको साधारणीकरण उनका कविताकाव्यको खास रचनाधर्मिता देखिन्छ। लालित्यपूर्ण भाषा, प्रवाहमय छन्दविधान र शास्त्रीय छन्दमा उत्तरोत्तर मधुर सङ्गीतनिर्माण उनको उच्च काव्यिक शैली रहेको छ। उनका कविताकाव्य हिन्दु संस्कृति र आदर्शवादले अनुप्राणित छन्, नेपाली लोकजीवनबाट प्रभावित छन्, प्रकृतिप्रति कृतज्ञ छन्, राष्ट्रियताको अनुरागले जीवन्त छन् र मानवीय संवेदनाले सिञ्चित छन्। रसपरिपाक उनका कविताकाव्यको सर्वोच्च प्राप्ति हो। *(ज्ञवाली, २०७०, पृ.१०४)*

खण्डकाव्यकार माधव घिमिरेको खण्डकाव्यकारितालाई विषय बनाएर धेरै समालोचकहरूले अनेक लेखरचना र पुस्तकाकार कृतिसमेत प्रकाशन गरेका छन् भने स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि गरिरहेका अनेक शोधार्थीहरूले उनका सृजनामाथि शोधकार्य गर्दै आएको पाइन्छ। उच्च कवित्व, गुणात्मक रचनाधर्म र कविताकाव्यहरूको मात्रात्मक उपस्थिति पनि प्रशस्त भएकाले उनी पाठक, समालोचक र अनुसन्धाताहरूका निम्ति अध्ययनको विषय बन्दै आएका छन्। उनी  नेपाली साहित्यका त्यस्ता प्रतिभा हुन् जसको नाममा छुट्टै युग कहिल्यै मानिएन तर उनको कवितायात्रा सुरु भएदेखि उनी बाँचुन्जेल प्रत्येक

कालखण्डमा उनी सदैव अग्रणी र प्रतिनिधि कविका रूपमा सम्मानित रहिरहे। नेपाली छन्दकवितालाई विकसित गर्न, प्रौढ तुल्याउन र कविताका पाठकमा लोकप्रिय बनाउनमा उनको भूमिका अद्वितीय रहेको छ। प्राथमिक कालीन सर्वश्रेष्ठ कवि भानुभक्त आचार्यको भानुभक्तीय **रामायण**पछि नेपाली छन्दकवितालाई पाठकहरूबिच प्रिय बनाउनमा उनको भूमिका सर्वाधिक मानिन्छ। प्रस्तुत समालोचनामा यिनै माधवप्रसाद घिमिरेका खण्डकाव्यगत प्रवृत्तिहरूको पहिचान गर्दै यिनको चर्चित खण्डकाव्य **राजेश्वरी**को अध्ययन प्रस्तुत गरिएको छ।

## २. माधवप्रसाद घिमिरेका खण्डकाव्यगत मुख्य प्रवृत्तिहरू

माधवप्रसाद घिमिरेले लोकलय र शास्त्रीय छन्दमा ठूलो सङ्ख्यामा गीत, कविता, खण्डकाव्य, गीतिकाव्य र गीतिनाटक लेखे भने सङ्क्षिप्त शैलीमा मार्मिक निबन्धहरूका साथै केही कथाहरू पनि रचे। तिनमा खण्डकाव्यहरूको विशेष महत्त्व रहेको छ। उनका खण्डकाव्यहरू नेपाली कवितालाई उनले दिएको विशेष योगदान मानिन्छन्। **नयाँ नेपाल** *(२०१३)*, **गौरी** *(२०१५)*, **पापिनी आमा** *(२०१७)*, **राजेश्वरी** *(२०१७)*, **राष्ट्रनिर्माता** *(२०२३)*, **धर्तीमाता** *(२०३०)*, **राहुल यशोधरा** *(२०३५)*, **बालकुमारी** *(२०४०)*, **गौँथली र गजधम्मे** *(२०५७)*, र **इन्द्रकुमारी** (२०५७) गरी उनका करिब एक दर्जन खण्डकाव्यहरू प्रकाशित छन् भने उनले १९९६ सालमा **कृष्णभक्ति**, १९९८ सालमा **जीवन सङ्गीत** र १९९९ सालमा **सुदामा चरित्र** शीर्षकका खण्डकाव्य पनि लेखेका थिए तर ती प्रकाशित भएनन् भन्ने जानकारी पनि पाइन्छ *(पोखरेल, २०३९, पृ.८२)*। उनको चर्चित पुस्तक **अश्वत्थामा** *(२०५३)* गीतिनाटकका रूपमा प्रकाशित भएको देखिए पनि काव्यात्मक स्वरूपको हुनाले खण्डकाव्यजस्तै छ।

माधव घिमिरे भावप्रबल खण्डकाव्य लेख्ने सशक्त खण्डकाव्यकार हुन्। उनले विभिन्न विषयमा अनेक खण्डकाव्य लेखेका छन् भने तिनमा परिष्कृत शिल्पविधानका साथ स्वच्छन्दतावादी भावधाराको कलात्मक अभिव्यक्ति दिएका छन्। थोरै शब्द र लालित्यमय पदपदावलीमा तथा सुगठित र सङ्क्षिप्त शैलीमा

खण्डकाव्य लेख्नु उनको विशेषता हो भने राष्ट्रियता, देशभक्ति र प्रकृतिप्रेम उनका खण्डकाव्यका उल्लेखनीय पक्ष हुन्। सामाजिक तथा वैयक्तिक यथार्थलाई आध्यात्मिक चेतनाको आलोकमा अभिव्यक्त गर्नुका साथै नैतिक तथा मानवीय मूल्यका पक्षमा सन्देश दिँदै खण्डकाव्य लेख्नु पनि उनको काव्यप्रवृत्ति देखिन्छ। उनका खण्डकाव्यगत मुख्य प्रवृत्तिहरूलाई तल सङ्क्षेपमा केही बुँदाहरूमा प्रस्तुत गरिएको छ।

### २.१ विषयगत विविधता

खण्डकाव्यकार माधव घिमिरेले अनेक विषयमा खण्डकाव्य लेखेका छन्। खास गरी लोकप्रसिद्ध आख्यानलाई लिएर तिनमा आफ्नो कल्पना र वैचारिकता प्रदान गरी काव्यिक सृजना गर्नु उनको विषयचयनगत रुचि देखिन्छ। **राजेश्वरी** खण्डकाव्यको मूल स्रोत नेवारी समुदायमा प्रचलित लोकगाथा 'सती बिज्याय मालः'को आख्यान हो। यसमा राजा रणबहादुर शाहकी जेठी रानी राजेश्वरीको दुःखद र कारुणिक अन्त्यसम्बन्धी लोकगाथा र इतिहासलाई विषय बनाइएको छ। इतिहासप्रसिद्ध विषयलाई लिएर लेखिएको अर्को महत्त्वपूर्ण खण्डकाव्य **राष्ट्रनिर्माता** हो। यसमा गोर्खाका राजा पृथ्वीनारायण शाहको नेपाल एकीकरण अभियानलाई मुख्य विषय बनाई पृथ्वीनारायण शाह र उनका महत्त्वाकाङ्क्षी र लोभी भाइबिच भएको विचारको द्वन्द्व प्रस्तुत गरिएको छ। **गौरी** र **पापिनी आमा** उत्पाद्य वा काल्पनिक विषयमा तयार पारिएका खण्डकाव्य हुन्। **पापिनी आमा** खण्डकाव्यमा नेपाली समाजमा नारीप्रति देखिने विचार र व्यवहारको विभेद तथा उनीहरूले भोग्नुपरेका उपेक्षा र दुःखलाई विषय बनाई कुमारी आमाको मनस्थिति र अन्धविश्वासी नेपाली समाजमा कुमारी आमाले सहनुपर्ने अवहेलना र जटिल परिस्थितिको चित्रण गरिएको छ भने **गौरी**मा पत्नीशोकलाई काल्पनिक आदर्शसहित कारुणिक भावप्रगाढताका साथ अभिव्यक्त गरिएको छ। **धर्तीमाता** भने वैदिक स्रोतमा आधारित खण्डकाव्य हो। यो "अथर्ववेद द्वादश काण्डअन्तर्गतको पृथ्वीसूक्तको अनुवाद हो" (आचार्य र गौतम, २०६१, पृ.१४३)। **राहुल यशोधरा** सिद्धार्थ गौतम र यशोधरालाई विषय बनाई तयार पारिएको खण्डकाव्य हो भने

**इन्द्रकुमारी** पृथ्वीनारायण शाहकी जेठी रानी इन्द्रकुमारीको विरहवेदनालाई विषय बनाई तयार पारिएको इतिहासविषयक खण्डकाव्य हो। यसरी खण्डकाव्यकार घिमिरेले ऐतिहासिक, सामाजिक, पौराणिक र काल्पनिक गरी अनेक विषयमा खण्डकाव्य लेखेको देखिनाले उनको खण्डकाव्यलेखनको एउटा प्रवृत्ति विषयगत विविधताको अभिव्यक्ति दिनु देखिन्छ।

## २.२ **स्वच्छन्दतावादी भावधारा**

खण्डकाव्यकार घिमिरे भावधाराका दृष्टिले संस्कृत कवि कालीदास र बङ्गाली कवि रवीन्द्रनाथ टैगोर तथा नेपाली महाकवि लक्ष्मीप्रसाद देवकोटाबाट प्रभावित र अभिप्रेरित कवि हुन्। त्यसैले उनका खण्डकाव्यमा यी व्यक्तित्वहरूका स्वच्छन्दतावादी रचनाहरूको प्रभाव पाइन्छ। खास गरी उनले महाकवि देवकोटाबाट प्रभावित भई स्वच्छन्दतावादी भावधारामा रचना गरेका छन्। "स्वच्छन्दतावाद मूलतः एक नव्य कल्पनाशील दृष्टिकोणबाट जीवन र प्रकृतिलाई हेर्ने प्रवृत्ति हो जसले प्रायः सबै कलारूपहरूलाई प्रभावित पारेको छ" *(मिश्र, सन् १९९६, पृ.२३८)*। अतीतप्रति मोहित हुँदै रहस्यवादी अभिव्यक्ति दिनु, सौन्दर्यप्रति चर्को आकर्षण राख्नु, प्रकृतिलाई ज्ञानको स्रोत र समस्त जीवनको आश्रयका रूपमा ग्रहण गर्नु, जीवन र प्रकृतिको समीकरण गर्दै अभिव्यक्ति दिनु, भावुक प्रेम र रागात्मक सौन्दर्यले तानिनु, आत्मपरकता तथा हार्दिकतामा विश्वास गर्नु, आडम्बर र कृत्रिमताको विरोध गर्नु, मानवतावादी भाव व्यक्त गर्नु, भावगत तरलतामा प्रस्तुत हुनु, अभिव्यक्तिगत स्वच्छन्दताको वकालत गर्नु एवं सहज र स्वतःस्फूर्त अभिव्यञ्जना गर्नु स्वच्छन्दतावादी भावधारामा लेख्ने कविहरूको विशेषता हो। घिमिरेका सबै खण्डकाव्यमा यस्ता विशेषता पाइन्छन्। त्यसैले स्वच्छन्दतावादी भावधारामा रचना गर्नु पनि खण्डकाव्यकार घिमिरेको केन्द्रीय काव्यप्रवृत्ति देखिन्छ।

## २.३ परिष्कारधर्मी रचनाशिल्प

खण्डकाव्यकार माधव घिमिरे भावधारामा स्वच्छन्दतावादी भए पनि अभिव्यक्तिको शिल्पमा भने परिष्कारवादी प्रवृत्तिका देखिन्छन्। उनका रचनाहरू आत्मसंयमका साथ परिष्कृत भाषाशैलीमा रचिएका छन्। परिष्कारवादीहरू "आफ्नो कार्य र तद्विषयक सबै कुराहरू पूर्णतया सजग-सचेत तथा तिनमाथि बौद्धिक नियन्त्रण" *(जोशी, २०५४, पृ.६)* का साथ गर्छन्। प्रौढता र संयम परिष्कारवादी साहित्यलेखनका मुख्य शैली हुन्। यसमा "विशेषका सट्टा सामान्यलाई...सार्वभौमिकतालाई र व्यक्तिका सट्टा जातिलाई महत्त्व दिइएको हुन्छ; अनि यसमा कल्पना र तर्कका बीच तथा वस्तु र शिल्पका बीच समानुपातिक सामञ्जस्य कायम गरिएको हुन्छ" *(श्रेष्ठ, २०५१, पृ.१२)*। यी मान्यताामा भनिएजस्तै खण्डकाव्यकार माधव घिमिरेका सबैजसो खण्डकाव्यमा परिष्कारवादी रचनाधर्मअनुरूप नै भाषा, भाव र शैलीको परिष्कार पाइन्छ। उनी आफ्ना काव्यहरू बारम्बार परिमार्जन गर्दै, जाँची जाँची, चित्त बुझेपछि मात्र प्रकाशन गर्छन्। **गौरी** खण्डकाव्य २००४ सालमा लेखिएको थियो तर प्रकाशन २०१५ मात्र भयो भने **पापिनी आमा** २०१३ मा लेखिएको थियो तर प्रकाशन २०१७ मा मात्र भयो। उनका अन्य खण्डकाव्य पनि लेख्नासाथ छापिएनन्, परिष्कार गरेपछि मात्र छापिए। कृति प्रकाशित गर्ने संस्थाको अभाव भएर नभई बारम्बार परिमार्जन र परिष्कार गरेर मात्र छाप्ने उनको स्वभावका कारण उक्त कृतिहरू प्रकाशन गर्नमा ढिलाइ भएको देखिन्छ। आफ्नो केन्द्रीय कथ्यले भाषिक तथा काव्यिक रूपमा मौलिकता र विशिष्टता प्राप्त गरेपछि मात्र कृति प्रकाशन गर्ने प्रवृत्ति सबैजसो खण्डकाव्यका सन्दर्भमा देखिएकाले परिष्कारधर्मी रचनाशिल्प उनको अर्को केन्द्रीय काव्यप्रवृत्ति देखिन्छ।

## २.४ सङ्क्षिप्ततामा विस्तृतता (मितव्ययी अभिव्यक्तिशिल्प)

थोरै शब्दमा गम्भीर भावको अभिव्यक्ति दिनु खण्डकाव्यकार घिमिरेको अर्को काव्यप्रवृत्ति देखिन्छ। उनी थोरैभन्दा थोरै शब्द खर्च गरी कथ्यलाई पूर्ण

बनाएर अभिव्यक्ति दिन्छन् । उनको कथन सूत्रात्मक र सूक्तिमय हुन्छ । आफ्नो कवितालेखनको उद्देश्य कुनै पनि कविताकाव्यमा थोरै शब्दमा पूर्ण अभिव्यक्ति दिनु हो भन्ने कुरा 'यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ' जस्ता कवितात्मक अभिव्यक्तिमा उनले प्रस्तुत गरेका छन् । उनको अभिव्यक्ति ऊनको डल्लो जस्तो सानो देखिन्छ तर भाव र विचार ऊनको डल्लो फुकाउँदै गयो भने त्यसभित्र धेरै लम्बाइ र गहिराइ भेट्न सकिए झैँ धेरै आयाम र लम्बाइ भएको देखिन्छ। उनका सबैजसो खण्डकाव्य आकारप्रकारका दृष्टिले साना छन् तर तिनमा अभिव्यक्तिगत पूर्णता रहेको छ। यस्तो हुनुमा उनको मितव्ययी अभिव्यक्तिशैली प्रमुख कारण रहेको छ । त्यसैले सङ्क्षिप्ततामा विस्तृतताको अभिव्यक्ति दिनु पनि खण्डकाव्यकार घिमिरेको प्रमुख काव्यप्रवृत्ति देखिन्छ ।

## २.५ प्रकृतिको सौन्दर्यात्मक र बहुआयामिक प्रयोग

खण्डकाव्यकार माधव घिमिरेले फुटकर कवितामा जस्तै खण्डकाव्यहरूमा पनि प्रकृतिको बहुआयामिक उपयोग र प्रयोग गरेका छन् । कथ्यको प्रभावकारिता र काव्यको सौन्दर्यात्मक सम्प्रेषणका निम्ति उनले प्रकृतिको काव्यिक उपयोग गरेको देखिन्छ। उनले आत्मपरक तथा वस्तुपरक दुवै प्रकृतिको प्रयोग गरेको पाइन्छ भने स्वच्छन्दतावादी प्रकृतिप्रयोगको प्रवृत्तिलाई विशेष रूपमा प्रयोग गरेको देखिन्छ। इन्द्रियसंवेद्य, यथार्थपरक, दृश्यमूलक, आलङ्कारिक, मानवीकृत र बिम्बात्मक तथा प्रतीकात्मक गरी उनले अनेक स्वरूपमा प्रकृतिको चित्रण गरेका छन् । प्रकृति र मानवको अन्तर्सम्बन्धलाई देखाउँदै उनले मूलतः राष्ट्रिय प्रकृति (नेपालका खोलानाला, पहाडपर्वत, हिमाल, लेकबेँसी, वनपाखा, बस्ती, तालतलैया, नदनदी, फलफूल, चराचुरुङ्गी, आकाश, चन्द्रसूर्य आदि) को चित्रण गरेका छन्। सबै खण्डकाव्य प्रकृतिको चित्रण र सादृश्यसहित सौन्दर्यात्मक बनाएर रचिएको देखिनाले प्रकृतिको सौन्दर्यात्मक र बहुआयामिक प्रयोग गर्नु पनि उनको केन्द्रीय काव्यप्रवृत्ति देखिन्छ ।

## २.६ मानवतावादको अभिव्यक्ति

माधव घिमिरे मानवतावादी खण्डकाव्यकार हुन्। मानवता मानव हुनुको वा मनुष्य बन्न चाहिने गुणहरूको परिचायक भाव हो। **नेपाली बृहत् शब्दकोश**मा मानवतावादलाई मानिसका प्रकृति, प्रतिष्ठा आदर्श आदिमा विश्वास गर्दै मानिसले मानिसप्रति गर्ने राम्रो व्यवहारको सिद्धान्तका रूपमा अर्थ्याइएको छ *(२०७५, पृ.१००८)*। खण्डकाव्यकार घिमिरेले यसै मान्यताअनुरूप वर्ग वा जातका आधारमा नभई मानवमात्रलाई हेर्ने दृष्टिकोणका आधारमा मानवताको वकालत गर्दै खण्डकाव्यहरू लेखेका छन्। ह्रासोन्मुख मानवीय मूल्यप्रति चिन्ता र मानवीय मूल्यको उदात्तीकरण गर्दै लेख्नु उनको विशेषता देखिन्छ। उनले खण्डकाव्यहरूमा विश्वबन्धुत्वको पक्षधरता (मान्छे मान्छे सबै एकै हुन्, जातीय वा अन्य भेदभाव उचित हुन्न भन्ने विचार) महत्त्वका साथ प्रस्तुत गरेका छन्। यस क्रममा मान्छेका सुखदुःखप्रतिको संवेदनशीलता एवं समानता र नैतिक मूल्यका साथ मानवमात्रको स्वतन्त्रताको खोजी गर्नु उनको रुचिको विषय बनेको पाइन्छ। उनका खण्डकाव्यहरूमा पीडित नारीका दुखानुभूतिको कारुणिक उद्घाटन पाइन्छ भने उत्पीडित नायिकाप्रतिको सहानुभूतिका माध्यमले उनी व्यथित र उत्पीडनमा परेका नारीप्रति सहानुभूति व्यक्त गर्छन्। **पापिनी आमा, राजेश्वरी** जस्ता खण्डकाव्यमा उनको मानवतावादी भाव उर्लेर प्रकट भएको छ। प्रायःजसो खण्डकाव्यहरूमा उनी अमानवीय प्रवृत्ति (ईर्ष्या, कुण्ठा, निराशा, क्रूरता आदि) का विरुद्ध आशावादी मानवीय प्रवृत्तिमा जोड दिँदै मानवतावादी अभिव्यक्ति दिइरहेका देखिन्छन्। त्यसैले मानवतावादको अभिव्यक्ति दिनु पनि उनको केन्द्रीय काव्यप्रवृत्ति देखिन्छ।

## २.७ राष्ट्रियता र देशभक्ति

खण्डकाव्यकार माधव घिमिरेका रचनाहरूको उल्लेखनीय विशेषता राष्ट्रियता र नेपालको सार्वभौमिकताको पक्षमा स्वर मुखरित गर्नु पनि हो। उनका अधिकांश गीत र कवितामा पनि यो स्वर प्रखर रूपमा प्रस्तुत भएको पाइन्छ।

खण्डकाव्यका कुरा गर्दा पनि उनका केही खण्डकाव्यमा देशभक्ति र राष्ट्रियताको मार्मिक अभिव्यक्ति पाइन्छ। **राजेश्वरी**मा जनता र देशप्रति नायिका राजेश्वरीले प्रकट गरेका भावनामा यस्तो स्वर पाइन्छ भने **राष्ट्रनिर्माता** खण्डकाव्यको केन्द्रीय कथ्य नै देशभक्ति र राष्ट्रिय अखण्डता देखिन्छ। अन्य खण्डकाव्यहरूमा पनि कविका रूपमा बोल्ने अवसर पाउनासाथ घिमिरेले देशभक्तिका भाव व्यक्त गरेका छन्। खास गरी सबैजसो खण्डकाव्यमा नेपालको राष्ट्रिय प्रकृतिको चित्रण उनले गरेका छन् जसमा उनको देशभक्ति र राष्ट्रियताको भाव मुखरित भएको देखिन्छ। उनका प्रायःजसो खण्डकाव्यमा नेपाल र नेपालीको मौलिकतामा जोड दिइएको छ, नेपाली माटोको सुगन्धको खोजी गरिएको छ, नेपाल र नेपालीप्रति सकारात्मक सोच व्यक्त गर्दै नेपालीजाति हुनुको गौरवबोध प्रकट गरिएको छ। यस क्रममा राष्ट्रिय सुरक्षाप्रति उनको गम्भीर चासो पाइन्छ भने उनी नेपाली जातीय पहिचान, राष्ट्रिय एकता र अखण्डतामा जोड दिइरहेका देखिन्छन्। उनका खण्डकाव्यहरूले एकातिर नेपालका वीर पुर्खाहरूको योगदान र आदर्शको उदात्तीकरण गरेका छन् भने अर्कातिर नेपालको सांस्कृतिक बिरासत र ऐतिहासिक गौरवको महिमागान गरेका छन्। यसै गरी देशको विकासप्रति उनको गम्भीर चासो देखिन्छ भने देशविकासका निम्ति सन्देश पनि पाइन्छ। नेपालका मौलिक संस्कृतिहरूको संरक्षण र संवर्द्धन गर्दै संस्कृति र संस्कारका नाममा देखिने दुर्बलता हटाएर संस्कृतिलाई ग्रहणीय र अनुकरणीय बनाउँदै जानुपर्नेमा जोड दिइएको पाइन्छ। यी सबै अभिव्यक्तिको केन्द्रमा नेपालप्रतिको गौरवबोध र नेपाली राष्ट्रियताप्रतिको पक्षधरता रहेका छन्। त्यसैले राष्ट्रियता र देशभक्ति पनि खण्डकाव्यकार माधव घिमिरेको उल्लेखनीय काव्यप्रवपृत्ति देखिन्छ।

### २.८ बद्ध लयात्मकता

खण्डकाव्यकार घिमिरेले सबै खण्डकाव्यहरू बद्ध लयमा लेखेका छन्। उनले आफ्ना काव्यिक तथा गीतिरचनाका निम्ति लोकलय तथा शास्त्रीय लयलाई रोजेको देखिन्छ। उनी युवक छँदै राणाकालमा नै गोपालप्रसाद रिमालले मुक्त लयका कवितालेखनको ऐतिहासिक यात्रा सुरु गरे र त्यसको प्रभावमा महाकवि

देवकोटा, महानाटककार बालकृष्ण सम जस्ता रिमालका अग्रज कविसमेत परे। मुक्त लयका कवितालेखनको प्रभाव आधुनिक लयका रूपमा विस्तार भयो तर माधव घिमिरेले मुक्त लयका कवितालाई कविता स्वीकार गर्न गाह्रो माने। जीवनको अन्तिम कालखण्डमा पनि उनले गद्यकविता कविता होइन नै भनिरहे भने आफूले आजीवन बद्ध लयविधान गरी कविता लेखिरहे। उनका सबै खण्डकाव्य बद्ध लयमा र खास गरी पिङ्गलशास्त्रीय छन्दहरूमा रचिएका छन्। लोकलयमा उनले गीतिछन्द, बालोरी, झ्याउरे आदि लयको प्रयोग गरेको पाइन्छ भने शास्त्रीय छन्दहरूमा मन्दाक्रान्ता, शार्दूलविक्रीडित, उपजाति र अनुष्टुप् जस्ता छन्दहरूलाई परिष्कृत रूपमा प्रयोग गरेको देखिन्छ। **पापिनी आमा**, **मालती–मङ्गले**, **देउकी**, **हिमालपारि हिमालवारि** (२०५४) आदिमा उनले लोकलयको र **गौरी**, **राजेश्वरी**, **राष्ट्रनिर्माता** आदिमा शास्त्रीय लयको प्रयोग गरेका छन्। यस अर्थमा उनी बद्ध लयका छन्दवादी कवि देखिन्छन्। शास्त्रीय छन्दका कवितालाई शास्त्रीय मानकअनुरूप सचेततापूर्वक प्रयोग गरेकाले उनलाई छन्दका कालिगढ पनि भनिन्छ। त्यसैले उनको एउटा खण्डकाव्यीय प्रवृत्ति बद्धलयमा लेख्नु पनि हो भन्न सकिन्छ।

## २.९ आध्यात्मिक तथा नैतिक सन्देश

माधव घिमिरे वैचारिक खण्डकाव्यकार पनि हुन्। उनका सबै खण्डकाव्यमा उनको निजी जीवनदृष्टि पाइन्छ। उनले सामाजिक तथा ऐतिहासिक यथार्थका साथै पौराणिक तथा लोकोक्तिगत यथार्थलाई विषय बनाएर लेखेका खण्डकाव्यहरूमा उनको वैचारिकता आध्यात्मिक चिन्तनबाट अनुप्राणित भई प्रकट भएको पाइन्छ। उनी आदर्शवादी विचारधाराका कवि देखिन्छन्। उनको मानवतावाद पूर्वीय दर्शनहरूबाट बढी प्रभावित छ। उनी सर्वदर्शनका विद्यार्थी भएकाले पनि उनका खण्डकाव्यहरूमा पूर्वीय आदर्शवादी दर्शनको अभिव्यक्ति आएको देखिन्छ। उनको मूल वैचारिकता भने अध्यात्मवादी मानवतावाद हो जसमा पाठकलाई विश्वबन्धुत्वको मानवतावादी सन्देश दिइनुका साथै अध्यात्ममुखी नैतिक सन्देश प्रवाह गरिएको देखिन्छ। उनका खण्डकाव्यहरूका नायक-नायिकाहरू तथा अन्य मुख्य पात्रहरू ईश्वरीय सत्ताप्रति आस्थावान् देखिन्छन्। ईश्वर, मान्छे र प्रकृतिको

त्रिकोणात्मक सम्बन्धलाई आदर्शवादी दर्शनका आलोकमा हेर्दै उनले वैयक्तिक अनुशासन, चारित्रिक सुधार तथा मानवीय मूल्यको उदात्तताको खोजी गरेका छन् । उनका खण्डकाव्यमा जब जब स्वयं कविले व्यक्त हुने अवसर पाउँछ तब तब उनीभित्रको धार्मिक-आध्यात्मिक विश्वास अभिव्यक्त भएको देखिन्छ। यी आधारमा हेर्दा आध्यात्मिक वैचारिकता र नैतिकता पनि उनको उल्लेख्य काव्यप्रवृत्ति देखिन्छ ।

### २.१० अन्य काव्यप्रवृत्ति

माधव घिमिरे रसवादी कवि भएकाले उनका सबै खण्डकाव्यहरू रसात्मक छन् । **गौरी**मा करुण रसको परिपाक पाइन्छ भने **राजेश्वरी**मा करुण र वीर रसको परिपाक पाइन्छ। **राष्ट्रनिर्माता** वीररसात्मक छ भने **पापिनी आमा**मा पनि करुण रसको आधिक्य छ । उनका अन्य खण्डकाव्यहरू पनि रसप्रबल भएकाले रसकेन्द्री खण्डकाव्य-सृजन पनि उनको काव्यप्रवृत्तिमा पर्छ। शैलीको कुरा गर्दा उनका खण्डकाव्यका पात्रहरू आपसमा संवाद गर्छन्, एक्लै आत्मालाप पनि गर्छन् भने कतिपय खण्डकाव्यमा आख्यानको विकासक्रम पनि नाटकीय समेत पाइन्छ। त्यसैले नाटकीय र संवादात्मक अभिव्यक्ति दिनु पनि उनका काव्यप्रवृत्ति हुन् भन्न सकिन्छ ।

## ३. राजेश्वरी खण्डकाव्यको अध्ययन

**राजेश्वरी** (२०१७) ऐतिहासिक तथा सांस्कृतिक विषयमा रचिएको खण्डकाव्य हो । यसमा नेपालको राजनीतिक इतिहासको एक कालखण्डमा घटित मार्मिक घटनालाई मुख्य विषय बनाइएको छ । यसको स्रोत नेवार भाषासमुदायमा प्रचलित 'सती बिज्याय मालः' भन्ने लोकगाथा हो भने यसको लक्ष्य मानवतावादी विचार प्रवाहित गर्नु हो। यस खण्डकाव्यलाई समग्रमा बुझ्न विधातात्त्विक अध्ययन सहयोगी हुने भएकाले यहाँ यसको विधातात्त्विक अध्ययन प्रस्तुत गरिएको छ ।

### ३.१ राजेश्वरी खण्डकाव्यको संरचना

राजेश्वरी आकारप्रकारले सानो र अनुभूतिप्रबलताले शक्तिशाली खण्डकाव्य हो। यसलाई अनुभूति र आख्यानको अविरल धाराका रूपमा संयोजन गरिएको छ। यसमा कुल २० छाल छन् जसलाई सर्ग पनि भन्न सकिन्छ। प्रत्येक छालमा ५ श्लोक छन्। २० छालमा ५, ५ गरी कुल १०० श्लोकहरूमा यो खण्डकाव्य पूरा भएको छ। प्रत्येक छालको सुरुमा गद्य भाषामा एकदुई वाक्य लेखिएका छन् जसले सम्बन्धित छालमा अभिव्यञ्जित भाव तथा आख्यानसन्दर्भलाई ध्वनित गर्छन्। एक छालमा एक पात्रको मात्र अभिव्यक्ति रहेको छ भने सबैजसो पात्रको अभिव्यक्ति संवादात्मक भन्दा पनि मनोवादात्मक शैलीमा तयार पारिएको छ। सम्पूर्ण छाललाई थोरै शब्दमा धेरै भन्ने मितव्ययी सूत्रशैलीमा रचिएको छ। त्यसैले संरचनाका दृष्टिले प्रस्तुत खण्डकाव्य सङ्क्षिप्त र सुगठित प्रबन्धनमा रहेको छ।

### ३.२ कथावस्तुको स्रोत र पृष्ठभूमि

**राजेश्वरी** ख्यात (प्रसिद्ध) विषयमा रचिएको खण्डकाव्य हो। यसमा काठमाडौँको नेवार समुदायमा प्रचलित 'सती विज्याय मालः' भन्ने लोकगाथा र नेपालको शाहवंशीय राजतन्त्रको इतिहासको एक विशेष घटनासन्दर्भलाई कथावस्तुका रूपमा उपयोग गरिएको छ। दुई स्रोतबाट आख्यानतत्त्व लिई तयार पारिएको भए पनि यसको आधारस्रोत भने इतिहासबाट सोझै लिइएको नभई नेवारी समुदायमा प्रचलित लोकगाथा 'सती बिज्याय मालः' नै हो।

शहवंशी राजा रणबहादुर शाहको समयमा भारतमा अङ्ग्रेजहरूको शासन थियो र राजा रणबहादुर शाह नेपालको सत्तामा अनबन भएकाले भारतको बनारसमा गई बसेका थिए। अङ्ग्रेज शासकहरूले उनी नेपाली राज्यसत्तामा भएको द्वन्द्वका कारण बनारसमा आए बसेका छन् भन्ने कुरा बुझेका थिए। त्यसैले आफ्नो साम्राज्यवादी नीतिअनुरूप उनको उपयोग गरी नेपाललाई आफ्नो वशमा पार्न षड्यन्त्र गरिरहेका थिए। उनीहरूको यस्तो षड्यन्त्रका बारेमा थाहा पाएकी रानी राजेश्वरीले रणबहादुर शाहलाई बनारसबाट नेपालै फर्काएर राजकाजमा सरिक बनाएकी थिइन् तर त्यस समयका अमात्य (प्रधानमन्त्री) ले

रानी राजेश्वरीको ओजस्वी व्यक्तित्व आफ्नो सत्तास्वार्थनिम्ति बाधक हुने ठानी उनका विरुद्ध षड्यन्त्र गरे र राजाको कान भरे। त्यसैले राजाले उनलाई आजको सिन्धुपाल्चोक जिल्लामा रहेको हेलम्बु भन्ने स्थानमा निर्वासनको दण्ड दिए। वि.सं.१८८३ मा राजा रणबहादुरको निधन भयो। त्यसपछि अमात्यले हेलम्बुमा निर्वासित जीवन बिताइरहेकी रानी राजेश्वरीलाई छलकपट गरी कान्तिपुर बोलाएर जबर्जस्ती सती जान विवश पारे। यही दरबारिया षड्यन्त्र र मानवताविरोधी सतीप्रथाको आडमा रानी राजेश्वरीको हत्या गरिएको कारुणिक इतिहास प्रस्तुत खण्डकाव्यको आख्यानसन्दर्भगत पृष्ठभूमि रहेको छ।

## ३.३ राजेश्वरी खण्डकाव्यको कथावस्तु र यसको विन्यास

**राजेश्वरी** आख्यानप्रबल नभई अनुभूतिप्रबल खण्डकाव्य हो। यसमा आख्यानका रूपमा प्रस्तुत गरिएको कथानक सूक्ष्म प्रकृतिको छ। खण्डकाव्यकारले फरक फरक छालमा फरक फरक अनुभूतिसहित कथानकलाई सङ्केतमा बुझिने गरी उनेका छन्। तर पनि गहिरिएर अध्ययन गर्दा यसको कथानक मूर्त रूपमै उपस्थित हुन्छ जुन यसप्रकार छ :

रणबहादुर शाहकी जेठी रानी राजेश्वरी हेलम्बुको शान्त कुटीमा निर्वासित जीवन बिताइरहेकी हुन्छिन्। यसै अवधिमा राजा रणबहादुर शाहको मृत्यु हुन्छ तर यो कुरा उनलाई थाहा हुन्न। अचानक काठमाडौँबाट सात जना सैनिक (दूतसहित) त्यहाँ पुग्छन्। उनीहरूले रानीलाई सम्बोधन गर्दै आफूहरू राजा रणबहादुर शाहको आज्ञाले उनलाई कान्तिपुर फर्काउका निम्ति आएको जानकारी दिन्छन्। आफूलाई त्यसरी अपमानित र हेला गरी कान्तिपुरबाट निकालेर निर्वासित जीवन बाँच्न विवश पार्ने राजाले एक्कासि फेरि आफूलाई लिन दूत र सैनिक पठाएको कुरा सुनेर राजेश्वरी असमञ्जसमा पर्छिन्। उनको मनमा फेरि कुनै षड्यन्त्र रचिएको त होइन भन्ने आशङ्का उत्पन्न हुन्छ र उनी आफू सुन्दर प्रकृति हेलम्बुको काखमा नै खुसी भएको र यहीँ रमाएको भन्दै फर्कन असहमति जनाउँछिन्।

रानीलाई शङ्कामुक्त गर्ने उद्देश्यले दूत सिपाहीले राजा रणबहादुरले पठाएको सन्देश भन्दै जाली प्रेमसन्देश सुनाउँछ। रानी राजेश्वरीलाई राजाको मृत्यु भइसकेको र अमात्यले आफ्ना विरुद्ध षड्यन्त्र गरेको कुरा थाहा नभएकाले उनले

दूतले भनेको कुरा र राजाको नाममा आएको जाली सन्देशमा विश्वास गर्छिन् र सिपाहीहरूका साथमा कान्तिपुरतिर प्रस्थान गर्छिन् । कान्तिपुरतर्फ फर्कंदै गर्दा दोस्रो दिन उनीहरू इन्द्रावती नदीको तीरमा वास बस्छन् । रानीले सिपाहीहरूले थाहा नपाउने गरी अन्य व्यक्तिबाट राजा रणबहादुरको मृत्यु भइसकेको खबर सुन्छिन् । पतिको मृत्युको खबरले दुखी बनेकी र अमात्यको षड्यन्त्रको गन्ध पाएकी रानी सम्भाव्य अनिष्टको शङ्का गर्दै हेलम्बुतिरै फर्कन खोज्छिन् तर सैनिकहरूले उनलाई फर्कन दिन्नन् । विवश भएर उनी कान्तिपुरतिरकै यात्रा गर्छिन् । यात्रा श्रमपूर्ण र कष्टकर भएकाले पनि र दुखद समाचारले गर्दा पनि थकित र व्यथित बनेकी रानीको दुरवस्था देखेर एक ग्रामीण युवतीले दुःख व्यक्त गर्छे ।

दोस्रो दिनको राति रानीको वास साँखुमा हुन्छ । उनले मङ्गल कामना गर्दै बज्रयोगिनी मन्दिरमा आशागुर्जा चढाउँछिन् र पुजारीले अनिष्ट नाशको कामना गर्दै पूजाप्रार्थना गर्छन् । त्यहीँ एकजना बुढो गाइनेले सारङ्गी रेट्दै रानी राजेश्वरीको वीरगाथा भएको कर्खा गीत गाउँछ । तीन दिनको कष्टपूर्ण र थकाइयुक्त यात्रापछि रानीलाई कान्तिपुरको बाग्मतीपारि ल्याइपुऱ्याइन्छ । उनी दरबार पुग्न चाहन्छिन् तर सेनाको दलले उनलाई त्यहाँबाट अगाडि बढ्न र दरबार पुग्नबाट रोक्छ । उनी सेनाको दललाई आफ्नोतर्फ पार्न खोज्छिन् र उपस्थित जनसमुदायलाई सम्बोधन गर्छिन् तर प्रतिकूल परिस्थितिका कारण सैनिक बन्धनबाट मुक्त हुन पाउँदिनन् । त्यसपछि उनलाई दरबार जान नदिई जबर्जस्ती आर्यघाट पुऱ्याइन्छ र अमात्यद्वारा उनलाई जबर्जस्ती सती जानका लागि दबाब दिइन्छ ।

कथावस्तुको पछिल्लो घटना कान्तिपुरको पशुपति आर्यघाटमा घटेको छ । उनलाई सती जानका लागि चिता तयार पारिएको देखिन्छ र उनी सती गएको हेर्नका लागि अमात्यदेखि राजपुरोहित, दरबारिया भारदारहरू र साधारण जनताको भिड उपस्थित भएको देखाइएको छ । जीवनको अन्तिम घडी आएको अनुभूति भएपछि रानीले सेना र जनतालाई सम्बोधन गर्छिन् । राज्यलाई आफ्नो जीवन र आफ्नो नेतृत्वको आवश्यकता रहेको बताउँदै सती जानबाट जोगाउन उनीहरूको साथको चाहना गर्छिन् तर अमात्यद्वारा उनलाई साथ नदिन र साथ दिएमा दण्डभागी हुनका लागि तयार हुन चेतावनी दिइन्छ । अमात्यको डरका कारण

कसैले साथ राजेश्वरीलाई साथ दिँदैनन् । कसैले साथ नदिएपछि रानीले आफू साधारण नागरिकसरह भएर बाँच्न पाऊँ भनी अनुनयविनय गर्छिन् तर अमात्यले त्यो पनि स्वीकार गर्दैन । पूरोहितले सतीमहात्म्य सुनाउँदै रानीलाई सती जान प्रेरित गर्छ । अब सती जानेबाहेक अर्को कुनै बाटो नदेखेपछि रानीले अन्तिममा एकपटक मात्र भए पनि राजकुमार गीर्वाणलाई भेट्न देओ भनी अनुनय गर्छिन् तर  जनताद्वारा सहानुभूति पाए पनि अमात्यले त्यो कुरा समेत अस्वीकार गर्छ ।

उता दरबारमा आठ वर्षका राजकुमार गीर्वाण रानी राजेश्वरीको आगमनको प्रतीक्षामा हुन्छन् तर अमात्यद्वारा रानीलाई जबर्जस्ती चितामा चढ्न आदेश दिइन्छ र विवश रानीलाई चितामा जिउँदै जलाइन्छ। राजेश्वरीलाई चितामा सती बनाइएपछि त्यहाँ उपस्थित दर्शकमध्येका राजनीतिसचेत कवि, दार्शनिक र कविकलाकारले उनीमाथि भएको अत्याचारलाई लिएर विरोध गर्दै आलोचनात्मक विचार व्यक्त गर्छन् । अन्त्यमा कवि बोल्छन् । कविको भनाइमा राजेश्वरीको शरीर नरहे पनि उनको आत्मा र मन बाग्मतीका भुल्का र हेलम्बुको सुन्दर प्रकृतिमा बाँचिरहेको छ र बाँचिरहने छ तथा यो मानवीय संवेदना युगौंयुग रहने छ ।

प्रस्तुत खण्डकाव्यको पहिलो छालदेखि चौथो छालसम्म कथानकको प्रारम्भावस्था हो । हेलम्बुको शान्त कुटीमा सुतिरहेकी राजेश्वरीलाई लिन दूतहरू पुग्नु, उनीहरूले रानीलाई कान्तिपुर प्रस्थान गर्न आग्रह गर्नु, रानीले अस्वीकार गर्नु, दूतहरूले राजाको सन्देश हो भनेर जाली सन्देश सुनाउनु, त्यसमा विश्वास गरी रानी कान्तिपुरतिर प्रस्थान गर्नुजस्ता सन्दर्भ कथावस्तुको आदि भागका रूपमा रहेका छन् ।

पाँचौंदेखि दसौं छालरम्म कथावस्तुको विकासको अवस्था हो। इन्द्रावतीको किनारमा आइपुगेर रानीलाई राजाको मृत्यु भएको थाहा हुनु, उनको मनमा अज्ञात विपत्तिको आशङ्का हुनु, हेलम्बु नै फर्कने प्रयास गर्दा पनि फर्कन नपाउनु, रानीको दयनीय अवस्थाप्रति गाउँकी युवतीले दुःख व्यक्त गर्नु, रानीले साँखुको बज्रयोगिनीमा आशागुर्जा चढाउनु, पुजारीले रानीका लागि देवीसँग प्रार्थना गर्नु र एउटा बुढो गाइनेले रानीको वीरतापूर्ण इतिहासलाई कर्खा बाँधेर

सुनाउँदै सम्भावित अनिष्टको सूचना दिनु विकासावस्थाका मुख्य सन्दर्भ हुन् ।

एघारौँदेखि सोह्रौँ छालका सन्दर्भ कथानकको चरमोत्कर्षका रूपमा रहेका छन् । बाग्मतीको किनारमा आइपुगेकी रानीलाई सेनाले दरबार जानबाट रोक लगाउनु, सेनाले आफूलाई रोकेपछि रानीले त्यहाँ उपस्थित जनसमुदायलाई सम्बोधन गर्नु र देशको तात्कालीन सङ्कट समाधान गर्न आफ्नो जीवन र आफ्नो नेतृत्व आवश्यक भएको बताउनु, पूरोहितले सतीमहात्म्य सुनाउँदै रानीलाई सती जान प्रेरित गर्नु, बालक राजा गीर्वाण राजेश्वरीको प्रतीक्षामा आतुर देखिनु, रानीले पनि एकपटक मात्र भए पनि ८ वर्षका बालक राजा गीर्वाणको मुख हेर्ने अन्तिम इच्छा प्रकट गर्नु तर अमात्यले उनलाई वसन्तपुर दरबार जानबाट रोक लगाउँदै तुरुन्तै सती जान दबाब दिनु कथानकको चरमोत्कर्षका सन्दर्भ हुन् ।

सत्रौँदेखि उन्नाइसौँ छालका सन्दर्भ कथानकमा प्रतिचरमोत्कर्ष सन्दर्भका रूपमा रहेका छन् । रानीको दुर्दशा र विवशता देखेर एक जना राजनीतिज्ञले अन्याय आखिर अन्याय नै हो भन्ने विचार प्रकट गर्नु, एक दार्शनिकले मान्छेले मान्छेलाई मान्छेकै व्यवहार गर्नुपर्ने विचार राख्नु र एक कलाकारले मान्छेबाट दुःख र सुखका एक पल पनि काट्न नहुने तर्क प्रस्तुत गर्दै रानीलाई पुनः हेलम्बुमा नै फर्किन दिनुपर्ने विचार प्रस्तुत गर्नु कथानकको प्रतिचरमोत्कर्ष हो ।

बिसौँ छाल उपसंहारका रूपमा रहेको छ । यो छाल कथावस्तुको स्वरूपसँग खासै सम्बन्धित छैन । यसमा कविको निजी विचारले ठाउँ पाएको छ । यस छालमा खण्डकाव्यकारले कविपात्रलाई खडा गरेर राजेश्वरीको दयनीय, कारुणिक र त्रासदीपूर्ण अन्त्यावस्थाको प्रभाव युगौँसम्म रहने र यो मानवीय संवेदनाको विषय बन्ने विचार व्यक्त गरेका छन् ।

यसरी प्रस्तुत खण्डकाव्यको कथानक प्रारम्भ, विकास, चरमोत्कर्ष, प्रतिचरमोत्कर्ष र उपसंहारको सुगठित बनोटमा तयार पारिएको देखिन्छ । ख्यात विषय, इतिहास र लोकगाथा स्रोत, आदि, मध्य र अन्त्यको रैखिक ढाँचा र मानवीय संवेदनाको मार्मिक अभिव्यञ्जना यस कथावस्तुका विशेषता देखिन्छन् । खण्डकाव्य कविताको उपविधा भएकाले यसमा खण्डकाव्यकारले कथातत्त्वलाई भन्दा कवितातत्त्वलाई बढी महत्त्व दिएका छन् । त्यसैले कथानक घटनाप्रधान

भएर भन्दा बढी ध्वनिमय रूपमा शृङ्खलाबद्ध भएको देखिन्छ ।

## ३.४ राजेश्वरी खण्डकाव्यको पात्रविधान

**राजेश्वरी** खण्डकाव्यमा मञ्चीय पात्रसङ्ख्या १३ तथा नेपथ्य पात्रसङ्ख्या ४ रहेको छ। यसमा मुख्य पात्रका रूपमा इतिहासका पात्र रहेका छन् भने काल्पनिक पात्रका रूपमा कविकल्पित पात्र रहेका छन्। नायिका राजेश्वरी, खलनायक अमात्य, पुजारी, पूरोहित, सैनिक तथा गीर्वाण इतिहासका पात्र हुन् भने कवि, राजनीतिज्ञ, दार्शनिक, कलाकार, ग्रामयुवती र बुढो गाइने कविकल्पित पात्रका रूपमा रहेका छन् । राजेश्वरी र अमात्य यसका मुख्य पात्र हुन् भने पुजारी, पूरोहित, सैनिकहरू, गाइने, ग्रामयुवती, दार्शनिक तथा कलाकारहरू मुख्य सहायक पात्र हुन् । यसै गरी राजकुमार गीर्वाण, मृत रणबहादुर शाह र कवि यसका गौण पात्र हुन् । नारीपात्रका रूपमा राजेश्वरी र ग्रामयुवती मात्र देखिनछन् भने अन्य सबै पात्र पुरुष पात्र रहेका छन् । सबै पात्र तृतीय पुरुषवाची भएकाले यस खण्डकाव्यमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग रहेको छ । यी पात्रमध्ये राजेश्वरी र अमात्य मुख्य पात्र भएका र यिनैका बिचको द्वन्द्वमा खण्डकाव्य रचिएको हुँदा यहाँ यी दुई पात्रको चरित्रविधानसम्बन्धी अध्ययन गरिएको छ ।

### (क) राजेश्वरीको चरित्रविधान

राजेश्वरी यस खण्डकाव्यको केन्द्रीय चरित्र हो। नारीमा केन्द्रित र नारीकै संवेदनामा समापन भएकाले यो नारीचरित्र प्रधान खण्डकाव्य हो । सम्पूर्ण खण्डकाव्य यिनकै विषय, भोगाइ र चरित्रमा प्रारूपीकृत छ। खण्डकाव्यको नामकरण पनि यिनै नायिकाको नाममा आधारित भई गरिएको छ ।

यस खण्डकाव्यमा नायिका राजेश्वरीको प्रत्यक्ष उपस्थिति मूलतः २, ४, ५, ९, ११, १३, १५ छालहरूमा छ तर अन्य छालहरू पनि यिनकै विषयमा लक्ष्यित छन् । यिनी कान्तिपुरका राजा रणबहादुर शाहकी जेठी महारानी हुन् । गुल्मीको राजकुलमा जन्मिएकी, सभ्य र साहसी नारीका रूपमा यिनको इतिहास पाइन्छ । २५ वर्षको जवान उमेरमा दरबारिया षड्यन्त्रका कारण सती जान बाध्य पारिएकी यी नायिका पतिद्वारा उपेक्षित र अपहेलित रानीको चरित्रमा छिन् । यिनले

पतिद्वारा परित्यक्ता भई हेलम्बुमा निर्वासित जीवन बिताएकी छन् । खण्डकाव्यमा यिनलाई पुरुषप्रधान समाजमा नेपाली नारीले भोग्नुपरेका स्वीकार र निष्काशनको प्रतिबिम्बका रूपमा चरित्राङ्कन गरिएको छ। यिनको चरित्रमा नारीकोमलता र पतिप्रतिको अत्यधिक समर्पण देखिन्छ भने यिनका माध्यमबाट नारीले सहनुपर्ने पराधीनताका नमिठा अनुभूतिको उद्घाटन गरिएको छ।

राजेश्वरी नेपाल र नेपालीको हित चाहने देशभक्त र आफू रानी हुनुको कर्तव्यबोध पनि भएकी ओजस्वी चरित्र हुन् । देशमाथि सङ्कट परेको समयमा आफू रानी भएकीले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने सोच यिनमा पाइन्छ। पतिले त्यागे पनि पतिप्रतिको भक्तिमा कुनै कमी नभएकी र पुत्र नभए पनि पुत्रप्रतिको वात्सल्यभावले सम्पन्न नारीका रूपमा यिनी रहेकी छन् । गीर्वाणयुद्ध सौतेनी छोरो भए पनि उसप्रतिको ममतामयी भावले यिनलाई ममतामयी नारीको चरित्रमा उदात्तीकरण गरेको छ।

राजेश्वरीको चरित्रमा वीरता, साहस, बुद्धिमत्ता, संवेदनशीलता र ओजस्विता जस्ता गुण पाइन्छन् । आफू केही समयपछि मर्दै छु भन्ने थाहा पाएर पनि धैर्य राख्न सफल र जनतालाई सम्बोधन गर्ने यिनी प्रजावत्सल पनि छिन् । जनता अज्ञानता र षड्यन्त्रको अँध्यारोमा बाँचेका छन् भन्ने बुझेर उनीहरूले दुःख पाइरहेका छन् भने म चुप लागेर बस्न सक्दिनँ भन्ने आशय उनले नवौँ छालमा प्रस्तुत गरेकी छन्। यहाँ उनी जनप्रेमी, कोमल, संवेदनशील र भावुक हृदय भएकी नायिका देखिन्छिन् । खण्डकाव्यमा कविले यिनलाई सङ्कटग्रस्त मानवताकी प्रतिमूर्तिका रूपमा चरित्राङ्कन गरेका छन् । सुरुमा व्यक्तिमात्रको पात्रता, हेलम्बुमा निर्वासित भएपछि पुरुषप्रधान समाजबाट अपहेलित नारीहरूकी प्रतिनिधिमूलक पात्रता तथा पछिल्लो अवधिमा संस्कार र परम्पराका नाममा आर्यघाटमा ल्याई सती जान बाध्य पारेर जलाइएकी विश्वमानवताको प्रतिनिधि चरित्रका रूपमा यिनको समग्र चरित्रलाई हेर्न सकिन्छ। यिनको व्यक्तितत्व र चारित्रिक विशेषतालाई मुखरित गर्न खण्डकाव्यकारले दिएको यो अभिव्यक्ति सहयोगी छ– "पतिपरायणा तर सधैँ उपेक्षिता, सन्तानहीना तर गीर्वाणकी धर्मकी आमा, उदारहृदया तर दरबारिया षड्यन्त्रले हेलम्बुमा फ्याँकिएकी, सधैँ नेपालको सुनौलो सपना देख्ने तर पच्चिसै वर्षको उमेरमा चितामा चढेकी रानी राजेश्वरीको जीवन जटिल भैकन पनि सरल

र सरल भैकन पनि मार्मिक छ– संसारभरिका सबै महान् व्यक्तिको जीवन यस्तै हुन्छ।"

## (ख) अमात्यको चरित्रविधान

**राजेश्वरी** खण्डकाव्यको दोस्रो प्रमुख चरित्र अमात्य हो। यो पुरुषपात्र हो र खण्डकाव्यमा खलनायक चरित्रमा प्रतिबिम्बित छ। यो पात्र प्रत्यक्ष रूपमा १६ औँ छालमा मात्र देखा पर्छ तर समग्र आख्यानका पछाडि यसको षड्यन्त्रकारी चरित्रले भूमिका निर्वाह गरेकाले यो प्रमुख खलपात्रका रूपमा रहेको छ। अमात्य राजालाई अगाडि सारेर आफ्नो शक्ति र सत्ता बढाउँदै सत्ता सञ्चालन गर्ने धूर्त चरित्रमा देखिन्छ। यो षड्यन्त्रकारी छ। रानी राजेश्वरीलाई हेलम्बुमा पठाउनका निम्ति अप्रत्यक्ष रूपमा भूमिका निर्वाह गर्नेदेखि राजा रणबहादुर शाहको मृत्युपछि रानी राजेश्वरीलाई सती जान बाध्य गराउनेसम्मको योजनाकार यही पात्र हो। राजेश्वरीको राज्यसञ्चालन गर्ने चाहनामा यही पात्र मुख्य बाधक बनेको छ।

यद्यपि राजपूरोहित पनि खलपात्रका रूपमा नै रहेको छ र सेना वा दूतको भूमिका पनि खल स्वरूपकै छ तर उनीहरू आफ्नो इच्छाअनुसार नभई अमात्यकै इच्छा र आज्ञानुसार परिचालित भएकाले उनीहरूको भूमिकामा पनि अमात्यकै छाया देखिन्छ। अमात्य शक्तिशाली सेनानायक हो। रानीमाथि पनि हुकुम चलाउन सक्ने अवस्थामा उसको शक्ति देखिन्छ। यस पात्रमा कुटिल, धूर्त, षड्यन्त्रकारी चरित्र छन्। यो मानवीय संवेदनारहित, क्रूर र निर्दयी शासक हो। रानीले सती जानु धर्मअनुकूल हुन्छ र रानीले सती जाँदा उनले पनि मोक्ष प्राप्त गर्ने तथा देशको पनि हित हुने धार्मिक आदर्श र तर्कको आडमा रानीलाई सती जान बाध्य पारेर ऊ आफ्नो सत्तास्वार्थ पूरा गर्छ। रानीको मृत्युपछि आफूले सहजै बालक गीर्वाणलाई प्रभावित पारी राज्यको शासन आफ्नो हातमा लिने दाउ बोकेको यो पात्र सैनिक शक्तिका आडमा मानवतालाई नै चितामा होम्न तम्सिएको पात्र हो। त्यसैले दर्शक वा पाठकबाट राजेश्वरीले जति बढी सहानुभूति र श्रद्धा बटुल्छिन् त्यसको ठिक विपरीत यसले घृणा र आक्रोश बटुल्छ।

## ३.५ राजेश्वरी खण्डकाव्यको परिवेशविधान

**राजेश्वरी** खण्डकाव्यमा हेलम्बुदेखि इन्द्रावती, साँखु र बाग्मती किनार (आर्यघाट) सम्मका स्थानहरू यस काव्यमा प्रत्यक्ष स्थानगत परिवेशका रूपमा रहेका छन् भने चर्चाका कुरा गर्दा गुल्मी, वसन्तपुर, चन्द्रागिरि र काशी पनि स्थानीय परिवेश देखिन्छन्। समयगत परिवेशका दृष्टिले हेर्दा राजेश्वरीलाई हेलम्बुमा निर्वासित गरिएको समेत गरी त्यसपूर्वका दुई वर्षको रहेका छन् जसबाट करिब ५ वर्षको अवधि यस खण्डकाव्यको समयगत परिवेश देखिन्छ। घटना घटेको अवधिलाई मात्र हेर्दा भने करिब तीन दिनको मात्र समयगत परिवेश यसमा पाइन्छ। यसै गरी प्रकृतिगत परिवेशका रूपमा हेलम्बु, साँखु र त्यस क्षेत्रको ग्राम्य प्रकृतिको मनोरम चित्रणका साथै प्रकृतिको साम्य, सुन्दर र इन्द्रियसंवेद्य चित्रण यसमा पाइन्छ। हेलम्बुमा पाइने देवदारु वृक्ष, पहाडमा पाइने नुहाउने दुधका पोखरी (पानी), कस्तूरी मृगले सुगन्धित बनाएको वन, सूर्योदयको सुन्दर दृश्य आदिले यस्तो परिवेश मुखरित गरेका छन्।

परिस्थितिगत परिवेशका दृष्टिले हेर्दा यसमा ऐतिहासिक जटिल परिवेश रहेको पाइन्छ। राजा रणबहादुर शाहकालीन राजनीतिका दाउपेच, घातप्रतिघात र षड्यन्त्रपूर्ण दरबारिया परिवेशको पृष्ठभूमिमा सारा घटना घटेका छन्। राजनीतिमा शासकहरूका महत्त्वाकाङ्क्षा, सत्तामोह र पारिवारिक कलह, विलासिता, सन्तानप्राप्तिका निम्ति बहुविवाह, नारीमाथि गरिने अन्याय आदिको जटिल परिवेश यसमा ध्वनित छ। हेलम्बुमा शान्तिपूर्वक बसेकी रानी राजेश्वरीलाई कान्तिपुर आउन प्रेरित गर्नमा दूत सैनिकद्वारा दिइने जाली सन्देशले भूमिका खेलेको छ। रानीको मनमा षड्यन्त्रको आशङ्का उत्पन्न हुनुमा गाउँलेबाट उनले रणबहादुर शाहको मृत्यु भइसकेको कुरा सुन्नु कारक बनेको छ। ग्रामीण युवतीले उनको दुःखमा दुःखित हुनु र पुजारीले पनि देवीसँग उनका लागि प्रार्थना गर्नु पाठकको मनमा राजेश्वरीप्रति करुणाभाव र प्रेम जगाउने परिवेश देखिन्छन्। अमात्यको क्रूरता र षड्यन्त्र तथा रानीको देशभक्ति र जनताप्रतिको संवेदनशीलता मुखरित गर्न आर्यघाटमा पुगेकी रानीलाई राजकुमार गीर्वाणसँग भेट्न नदिइनु, रानीलाई सैनिककै घेरामा राखिनु, अमात्य र पूरोहितले सती जानका लागि रानीलाई उत्प्रेरित गर्नु र अमात्यले सती जान दबाब दिनु तथा कवि, दार्शनिक र कलाकारहरूले

रानीका पक्षमा भाव व्यक्त गर्नु जस्ता परिवेशले काम गरेका छन् । आख्यान र चरित्रको विकास तथा कथ्यको प्रभावकारी सम्प्रेषणका लागि यसमा गरिएको परिवेशविधान पूर्णतः सहायक र स्वाभाविक देखिन्छ ।

### ३.६ राजेश्वरी खण्डकाव्यको भाषाशैली

**राजेश्वरी** आलङ्कारिक भाषाशैलीमा लेखिएको खण्डकाव्य देखिन्छ। शब्दहरूको चयन अधिकांशतः सरल भए पनि यसमा प्रयुक्त केही केही शब्द नेपाली भाषीहरूमा कम प्रचलित छन् । आकीर्ण, गिरिशृङ्ग, किञ्जल्क, अम्लान जस्ता संस्कृत तत्सम शब्दहरूको प्रयोगले कतिपय श्लोकहरू दुर्बोध्य पनि बनेका छन् जसले गर्दा यस काव्यले बौद्धिक पाठकको माग गरेको देखिन्छ । तथापि समग्र भाषालाई हेर्दा भाषा सरल र बोध्य नै छ। सबैजसो श्लोकहरूमा अन्त्यानुप्रास पाइन्छ। कथ्यको काव्यिकताका निम्ति अलङ्कार र बिम्बप्रतीकहरूको सौन्दर्यपूर्ण संयोजन गरिएको छ । अलङ्कारको सहज प्रयोग गरिएझैँ सूक्तिमय अभिव्यक्तिशैली पनि यसमा देखिन्छ । तलका उदाहरण आलङ्कारिक शैलीका एकाध नमुना मात्र हुन् :

**यै एकान्त सहानुभूतिहरूको संसारमा बस्छु म**
**आमाको दुधतुल्य दिव्यरसको आनन्द यै चुम्छु म ।**

*(छाल २, श्लोक ५)*

**यौटा चील उडीरहेछ वनमा गै छुन्छ गै छुन्छ झैँ**
**आशङ्का मनमा छ आज सबको क्यै हुन्छ क्यै हुन्छ झैँ ।**

*(छल १०, श्लोक ३)*

उक्त उदाहरणमध्ये पहिलोमा उपमा अलङ्कार पाइन्छ । राजेश्वरी एकान्त प्रकृतिको काखमा बसेकी र त्यहाँ उनले आमाको काखमा बसेजस्तो आनन्द प्राप्त गरेको अनुभूति यसमा प्रस्तुत गरिएको छ। यसमा आनन्दपूर्ण संसारको तुलना आमाको दुधसँग गरिएकाले उपमा अलङ्कार छ । त्यस्तै दोस्रो उदाहरणमा उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ। राजेश्वरीको जीवनमा चाँडै नै केही नराम्रो हुन्छ कि भन्ने आशङ्का यसमा गरिएको पाइन्छ। शिरमा उड्दै गरेको

चीलले छुन सक्ने र अब कतै केही हुन सक्ने आशङ्का गरिएकाले वा यस्तो सम्भावना देखाइएकाले यसमा उत्प्रेक्षा अलङ्कार छ। उपर्युक्त श्लोकमा प्रयुक्त चील अनिष्टको प्रतीकका रूपमा पनि आएको छ भने यसलाई दुष्ट अमात्यको प्राकृतिक बिम्बका रूपमा पनि व्याख्या गर्न सकिन्छ। यसरी प्रस्तुत खण्डकाव्यमा अलङ्कार र बिम्बप्रतीकका माध्यमबाट कथ्यको अभिव्यक्ति दिने शैली प्रयोग गरिएको देखिन्छ।

शैलीका कुरा गर्दा यस खण्डकाव्यमा प्रयुक्त लयलाई पनि लिन सकिन्छ। यसमा शास्त्रीय छन्द लयगत शैलीका रूपमा रहेको छ। १९ छालसम्मका ९५ श्लोकहरू शार्दूलविक्रीडित छन्दमा र २० औं छालका ५ श्लोकहरू शिखरिणी छन्दमा रहेका छन्। यसै गरी कथानकको बुनोटका दृष्टिले यसमा कथ्यलाई पूर्वप्रसङ्गसँग जोड्दै स्पष्ट र बोध्य बनाउनका लागि प्रत्येक छालको सुरुमा एकदुई वाक्यमा स्पष्टीकरण र सूचना दिने शैली अँगालिएको देखिन्छ भने भनाइलाई प्रभावकारी बनाउन तर्क प्रस्तुत गर्ने तार्किक शैली पनि कतै कतै रहेको छ। यसै गरी थोरैमा धेरै भन्ने सङ्क्षिप्त शैलीका साथै अनुभूतिको आख्यानीकरण र नाटकीकरण गर्ने शैली पनि यस खण्डकाव्यमा पाइन्छ।

प्रस्तुत खण्डकाव्यमा सूक्तिमय अभिव्यक्तिशैली पनि पाइन्छ। यसमा रचिएका अधिकांश श्लोक सूक्तिमय छन्। तिनले थोरैमा धेरै कुरा भन्छन् र मानवीय संवेदनाका पक्षमा मूल्यवान् सन्देश पनि दिन्छन्। अनुभवले मानवीय बनेका, अध्ययनले प्रौढ बनेका तथा अभ्यासले खारिएका खण्डकाव्यकार घिमिरेले यसमा मन्त्रमय पङ्क्तिहरूलाई काव्यिक बनाएर प्रस्तुत गरेका छन् जुन पढ्नासाथ हृदयमा बस्छन् र कतिपय पङ्क्ति कण्ठ पनि हुन्छन्। जस्तै :

**आफैँमा परिपूर्णलाइ दुनियाँ संसार क्यै ह्वैन रे।** *(छाल २)*
**खोला रच्दछ शैलकै चरणमा कल्लोल कोलाहल।** *(छाल ४)*
**मान्छेबाट नकाट सुख्खदुखको यौटै पनी यो क्षण**
**सारा सृष्टि सिँगार्छ इन्द्रधनुको यौटै पनी यो कण।** *(१९)*

## ३.७ समयुगीन सांस्कृतिक यथार्थको अभिव्यञ्जना

प्रस्तुत खण्डकाव्य इतिहासको काव्यिक प्रत्यङ्कन र करुण रसको परिपाकका दृष्टिले मात्र नभई समयुगीन सांस्कृतिक परम्पराको अभिव्यञ्जनाका दृष्टिले पनि उल्लेख्य छ। नेपालमा राणा शासनकालीन उत्कर्षको अवधिसम्म पनि सती प्रथा सांस्कृतिक तथा धार्मिक रूपमै प्रचलित थियो। पति मरेपछि पत्नीले जिउँदै चितामा जलेर भस्म हुनुपर्ने अमानवीय प्रचलनलाई संस्कृतिका रूपमा चलाइएको क्रूर समय थियो। यस्तो नीच कर्मलाई पनि त्यस समयमा महान् धर्म मानिन्थ्यो। यो प्रथा नारीमाथिको चरम अत्याचार थियो भने मानवसभ्यताका निम्ति ठूलो कलङ्क थियो तर शासक वर्ग तथा पितृसत्ताका संवाहकहरू यस प्रथालाई आफ्नो स्वार्थका पक्षमा हुने गरी धर्मको आडमा चलाइरहन्थे। प्रस्तुत खण्डकाव्यमा त्यस्ता अन्धविश्वासी नेपाली संस्कार र संस्कृतिको प्रचलनलाई पनि ध्वनित गरिएको पाइन्छ। यसमा अमङ्गलको नाश गर्ने देवीदेवताको पूजा गर्ने परम्परा देखाइएको छ। सपनालाई बिपनाको घटनाका लागि पूर्वसङ्केत मान्ने संस्कार प्रस्तुत गरिएको छ। पतिले हेला गरेर निर्वासित गराए पनि पतिप्रतिको दायित्व र भक्तिमा कमी नआएको सन्दर्भका माध्यमबाट पातिव्रत्य धर्मसंस्कृतिको परिचय दिइएको छ। सती जाने प्रथालाई बढावा दिने शास्त्रीय पक्षधरताले तत्कालीन हिन्दू संस्कारलाई ध्वनित गर्छ। बज्रयोगिनीमा आशागुर्जा चढाएको सन्दर्भले तान्त्रिक मान्यतालाई ध्वनित गर्छ। सतीले दिएको श्रापको सन्दर्भले सामाजिक अन्धविश्वासलाई ध्वनित गर्छ। राजनीतिज्ञले दिएको 'अमात्य सात दिनभित्र मरोस्' भन्ने श्रापले अलौलिक शक्तिप्रतिको विश्वासलाई ध्वनित गर्छ भने बुढो गाइनेले रानीको गाथा गाएको सन्दर्भले गन्धर्व संस्कृतिलाई ध्वनित गर्छ। यस अर्थमा यो खण्डकाव्य तत्कालीन नेपाली जनजीवनको सांस्कृतिक पक्षलाई समेत अभिव्यञ्जित गर्न सफल देखिन्छ।

## ३.८ राजेश्वरी खण्डकाव्यको मूल भाव तथा वैचारिक सार

**राजेश्वरी** भावप्रबल खण्डकाव्य हो। यसमा भावलाई रसका तहमा विकसित गरी कथ्यको अभिव्यक्ति दिइएको छ। यस खण्डकाव्यको मुख्य भाव शोक हो भने मुख्य रस करुण हो। शोकभाव र करुण रसलाई उत्कर्षमा पुऱ्याउन

कविले प्रकृति र इतिहासको सहारा लिएका छन् । करुण रसको निष्पत्तिका निम्ति नेपाली राजनीतिको एक विशेष कालखण्डमा घटेको राजनीतिक घटनालाई विषयका रूपमा ग्रहण गरिएको छ जसमा इतिहासले उत्पन्न गरेको त्रास र करुणा मुखरित भएका छन् । जब मान्छेमा संवेदना हराउँछ तब ऊ क्रूर, निर्दयी, कुटिल र षड्यन्त्रकारी बन्छ । त्यस्तो संवेदनहीन व्यक्तिबाट मानवीय मूल्यमा क्षति पुग्छ । मान्छेद्वारा नै मान्छे मारिनु मान्छेका लागि अत्यन्त दुखको र चुनौतीको विषय हो भन्ने बुझाइ कविको छ । सोही बुझाइअनुरूप खण्डकाव्यकार घिमिरे यस खण्डकाव्यका माध्यमबाट सत्ताको क्रूरताको कुनै सीमा नहुने तथ्यपरक सन्देश प्रवाह गर्न सफल भएका छन् ।

प्रकृति जीवनको मुख्य आश्रयस्थल र मानवज्ञानको मूल स्रोत हो भन्ने स्वच्छन्दतावादी भावधारा पनि यस खण्डकाव्यको मुख्य भावधारा बनेर आएको देखिन्छ । मान्छे जब तनावमा हुन्छ तब उसले प्रकृतिको काखमा शीतलता प्राप्त गर्छ भन्ने कुरा नायिकाको हेलम्बुबसाइ र त्यहाँ बस्दाको उनले पाएको सन्तुष्टिबाट स्पष्ट हुन्छ । यसै गरी व्यञ्जनाका तहमा यस खण्डकाव्यमा विश्वमानवतावादको काव्यिक अभिव्यञ्जना पाइन्छ । हृदयको कोमलता र हृदयको जडताका दुई विपरीत स्वरूपको प्रतिबिम्बन गर्दै यस भावको उदात्तीकरण गरिएको छ । यस क्रममा मान्छेको सबैभन्दा ठूलो शत्रु मान्छे नै बन्दै आएको कुरा घटनाहरूका माध्यमबाट सिद्ध गरिएको छ । सत्ताधारीको दायित्व, मातृत्व, पुत्रवात्सल्य, देशप्रेम, वीरता, करुणा आदि भावका माध्यमबाट मानवतावादी भाव पुष्ट भएको छ । विशिष्ट पात्रविधानका माध्यमबाट संसारलाई मानवता, विश्वबन्धुत्व, प्रेम, करुणा र भ्रातृत्वको सन्देश दिइएको छ । कुनै पनि निहुँमा जीवनलाई समाप्त पार्ने हक कसैलाई छैन, बाँच्न पाउनु मानवको नैसर्गिक अधिकार हो भन्ने विचारका साथ मान्छेले स्वतन्त्र भएर शान्तिपूर्वक जीवन बिताउन पाउनुपर्छ भन्ने सारभूत कथनमार्फत जीवनको अस्तित्वको सुरक्षा हुनुपर्छ भन्ने भावको अभिव्यक्ति दिइएको देखिन्छ । मानवताको रक्षा गर्नु जरुरी छ किनभने मानवताको भावनाले नै जीवन सुखी र समाज सभ्य बन्न सक्छ भन्ने निष्कर्ष यस खण्डकाव्यको मूल भावका रूपमा आएको छ । त्यसैले मानवतावाद नै यस खण्डकाव्यको

मुख्य वैचारिक सार देखिन्छ। तलको श्लोकांशले मात्र पनि यस कुराको पुष्टि हुन्छ :

**मान्छेबाट नकाट दुःखसुखको यौटै पनि यो क्षण**
**सारा सृष्टि सिँगार्छ इन्द्रधनुको यौटै पनी यो कण।** (१९ छाल)

## ४. निष्कर्ष

खण्डकाव्यकार माधवप्रसाद घिमिरे नेपाली खण्डकाव्य परम्पराका एक विशिष्ट बिम्ब र प्रतिनिधि खण्डकाव्यकार हुन्। स्वच्छन्दतावादी भावधारामा परिष्कृत शैलीका खण्डकाव्य लेख्नु उनको विशेषता हो। थोरै पदपदावलीमा गम्भीर भाव र धेरै जीवन ध्वनित गर्नु तथा मितव्ययी शब्दहरूको सुगठित संयोजनमा रसात्मक काव्यसिर्जना गर्नु उनको मुख्य रचनाधर्म हो। नेपाली खण्डकाव्य भण्डारलाई करिब एक दर्जन शक्तिशाली खण्डकाव्य दिएर सम्पन्न बनाउनु उनले दिएको मात्रात्मक योगदान हो भने भावसम्पन्न, सौन्दर्यात्मक तथा सम्प्रेषणीय बनाएर कथ्यको अभिव्यक्ति दिनु उनको गुणात्मक योगदान हो। राजेश्वरी उनको बहुचर्चित, बौद्धिक तथा परिष्कृत खण्डकाव्य हो। नेवार भाषासमुदायमा प्रचलित 'सती बिज्याय मालः' भन्ने लोकगाथा र नेपालको शाहवंशीय सत्ताकालको विशेष कालखण्डको एक मार्मिक घटना यसका विषय हुन्। इतिहासकी नायिका राजेश्वरी र खलनायक अमात्यबिचको द्वन्द्व यसको बाह्य द्वन्द्व हो भने राजेश्वरीको मनमा चल्ने आवेग र संवेगको हुरी यसको आन्तरिक द्वन्द्व हो। परिष्कृत र सुगठित भाषाशैलीमा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथ्यलाई आलङ्कारिक, बिम्बात्मक र प्रतीकात्मक बनाएर सूक्तिमयताका साथ शास्त्रीय छन्दलयमा लेख्नु यसको मुख्य भाषाशैली हो। शोकभाव यसको मुख्य भाव हो भने करुण रस यसको मुख्य रस हो। मानवीय मूल्यका पक्षमा सन्देश प्रवाह गर्ने यस खण्डकाव्यको वैचारिक सार आदर्शवादी मानवतावाद हो। यस खण्डकाव्यले नेपाली खण्डकाव्यको परम्परालाई गुणात्मक उचाइ प्रदान गर्न अहं योगदान दिएको देखिन्छ।

## सन्दर्भ सामग्री सूची

आचार्य, कृष्णप्रसाद, गौतम, नारायण (२०६१). *आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य.* काठमाडौँ : दीक्षान्त पुस्तक प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५४). *पाश्चात्य साहित्यका प्रमुख वाद.* चौथो संस्क. काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद (२०७०). *खण्डकाव्य समालोचना.* काठमाडौँ : ऐरावती प्रकाशन ।

प्रभात, विष्णु (२०७०). सम्पा. *साहित्यकार-कलाकार परिचय कोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, भानुभक्त (२०३९). *कवि माधव घिमिरे र उनका काव्यचिन्तन.* काठमाडौँ : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण, त्रिपाठी, वासुदेव, पराजुली कृष्णप्रसाद, शर्मा, गोपीकृष्ण र भट्टराई, हर्षनाथ (२०७५). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मिश्र, भागीरथ (सन् १९९६). *पाश्चात्य काव्यशास्त्र : इतिहास, सिद्धान्त और वाद.* वाराणसी : विश्वविद्यालय प्रकाशन ।

श्रेष्ठ, ईश्वरकुमार (२०५१). *पूर्वीय एवं पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली.* काठमाडौँ : साझा प्रकाशन ।

*(काठमाडौँ, नेपाल निवासी लेखक त्रिभुवन विश्वविद्यालय सहप्राध्यापक एवं नेपाली साहित्यिक मैदानका कुशल तथा प्रखर वक्ता हुन्)*

# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**भीमसेन सापकोटा**

अष्ट्रेलिया

# महान् प्राज्ञिक विभूति : राष्ट्रकवि माधव घिमिरे



रोचक घिमिरे

नेपाली हामी  रहौंला कहाँ नेपालै नरहे !
चुलिन्छ कहाँ उचाइ हाम्रो हिमालै नरहे !!

●

गाउँछ गीत नेपाली ज्योतिको पंख उचाली
जय जय जय नेपाल ! सुन्दर शान्त विशाल !
यै नेपाली  धूलोमा  दिलको फूल रोपेर
यै पहाडी  शिलामा प्रीतिको  गीत खोपेर
बाँचौंला हामी नेपालमा चन्द्र र सूर्य ध्वजा ली
नाचौंला हामी हिमालमा ज्योतिको पङ्ख उचाली

●

नेपाल आमा कहीं छौ घाम कहीं छौ छाया हे !
परन्तु सारा सन्तानमाथि एउटै  माया हे !

●

अमरावती शून्यमा रच्न चाहन्छु तैपनि
मनुष्य  जस्तो  अमर  मैले देखिन क्वै पनि

●

वारि र पारि घाम र छाया माझैमा पियार
संसारमा जन्म  दिएर ईश्वर बैंशमा नमार

●

शीतको थोपा अल्मलियो फूलको तरेलीमा
तिम्रो आँशु छिपेको छ मेरै परेलीमा

●

आइ कैल्यै पनि नसकिने चैत वैशाख मेरो
लाई कैल्यै पनि नसकिने प्रीत नौ लाख मेरो

●

यी रोए पनि दुःख लाग्छ यिनले सम्झे कि आमा भनी
यी हाँसे पनि सुक्ख छैन यिनले बिर्से नि आमा भनी
को हेर्ला अब हर्ष साथ यिनले हुर्कर खेले पनि
फाटी मर्नुछ पीर लाग्छ यिनले फुर्की नखेले पनि

●

पारिन्छ सत्ता जब खण्ड खण्ड
रहन्छ के राष्ट्र त्यहाँ अखण्ड
थुतिन्छ पत्ता जब खात खात
सिद्धिन्छ शोभा अनि फूलबाट

●

माथि टिपिएका केही पङ्क्तिहरू नै पर्याप्त छन् माधव घिमिरेलाई नेपाली काव्य जगत्का अजम्बरी कवि सिद्ध गर्न । कला, शिल्प, सौन्दर्य र भावले परिपूर्ण उनका रचना पढ्दा कुनै पनि संवेदनशील पाठकलाई चमत्कारी काव्य गङ्गामा गोता लगाएको मीठो अनुभव सहजै हुन जान्छ ।

माधव घिमिरे प्रखर राष्ट्रवादी, मानवतावादी, प्रकृतिवादी र क्रान्तद्रष्टा कवि हुन् । उनका प्रत्येकजसो रचना नेपाली माटोको सुवासले मग्मगाएका हुन्छन् । नेपाली हिमचुलीको शीतल बतासले गम्किएका हुन्छन्, नेपाली लेक बेसीमा झुल्किएका न्याना घामका स्पर्शले चम्किएका हुन्छन् । अनि नेपाली छाँगा र छहराले कुँदिएर चिल्लिएका हुन्छन् ।

माधव घिमिरे निर्माण र प्रगतितर्फ अग्रसर कवि हुन् । उनी ताल तलाउझैँ एकै ठाउँमा जमेर मात्र बसेनन् कहिल्यै, बरु नदीझैँ नयाँ नयाँ गन्तव्य पहिल्याउँदै उत्ताल तरङ्गमा बग्दै रहे निरन्तर । त्यस्तो नदीझैँ जसले हरेक ठाउँमा आफ्नो चौडाई र गहिराई आफैँ बनाउँदै जान्छ । कवि घिमिरे अतीतको अँध्यारो युगको मान्छेका कवि होइन, आजको एक्काइसौँ शताब्दीका चेतनशील मान्छेहरूका कवि हुन् । त्यसैले आजको मान्छेको पौरख र परिचयका प्रखर पक्षधर हुन् कवि माधव घिमिरे । वर्तमान विश्व व्यथालाई अन्तरहृदयले आत्मसात् गर्दै आफ्ना कृतिहरूद्वारा मानव कल्याण र विश्वशान्तिको आव्हान गर्ने युगचेता कवि पनि हुन् माधव घिमिरे ।

आफ्नो कृतित्व र व्यक्तित्वमा यस्तो गरिमा बोकेका कविवर घिमिरेलाई उनले सय वर्ष टेकेको दिन २०७५ असोज ७ गते कृतज्ञ नेपाली समाजले भावपूर्ण अभिनन्दन गरेको थियो । "राष्ट्रकवि"को आधिकारिक उपाधिबाट सुसम्मानित कविलाई शत शत अभिनन्दनको लहर चलिरहेकै थियो । नेपाली वाङ्मयका निम्ति यो स्वर्णिम सम्झनाका रूपमा इतिहासमा अङ्कित हुने घटना हो । यस्तो गरिमामय राष्ट्रिय सद्भाव पाएका, शतायु पार गरेका अद्वितीय काव्यशिल्पी हुन् राष्ट्रकवि माधव घिमिरे ।

वर्तमान नेपाली वाङ्मयका महत्तम व्यक्तित्व, नेपाली काव्य संसारका उच्चतम शिखर स्रष्टा, नेपाली गीति क्षेत्रका प्रकाशवान् नक्षत्र राष्ट्रकवि माधव घिमिरेको भौतिक उपस्थिति अब हामीबीच रहेन । लमजुङको पुस्तुन गाउँमा वि.सं.१९७६ असोज ७ गते जन्मिएका माधव घिमिरेले १०१ वर्षको उमेरमा २०७७ भदौ २ गते काठमाडौंमा देह त्याग गरे । शताधिक उमेर बाँचेका राष्ट्रकवि घिमिरेको निधनबाट नेपाली साहित्य जगत्मा निकै ठूलो रिक्तता आएको छ । सुदूर पहाडको अनकन्टार गाउँको सामान्य परिवारमा जन्मेका यी कविले निकै ठूलो साधना, सङ्घर्ष र श्रमद्वारा आफ्नो प्रतिभासम्पन्न महान् काव्य साधक व्यक्तित्वको निर्माण आफैँले गरे । पुस्तुन गाउँको अनकण्टार भीर-पाखामा आर्थिक अभावग्रस्त

परिवारमा जन्मेका अवसर र सम्भावनाहीन व्यक्ति नेपाली भाषा-साहित्य जगत्को शिखर पुरुष बन्नु माधव घिमिरेको आफ्नो सङ्घर्षशील व्यक्तित्वकै प्रतिफल हो ।

**ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल**
**सृजना शक्ति संसारमा कैल्यै हुँदैन विफल** !

माधव घिमिरेको व्यक्तित्व निर्माणलाई उनैका यी पङ्क्तिले चरितार्थ गरेका छन् । निश्चय नै ढुङ्गाको काप फोरेर उम्रेका सृजनशील पीपल हुन् उनी । माधव घिमिरे प्रखर राष्ट्रवादी, मानवतावादी प्रकृतिवादी र क्रान्तद्रष्टा कवि हुन् ।

उनका यी पङ्क्ति हेरौँ–

**मीठो खान मलाइ पुग्छ कसरी ? पुग्दैन पीठो जहाँ**
**सुख्खी बन्न त्यहाँ मलाई नपरोस्, छन् लाख दुःखी जहाँ**
**के बालूँ घरमा म बत्ति, झुपडी रुन्छन् अँध्यारा जहाँ**
**मेरो स्वर्ग रचूँ त्यहाँ म कसरी ? छन् सर्वहारा जहाँ** ।।

माधव घिमिरे यथार्थवादी मात्र होइन; गरीब र निमुखाका पक्षधर सर्वहारावादी कवि पनि हुन् भन्ने प्रमाणित गरेका छन् यी कविता पङ्क्तिले । आजीवन निरन्तर सृजनारत रहेर नेपाली साहित्यलाई समृद्ध पारे राष्ट्रकवि घिमिरेले ।

लेखनाथ, लक्ष्मीप्रसाद, बालकृष्ण जस्ता नेपाली वाङ्मयका महास्तम्भहरूकै सहयात्री स्रष्टा थिए माधव घिमिरे । माधव घिमिरेको निधनबाट नेपाली वाङ्मयको स्वर्णिम युगको एक स्तम्भ नै ढलेको अनुभूति साहित्य जगत्मा भैरहेछ । माधव घिमिरेले लेखेका थिए–

**क्यै काम नौलो नगरी नजाउँ**
**अकालमै हे म मरी नजाउँ**

**आयुष्य देऊ र भविष्य देऊ**
**म भित्र जीवन्त मनुष्य देऊ !**

यी कविता पङ्क्तिले बोलेजस्तै जीवन बाँचे उनी। शताधिक आयुमा पनि सृजनारत रहेर **ऋतम्भरा** महाकाव्यलाई पूर्णता दिए। जीवनको अन्तिम अवस्थासम्म पनि साधनारत रहेर रचिएको यस महाकाव्यको प्रकाशन पनि एउटा ऐतिहासिक प्राज्ञिक घटना बन्ने छ। परन्तुसम्म नेपाली मन र माटोमा बाँचिरहने सामर्थ्य भएका राष्ट्रकवि माधव घिमिरे प्रारम्भदेखि नै यस पङ्क्तिकार र **रचना** पत्रिकाका हितैषी थिए। उनका कतिपय स्मरणीय सृजना प्रकाशनको अवसर **रचना**लाई प्राप्त भयो। राष्ट्रकविको निधन नेपाली साहित्य जगत् निम्ति यथार्थमा नै अपूरणीय क्षति हो भने **रचना** परिवार निम्ति त व्यक्तिगत रूपमा समेत निकै ठूलो क्षति हो। राष्ट्रका महान् प्राज्ञिक विभूति राष्ट्रकवि माधव घिमिरेको स्नेह र सद्भावको प्रत्यक्ष छहारीबाट नेपाली वाङ्मय जगत् अब वञ्चित रहने भयो। तर उनका कालजयी सृजनाले नेपाली जाति र नेपाली भाषा-साहित्यको गौरव परन्तुसम्म बढाइरहने छन्! यस्ता अमर साधक राष्ट्रकवि माधव घिमिरेप्रति हार्दिक श्रद्धार्चन !

* nepalirachana@gmail.com

*(काठमाडौं, नेपाल निवासी लेखक वरिष्ठ साहित्यकार एवं साहित्यिक द्वैमासिक पत्रिका **रचना**का प्रधान सम्पादकसमेत हुन्।)*

# माधव घिमिरेको वैशाख कवितामा लोकजीवनको अभिव्यक्ति



प्रा.डा. लक्ष्मणप्रसाद गौतम

## १. आमुख

माधव घिमिरे नेपाली साहित्यको स्वच्छन्दतावादी काव्यधाराका त्रिमूर्ति (देवकोटा, सिद्धिचरण र घिमिरे) मध्ये एक हुन् । अझ प्रस्ट रूपमा भन्नुपर्दा घिमिरे नेपाली स्वच्छन्दतावादी भावधाराका छन्दकवितापरम्पराका प्रखर शिखरपुरुष हुन् । घिमिरेको काव्यक्षेत्र वार्णिक र मात्रिक छन्दका साथै गीतिकाव्य जगत्को ठूलो उर्वरभूमि हो । प्रकृतिका तनमय र मनमय चित्रणको जीवन्तता घिमिरेका प्रकृतिपरक कविताको उपजीव्यता हो । चाहे उच्चउदात्त राष्ट्रिय सचेतताको अभिव्यञ्जना होस्, चाहे उच्च मानवीय भावनाको उद्‌बोधन होस्, चाहे प्रकृतिका मनोहारी चित्रहरूको हृत्तलको छायाङ्कन होस्, उनको कला काव्यिक क्यानभासमा सजीव भएर उत्रेको हुन्छ । यस सन्दर्भमा उनका प्रकृतिपरक कविताहरूमा पाइने कविका विश्वजनीन कलात्मक मान्यताहरू र उच्च राष्ट्रिय सचेतता एवम् सौन्दर्यसचेतता र मान्यताहरू अरू कवितामा कमै पाइन्छ । *चरीलमिनी (पर्वतबासिनी देवी), कञ्चनजङ्घा, कालीगण्डकी, अन्नपूर्णा, यात्री, वैशाख* आदि मन्दाक्रान्ता छन्दका कविताहरूमा प्राकृतिक र सांस्कृतिक बिम्बविधानको जुन सुन्दर अभिव्यञ्जना छ; त्यसका सापेक्षतामा यी

कवितामा लोकजीवनका अभिव्यक्तिहरू पनि सूक्ष्मरूपमा यसरी नै अभिव्यञ्जित छन् ।

## २. लोकजीवनको सन्दर्भ

लोकजीवनका सन्दर्भमा घिमिरेका काव्य/कविताहरू बटारिएर हिँड्दैनन् । उनका काव्यलाई विशाल राजमार्ग चाहिँदैन, सानो गोरेटो भए पुग्छ र नेपाली लोकजीवन त्यही गोरेटामै ब्युँझन्छ। *वैशाख* कविताको केन्द्रीय कथ्य वासन्ती प्रकृतिको सेरोफेरोमा जीवन र जगत्को परिवर्तनशीलता र अनन्तताको अभिव्यञ्जना हो । यस कवितामा घिमिरेका कविता-कलामान्यता र लोकजीवनका सशक्त अभिव्यक्तिहरू पनि अभिव्यञ्जित छन् । यसर्थ लोकजीवनको अभिव्यक्तिको केन्द्रीय वृत्तभित्र रहेर वैशाख कवितालाई एउटा सानो कोणबाट हेर्नु वाञ्छनीय देखिन्छ। लोकजीवनको अभिव्यक्तिको सशक्त माध्यमका रूपमा लोकसाहित्य मात्र हुँदैन । साहित्यले लोकजीवनसँग सोझै रूपमा अविच्छेद्य भएर लोकजीवनका अभिव्यञ्जनाहरू प्रकट गर्दछ भने लिखित साहित्यले लोकजीवनसँग त्यति सान्निध्य राख्दैन, तर लोकजीवनका अभिव्यक्तिहरूको प्रकटीकरणका दृष्टिले लिखित साहित्य परम्पराको लामो इतिहास पाइन्छ। प्राचीन कालका पूर्वीय र पाश्चात्य लिखित साहित्य लोकजीवनसँग सम्बद्ध हुन्थे भने अर्वाचीन साहित्यमा पनि लोकजीवनका अभिव्यक्तिहरू तीव्र रूपमा प्रकटिएको पाइन्छ। त्यसो त नेपाली साहित्यका केही प्रयोगवादी साहित्यकारलाई छोडेर प्रायः सबै स्रष्टाका रचनामा कुनै न कुनै रूपमा लोकजीवन पनि सङ्केतित देखिन्छ। सूक्ष्मरूपमा हेर्ने हो भने भानुभक्तीय रामायणदेखि समसामयिक धाराका स्रष्टाहरूसम्मका रचनामा लोकजीवन व्यक्तिएको पाउन सकिन्छ ।

नागरजीवनदेखि भिन्न जीवनलोकमा पुगेर त्यहाँको लोकजीवनका तीव्रतम अनुभूतिलाई आफ्ना सिर्जनाहरूमा प्रकटीकरण गर्ने कविहरूमा कविवर माधव घिमिरेको आफ्नै निजत्व छ। उनी नेपाली पाखापखेराका कवि हुन्;

द्यौराली, भन्ज्याङ, चौतारी र डाँडाकाँडाका कवि हुन् । अनि लेक, बेसी र हिमशृङ्खलाका कवि हुन् । अर्थात् प्रकृतिका यी परिदृश्यहरू उनका कवितामा राम्ररी ब्युँझन्छन् । लोकजीवनको अभिव्यक्ति वा प्रकटीकरणका दृष्टिले घिमिरेका काव्य/कविताहरू उच्च र महनीय छन् ।

## ३. लोकजीवनको प्रकटीकरण र जातीय संस्कृति

कवि घिमिरेको *वैशाख* कवितामा अभिव्यक्त लोकजीवनको सेरोफेरो बेग्लै छ, भिन्नै छ । खास गरेर प्राकृतिक लोकजीवन र सांस्कृतिक पक्षको अभिव्यक्तिका दृष्टिले यो कविता सशक्त छ। यस क्रममा ऋतुचक्र र जातीय संस्कृति बढी प्रभावी देखिन्छ। वैशाख अर्थात् वसन्तऋतु र यस ऋतुको प्राकृतिक बिम्बका माध्यमबाट जीवन र जगत्लाई हेर्दै त्यही जीवन जगत्को समीकरणबाट *वैशाख* कवितामा लोकजीवनलाई नियालिएको छ :

**"गोठालाले वनवन डुली हाल्नथाल्यो सुसेली"**

यहाँ कवि घिमिरे पहाडी ग्रामीण परिवेशतिर तानिएका छन् । शिशिर ऋतुमा रूख बिरुवाहरू पनि शीत/हिउँले कठ्याङ्ग्रिएर शुष्क र मृतप्रायःजस्तै देखिन्छन् । चरनहरूमा पनि भुइँघाँसहरू उम्रिसकेका हुँदैनन् र वसन्तऋतुले यी सबैमा हरियाली भरिदिन्छ र जाडो हराउन थाल्छ। गोठाला गोठाल्नीहरू पनि गाईवस्तुहरू लिएर वनमा चराउन जान थाल्दछन् । वास्तवमा यो हाम्रो लोकजीवनले आत्मसात् गरेको दिनचर्या हो र पहाडी परिवेशका नेपालीहरूको दैनन्दिन प्रक्रिया हो । गाउँघरका गोठाला गोठाल्नीहरू बिहान खाईवरी गाईवस्तुहरू लिएर वनमा जाने र साँझ गोधुलीमा टन्न अघाएका गाईवस्तु लिएर गीत गाउँदै उकाली-ओराली गर्ने लोकजीवनको अभिव्यक्ति यस कवितांशमा मुखरित भएको छ। गोठाले गीतहरूमा भरखर बैंसले छोएका नवयौवनाहरू, पति परदेशिएका विरहिणीहरू अनि भरखरका ठिटौले र जोसिला गोठाला युवा-युवतीहरू सबैको हृदय बिसाउने, पोख्ने र माइने काम हुन्छ। सबै यस्तै गोठाले गीतहरू गाउँदै

एकछिन तितरबितर हुँदा हुन् । यसै अवस्थामा वनवन डुलेर सङ्गी-साथीहरू बोलाउन अनि मायालुसँग प्रेमका भाकाहरू पोख्न र अझै सुसेलीको साङ्केतिक भाषाका माध्यमबाट समेत आफ्ना मायालुहरूलाई बोलाउन सुसेली हाल्दै वनवन चहार्ने एउटा अवर्णनीय, अपरिकल्पनीय तर यथार्थ लोकजीवनको सिङ्गो प्रतिबिम्ब यहाँ देखिएको छ । लोकसुसेलीहरू सुसेल्नुपूर्व त्यसै भाषामा सुसेलीहरू धूनका रूपमा अभिव्यञ्जित हुन्छन्, जुन लोकसाङ्गीतिक धुनको मनोहारिता ती सुसेलीहरूमा पाइन्छ । अझै गोठाला-गोठाल्नीहरू एक-एकातिर बसेर रनवन घन्काउँदै दोहोरी गाउने प्रचलनको त झन् बेग्लै संसार छ र *गोठालाले वनवन डुली हाल्न थाल्यो सुसेली* त्यसैको अभिव्यक्ति पनि हो ।

यहाँको गोठालो शब्द काम गर्न राखिएको नोकर वा हरूवा जसलाई गोठालो नामले प्रायः पुकारिन्छ, तिर सङ्केतिक छैन । अनि पुँस्त्ववाचक गोठालो मात्र होइन, गोठाल्नीहरू पनि यसै "गोठालो" शब्दभित्र समाहित हुन्छन् । कवि घिमिरको यस कविताको अभीष्ट पनि यही हो :

**"लाऊँ कानैतिर भनि टिपिन् गुर्सिनीले गुराँस**
**नेवार्नीले मधुसुमनले जेल्दिइन् केशपाश ।**
**भोटेनीले मगमग बुकी फूल बाँधिन् तुनामा,**
**क्वैली बोल्यो वनवन नयाँ प्रीतिको सम्झनामा ।।"**

यो सिङ्गो पद्य लोकजीवनको अभिव्यञ्जनातिर मात्र होइन, नेपाली लोकसांस्कृतिक प्रतिबिम्बका दृष्टितिर पनि उत्तिकै सङ्केतित छ । साथै नेपालको भौगोलिक परिवेशका आधारमा लोकजीवनका लोकसांस्कृतिक मर्महरू यहाँ अभिव्यक्त भएका छन् ।

गुरुङ जातिको मूलथलो मध्य पश्चिमी पहाडी क्षेत्र हो र यहाँ पहाडी प्रादेशिक लोकजीवनको सांस्कृतिक प्रचलन मुखरित भएको छ । अझै नेपालको राष्ट्रिय फूल लालीगुराँस पनि विशेषतः मध्यपहाडी क्षेत्रका वनजङ्गलहरूमा

बढी पाइन्छ। वनपाखाहरूमा वसन्त बोलाउने गुराँस त्यहाँका गुरुङ नारीहरूको सौन्दर्य प्रसाधनको समेत साधन हो। पहाडी गुरुङ नारीहरू कपाल कोरीबाटी कानैनेरका दुई चुल्ठामा रातो गुराँस स्युरेर हिँड्न गौरव गर्छन्। अझै पनि आफ्नो संस्कृतिजस्तै गरी रातो गुराँस टिपेर कानैनेरका चुल्ठामा टपक्क लगाउँदा सिङ्गो नेपाली लोकजीवनको वास्तविक प्रतिबिम्ब उत्रिएको हुन्छ भन्ने कुरा वैशाख पाइन्छ। वसन्तऋतुमा फुल्ने रातो गुराँसलाई देखेर गुर्सिनीको कानैनेर गुराँस फूलेको कल्पना गर्नु कवि घिमिरेभित्रको सौन्दर्य सचेतता पनि हो र तिनीहरूको गुराँसको फूल टिपाइको प्रयोजन अरू केही नभएर आफ्नो लोकजीवनको पोखाइ पनि हो। गुराँसको फूल टिपाइ र स्यूराइ गरिबीको कारण सुनका आभूषण लगाउन नपाइने अभीप्साको क्षतिपूर्ति पनि हो। यही पद्यको दोस्रो पङ्क्ति उपत्यकाली नेवारी सांस्कतिक परिदृश्यतिर सङ्केतित देखिन्छ :

**"नेवार्नीले मधूसुमनले जेल्दिइन् केशपाश"**

यसका आधारमा उपत्यकाली नेवार्नीहरू वसन्ती मधुसुमनले अर्थात् वसन्तऋतुका फूलहरू (नेवारी भाषामा प्रयुक्त 'मुखाँ' नामले चिनिने एक प्रकारको फूल) बाट आफ्ना केशपाश (चुल्ठो) लाई सिँगार्छन् भन्ने भन्न् मुरा देखाइएको छ। नेवार जातिको मूल थलो पनि काठमाडौँ उपत्यका नै हो र अहिले जेजस्तो भए पनि गमलामा फूल फुलाउन नपर्ने बेलाका उपत्यकाली नेवार्नीहरूलाई कृत्रिम सौन्दर्यप्रसाधनको आवश्यकता थिएन। आफ्ना केशराशिहरूलाई कलात्मक रूपले चुल्ठो बनाएर आकर्षक र कलात्मक रूपमै थरीथरीका मगमगाउँदा फूलहरूद्वारा सजाउनु सौन्दर्यप्रसाधनका सन्दर्भमा जीवनशैली नै थियो भन्ने कुरा यसबाट थाहा हुन्छ। वसन्तऋतुमा थरीथरीका फूलहरू फुलेको देख्दा नेवार्नीहरूले केशपाश सजाएको अनुभूतिको बिम्ब उतार्नु कविको लोकसंस्कृतिप्रतिको सम्मोहन पनि हो :

"**भोटिनीले मगमग बुकी फूल बाँधिन् तुनामा**"

हिमाली प्रादेशिक चित्रणका क्रममा त्यहाँका शेर्पालीहरूको लोकसांस्कृतिक अभिव्यञ्जना यहाँ अभिव्यञ्जित छ। शेर्पाहरू (भोटेहरू) को मूलथलो भोट र नेपालको हिमाली क्षेत्र हो। यहाँ नेपाली भोट अर्थात् हिमाली प्रदेशतिर कविकी भोटेनी बुकीफूल टिप्छे र तुनामा स्युरन्छे। लोकजीवन कस्तो जीवन्त र मौलिक हुन्छ भन्ने कुरा यस कवितामा देखाइएको छ। हिमाली क्षेत्रका बासिन्दाहरू, भोटेनीहरू हिमाली क्षेत्रमा फुल्ने बुकी फूल टिप्छन् र कान र चुल्ठामा स्युरिँदैनन्, बरु सेतो, रातो, ठूलो र नरम अनि बास्नादार र भुवादार बुकीफूल तुनामा बाँध्दछन्। कपालमा स्युरिएको आफ्नो आफैँले देखिँदैन। आफूले लगाएको आफैँ नदेखे लगाएको के सार ? के महत्त्व ? सायद यही मान्यता राख्छन् भोटेनीहरू र तुनामा बुकीफूल बाँधेर आफ्नो मौलिक लोकजीवनको अभिव्यक्ति पोख्छन् र बुकीफूल तुनामै बाँधिन्छ, अन्त कतै स्युरिँदैन, लगाइँदैन। यो हिमाली प्रदेशको वास्तविकता हो, यथार्थता हो, जुन कुरालाई "बुकी फूल बाँधेर तुनामा, नरोऊ माया बसेर कुनामा" यस लोकफाँकीले पनि अझ सशक्त रूपमा देखाउँछ।

पहाड, उपत्यका र हिमाली प्रदेश मात्र होइन, तराइली प्रदेशका प्राकृतिक परिदृश्यलाई पनि कविले छोएका छन्। नेपालको तराइली क्षेत्र हरियो र घनाजङ्गलका लागि प्रसिद्ध छ; जहाँ कोइलीको विरहलाग्दो कुहुकार सुनिन्छ। वसन्तऋतुमा विरहको आकुलता र व्याकुलताले प्रीतिकै सम्झनास्वरूप कोइलीको विरहको कुहुकार पति परदेशिएकी नवविवाहिता नेपाली नारीको विरहको संवदनाको प्रतीक बनेर आएको छ। कवितांशका यी प्रत्येक अभिव्यञ्जनाहरूमा नेपाली लोकजीवनकै अभिव्यक्ति पाइन्छ।

## ४. काव्यमान्यता र प्राकृतिक सांस्कृतिक परिवेश

*वैशाख* कविताको उपजीव्य विषयवस्तु नै लोकजीवनको अभिव्यक्ति हो। यो लोकजीवनको अभिव्यक्ति *यौटै सानो सरल कृतिमा पूर्ण संसार* देऊ भन्ने

घिमिरेको *वैशाख*मा पूर्णसंसार चहार्न खोज्दा भेटिने एउटा कोणको अभिव्यञ्जना हो । आफ्ना काव्यमान्यता, कलाप्रतिको सहजानुभूति, जीवन र जगत्‌को नैरन्तर्य र परिवर्तनशीलता, जीवनवादी चिन्तन, सौन्दर्य सचेतता, राष्ट्रिय सचेतता र यी सबैभित्र अन्तर्भूत प्रकृतिचित्रण आदिआदिका अभिव्यञ्जनाहरू 'वैशाख' कवितामा पाइन्छन् ः

**"चौतारीमा वरपिपलको बोट नौलो लगाऊँ ।**
**छहारीको तलतिर बसी गीत यौटा म गाऊँ"**

यस कवितामा जसरी उनका कलामान्यताहरू छरिएका छन्, लोकजीवनको अभिव्यञ्जनाका दृष्टिले पनि यस कवितांशको उच्चता त्यक्तिकै छ। धर्मभीरु लोकजीवनले पाटी-पौवा बनाउनु, चौतारी चिन्नु, त्यही चौतारीमा वरपिपल रोप्नु, त्यहाँ नजिकै पोखरी खनी मौलो गाडेर पानी भर्नु आदिलाई स्वर्ग जाने सिँढी मानेको छ। चौतारी चिनेर त्यहाँ वरपिपल रोपिसकेपछि वरपिपलको झँग्याइसँगै आफ्नो जीवनको पुण्यकर्मको सफलतामा अन्तरात्माको र आत्मसन्तुष्टिको गीत गाउने धोको पनि नेपाली लोकजीवनले बोकेको हुन्छ। यस सन्दर्भमा वरपिपलको छहारी पुण्यप्राप्ति हो। नेपालका हिमाल, पहाड, तराई जतासुकै बाटामा बीचबीचमा चौतारी चिनिएका देखिन्छन् । त्यहीँ बटुवाहरू एकछिन भारी बिसाउँछन् । आउनेजानेहरू मीठामीठा गीत गाउँदै चौतारीलाई रमणीय तुल्याउँछन् । चौतारी धर्मभीरुहरूको धार्मिक आस्थाको प्रतीक, बटुवाहरूको एकछिनको आश्रय र त्यसैमुनि बसेर गीत गुनगुनाउने एउटा अभिलाषाको प्रतीक बनेको हुन्छ। सामाजिक सेवा र उपकारको भावनासमेत भरिएर बनेका चौतारीहरूको नाता नेपाली लोकजीवनसँग राम्ररी गाँसिएको देखिन्छ र यस कवितामा यही भाव अभिव्यक्त भएको छ।

घिमिरेका कवितामा पाइने लोकजीवनका उच्छ्वासहरू *वैशाख* कवितामा ज्यादै स्पष्टरूपमा सम्मूर्तित भएको छ। वासन्ती छायामुनि पर्खिएर बस्ने कल्पित प्रेयसी, पानीको वर्षासँगै रुने प्रेयसी र तिहारमा भैलो खेल्ने दिदीबहिनीहरूसँग

गाँसिएर आउने आशावादी स्वर पनि यहाँ देखिन्छ भने 'उनी' प्रतिको भगिनीत्व एवम् कल्पित प्रेयसीत्वका बीचको समीकरण पनि तीव्र र प्रभावी देखिन्छ :

**"बस्छिन् छायामनि जब उनी चैतमा पर्खिएर**
**रुन्छिन् वर्षा जब रिमिझिमी शैलमा बर्सिएर**
**नेपालैमा अनि घुमिफिरी आउँला आउँला म**
**भैलो खेली शरद ऋतुमा गाउँला गाउँला म।"**

काम र मामको खोजीमा नेपाली युवाहरू लाहुर जाने र तिनका पत्नी एवम् दिदीबहिनीहरूले सम्झनाको बत्ती बालेर बस्ने प्रभावी अभिव्यञ्जना यहाँ अत्यन्त सशक्त देखिन्छ। यो नेपाली लोकजीवनको यथार्थ चित्र हो।

माधव घिमिरे नेपाली पाखापखेराका कवि हुन्, गाउँ बैंसीका कवि हुन्। त्यसैले नेपाली पँधेराहरूको पानी खाँदै पाखापखेरामा चहार्ने नेपाली लोकपरिवेशको बिम्बचित्रले राष्ट्रियताको समेत प्रतिध्वनि दिन्छ :

**"गाई चर्ने चरन हरिया चौर पाखा पखेरो**
**पानी भर्ने अनि हिमचुलीनेर हाम्रो पँधेरो।"**

प्रस्तुत *वैशाख* कविता लोकसाहित्यिक विशेषताको संवरणका दृष्टिले पनि सशक्त देखिन्छ। श्रुतिपरम्परा वा कर्णपरम्परामा बाँचेर रहनु अर्थात् एक गलाबाट अर्को गलामा सर्दै जानु लोकसाहित्यको अझ त्यसमा पनि लोकगीतको विशेषता हो। 'बूढा मरे भाषा सरे' भनेझैँ कालान्तरसम्म नेपाली लोकभाकाहरूलाई एक गलाबाट अर्को गलामा सार्दैजाने धोको कविलाई छ। यसै केन्द्रीयतामा सारङ्गीका तारहरूमा सुखदुःखका संवेदनात्मक गीतहरू गाउँदै मेचीदेखि महाकालीसम्म पुग्ने धोको पनि कविलाई छ। लोकजीवनका यिनै सन्दर्भहरू यस कवितामा सम्मूर्तित भएका छन् :

**"सर्छन् छायाँ वनवन थला छोडी अर्को थलामा**
**सर्छन् भाकाहरू यस गलाबाट अर्को गलामा**
**सारङ्गीमा सुख र दुःखको गीत मीठो बजाई**
**मेची–कालीतक म हिंडुला लेकबँसी रजाइ।"**

नेपालको हिमाली क्षेत्रका बासिन्दाहरू जब हिउँद लागेर हिउँ पर्न थाल्छ अनि लेकमा रहेका भेडीगोठलाई बेँसीतिर झार्छन् । वसन्तऋतु सुरु भएपछि अर्थात् हिउँ पर्न छोडेपछि बेसीका भेडीगोठहरूलाई फेरि लेकतिरै लैजान्छन् । यो हिमाली लोकजीवनको जीवनशैली हो, जीवनपद्धति हो । हाँगाहरूमा चराहरूको चिरिबिरी र गोठालाका भेडीगोठहरूको स्थानान्तरणले मात्र जीवन र जगत्‌को परिवर्तनलाई देखाएको छैन। अपितु, वसन्तऋतुले समेत जीवन र जगत्‌को परिवर्तनलाई अभिव्यञ्जित गरेको छ। यही अभिव्यक्ति घिमिरेको *वैशाख* कवितामा शब्दचित्र बनेर देखिएको छ :

**"उक्ली हाँगाउपर चिडिया बोल्दछन् बोटबोट**
**गोठालाले पनि लगिसक्यो लेकमा भेडीगोठ"**

नेपाली लोकजीवनमा नै 'सहनाववतु सहनौ भुनक्तु' र 'सङ्गच्छध्वम् संवदध्वम्' को सहभाव पाइन्छ। आजको सहरिया वैयक्तिक जीवनमा नेपाली लोकजीवनभित्र पाइने सह-अस्तित्वको भाव अवश्य पनि लोभलाग्दो देखिन्छ :

**"जाऔँ ज्यानी कुसुमऋतुमा गोड्न नौलो बिरौटा**
**खाऔँ छायाँ तलतिर बसी रोटी भाँचेर यौटा।"**

घिमिरेको *वैशाख*ले नेपाली लोकजीवनमा र अझ नारीत्वमा लोकसांस्कृतिक चित्रण गरेको पाइन्छ। यस कवितामा गुर्सिनी, भोटेनी, नेवार्नी र कोइली नेपाली नारीका रूपमा ब्युँझिएका छन् ।

"**क्वैली जान्छे कुन विरहमा माइती देश छोडी**"

नेपाली नारीका लागि माइतीघरबाट टाढिएको पराइ घर जाँदाको विरहको अभिव्यक्ति कवि घिमिरेले कोइलीमा पाएका छन् । वासन्ती वनमा माइतीमा जस्तै रमाएर बसेकी कोइली वसन्तपछि रमाइलो वन छाडेर टाढा कतै गएजस्तै उसको विरहलाग्दो कुहुकार पनि नीरवतासँगै एकाकार गराउँदै माइतीदेश छोडेर जान बाध्य नबोढा बाला विरहको पुकार पोख्छे । मुटुभरि भक्कानो लिएर माइती छोडेर जाने अवस्थामा र गएको अवस्थामा माइतीतिरका पातपतिङ्गरदेखि लिएर सम्पूर्ण वस्तुहरू उसका लागि प्यारो लाग्ने अभिव्यक्ति कतिपय लोकसुसेलीहरूमा समेत पाइन्छ। चाहे पौराणिक र कालिदासयुगीन (पूराण र कालिदासको अभिज्ञान शाकुन्तलमा वर्णित) शकुन्तलाको गृहगमन होस्, चाहे पहाडी नेपाली नारीको गृहगमन होस्, अथवा माइतीबाट बिछोडिएकी नेपाली नारीको विरह होस्; कवि घिमिरेले माइतीदेशको परित्यागमा मुटुभरि आउने विरहको मार्मिकता वासन्ती कोइलीमा प्रतिबिम्बित देखेका छन्। त्यसकारण विवेच्य *वैशाख* कविताका कोइली नेपाली नारीको प्रतीकात्मक रूप हो ।

## ५. निष्कर्ष

माधव घिमिरेको *वैशाख* कविता लोकजीवन अभिव्यञ्जित भएको उत्कृष्ट कविता हो । कवि घिमिरेका प्रत्येक काव्य/कवितामा लोकजीवन-शैलीको जीवन्त चित्रण पाउन सकिन्छ। यत्ति हो, तिनलाई अभिव्यक्तिको साँचोमा सोझै ढालेर हेर्न खोज्दा अभिधाका स्तरमा कतिपय रचनामा नपाइन पनि सक्छ तर सूक्ष्म गाम्भीर्यतिर गएर अलिकति मात्र पनि डुबुल्की मार्ने हो भने लोकजीवनका सांस्कृतिक उन्मेषहरूबाट कलाको मूर्तता र अमूर्तताको चित्रणका साथै नेपाली सांस्कृतिक पक्ष र जनजीवनमा पहाडी लोकसांस्कृतिक अभिव्यक्तिका दृष्टिले *वैशाख* कविताको मर्म पनि केन्द्रीय कथ्यका रूपमा देखिएको छ।

*(काठमाडौं, नेपाल निवासी लेखक अनेसासका केन्द्रीय सल्लाहकार तथा त्रि.वि.वि.का प्राध्यापक हुन् ।)*

# स्मृतिका छालमा राष्ट्रकवि माधव घिमिरे



लालगोपाल सुवेदी

माधव घिमिरेको नाम मेरा आँखामा परेको उहिले उहिले नै हो। सायद म कक्षा चारको विद्यार्थी हुँदाताकनै । 'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली, जय जय जय हे नेपाल सुन्दर शान्त विशाल ।'... कलिलो मस्तिष्कले यस सुन्दर गीति कविताको भावार्थ नबुझे पनि यसमा प्रयुक्त सुललित, कोमल, पदलालित्यमय साङ्गीतिक झङ्कारले हृदय भने छोइसकेको थियो। बेलाबेलामा यो गीत रेडियोबाट पनि बज्ने गर्थ्यो। हामीहरू भाका हालीहाली यो गीत गाउँथ्यौं । आज पनि यो गीत हामीलाई कण्ठै छ। लेखकको नाम याद हुनुभन्दा पहिल्यै कण्ठै भएको हो यो गीत। नामभन्दा पहिल्यै कविता कण्ठ हुनु लेखकको उच्च सफलता हो भन्छु म । यसरी व्यक्तिसँग भन्दा धेरै अगाडि कविता तथा गीतका कलात्सामक पङ्क्तिहरूमा साक्षात्कार भएको रहेछ घिमिरेसँग मेरो । विद्यालय जीवनमा उनका अरू पनि गीत तथा कविताहरू दोहऱ्याई तेहऱ्याई पटक पटक पढैं मैले घिमिरेका कालजयी रचनाहरू । जस्तैः नेपाल आमा कहीं छौ घाम कहीं छौ छाया हे , लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो, गाली गर्दैन सारङ्गी झूटो बोल्दैन बाँसुरी' आदि आदि। नेपाली साहित्यमा निकै नै लोकप्रिय बनेको **गौरी** भने क्याम्पस जीवनमा पाइला टेकेपछि मात्रै पढैं मैले । काव्ययात्राको यस देउरालीबाट फर्किएर जब आफ्ना अतीतका पदचापहरूलाई राम्ररी नियालेर हेरैं मलाई कविता पथमा बाटो देखाउने लालटिनहरू त यिनै यिनै कविता तथा

गीतहरू पो रहेछन् । घिमिरे पनि पहाडमा जन्मी हुर्केर गाई चराएको ठिटो, म पनि पहाडमा जन्मी गाई चराएको ठिटो ! घिमिरेले सानैमा मातृवियोग भोगे, मैले सानैमा पितृवियोग भोगेँ । पूर्वको उदाउँदै गरेको बालसूर्य, साँझमा मुस्कुराँदै उदाउने खुर्पे चन्द्रमा, साँझमा अस्ताउँदै गरेको घामले हिमाली चुचुराहरूमा छर्ने सिँदुरे रङ्ग, चिडियाहरूको चिरबिर, खोलानालाहरूको कलकल ध्वनिमा रहस्यहरूको खोजी गर्ने हामी दुवैको स्वभावमा जब समानताका रेखाहरू फेला पार्छु तब ग़म खान्छु । शेली, बाइरन, किट्स, कालिदास वा रवीन्द्रनाथ ठाकुर पढेर म कवि भएको होइन । म आमाको गर्भबाटै कवि भएर आएको पनि होइन । विद्यालय जीवनको साहित्यिक वातावरण, त्यतिबेला पढेका पाठ्यपुस्तकका कविता, गुरुहरूले दिएका स्यावासीका धाप र कवितालेखन अभ्यासले मेरो कवित्वको मलजल गरेको हो भन्न चाहन्छु आज म । विद्यालय जीवनमा थाहा नपाई नपाई माधव घिमिरेमय भएछु म । देशप्रेम, प्रकृतिप्रेम, पदलालित्य, मानवता, हार्दिकता, कोमलता, साङ्गीतिकता मेरा पनि कविता तथा गीतहरूका विशेषता हुन् । यो विरासत घिमेरेबाट पाएछु भन्ने लाग्छ मलाई । यसको अर्थ मेरा कविता घिमिरेका कविताका फोटोकपी हुन् भन्नेचाहिँ होइन । घिमिरेसँग आफूलाई जोड्नुको तात्पर्य के हो भने नेपाली काव्य परंपरामा घिमिरे आफैँमा महान् स्कुलिङ्ग हुन् । उनले निर्माण गरेको काव्यपथका यात्रीहरू असङ्ख्य छन् । पद्य कवि मात्र होइन गद्य कविहरूमा पनि कहीँ न कहीँ कतै न कतै घिमिरेका पदचापहरू भेटिन्छन् । कसैले घिमिरेलेजस्तै थोरैमा धेरै भन्न खोज्ने प्रवृत्ति पैँचो लिएका छन् । कसैले भाषिक सरलता पैँचो लिएका छन् । कसैले हृदय संवेद्यता पैँचो लिएका छन् । कसैले ग्रामीण पात्र, परिवेश, जीवनशैली र ग्रामीण संस्कृतिलाई आफ्ना काव्यको विशेषता बनाएका छन् । कसैले घिमिरेलेझैँ हिन्दूधर्म र दर्शनलाई आफ्नो काव्यधन बनाउने प्रयत्न गरेका छन् । कसैले घिमिरेको क्रान्ति चेतनालाई प्रगतिवादी चेतनामा रूपान्तरित गरेका छन् । सरलता र हृदयसंवेद्यता घिमिरेका कविता तथा गीतहरूका मूल विशेषता हुन् । यिनै गुणहरूले गर्दा नित्तान्त व्यक्तिगत वेदना भए पनि **गौरी** सर्वप्रिय हुन पुग्यो । भानुभक्तको **रामायण**पछि शास्त्रीय छन्दमा सबैभन्दा बढी लोकप्रिय मानिन्छ घिमिरेको **गौरी** । **गौरी**लाई लोकप्रियताको यो उचाइमा लैजाने काम केले गर्यो ? भाषिक सरलता र हृदयसंवेद्यताले । ग्रामीण परिवेश, निर्दोष र सरल

भाव, ग्रामीण सुखदुःखको निश्छल चित्रण पनि गौरीका सफलताका कारक हुन् । भाषिक सरलता र जन भावनाको सजीव चित्रण इमान्दारिताका साथ जसले गर्दछ त्यही सर्जकले जनजनको मन जित्दछ । मैले बुझेको र आत्मसात गर्न खोजेका घिमिरे यिनै हुन् ।

जीवन सङ्घर्ष र कार्यव्यस्ताताका कारण घिमिरेको काव्यधर्मिताबाट जति लाभान्वित हुनुपर्ने हो त्यति हुन नसकेको अनुभूति आज भइरहन्छ । अग्रज वरिष्ठ कविबाट पाएका प्रेरणा, कविवरले आफ्ना कविताहरूमाथि गरेका टिप्पणी र धनात्मक सङ्केतहरू पनि मेरा लागि लाख हुन् । उनले देखाइदिएका ऋणात्मक पाटाहरू पनि मेरा ठूला उपलब्धिहरू हुन् । कविवरका कविता तथा गीतका रचना प्रकृयाबारे छलफल गर्ने अवसर पनि मैले पाएको थिएँ । कविता तथा गीतका दुई अवगुणका बारेमा गरिएको छलफल मलाई विशेष लागेका छन् । उनी जहिल्यै भन्ने गर्थे– भाषा विकृत र भाव दूषित हुनुहुँदैन भनेर । नेपाली भाषाको मूल स्वरूप नै बिगारेर साहित्य रचना गर्नेहरूप्रति उनी गुनासो गर्ने गर्थे । उनी भन्थे– भाषा नै हाम्रो सर्वस्व हो । भाषालाई समृद्ध बनाउनु हाम्रो कर्तव्य हो । प्रयोगका नाउँमा वाक्यहरू भाँच्ने, तोड़फोड़ गर्ने गर्दा भोलि भाषा मर्न सक्छ र यसबाट हामीलाई नै ठूलो हानि हुन्छ ।

भावलाई विकृत बनाउनु हुँदैन भन्ने उनको विशेष आग्रह थियो । साहित्यमा छाडा यौन पनि राम्रो होइन र निराशावादी चिन्तन पनि राम्रो होइन भन्ने उनको धारणा थियो । यदि राम्ररी गहिरिएर अध्ययन गर्ने हो भने उनका कुनै पनि कविता, गीत तथा काव्यमा कतै पनि पलायनवादी तथा निराशावादी स्वर पाइँदैन । साहित्यले व्यक्ति तथा समाजलाई उँभो लैजानुपर्छ, साहित्य मानवतावादलाई उचाल्ने धेयबाट सिर्जना गर्नुपर्छ भन्ने मान्यता थियो ।जब उनी आफ्ना कविता तथा गीतका उदाहरणहरू प्रस्तुत गर्थे यिनै कुरा बारबार दोहोऱ्याइरहन्थे ।

२०४० को दशकमा छन्दमा कविता लेख्ने कविहरूको सङ्ख्या अत्यन्त न्यून थियो। यसबाट घिमिरे निकै चिन्तित देखिन्थे। कतै आफ्नो शेषपछि छन्द कविता हराएर जाने त होइन भन्ने उनलाई लाग्दथ्यो। यसैले भेट भएका

बेला उनी भन्ने गर्दथे– लय नै कविताको प्राण हो। लय नै भएन भने कविता बाँच्दैन। तपाईँ राम्रो लेख्नुहुन्छ। छन्दमा तपाईँको भविष्य उज्यालो छ। हो, छन्दमा कविता लेख्न कठिन छ, मलाई पनि कहिलेकाहीँ भावानुकूलका शब्दको अभावले अत्याउँछ। यसो भन्दैमा लेख्नै छाड्नुहुदैन।बारबार कविता लेख्ने अभ्यास गरिरहनुपर्छ। कविता लेख्नेमात्र होइन त्यसलाई परिष्कार पनि गर्नुपर्छ। कविता बनाउनु भनेको मूर्तिकारले ठूलो ढुङ्गोलाई कुँदी कुँदी मूर्ति बनाउनुजस्तै हो। ढुङ्गो विचार गरी गरी कुँद्नुपर्छ। यदि कुनै ठाउँमा बढी चोट पर्यो भने अनुहारै विरूप पनि हुन सक्छ। आँखा, नाक, कान, गाला, ठीकठीक ढङ्गले निर्माण गर्न सक्नुपर्छ र त्यसमा मुस्कानसमेत भर्नुपर्छ अनि मात्र कविता जीवन्त र अमर बन्दछ। कविताको जीवन्तता भनेकै सकारात्मक भाव हो। साहित्यले व्यक्ति, समाज, राष्ट्र र विश्वलाई नै उचाल्न सक्नुपर्छ।

वि. सं. २०६०, ६१ तिर म लैनचौरस्थित निस्ट कलेजमा पढाउने गर्थें। घिमिरेको घर पनि लैनचौरमै भएकोले घिमिरेसँग समय मागेर अलि बाक्लै रूपमा म उनको घर जाने गर्दथेँ। आफ्ना कविता सुनाउनभन्दा पनि उनका कविताको रचना प्रकृयाबारे छलफल गरी गुदी कुरा थाहा पाउने मेरो ध्येय हुन्थ्यो। कविता, खण्डकाव्य, महाकाव्य र तिनको रचनाकारिताका बारेमा साहित्य सिद्धान्तका पुस्तकहरू जति पनि भेटिन्छन् तर कविवरका कविता बनोट प्रक्रियाबारे छलफल गर्ने अवसर पाउनु भनेको दुर्लभप्रायः नै कुरा हो। यस्तो अवसर ८५ वर्ष पार गरेका वयोवृद्ध कविबाट प्राप्त गर्नु अहोभाग्य नै हो। कविता रचना गरे पनि किन कवि वर्षौंसम्म पनि प्रकाशन गर्ने हतारिन्नन् भन्ने रहस्य पनि त्यसै क्रममा थाहा भयो। 'काली गण्डकी' कवितामा कवि भन्छन्– यौटै सानो सरल कृतिमा पूर्ण संसार देऊ ! चारै हरफको कविता किन नहोस् त्यो पूर्ण हुनुपर्छ भन्ने कविको मान्यता रहेछ। परिचय, विकास, उत्कर्ष, अपकर्ष, उपसंहार प्रकृयाद्वारा कसरी कवितालाई पूर्णता दिन सकिन्छ भन्ने कुरा उनकै कविता साक्ष्यकाआधारमा हामी घण्टौं छलफल गर्ने गर्थ्यौं। आफ्नो कवितामा आफैं पूर्ण रूपले सन्तुष्ट भइँदैन भने त्यसले अरूलाई पनि सन्तुष्ट बनाउन सकिन्न भन्ने कविको बारबारको तर्क हुने गर्दथ्यो। कविकै **राष्ट्रनिर्माता**, **राजेश्वरी**, **इन्द्रकुमारी** खण्डकाव्य, विश्ववन्धु,

कालिगण्डकी, वैशाख, दुलही हिमाल कन्चनजंघालगायतका छन्द कविता, फूलको थुँगा बगेर गयो तथा आजै र राति के सपना देखेँ भन्ने गीतका अन्तरकुन्तरमा पसेर हामीले पटक पटकको भेटमा कुराकानी गरेका थियौँ। खण्डकाव्यमा प्रयुक्त पात्रका एउटै संवादमा व्यक्त गरिने विचारक्रममा समेत कति होशियार हुनुपर्छ भन्ने कुरा कविवरको मुखारवृन्दबाट थाहा भयो।

पूर्वाञ्चलमा निकै स्वनामधन्य बनेका कवि भानुभक्त पोखेलले घिमिरेको काव्यकारितालाई विषय बनाएर विद्यावारिधि अध्ययन गरे पनि त्यो अधुरो तथा अपुरो रहेको कुरा पनि छलफलको क्रममा आयो। भानुभक्त पोखरेलले एम. ए. उत्तीर्ण गरेर क्याम्पसमा बीसौँ वर्ष पढाए पनि घिमिरेको स्वाध्ययनबाट आर्जित ज्ञानको गहिराइमा पुग्न उनलाई निकै कठिन भएको रहेछ। आज घिमिरे विषयमा दर्जनौँले विद्यावारिधि गरे पनि भानुभक्त पोखेलकै पौने पी एचडी मानिएको कृति नै बढी ओजनदार प्रतीत हुन्छ।

२०६२ र ६३ को जनआन्दोलनपछि मुलुकमा नयाँ राष्ट्रगानको आव्हान गरियो। त्यसमा कालिप्रसाद रिजाल, रमेश खकुरेल, कन्चन पुडासैनीलगायत सयौँ स्वनामधन्य रचनाकारहरूले राष्ट्रगान रचे। माधव घिमिरेले पनि राष्ट्रगान रचेका थिए। यसै क्रममा राष्ट्रगानको अन्तर्वस्तु छलफलका लागि तीनचारपटक म माधव घिमिरेकहाँ गएको थिएँ। कालिगण्डकीजस्तो विश्वस्तरीय कविताका रचनाकार र राष्ट्रप्रेम विषयका नेपाली साहित्यका आजसम्मका सबैभन्दा अब्बल १ नंम्बरका गीतकार माधव घिमिरे नै हुन् भन्ने ठहर गरी उनको अब्बल ज्ञान र अनुभवबाट लाभान्वित बन्ने उद्देश्यले म उनीकहाँ गएको थिएँ। यस क्रममा मैले पटक पटक १४ वटा राष्ट्रगान संस्कृति मन्त्रालयमा बुझाएको थिएँ। सर्वप्रथम घिमिरेकै अब्बल गीतका प्रत्येक हरफको भावार्थ विस्तृत रूपमा बताउनका लागि अनुरोध गरेको थिएँ। गाउँछ गीत नेपालीको भावार्थ बारेमा निकै गम्भीर छलफलभएको थियो। गाउँछ गीत नेपाली सगरमाथाजत्तिकै निकै माथिल्लो उचाइ भएको गीत रहेछ। सभ्यता बास बसेथ्यो आएर यही साँझमा भन्ने हरफको भावार्थ कविवरकै मुखारवृन्दबाट सुन्दा म चकित भएको थिएँ। पहिले जहाँ सगरमाथा

थियो त्यहाँ तेथिस सागर थियो । विश्वभरिको मानव सभ्यताको सुरुवात तेथिस सागर वरिपरिको मानववस्तीबाट भयो । त्यही तेथिस सागर पछि सगरमाथामा परिणत भयो । सगरमाथा नेपालमै छ । यसैले मानवसभ्यताको पहिलो उद्गमस्थल नेपाल नै हो भन्ने वैज्ञानिकसम्मत तर्कबलको जगमा उठेर सगरमाथा शिखरबाट नेपालीपनको गौरवको झण्डा विश्वसामु फहराएको अत्यन्त शक्तिशाली गीत रहेछ यो । यसै गीतलाई राष्ट्रगान बनाउन सक्नुपर्थ्यो नेपालले त्यतिबेला । पूर्वमा टिष्टा पुगेथ्यौं पश्चिम किल्ला काँगड़ा भन्ने हरफले अर्को राष्ट्रको स्वाधीनतामाथि धावा बोल्ने भएकाले यस्ता एक दुई हरफ हटाउन सकिन्थ्यो । घिमिरेले त्यतिबेला तयार पारेको अर्को राष्ट्रगान पनि उत्तिकै बेजोड र नेपाली गीतको इतिहासमै अब्बल थियो । राष्ट्रगानको निर्णायकमा सत्यमोहन जोशी, मोदनाथ प्रश्रित लगायत चौधपन्ध्र जनाको समूह भए पनि तिनले सुन र घुनको भिन्नतामाथि आँखा चिम्लेकै हुन् । राष्ट्रले दिएको ज़िम्मेवारी पूरा नगरी अन्टसन्ट गर्नु भनेको जघन्य अपराध र नेपालमाथिको कुठाराघात नै हो । यसै सिलसिलामा आफैँलाई आत्मसन्तुष्टि हुने दुई चार गीत मैले पनि जन्माएको थिएँ ।

राष्ट्रकविसँगका धेरै धेरै अविष्मरणीय सम्झनाहरूलाई पछि विस्तृत गर्ने गरी यसरी बुँदागत रूपमा प्रस्तुत गर्न चाहन्छु ः

१. २०४५ सालमा मेरो छन्दोबद्ध कविता प्रज्ञाबाट पुरस्कृत भएको थियो । समयको त्यही विन्दुबाट माधव घिमिरेले मलाई विशेष याद गरेको हुनुपर्छ । त्यसपछिका प्रत्येक भेटमा उनी स्याङ्जाका बारेमा समेत प्रसङ्ग उप्काउथे ।

२. कविगोष्ठीहरूमा भेट हुँदा मेरो तारिफ़ गर्दै छन्दोबद्ध कविता लेखनका लागि उत्प्रेरित गरिरहन्थे ।

३. २०५२ सालमा भक्तपुरको कटुन्जेमा आयोजित अधिराज्यव्यापी कविता प्रतियोगितामा म प्रथम भएको थिएँ । प्रमुख अतिथि थिए माधवप्रसाद घिमिरे । उनकै बाहुलीबाट मैले प्रथम पुरस्कार पाएको थिएँ ।

४. २०५८ सालमा मेरा दुई कृति प्रकाशित भएका थिए। त्यसको विमोचन पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईबाट भएको थियो। माधव घिमिरे विशेष अतिथि थिए। एक जना वक्ताले छन्दकविताको घनघोर विरोध गर्दै घिमिरेका कृतिमाथि पनि कटाक्ष गर्दै मेरा छन्दका कविताहरूमाथि पनि प्रहार गरेका थिएँ। त्यसको लगत्तै मेरा कविताहरूका धनात्मक बुँदाहरूमा केन्द्रित भई माधव घिमिरे आधाघण्टा बोलेका थिए। **फूलको देशमा** भन्ने कवितासङ्ग्रहका सबै कविता पढेर लामै भूमिकासमेत लेखेका छन् घिमिरेले

५. २०५१ सालतिर थाँक्रो साहित्यिक पत्रिकाका लागि हरिप्रसाद काफ्ले 'शैव' र मैले कवि घिमिरेको जीवनयात्रा र कविता विषयमा केन्द्रित भई कविज्यूको घरमै गएर लामो अन्तर्वार्ता लिएका थियौँ।

६. २०५८ सालमा जन्मदिनको अवसर पारी अधिराज्यव्यापी अभिनन्दन गरिएको थियो। उक्त अभिनन्दन समारोहको एकजना सदस्य म पनि थिएँ।हामीले माधव घिमिरे अभिनन्दन ग्रन्थ प्रकाशित गरेका थियौँ। माधव घिमिरेको काव्यकारितामा केन्द्रित भई मैले समालोचकीय लेख लेखेको थिएँ। उक्त लेख असोज ६ गते कविवरको जन्मदिनकै अवसरमा **कान्तिपुर** पत्रिकामा प्रकाशित भएको थियो। एकेडमीको घिमिरे अभिनन्दन समारोहमा उक्त लेखको चर्चा भएको थियो।

७) २०५९ सालमा नेपाल सरकार संस्कृति मन्त्रालयबाट प्रदान गरिने युवा वर्ष मोती पुरस्कार प्राप्त गरेको थिएँ। मोतीजयन्तीका दिन माधव घिमिरे प्रमुख अतिथि थिए। माधव घिमिरेसँगै मन्चमा रहन पाउँदा मलाई एकातर्फ गौरव बोध भएको थियो भने अर्कोतर्फ दायित्वबोधसमेत भएको थियो।

८. निस्ट कलेजमा पढाउनेताका प्रायः हप्तामा एक पटक घिमिरेले खाना खाई आराम गर्ने बेलातिर पुगेकै हुन्थैं। हामी घिमिरेकै कविताको रचनाकारिताबारेमा गफिन्थ्यौँ।

९. राष्ट्रियगानका विषयमा पनि उनले लेखेका पङ्क्तिपङ्क्तिमा आधारित भई हामीले कुराकानी गरेका थियौँ ।

१०. २०७२ सालमा म अमेरिकाबाट नेपाल गएको थिएँ । त्यतिवेला मेरा ६ कृति एकैपटक प्रकाशित भएको थियो । **फूलको देशमा** भन्ने छन्दोबद्ध कवितासङ्ग्रहमा २०५८ सालमै घिमिरेले भूमिका लेखिसकेकाले उनको बुढ्यौलीलाई मध्यनजर गर्दै भूमिका लेख्नका लागि दुःख नदिने विचार गरेँ । आफूले प्रकाशित गरेका सबै कृति उपहारका रूपमा समर्पण गरेँ । आफ्ना गीतहरू उनलाई सस्वर सुनाएँ । उनले आफ्ना गीति अनुभव सुनाई प्रशस्त मार्गदर्शन गरेका छन् । उनका ती अनुभवलाई पूँजीका रूपमा ग्रहण गरेको छु ।

११) **पानी**, **योगमाया** र **इन्द्रेनी** काव्यकृतिको पहिलो पाठक घिमिरे हुन् भन्न पाउँदा गर्वानुभूति हुन्छ । **योगमाया**ले ६७ को समूहको प्रतिनिधित्व गर्दै आत्मदाह गरेको घटना मृत्युन्मुख छ । काव्य जीवन्मुख हुनुपर्छ र काव्यले प्रस्तुत गर्ने विचार प्रौढ़ र परिपक्व हुनुपर्छ भन्नेमा उनको जोड थियो । हुन त **राजेश्वरी**लाई पनि चितामै पुऱ्याइएको थियो तैपनि त्यसमा मान्छेको बाँच्ने अधिकार हनन गर्नुहुन्न भन्ने मानवतावादी सन्देश छ । **योगमाया**को पुनर्विवाह तथा राणाशासनका अन्याय अत्याचारप्रतिको विरोध प्रसङ्गहरूको भने उनले खुलेर प्रशंसा गरे । गद्य कवितामा प्रवाहित आन्तरिक लयका बारेमा पनि कविवरले प्रशंसाभाव व्यक्त गरे । काव्य वा कृतिमा विचारको प्रौढ़ता नै सर्वस्व रहेछ । विषयको छनोटमै सचेत हुनुपर्ने उनको सुझाव थियो । वयोवृद्ध कविको यस्तो प्रौढ़ अनुभवलाई भविष्यका लागि पथप्रदर्शनका रूपमा ग्रहण गरेको छु । माधव घिमिरेबाट सिक्नुपर्ने कुराहरू धेरै छन् ।

*(बोस्टन, अमेरिका निवासी लेखक अनेसास दर्पणको प्रधान सम्पादकसमेत हुन्)*

# कविवर माधवप्रसाद घिमिरेको सम्झनामा



वसन्त श्रेष्ठ

**आयौ तिमी कहाँबाट त्यो कसैलाई भनेनौ**
**गयौ तिमी कता कता त्यो पनि कसैलाई भनेनौ**
**तर यस जगत्मा आई त्यो कस्तो खेल रचायौ**
**सम्झी सम्झी सबैलाई धुरु धुरु रुने बनायौ** !!!

कविवर माधवप्रसाद घिमिरेको १०२ औँ शुभ जन्मदिन आउन दुई महिना मात्र बाँकी हुँदा उनको देहावसान भयो। त्यसै कारण उनको बारेमा लेख्नेहरूले कसैले १०१ वर्ष त कतिले १०२ वर्षको आयु लेखेको पाइन्छ। करिब १०२ वर्ष पुग्न लागेको बेला २०२० अगष्ट महिनाको १८ तारेखका दिन निधन भयो। नेपाली साहित्याकाशमा उज्ज्वल नक्षत्र बनेर नौ दशकसम्म आफ्नो सिर्जनाले अनवरत सेवा गर्दै रहेका कवि घिमिरेले अब विश्राम लिएका छन्। अन्तिम अवस्थासम्म पनि **ऋतम्भरा** महाकाव्य सम्पन्न गर्न कम्मर कसेर लागेका कविजीले सो सम्पन्न गरेर नेपाली साहित्याकाशमा अर्को ठूलो भण्डार थपेपछि विश्राम लिएको विश्वास गरिन्छ।

मैले जीवनमा कविजीलाई दुई पटक मात्र भेट्न सकेँ। पहिलो भेट वि.सं. २०२७ सालको हो। काठमाडौंको लैनचौरस्थित दूग्ध विकास संस्थानको कार्यालयपछाडि मेरो सहपाठी मित्र नेवज गुरुङको डेरा थियो। नेवज गुरुङको डेरा अक्सर हाम्रो भेटघाटको थलो बनेको थियो। हामी भन्नाले ज्योति अधिकारी

र म प्रायः उनकैमा जाने गर्थ्यौं। त्यस दिन हामी छतमा बसेर कलेजकै कुनै गृहकार्य गर्नमै व्यस्त थियौं क्यारे ! तल सडकबाट "कविजी !, कविजी !" भन्ने आवाज आयो। नेवजले बाहिर हेर्‍यो र भन्यो– "उनै हुन् माधवप्रसाद घिमिरे भनेको।" हामीले बाल्यकालदेखि पढेका र सुनेका कविलाई प्रत्यक्ष देख्न पाउँदा हामी धेरै खुसी भयौं। वास्तवमा नेवज बसेको सो घर कवि शिरोमणि लेखनाथ पौडेलका भाइ डमरुबल्लभ पौडेलको घर थियो। कविवर माधवप्रसाद घिमिरे उनको मित्र कविजीकोमा प्रायः आउने गर्दारहेछन्।

दोस्रो र अन्तिम भेट सन् २००० सालमा अमेरिकाको भर्जिनिया राज्यमा भएको थियो। त्यस समय कविजी पारिवारिक भ्रमणको सिलसिलामा अमेरिका भ्रमणमा आएका थिए। सो अपूर्व अवसरलाई हामीले कविजीको सम्मानमा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको तर्फबाट साहित्यिक अभिनन्दन गर्ने कार्यक्रम तय गरेका थियौं।

सन् २००० सालको जुन महिनाको पच्चीस तारेखका दिन, भर्जिनियाको एनानदेल शहरस्थित नोभा कलेजमा एक भव्य कार्यक्रम सम्पन्न भएको थियो। तत्कालीन नेपाली राजदूत दामोदरप्रसाद गौतमको प्रमुख आतिथ्य र आँशुकवि रमेश खकुरेलको अतिथित्यतामा सम्पन्न सो अभिनन्दन कार्यक्रम स्थानीय कवि साहित्यकारको ठूलो जमघट भएको थियो। सो अवसरमा मैले कविवरको साहित्यिक व्यक्तित्व र जीवनको बारेमा प्रकाश पार्ने अपूर्व अवसर प्राप्त गरेको थिएँ।

मैले आजभन्दा बीस वर्षपहिला प्रस्तुत गरेको सो वक्तव्य यहाँ हुबहु राखेर म कविवर माधवप्रसाद घिमिरेप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

मेरो वक्तव्यको पूरा पाठ यस प्रकार रहेको थियो–

*श्रद्धेय कविवर माधवप्रसाद घिमिरेज्यू, प्रमुख अतिथि महामहिम राजदूतज्यू, कवि रमेश खकुरेलज्यू उपस्थित विशिष्ट साहित्यकार तथा सम्पूर्ण साहित्यप्रेमी*

*महानुभावहरू !*

*कविवर माधवप्रसाद घिमिरेज्यूको परिचय यहाँ मैले दिइरहनुपर्ने आवश्यकता त मैले देख्दिनँ । तर पनि उहाँको सम्मानमा आयोजित यस अभिनन्दन समारोहमा उहाँको बारेमा केही शब्द बोल्नु उचित हुने देखी मैले जानेका बुझेका र पढेका उहाँको व्यक्तित्व र प्रतिभाको सेरोफेरोमा रहेर उहाँको बारेको शब्दचित्र कोर्ने प्रयास गरेको छु ।*

*आजभन्दा एकासी वर्षअघि गण्डकी अञ्चलको लम्जुङ जिल्लाको पुस्तुन बाहुनडाँडामा जन्मनुभएका कविवर माधवप्रसाद घिमिरेको साहित्यिक यात्रा "बैराग्य पुष्प" भन्ने कवितासङ्ग्रहबाट सुरुभएको हो । कवि शिरोमणि लेखनाथ पौड्यालका कविताबाट अत्यधिक प्रभावित हुनुभएका कविज्यू वि.सं. १९९५ सालमा "स्वदेशी" गीत लोक छन्दमा लेखेपछि घिमिरेज्यूका कवि व्यक्तित्वले सुन्दर स्वरूप ग्रहण गर्न थालेको पाइन्छ ।*

*छन्द कहिल्यै लोप हुँदैन । अझ यो त बढ्दै गइरहेछ भनेर विश्वास गर्नुहुने कविजी– छन्द मर्दै मर्दैन, सबै गीतहरू छन्दमै छन्, शब्द मिलेको वा अनुप्रास मिलेको गीत भन्नु नै छन्द हो भन्ने मान्यता राख्नुहुन्छ । जीवनमा छन्द नभए भद्रगोल हुन्छ, बिग्रन्छ भन्नुहुने कविजी छन्द अमर छ र छन्द भनेको लय, सुर र ताल हो भन्नुहुन्छ । कविताहरू छन्दमै लेख्नुहुने कविजी निम्ति छन्द कविताको प्राण तत्व मान्नुहुन्छ । उहाँको कविताहरूमा छन्द र लयको ज्वलन्त सम्यक समन्वय भेटिनाका साथै शैलीमा सरलता र अनुभूतिको मार्मिकता टड्कारो रूपमा भेटिन्छ । जस्तै उदाहरणको लागि–*

**एक्लो कोमल प्याउली कुसुम यो एकलासमै फूल्न द्यौ**
**सन्ध्यामा छलिने कुनै किरण यो कैलाशमै डुल्न द्यौ**
**मान्छेबाट नकाट दुःख सुखको एउटै पनि यो क्षण**
**सारा सृष्टि सिँगार्छ इन्द्रधनुको एउटै पनि यो कण** !!!

*त्यस्तै,*

**मेरो शिल्पी यस सकलमा स्वस्थ आकार देऊ**
**एउटै सानो सरल कृतिमा पूर्ण संसार देऊ !**

*प्रकृति चित्रणमा पनि उत्तिकै सिद्धहस्त कवि माधवप्रसाद घिमिरेका कविताहरूले संस्कृतका कालिदास र अङ्ग्रेजी साहित्यका कवि किट्स, मिल्टन कलरिज, र वोर्डस्वर्थको सम्झना गराउँछन् । कवि घिमिरेको कवि व्यक्तित्वअन्तर्गत देखापर्ने अर्को महत्त्वपूर्ण पाटो हो राष्ट्रवादी तथा देशभक्ति भावना ! उहाँको कृतिहरूमा देश र माटोको ममता प्रखर रूपमा झल्केको टड्कारो रूपमा पाइन्छन् । उहाँका "गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली" गीती कवितादेखि सुरु भएको राष्ट्रवादी स्वर दिनप्रतिदिन उच्चतम बन्दै गएको अनुभूति हुन्छ । कविजीको विचारमा– 'कविता हुनलाई गुण पक्ष धेरै आवश्यक छ र अन्तर्निहित भवनाद्वारा सबै पाठकहरूको अनुभूति समेटिएको मात्रै कविता हो ! कविता कोर्दैमा सबै कविता हुँदैनन् ! कविता डाँडाकाँडा, छहरा, हिमाल, नदीनाला समेटिएको नेपालीपन हुनुपर्छ' भन्ने उहाँ ठान्नुहुन्छ ! उहाँका काव्यकृतिहरूमा वीर रस, करुण रस वा जुन रसमा लेखे तापनि जीवनको सकारात्मक पक्षलाई समेटी राष्ट्रियताको भावना ओतप्रोत भएको पाइन्छन् ।*

कविता, गीत र काव्य गरी करिब दुई सयवटा जति कृति लेखिसक्नुभएका कविजीका उल्लेखनीय कृतिहरूमा **राजेश्वरी**, **कालीगण्डकी**, **धर्तीमाता**, **आफ्नै बाँसुरी आफ्नै गीत**, **किन्नरकिन्नरी**, **मालती–मङ्गले**, **गौरी**, **राष्ट्रनिर्माता**, **हिमालपारि–हिमालवारि**, **हिमकमल**, **अश्वत्थामा**, **देउकी** *आदि प्रमुख मानिन्छन् ।*

*कवि घिमिरेले विशिष्ट प्रज्ञा पदक, प्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु, त्रिभुवन प्रज्ञा पुरस्कार, सीताराम साहित्य पुरस्कार, आदिकवि भानुभक्त पुरस्कार, साझा पुरस्कारद्वारा सम्मानित भइसक्नुभएको छ । काव्य प्रतिष्ठानका सदस्य*

*रहिसक्नुभएका कवि घिमिरे नेपाली शिक्षा परिषद्का अध्यक्ष, प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति, कुलपति हुँदै हाल त्यसै प्रतिष्ठानका आजीवन सदस्य हुनुहुन्छ । सेवाको हकमा उहाँले गोरखापत्र संस्थानको सम्पादकमण्डलको सदस्य, भाषानुवाद परिषद्का लेखक, कलेज अफ एजुकेशनका प्रशिक्षक, नेपाल-भारत मैत्री सङ्घका पूर्व अध्यक्षसमेत भई सेवा गरिसक्नुभएको छ । उहाँको* **अश्वत्थामा** *कृति नोवेल पुरस्कारका लागि नेपालबाट छनौट भएको थियो भने गीतिनाटक* **मालती–मङ्गले**ले *सर्वाधिक मञ्चनको रेकर्ड कायम गर्न सफल भएको थियो ।*

*यिनै विशाल प्रतिभाका धनी नेपालका अग्रणी साहित्यकार कविवर माधवप्रसाद घिमिरेलाई आज हामी यस विदेशी भूभागमा उहाँको नेपाली भाषा र साहित्यमा लामो समयसम्मको योगदानको कदर गर्दै सम्मान गर्न पाउँदा हामी उहाँप्रति आभार प्रकट गर्दै गौरवान्वित महसुस गरेका छौं । आफ्नो पारिवारिक भ्रमणको व्यस्त समयमा पनि नेपाली भाषा र साहित्यलाई अझ अगाडि बढाउने प्रेरणास्वरूप यस अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको अनुरोधलाई स्विकार्नुभएकोमा हामी उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छौं ।*

*अन्त्यमा, कविवर माधवप्रसाद घिमिरेज्यूको सामानमा आयोजित यस अभिनन्दन समारोहमा हाम्रो निम्ता स्विकार्नु भई पाल्नुभएका सम्पूर्ण साहित्यप्रेमी महानुभावहरूमा धन्यवाद ज्ञापन गर्दै यस समारोहलाई सफल पार्न सहयोग गर्नुहुने मेरा सम्पूर्ण सहयोगी मित्रहरूप्रति पनि म हार्दिक धन्यवाद भन्न चाहन्छु ।*

*धन्यवाद !*

*(हाल भर्जिनिया, अमेरिका निवासी लेखक अनेसासका पूर्वअध्यक्ष हुन्)*

# राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूप्रति



विजयध्वज थापा

राष्ट्रकविज्यूलाई सम्झनासाथ सर्वप्रथमतः उहाँको निम्नलिखित पङ्क्तिको याद आउँछ : 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' । यस वाक्यांश र देशको वर्तमान अवस्थालाई नियाल्दा कविज्यूले तात्कालीन समयमा दिनुभएको शिक्षा हालको वर्तमान अवस्थासँग मिल्न आएको स्पष्ट छ। अहिलेको समयमा उक्त वाक्यांश अझ मनन गर्न आवश्यक छ। नेपाली र नेपाल राष्ट्रप्रतिको अगाध प्रेमभाव व्यक्त गर्नुहुने महानकविप्रति म हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

कविज्यूको विभिन्न पक्षमा आदरणीय स्रष्टाज्यूहरूबाट धेरै कुरा आइसकेको र विभिन्न पत्रपत्रिकामा पढ्ने सौभाग्य मिलिरहेकोले म तिनै कुरालाई दोहोऱ्याएर यस लेखलाई लामो पार्न चाहन्न। जस्तोकि उहाँको जन्म मिति र स्थान, काठमाडौंको निवासस्थान, मातापिता, उहाँको प्रतिभाशाली स्वभाव, १५ वर्षकै उमेर अर्थात् वि.सं. १९९१ बाट नै साहित्यिक क्षेत्रमा गर्नुभएको योगदान, वि.सं.२००२ सालमा **गोरखापत्र**को सहायक सम्पादकमा प्रवेश गर्नुभएदेखि शिक्षण पेसामा प्रवेश गर्दै पछि नेपाल प्रज्ञाप्रतिष्ठानका सदस्य, आजीवन सदस्य,

उपकुलपति हुँदै कुलपतिसम्मको पद सम्हाल्नुभएको र ती अवधिमा उहाँले पुऱ्याउनुभएको योगदानका सम्बन्धमा व्याख्या गरिरहन्न।

वि.सं. १९९२ सालमा **गोरखापत्र**मा 'ज्ञानपुष्प' कविता प्रकाशन भएदेखि अन्य प्रकाशन भएका कवितासङ्ग्रह,गीतसङ्ग्रह, नाटक, गीति नाटक, खण्डकाव्य, महाकाव्य हुँदै अन्तिम र प्रकाशोन्मुख महाकाव्य **ऋतम्भरा** महाकाव्यसम्मको विषयमा विभिन्न विद्वान् स्रष्टाज्यूहरूको कलमबाट लिपिबद्ध भएकै छन्। यसबाहेक यहाँ म उहाँसँगको प्रत्यक्ष भेटघाटको क्रममा भएका केही कुराकानीको बारेमा मात्र प्रकाश पार्न सान्दर्भिक ठान्दछु।

हुनत उहाँको बालसाहित्य सानै उमेरमा नै पढेको र स्कुलमा मच्ची मच्ची सामूहिक स्वरमा गाएको 'गाउँछ गीत नेपाली ' सम्झँदा अहिले नै जस्तो लाग्छ। सोबाहेक सानैमा पनि मेरो पिताजीसँग विभिन्न कवि सम्मेलनमा गएर उहाँको कविता पाठ पनि रमाएर सुन्दथैं। कविता छन्दमा लयात्मक हुन्थ्यो तर स्वरमा भने त्यो बेलामा पनि कम्पन नै थियो। यसरी मैले पहिलेदेखि नै चिन्न थाले पनि उहाँसँग परिचय र प्रत्यक्ष कुरा गर्ने अवसर मिलेको थिएन। एकै पटक २०६५ सालमा मेरो गीतको पाण्डुलिपि बोकेर भूमिका (आशीर्वचन) लिन उहाँको निवासस्थानमा पुगें। पहिले परिचय नभएकोले एकै पटक जाँदा बडो असजिलो मान्दै गएको थिएँ।

बैठकमा कुरेर बसेको थिएँ। केहीबेरमा आउनुभयो र परिचय माग्नुभयो। म उठिरहेको थिएँ, बस्नुस् भन्नुभएपछि बसें र आफू आउनाको कारण भन्दै पाण्डुलिपि दिएँ। हाल स्वास्थ्य ठिक नभएकोले ३-४ दिनपछि दिन्छु भनेर पाण्डुलिपि लिनुभयो। केही समय साहित्यसम्बन्धी कुराकानी पनि भयो। उहाँले कुनै पनि सृजना गर्दा मौलिक हुनुपर्छ भन्दै आफूले गीत रचना गर्दा मौलिकताको विचार गर्ने गरेको कुरा गर्दै भन्नुभयो "मैले एकपटक पहाडबाट एउटा सानी केटी काठमाडौं ल्याएको थिएँ। जति गर्दा पनि उनको मन रमाउन सकेन र एक-

डेढ महिनापछि गाउँ नै फर्केर गइन् । त्यो देखेर एउटा गीत लेखेँ" भन्दै गीतको बोल सुनाउनुभयो- *"लाग्दछ मलाई रमाइलो आफ्नै पाखा पखेरो, हिमालचुली मुन्तिर पानी भर्ने पँधेरो*। त्यतिबेला यो मौलिक थियो तर हिजोआज त्यस्तै धेरै आइसके" भन्दै मौलिकतातर्फ सोच्न सल्लाह दिनुभयो । कुराकानीकै क्रममा मेरो नामपछाडि 'ध्वज थापा' जोडिकोले "उपन्यासकार लीलाध्वज कोही पर्छ कि !" भनेर सोध्नुभयो । मैले उहाँ मेरो पिताजी हुनुहुन्छ भन्दा "ओहो ! मेरै साथीको सुपुत्र हुनुहुँदो रहेछ" भनेर झन् खुसी मान्नुभयो। केहीबेर कुराकानी सकेर उहाँको शालीन तथा बहुआयामिक व्यक्तित्वदेखि मुग्ध हुँदै बिदा भएँ। त्यसको चारै दिनमा फोन आयो र लिन गएँ। उहाँ आफैँ आएर दिनुभयो। अर्को पटक **तन्नेरी** द्वैमासिकको तर्फबाट श्री विदुर गौतमजीले मलाई सम्मान गर्ने निमन्त्रणा गर्नुभएकोले गएको थिएँ। उक्त कार्यक्रममा प्रमुख अतिथि राष्ट्रकविज्यू नै हुनुहुँदो रहेछ। उहाँको हातबाट सम्मानित हुने अवसर मिल्यो। तत्पश्चात् पटक पटक विभिन्न कार्यक्रममा उहाँसँग भेट हुँदा लामै भलाकुसारी पनि हुन थाल्यो । पछि लीलाध्वज थापा साहित्य प्रतिष्ठानको स्थापना भइसकेको थियो र उहाँलाई सम्मान तथा पुरस्कार प्रदान गर्ने कमिटिको सल्लाहअनुसार समय माग्ने शिलशिलामा म पुनः उहाँकहाँ पुगेँ । यतिखेर उहाँ केही बिरामी हुनुहुँदोरहेछ तैपनि तल कोठामा भेट्न ओर्लनुभयो । मैले बुवाको नाममा प्रतिष्ठान रहेको र यो पटकको सम्मान तथा पुरस्कार यहाँलाई प्रदान गर्ने सल्लाह भएकोले अनुरोध गर्न आएको भनेँ । यो सुनेर "अहिले म बिरामी छु, घरबाट कतै पनि निस्कन दिएका छैनन्, कि त कार्यक्रम यहीँ आएर गर्नुपऱ्यो" भन्नुभयो । मैले हस् भनिहाल्न सकिनँ किनकि कार्यक्रम गर्न ककस्लाई बोलाउनेदेखि यस विषयमा प्रमुख अतिथिसँग कुरा गर्नुपर्ने र संस्थामा समेत सरसल्लाह गर्नुपर्ने भएकोले एकैछिन रोकिएँ। तत्कालै उहाँले "हैन हैन हेर्नुस् मलाई हिजोआज सबै सम्मान पुरस्कार यसैले मात्र लिन्छ अरूले त पाउँदै नपाउने भए, आफैँ मात्र लोभ गर्छ भनेर गाली गर्न थालेका छन् । तसर्थः यो पटक अरूलाई नै दिनोस् तपाईंसँग पछि कुरा गर्छु" भन्नुभयो

र यसैमा अडान लिनुभएकोले 'हस्' भनेर फर्किएँ। पछिपछि एकपछि अर्को हुँदै उहाँलाई सम्मान गर्न नपाएकोले खडकिरहेको थियो।

२०७५ साल असोज ७ गतेबाट उहाँले ९९ औँ वर्ष पार गरेर १०० औँ वर्ष प्रवेशको दिन हरेक गाउँ, जनता, सङ्घ-संस्था, स्थानीय निकाय अर्थात् राष्ट्र सबैले भव्य उत्साहका साथ स्वर्ण जन्मोत्सव मनाइरहँदाको अवसर पारेर प्रतिष्ठानको तर्फबाट अभिनन्दन गर्ने अवसर चुक्न भने दिइनँ। लैनचौर बैङ्कवीटमा भएको कार्यक्रममा गएर दोसल्ला ओढाएर अभिनन्दनपत्र प्रदान गर्दै सम्मान अर्पण गर्ने शुभअवसर पाएँ। उहाँले पनि खुसी व्यक्त गर्दै अभिनन्दन पत्रमा लेखिएको व्यहोरा सम्पूर्ण अक्षरशः पढ्नुभयो र लामो समयसम्म हात समाइरहनुभयो। शुभकामना चढाउनेको लाइन निकै लामो भएकोले हात छुटाएर अघि लागेँ। यसरी अभिनन्दन गर्ने अवसर मिलेकोले आफूलाई सौभाग्यशाली भएको महसुस गरेँ। अर्को दिन श्री उमेश पाण्डेको संयोजकत्वमा विभिन्न साहित्यकारहरूसमेत जन्मोत्सव मनाउन उहाँको घरैमा गएका थियौँ। फोटोग्राफर नरेशजीले उहाँलाई अभिनन्दन गर्दाको तस्वीरहरू मलाई त्यहीँ ल्याएर दिनुभएको थियो। त्यसपछि पुनः समीपमा पुग्ने अवसर मिलेन। आज आफ्नो राष्ट्रकविलाई सामु नपाउँदा जति नै दुःख लागे पनि उहाँले हामी सबैलाई छोडेर जानुभएको कृतिले हजारौँ वर्ष उहाँलाई अमर गराउनेछ भन्ने कुरामा दुई मत हुने छैन भन्नेमा म विश्वस्त छु।

*९८४१२४५६९३*
***bijayadhojthapa@gmail.com***

*(टङ्गाल, काठमाडौं, नेपाल निवासी लेखक लीलाध्वज थापा साहित्य प्रतिष्ठानका अध्यक्ष हुन्।)*

# राष्ट्रकवि माधव प्रसाद घिमिरे र विद्यावारिधि

डा. शैलेन्दुप्रकाश नेपाल



राष्ट्रकवि माधवप्रसाद घिमिरे (१९७६ लमजुङ-२०७७ काठमाडौं) नपाली साहित्य जगत्का अविष्मरणीय स्रष्टा हुन् । लोकप्रसिद्धि तथा लोक प्रियता असीम रूपमा प्राप्त गर्ने कवि, गीतकार, खण्डकाव्यकार तथा गीतिनाट्यकार हुन् । उनको **ऋतम्भरा** महाकाव्य भने प्रकाशोन्मुख अवस्थामा रहेको छ । बाल्यकालमा मातृवियोग र युवाकालमा पत्नीवियोगको असामान्य मार्मिक पीडा अनुभूत गरेका स्रष्टा घिमिरेले लोकसम्मानको वरिपरि कीर्तिमान कायम गर्ने सफलता प्राप्त गरे । शतोपरि जीवन भोग गरी अन्त्यावस्थासम्म काव्य सृजनामा तन्मय रहनु एक प्रकार नभूतो नभविव्यतिको सुघटना हो भन्न सकिन्छ । उनको उमेर, साधना, योगप्रति सर्वत्र चर्चाको विषय बनिरह्यो । यसर्थ उनको महानतम अनवरत र उत्कृष्ट सृजना अनन्य प्रेरणाको स्रोत सदैव बनिरहेको अवस्था छ ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेले कविशिरोमणि लेखनाथ पौड्यालद्वारा प्रतिपादित परिस्कारवादी शैली तथा महाकवि लक्ष्मीप्रसाद देवकोटा एवं युगकवि सिद्धचरण श्रेष्ठद्वारा प्रतिपादित स्वच्छन्दतावादी भावधारालाई सुन्दर समीकरण गरेर सुमधुर, स्वच्छ र उच्च कवित्व सृजना गरे । स्फुट कविता, गीत र खण्डकाव्य लेखनमा उनी देवकोटापछिको वरियताक्रममा आउँछन् भने उनको गीतिनाटक लेखन सङ्ख्या र गुणात्मक वा दुवै दृष्टिले सर्वोच्च प्राप्ति रहको छ । उनका

प्रारम्भिक कविताहरू अध्यात्मक केन्द्रित भए पनि पछिल्लो चरणका रचनाहरू जीवनदर्शनको सूक्ष्मतम सौन्दर्यले सिँगारिएर उच्चतातर्फ लम्केका छन् । नेपाली राष्ट्रियता, संस्कृति र लयलाई समन्वय गरी शास्त्रीय तथा लोकलयको विस्तार गर्नमा सर्जक घिमिरेको उल्लेखनीय योगदान रहेको छ । विषय, भाव र शैलीको उच्च संयोजनका कारण उनका काव्यकृति लोकप्रिय, गहन र उत्कृष्ट बन्न पुगेका छन् । उनका सूक्तिमय कवित्व पाठकवर्गमा मन्त्रवत् स्मरणीय बन्न पुगेका छन् । बाल, युवा र प्रौढ सबै उमेरका पाठक, अध्येता उनका काव्यकृतिका पारखी रहेका छन् । बालसाहित्यका क्षेत्रमा पनि उनको विशिष्ट योगदान रहेका छ । **घामपानी**, **बाललहरी**, **सुनपङ्खी चरी**, **बिजुले र बिजुला** शीर्षकका बालगीत कविता सङ्ग्रह चर्चित रहेका छन् । **नव मञ्जरी** र **चैत–वैशाख**मा उनका स्फुट कविता तथा **किन्नर–किन्नरी**मा गीतहरू सङ्कलित छन् । कविता गीतमा जीवनानुभूतिका मिहिन भावलाई दार्शनिक जलप लगाएर प्रस्तुत गरेको पाइन्छ । सरल, सहज र स्पष्ट भाषाशैलीका उनका संरचनाहरू ध्वनिका दृष्टिले महत्त्वपूर्ण लाग्दछन् । रसालङ्कार तथा विम्बप्रतीको प्रयोगमा स्वाभाविकताको निर्वाह गर्नु घिमिरेको वैशिष्ट्य हो ।

माधवप्रसाद घिमिरे मूलतः राष्ट्रवादी स्रष्टा हुन् । नेपाल राष्ट्र, नेपाली जाति, संस्कृति र सभ्यतालाई उदात्ततासाथ उनले ध्वनित तुल्याएको पाइन्छ । उनी मुलतः वीर तथा करुण रसका कवि हुन् । उनको **गौरी** खण्डकाव्यले मानवीय तीव्र शोकको भावनालाई प्रदर्शन गरेको छ भने **राष्ट्रनिर्माता**ले राष्ट्रिय अखण्डता तथा **राजेश्वरी**ले अस्तित्ववादी मानवीय चिन्तनलाई मर्मस्पर्शी तजरले अभिव्यक्त गरेको पाइन्छ । उनका **आफ्नो बाँसुरी आफ्नै गीत** गीतसङ्ग्रह तथा **चारुचर्चा** शीर्षकको निबन्धसङ्ग्रहले गद्यलेखनको उत्कृष्टतालाई प्रकट गरेका छन् । **मनचिन्ते मुरली** शीर्षकको कथासङ्ग्रह पनि प्रकाशनमा आएको छ ।

गीतिनाटकतर्फ घिमिरेको विशिष्ट योगदान रहेको पाइन्छ । **शकुन्तला**, **मालती–मङ्गले**, **विषकन्या**, **हिमालपारि हिमालवारि**, **देउकी**, **बालकुमारी**, **अश्वत्थामा** शीर्षकका सातवटा गीतिनाटकमा पौराणिक, सांस्कृतिक, ऐतिहासिक

स्रोतका कथावस्तु र चरित्रलाई आधार बनाएर कथात्मक पाराले गीतिनाटकको स्वरूप निर्मित गरेको पाइन्छ। सबैजसो गीतिनाटक जीवन्त रहेका छन्। मानवीय मूल्यको खोजी नै यिनको मुख्य जीवनदर्शन देखिन्छ।

नेपालीत्वलाई केन्द्रविन्दुमा राखेर आफ्नो साहित्य निर्माण गर्ने राष्ट्रकवि माधव घिमिरेका विषयमा अनुसन्धानात्मक कार्यहरू निकै भएका पाइन्छन् । स्नातोकोत्तर(एम. ए.) तथा विद्यावारिधि (पीएच.डी) अनुसन्धानका लागि छनौट गरिने व्यक्तित्व अथवा कृतित्व विशेष चर्चायोग्य हुनुपर्छ। स्रस्टा चर्चित नभई वा उल्लेख्य योगदान नभई तथा विशेष कृति नभई त्यस किसिमका अनुसन्धानम कसैले चासो राख्दैन । अझ विद्यावारिधि अनुसन्धानको नायक बनाउनु भनेको सामान्य कुरा होइन । नेपालीमा सर्वाधिक अनुसन्धान गरिएको स्रस्टा महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । त्यसपछि राष्ट्रकवि माधवप्रसाद घिमिरेको क्रम आउँछ। यी दुवैका बारेमा स्नाकोत्तर अनुसन्धान कति भएका छन् भनेर गणना गर्न सकिने अवस्था छैन। देवकोटाको बारेमा विद्यावारिधि अनुसन्धान एक दर्जन अधिक भएको अवस्था छ भने घिमिरेको जीवनकालमै पौने दर्जन विद्यावारिधि अनुसन्धान भएका छन् । जीवनकालमै यति धेरै अनुसन्धान गरिएका घिमिरे पहिलो स्रष्टा हुन्। यो पनि अति विशिष्ट सम्मान हो। माधव घिमिरे सर्वाधिक सम्मानित स्रष्टा हुन्।

राष्ट्रकवि माधवप्रसाद घिमिरेको व्यक्तित्व र कृतित्वबारेमा सर्वप्रथम विद्यावारिधिको अनुसन्धान प्रारम्भ गर्ने व्यक्तित्व कविवर भानुभक्त पोखरेल हुन् । उनको उक्त अनुसन्धान कामले पूर्णता नपाएपछि मैले २०५५-२०५९ मा अध्ययनकार्य पूर्ण गरी शोधप्रबन्ध बुझाएँ। यसर्थ राष्ट्रकवि माधव घिमिरे विषयमा सर्वप्रथम विद्यावारिधि सम्पन्न गर्ने सफलता मैले प्राप्त गरेँ। साथै जीवित नेपाली स्रष्टाका विषयमा विद्यावारिधि गर्नेमा पनि पहिलो परेँ । मैले माधव घिमिरेका खण्डकाव्यको 'ध्वनितात्त्विक अध्ययन' शीर्षकमा विद्यावारिधि अनुसन्धान गरी माधव घिमिरेका खण्डकाव्य ध्वनिका दृष्टिले उल्लेख्य रहेको पुष्ट गरेको छु। यसै गरी अन्य शोधार्थीहरू र शीर्षकका नाम यसप्रकार छन्–

१. डा. कृष्णराज डी.सी. -कवि माधवप्रसाद घिमिरेका फुटकर कविताहरूको समीक्षात्मक अध्ययन,
२. डा. लेखप्रसाद निरौला- माधव घिमिरेका खण्डकाव्य अलङ्कार योजना
३. डा. कुलप्रसाद ढुङ्गाना -रसवादी दृष्टिले माधव घिमिरेका खण्डकाव्यको अध्ययन,
४. डा. विष्णुकुमार खत्री-माधव घिमिरेको खण्डकाव्यकारिता,
५. डा. जयन्ती रूपाखेती- माधव घिमिरेका बालकविताको अध्ययन,
६. डा. बाबुराम पोखरेल- नाट्यशिल्पका दृष्टिले माधव घिमिरेका नाटकको अध्ययन,
७. डा. बच्चुराम भट्टराई- माधव घिमिरेका गीतिनाटक हरूमा रस विधान,
८. डा. धनकृष्ण उपाध्याय -माधव घिमिरेका खण्डकाव्यमा पौरस्त्यदर्शन ।

उपर्युक्त अनुसन्धान शीर्षकहरूले स्रष्टा माधव घिमिरेको तत्तत् क्षेत्रमा योगदान रहेतर्फ सङ्केत गरेका छन् भने अनुसन्धाताले आफूले चयन गरेको विषय शीर्षकअन्तर्गतका सामग्री विशेषय गरी तत्पक्षमा घिमिरेको विशिष्टता रहेको अनि सम्बन्धित काव्यकृतिहरू उत्कृष्ट रहेको पुष्टि गरेको पाइन्छ । अरूबाट घिमिरेको फुटकर कविता सृजना, खण्डकाव्य, गीतिनाटक, बालकविता सृजना अनि ध्वनि, रस, अलङ्कार, नाट्यशिल्प र पौरस्त्यदर्शनको समुचित प्रभाव र प्रयोग उनका खण्डकाव्य र नाट्यकविता रहेको समेत प्रभावित भएको छ । यही नै माधव घिमिरेका कृतित्वको वैशिष्ट्य हो ।

नेपाली कविता, गीत, खण्डकाव्य, बालकविता र गीतिनाटक क्षेत्रमा ओजस्वी योगदान गरी यशस्वी बनेका राष्ट्रकवि माधव घिमिरे धेरै पक्षमा किर्तिमानी स्रष्टा भएझैं विद्यावारिधि अनुसन्धानका शोधनायकत्वका क्षेत्रमा पनि विशेष कीर्तिमानी बन्न पुगे । यही नै गौरवको विषय हो ।

*२०७७-८-६, वसुन्धरा*

*(काठमाडौं, नेपाल निवासी लेखक विशिष्ट साहित्यकारका श्रेणीमा चिनिन्छन् ।)*

# स्मृतिमा राष्ट्रकवि



सुभद्रा भट्टराई

घटना, पात्र, व्यक्ति, व्यक्तित्व स्मृतिमा आउनु सामान्य विषय होइन । कोही व्यक्ति सदैव सजीव भएर मानसपटलमा आउनुको पछाडि त्यो व्यक्तिको व्यक्तित्व, देन योगदान, आदर्श लगायतका यावत कुराले प्रभाव पारेको हुन्छ । सानैदेखि अक्षर पढ्न जान्ने भएपछि छापा बनेर मन मुटुमा बसेको नाम हो, राष्ट्रकवि माधव घिमिरे । लय र चेतना जागृत हुन थालेपछि **गौरी** शोककाव्यले त माधव घिमिरेलाई कहिल्यै बिर्साएन ।

स्मृतिमा रहेका उनै माधव घिमिरे जसका रचनाले बालकलाई बोली दियो, भाकालाई लोली दियो । काव्य, गीति नाटक, राष्ट्रिय भावनाका गीत र लयबद्ध रचनाहरू दिएर नेपाली साहित्य भण्डार सजाउने कविवर माधव घिमिरेलाई मैले २०६६ सालको भानुजयन्तीको अवसरमा आफ्नै घरआँगन नेपालको पूर्वीद्वार मेचीनगरमा अवस्थित आदिकवि भानुभक्त आचार्यको पूर्णकदको सालिक अनावरणको क्रममा प्रत्यक्ष देख्न पाएँ । सम्झैँ, एकै पटक "गाउछ गीत नेपाली ज्योतिको पङ्ख उचाली, जय जय जय हे नेपाल सुन्दर शान्त बिसाल ...।"

आदिकवि भानुभक्त आचार्यको पूर्णकदको अनावरणको भव्य र सभ्य कार्यक्रममा नेपाली साहित्यका धरोहर आदरणीय राष्ट्रकवि माधवप्रसाद घिमिरेको उपस्थितिले कार्यक्रमस्थल आफैँमा गमक्क थियो । मुसुमुसु मुस्कुराइरहेका राष्ट्रकविको मुस्कानले उपस्थित सबैमा मुस्कान थपिँदै थियो । आफूले पढेको, सुनेको राष्ट्रकविलाई आँगनमै पाउँदा मनैदेखि हर्षित थिएँ । उक्त कार्यक्रमका

अवसरमा मैले सबैभन्दा नजिक रहेर राष्ट्रकविको अलिकति सेवा गर्ने मौका पाएकी थिएँ । भानु प्रतिष्ठानका अध्यक्ष आदरणीय कृष्णप्रसाद उप्रेतीज्यूको नेतृत्वले झाँकीसहितको प्रभातफेरि कार्यक्रम भव्य रूपमा सम्पन्न गरेको थियो । भानुको सालिक अनावरणको औपचारिक कार्यक्रमसँगै कविता वाचनको सत्र पनि थियो । मैले त्यसबखत आफूले लेखेको 'छोरी' शीर्षकको गद्य कविता सुनाउने अवसर पाएकी थिएँ । कार्यक्रम साँच्चै साहित्यमय थियो । राष्ट्रकविको समुपस्थिति हाम्रा लागि अझ अर्थपूर्ण रहेको थियो ।

भानु साहित्यिक प्रतिष्ठान अध्यक्ष कृष्णप्रसाद उप्रेती नाताले मेरो मामा । म पारिवारिक र साहित्यिक दुबै हिसाबले नजिक थिएँ । राष्ट्रकवि र अन्य अतिथिको आवास व्यवस्थापन स्थानीय काँकडभिट्टाको मेची होटलमा गरिए पनि खाना खान भने हाम्रो भान्साखोलामा भएको मामाघरमा नै तय गरिएको थियो । उक्त अवसरमा कविवर माधव घिमिरे तथा अन्य आमन्त्रित अतिथिको यथोचित स्वागतका खातिरदारीमा सहभागी हुने सौभाग्य मलाई पनि प्राप्त भयो । हामीले यथासक्य सत्कार गर्‍यौँ । राष्ट्रकविज्यूले खानापछिको अनौपचारिक बसाइका क्रममा मलाई कलमको तागत ठूलो हुन्छ भनेर भन्नुभएको कुराले सारै छोयो । वास्तवमा हो पनि । त्यही प्रेरणाले मलाई लेख्ने चाहना अझ बढी भएर आयो ।

लेख्नु, कृति निकाल्नु, साहित्य साधनामा लाग्नु एक त घरेलु महिलाका लागि निकै चुनौतीको कुरा हो । एउटी गृहिणीले हजारौँ बोझ पिठ्युँमा बोकेर पनि आफ्ना मनोभाव, भोगाइका अनुभवहरूलाई जीवन्त कापीमा उतार्नु भनेको ठूलो लडाइँ जित्नु हो भन्ने थाहा हुँदाहुँदै पनि मेरो लेख्ने हुटहुटी भने मरेन । राष्ट्रकविको 'कलममा शक्ति हुन्छ लेख्नू' भनिएका भनाइ सम्झँदै सिर्जनामा लागेकै कारण निकैपछि एउटा कविता सङ्ग्रहसमेत प्रकाशित गर्न सकेँ । प्रेरणाका लागि राष्ट्रकविप्रति अनन्त कोटि नमन छ ।

भानुको सालिक अनावरणका प्रमुख अतिथि राष्ट्रकवि माधव घिमिरेले आफ्नो मनतव्यका क्रममा अझ धेरै कुरा भन्नुभयो । ती कुरा अझै मेरो मानसपटलमा ताना छ– "सदैव लेखिरहनू, नडराउनू, छाप्न दिनू । यसरी साहित्यको क्षेत्रमा लाग्नु भनेको आफूलाई जीवित राख्नु हो, अमरत्व प्राप्त गर्नु हो, समाजमा चेतना छर्नु र आफ्ना सन्ततिहरूलाई सत्मार्गमा लगाउने एउटा ठूलो कर्मथलो पनि हो ।

त्यसकारण थोरै समय चोरेर भए पनि केही न केही सृजना कोरिरहनु पर्छ" भन्ने उहाँका उद्गार मेरा लागि सदैव आशीर्वचन भए।

खानापश्चात् मामा कृष्ण उप्रेतीकै बैठककक्षमा निकै स्थानीयसहित निकै साहित्यकारको उपस्थिति थियो। छेउको एउटा कुनामा थिए म। मलाई अहिले पनि राष्ट्रकवि घिमिरेले भनेका कुरा सम्झना छ– "पछि गएर देशले तन्नेरी ऊर्जा माग्छ, अब म त बुढो भएँ दिनदिनै हातपाउ बसिसके। टाढाको यात्रा गर्न सकिँदैन। कृष्णकी भान्जी हुनुहुदोरहेछ। नाउँ र कृति फैलिएर जाओस्, सधैँ निःस्वार्थ सामाजिक सेवामा लागिरहनू, लेख्न नछोडनू, सरस्वतीले बाँस गरून्, साधनामा ठूलो शक्ति हुन्छ, साहित्य साधनामा मन लगाउनू" भन्नुभयो। उहाँको भनाइ हामी त्यहाँ उपस्थित सबैका लागि थियो। म प्रतिनिधि पात्र मात्र थिएँ। सायद त्यतिबेला प्राप्त उहाँकै आशीर्वादले होला अहिले साहित्य र सामाजिक दुबै क्षेत्रमा अगाडि बढेर काम गर्ने रहर, जाँगर र अवसर सबै प्राप्त भएको छ।

जब म काठमाडौं आउँथे सधैँजसो उहाँलाई भेटेर नै फर्कने गर्थें। पछिल्लो पटक नेपाल र बङ्गलादेश मैत्री साहित्य कार्यक्रम नेपाल सांस्कृति संस्थानसँग सहकार्य गरेर भव्यताका साथ सम्पन्न गर्ने अवसर मिल्यो। त्यसैबखत बङ्गलादेशबाट आएका टोली, बङ्गलादेशका पत्रकार भाइ तैय्यव, साहित्यकार ऋषभदेव घिमिरे, आदरणीय दिदी कमला भट्टराई र म सहित राष्ट्रकवि निवास लैनचौरको अलकाबस्ती पुगेको पछिल्लो प्रसङ्ग मेरा लागि अझ सम्झनयोग्य र अविस्मरणीय छ। उक्त समयमा मेरो **स्मृतिका डोबहरू** नामक कवितासङ्ग्रह प्रकाशन भइसकेको थियो। मैले कविताको पुस्तक राष्ट्रकविको हातमा राखिदिए र ढोग गरेँ। काँकडभिट्टा जानुभएको कुरा स्मरण गराउँदा निक्कै भावुक हुनुभएको थियो। "लु बधाई छ। सधैँ साधनामा यसरी नै लागिरहनू, बाटो नबिराउनू। जय जय होस्। कृति फैलियोस् भनेर शिरमा हात राखेर आशीष दिनुभयो। त्यही भेट नै अन्तिम भयो मेरा लागि।

एउटा सालीन, सधैँ शान्त मुस्कानमा रहने राष्ट्रकविको सुन्दर छवि मेरो हृदयमा रहिरहेको छ। उहाँको भौतिक शरीर नरहे पनि उहाँका जीवन्त रचना अझै लयमा छ, चेतना र स्मृतिमा छ।

**लिला माइतका भुलेर घरका धन्दा तिमीले गऱ्यौ**
**आमाको ममता भूलेर कसरी माया मलाई गऱ्यौ**
**छातीबाट झिकेर प्राणसरिका छोरी मलाई दियौ**
**हेरी आखिर घाटबाट रसिला आँखा ममा चिम्लियौ ।**

**गौरी**का यी श्लोकहरू जति पढे पनि आँत नभरिने छन् । **गौरी**मा कविले भनेजस्तै हरेक नारी आफैँमा एउटा शक्तिशाली सृजना हो भन्ने लाग्छ । उहाँका राष्ट्रिय भावना र राष्ट्र चिन्तनले ओतप्रोत भएका अनगिन्ति सृजनाहरूबाट पनि हामीले धेरै कुरा सिक्ने र उपयोग गरी प्रयोग गर्ने प्रेरणा पाएका छौँ । उहाँका काव्यहरूले राष्ट्र विखण्डन हुनुहुँदैन राष्ट्रिय एकतामा ठूलो बल हुन्छ भनेर हामीलाई सचेत गराएको छ ।

"नेपाली हामी रहौँला कहाँ नेपालै नरहे" भन्ने राष्ट्रिय भावनाले ओतप्रोत थुप्रै गीत, लय र राष्ट्रकविको छवि मनमा राखेर राष्ट्रप्रतिको चिन्तन गर्नु नै राष्ट्रकविप्रतिको सच्चा सम्मान हुन्छ भन्ने मैले ठानेको छु । लाग्छ– राष्ट्रमा कहिले सङ्कट नआओस्, सदैव समुन्नत र समृद्धि होस्, राष्ट्रिय एकतामा कहिले खलल नआओस्, जनताले रूनु नपरोस्, प्रकृतिको सुन्दर अनुपम प्राप्त भएको यो देश सबै नेपाली जातजाति एकताको सूत्रमा बाँधिएर अनन्तकालसम्म जीवित रहोस् भनेर नै होला उहाँले 'नेपाली हामी रहौँला कहाँ नेपालै नरहे' भनेर बहुजाति बहुभाषिक, बहुसंस्कृतिको कुरामा जोड दिनुभएको पनि ।

सानैदेखि म राष्ट्रकवि माधव घिमिरेको गीत रुचाउथेँ । कविता मन पराउथेँ **गौरी** पढथेँ, के गीत के कविता के नाटक सबै काव्यकृति उहाँले हामीलाई उपहारस्वरूप छाडेर जानुभएको छ । वर्तमान पुस्ताले उहाँका कृतिकाव्यका भावनाहरू मनन गर्न सक्यौँ भने उहाँप्रतिको सच्चा सम्मान हुने छ भन्दै सधैँ स्मृतिमा रहने व्यक्तित्व राष्ट्रकवि माधव घिमिरेप्रति हृदयतः नमन !

*(मेची नगर, नेपाल निवासी लेखक ने.रा.प्र.प्र.का प्राज्ञसभा सदस्यसमेत हुनुहुन्छ ।)*

# राष्ट्रकविसँगको एक बसाइ



हरिप्रसाद काफ्ले 'शैव'

'म सङ्गीत सौन्दर्य र रसको समष्टिलाई कविता मान्छु' राष्ट्रकवि माधवप्रसादको यो पङ्क्ति साह्रै प्रसिद्ध छ। धेरै ठाउँमा उहाँले भन्ने गरेको सो पङ्क्ति मसँगको भेटमा पनि भन्नुभयो। उहाँ अहिले जीवित हुनुहुन्न भनेर अरूले उहाँका अभिव्यक्तिहरूलाई सामान्य तरिकाले थपघट गरेर सम्पादन गर्ने काम हुँदै जानेछ। यो लेखकीय परम्परा पौराणिककाव्यदेखि ऐतिहासिक घटना र राजनीतिक चर्चाहरूसम्म पाइन्छ। यसरी समयानुकूल बनाउन लेखकहरूले स्वधर्म प्रयोग गरेको हुनुपर्छ। सरस्वतीको लेखनी र ब्रह्माको वाणीलाई साक्षी राखेर गरिने त्यस्ता संशोधन,व्यवहारिक जीवनमा मात्र होइन धार्मिक दृष्टिकोणबाट झनै महत्त्वपूर्ण हुन्छन्। त्यसैले कसैका अभिव्यक्तिलाई साभार गर्दा साह्रै होशियार हुनुपर्छ भन्छु म। यसो भन्दैगर्दा, सायद असल समालोचकहरू आफ्नो निजी बौद्धिक शक्ति र कलाले कसैको कृतित्व या व्यक्तित्वलाई चम्काउन सफल हुन्छन्। तर म भने यहाँ राष्ट्रकविसंग गरेका केही महत्त्वपूर्ण काव्यिक प्रसङ्ग इमानदारपूर्वक राख्ने प्रयास गर्दैछु।

प्रसङ्ग वि. सं. २०५१ को हो, कवि लालगोपाल सुवेदी र म राष्ट्रकविको घर लैनचौर गइयो। कवि पत्रकार लेखक गायक सङ्गीतकार तथा साहित्यानुरागीले कविजीको घरलाई आफ्नो पुण्य तीर्थस्थलजस्तो मान्ने गरेको

पाइन्छ। यसै सन्दर्भमा हामी दुई पनि फोन गरेर उहाँको उचित समय मिलाएर गएका थियौँ। **थाँक्रो** साहित्यिक स्याङ्जाली पत्रिकाको लागि उहाँसँगका अन्तरङ्ग कुराकानीका विषय थियो हाम्रो। यौटा निबन्धात्मक शैलीमा भन्नुपर्दा, भर्खर अरूणोदयले कविकुञ्जलाई स्पर्श गर्दै थियो। लालगोपालजीलाई अलिक बढी माया गरेको शैलीमा 'तपाईं यता बस्नुस्' भन्नुभयो, म उहाँहरूको ठीक अगाडि बसेँ। गौरीपछिकी धर्मपत्नी महाकालीज्यूले चियाको प्रस्ताव राख्दा 'ल्याउन खाइहाल्नुहुन्छ नि बरु अरू केही लिने कि ?' अति कोमल भावमा हृदयान्तरबाटै बोलेको सुन्दा जीवनमा सन्तोषको परिणाम हो जस्तो लाग्यो। बिहानैको समय भएर होला हामी तल्लो तलाको प्रतीक्षालयमा नबसी सीधा दोस्रो तलामा जाने मौका परेको थियो। आज त्यो सम्झँदा कविजी अझ पनि त्यही उज्यालो सानो कोठामा सबैसँग पालोपालो भेट गर्दै हुनुहुन्छजस्तो लाग्छ, पटक पटक भेटिरहुँ जस्तो लाग्छ तर यथार्थ भने फरक छ।

त्यतिबेला, अहिलेजस्तो फोनमै सजिलो गरी रेकर्ड गर्ने सुबिधा त थिएन, त्यसमाथि पनि हामी विद्यार्थी। पानासोनिक टेपरेकर्डर बोकेर गएका थियौँ यौटा झोलामा। मधुर मधुर स्वरमा देवता बोलेजस्तो लाग्यो हामीलाई। छिटोछिटो लेख्दै पनि थियौँ र रेकर्ड गर्दै पनि थियौँ। उहाँसँग हाम्रो पहिलो जिज्ञासा थियो–

***वास्तवमा कविताले कुन कुरालाई उद्घाटन गरेको हुनुपर्छ ?***

म सङ्गीत सौन्दर्य र रसको समष्टिलाई कविता मान्छु, अन्तर्हृदयको आवाज बाहिर आउँदा सम्पूर्णलाई तरङ्गीत गर्न सक्नुपर्छ कविताले।

**थाँक्रो** पत्रिकाको तेस्रो अङ्कमा उहाँका यस्ता देववाणी राखिएको छ। घरमा आएर दशौँ पटक त्यो रेकर्डरबाट बिस्तारै सुनेर लेखिएको उहाँको अभिव्यक्तिलाई अर्को भेटमा देखाउँदा उहाँले भन्नुभयो 'यो लेखेको यहीँ छाडेर जानुस् म हेरेर राख्छु पर्सि आएर लिनुस्' सहर्ष त्यो लिखित देववाणी त्यहीँ राखेर हामी फर्किँदै गर्दा कुरा गर्‍यौँ– 'यसरी पो खार्नी तिखार्नी र सुधार्नी गर्नुपर्दो रहेछ रचनालाई !

यसैगरी अर्को जिज्ञासा थियो–

***गौरी शोककाव्यका दाँजोमा अरू काव्य पुग्न नसकेको हो कविज्यू ?***

'आँशुका थोपा र मोतीका दानाको मूल्याङ्कन भिन्नाभिन्नै भएको झन् राम्रो' यस जिज्ञासाको जबाफ दिनेबेलामा, उहाँले बाँसुरीमा औँला राखेझैँ बिस्तारै बोलीको ताल मिलाएर भन्नुभयो, जुन अहिले पनि छर्लङ्ग चित्रित हुन्छ। उहाँलाई छोडिएको लिखितमा कुनै संशोधन नगरिएको जबाफ हो यो।

***हजुरको महाकाव्यको प्रतीक्षामा रहेको नेपाली साहित्यलाई आज के भन्नुहुन्छ कविज्यू !***

. हामी सबैलाई थाहा छ, उहाँको मुस्कान मोनालिसाको भन्दा कुनै कमजोर छैन, फूलजस्तै कोमल मनबाट मुस्काउँदा सायद त्यस्तै हुन्छ होला। तिनै बहुअर्थी मुस्कानमा उहाँले भन्नुभयो– 'महाकाव्य लेख्ने आँट त महाकवि देवकोटाको **शाकुन्तल**पूर्व नै गरेको हुँ तर जीवनको अस्तव्यस्तताले गर्दा यस्तै भैरहेछ। तँछाड मछाड गरेर आएका गीति नाटक र खण्डकाव्य लेख्दैछु। महाकाव्य लेखनको थालनी भइसकेको छ तर अन्त्य कहिले हुन्छ थाहा छैन पूरा गर्न सकिनँ भने पनि म अहिलेसम्मका रचनाबाट सन्तुष्ट छु, महाकाव्यको कोसिस निरन्तर छ।'

ईश्वरमा सोह्रैआना विश्वास गर्ने हाम्रा राष्ट्रकवि परिष्कारवादलाई नै परिष्कार गर्न खोज्ने अब्बल कवि ठहरिनुहुन्छ। सामान्य कुराकानीमा पनि दार्शनिक ठट्टा गर्ने कविज्यूसँग भेट्ता  म आँफू भने महाकविसँग भेटेकै अनुभूति गरिरहेको थिएँ।

जीवनको युवावस्थामै पूर्वीय सर्वदर्शनका ज्ञातासँग कुराकानी गर्दा ममा केही असंयमता हुँदो हो कि भन्ने आशङ्का गर्दै अहिले भने पूर्ण संयमतासाथ उहाँसँग भेटेको त्यो क्षणको कल्पनामा रमाउँदै  यसरी लेखिरहेछु राष्ट्रकविसँगको एक बसाइ। त्यतिबेला भन्नाले झण्डै तीस वर्ष पहिलाको कुरा हो। स्वस्थ मान्छेको

पूर्ण आयु सय वर्ष पूरा गर्नुभएका कवि त्यतिबेला सत्तरी वर्षको हुनुहुन्थ्यो भने म २५ वर्ष पूरा गर्दै थिएँ । नेपाली भाषा, साहित्य विषयमा स्नातकोत्तर पढ्दै गरेको उमङ्ग र  सिर्जनाका आँकुरा आउँदै गरेका ती दिनमा राष्ट्रकविसँग भेट्नु, वरिष्ठ समालोचक ताना शर्मासँग भेट्नु, अर्का वरिष्ठ समालोचक प्रा. डा. वासुदेव त्रिपाठीसँग भेट्नु, प्रसिद्ध गीतकार डा कृष्णहरि बरालसँग भेट्नुले कता कता अहम्ता भरिँदैथियो जस्तो लाग्छ । कविता प्रतियोगिताहरूमा त्यति पुरस्कृत नभए पनि सहभागी भएर कविता पाठ गर्नु नै ठूलो उपलब्धि महसुस हुने त्यो बेला गृह जिल्ला स्याङ्जाबाट सङ्कलित रचनाहरू र काठमाडौंमा बस्ने कविहरूको रचना, लेख बटुलेर प्रकाशन गरिने **थाँक्रो** पत्रिकाको नामकरण पनि वरिष्ठ समालोचक वासुदेव त्रिपाठीज्यूले आफ्नै घरमा भेटघाटको क्रममा गर्नुभएको हो, र त्यो पहिलो अङ्कमा उहाँसँगको संवाद राखिएको थियो भने यो तेस्रो अङ्कमा राष्ट्रकवि माधवप्रसाद घिमेरेज्यूको संक्षिप्त संवाद राखिएको थियो ।

त्यो बेलाको ऐतिहासिक क्षणलाई आज स्मरण गरेर उहाँप्रति हार्दिक श्रद्धा अर्पण गर्ने हेतुले तिनै अमूल्य अक्षरहरूको पुनर्लेखन गरिरहेको छु। संवादको अन्तिमतिरको अर्को जिज्ञासा थियो–

***साहित्य र राजनीति बिचको सम्बन्धका बारेमा यहाँको धारणा कस्तो छ ?***

समयको यो रफ्तार र राजनीतिक द्रूत परिवर्तनको कारण **थाँक्रो** पत्रिकामा लिखित संवादका अंशहरू अहिले अज्ञातभूतजस्ता प्रतीत छन् । न ती क्यासेट साथमा छन् न त हस्तलिखित पानाहरू नै यहाँ छन् । प्रेसमा भने हुन सक्छन् । किन भने त्यतिबेला फलामे टङ्कण हातले मिलाउनुपर्थ्यो चराले चारा टिपेझैँ टिपेर । तर पनि राष्ट्रकविका अभिव्यक्तिहरू पहिचान गर्ने प्रशस्त आधारहरू यहाँ छन् ।

उक्त जिज्ञासाको जवाफ थियो– 'राजनीतिले साहित्यलाई अभिव्यक्तिको अवसर दिन्छ। साहित्यले राष्ट्रमा राजनीतिले खोजेको बौद्धिक उपलब्धि दिन्छ र ती उपलब्धिहरू चिरस्थायी हुन्छन् लिच्छवीकालीन मूर्तिकलाजस्तै। कला भन्नु आफ्नै दिलबाट फुलाएर राष्ट्रका चरणमा अर्पने फूल  हो भने कविता भन्नु

आफ्नै नाभी प्रकरणदेखि उच्चरित हुने गीत हो ......। यी राजनीति र साहित्य दुवैले एक अर्कालाई सहयोग पुऱ्याइरहेका हुन्छन् । तर आदर्शको मूल बाटो बिर्सेर राजनीतिज्ञ र साहित्यकार दुवैले आफ्नै चमक गुमाएका हुन्छन् ।' यसरी कविजी साहित्यको कुरा गर्दा बाँसुरीको धूनमा गाइरहनुहुन्थ्यो, कालिदासका **मेघदूत** र **रघुवंश**को प्रसङ्ग जोडेर कुरैकुरामा उडिरहेको देखिन्थ्यो भने राजनीतिको विषयमा त्यति नबोल्नुचाहिँ राजनीतिक दलहरूप्रति असन्तोष भएको छर्लङ्ग हुन्थ्यो ।

***नवोदित प्रतिभाहरूलाई के आशीर्वाद दिन चाहनुहुन्छ ?*** भनेर मैले आँखामा हेरेर प्रश्न गरेपछि लालिगुराँस फूलेझैँ बिस्तारै लालगोपालजीलाई छोएर 'छन्द कवितामा जोड दिनू, आन्तरिक लय भरेर छन्दइतर पनि सुन्दर कविता बनाउन सकिन्छ, साहित्यकारको हातमा सिङ्गो युग हाँक्ने क्षमता हुन्छ, साधना प्रशस्त गर्नुपर्छ सिद्धि स्वतः हुन्छ, कवि बनेरै बाँच्ने हो भने कवितैप्रति समर्पित हुनुहोस् यो सम्भव छ, आफ्नो आत्मलाई कहिल्यै नढाँट्नुहोस् र आफ्नै स्फूरणप्रति विश्वस्त बन्नुहोस् ।' यसरी आफ्नो कवित्व शक्तिमा विश्वस्त हुन आग्रह गर्ने कविले कविताको महत्त्व राम्ररी बुझेको यहाँ स्पष्ट हुन्छ। यसै प्रसङ्गमा, राष्ट्रिय मान, सम्मान र सुखभोग गर्ने कविहरूमा सायद राष्ट्रकवि एक-दुई नम्बरमै पर्नुहुन्छ। मोतीको महत्त्व मोतीलाई नै कसरी थाहा होस्, तर जसले त्यो थाहा पाउँछ उसले त्यसको सदुपयोग गर्न सकोस् । सम्भवतः राष्ट्रले त्यो मोतीको कदर गरेको हो भन्न सोच्नु नपर्ला ।

वास्तवमा हामी दुईको प्रयास थियो कविज्यूको कवितामा कसरी त्यति चिन्तन र जीवनदर्शनको निखार पाइन्छ भन्ने बुझ्नु हो । यसै प्रयासमा हामीले तयार पारेको जिज्ञासाको सूचीमा अर्को महत्त्वपूर्ण जिज्ञासा थियो–

***कवितामा दर्शन या चिन्तनबारे के भन्नुहुन्छ ?***

'कवि द्रष्टा हो कविको यस दृष्टिलाई नै अन्तर्दृष्टि भनिन्छ, कविको त्यो दृष्टि हृदयसँग हुन्छ तर त्यही दृष्टि मस्तिष्कसँग भयो भनेचैँ दर्शन हुन्छ। हृदयसम्म नपुगी कविता पूर्ण हुँदैन। **गीता**मा दशौँ अध्यायसम्म भगवान्ले तत्त्वज्ञान दिँदै

जान्छन्, अझ पनि अर्जुनलाई चित्त बुझ्दैन र एघारौँ अध्यायबाट दिव्यदृष्टिमा विश्वरूप नै कविता हो। यसरी दृष्टिभित्रको दृष्टि दिव्यदृष्टि नै कविता हो। कविता जेठो हो र दर्शन कान्छो। ऋषिहरूका ऋचाहरूबाट नै विभिन्न दर्शन उत्पन्न भएका छन्। नवजात बालक नै कविता हो, पछि पछि त्यही बालकले चिन्तन गर्न थाल्छ र चिन्तक र दर्शक बन्न थाल्छ। रामगिरिदेखि कैलाससम्मको वर्णन कविता होइन तर त्यहाँको **मेघदूत**चैं कविता हो'

यसरी राष्ट्रकविजीसँग एकछिन बस्दा सुन्दर फूलबारीमा बसेजस्तो मनोहर अनुभूति भैरह्यो। यो संवादको लिखित फ़ाइनल नभएसम्म त फेरि फेरि भेट्ने मीठो आशामा छुट्टियौँ तर त्यसपछि के गर्ने ! हाम्रो मात्र निजी कवि होइन सिङ्गो देशवासीको साझा हो। अरू बेला जति पटक भेटे पनि त्यो बसाइजस्तो रोमान्चक र स्मरणीय अरू कुनै भएनन्। अब त झन् सबै भेटघाटहरू सम्झनामा रहने भए। उहाँले दिएका कृति रचनाहरूमा राष्ट्रकविको जीवन्त छाया देख्ने छौँ, उहाँको ती देववाणी सुन्नेछौँ।

अन्त्यमा, राष्ट्रकवि साक्षात् ईश्वर पक्कै होइनन् तर उहाँमा ईश्वरीय गुण रहेको पाइयो। हुन त हामी सबै ईश्वरकै स्वरूप या सिर्जना हौँ। हामीमध्ये कतिपय जीवनारम्भमै यो रहस्य बुझेर त्यसतर्फ लाग्छौँ। महाकवि देवकोटाले पनि अन्तिममा 'न ज्ञान भो न भो विवेक, आखिरी रहेछ श्रीकृष्ण एक ...!' भनेर श्रीकृष्णामृत बाँडेर नै जानुभयो। जीवनभर केवल आडम्बरीको विरोधमा लेखे तापनि व्यवहारमा ईश्वरीय गुण नै ग्रहण गरिरहनुभएको थियो देवकोटाले। यसो भन्नुको आशय के हो भने साह्रै न्यून गल्तीलाई तन्काएर यमलार्जुनले आकाश ढाक्न खोजेजस्तो कसैले गर्नुहुँदैन। राष्ट्रकवि घिमिरेले लेखनाथ, बालकृष्ण सम र देवकोटालाई मथेर नौनी निकाल्नुभयो जसको बलले नेपाली साहित्य धेरै माथि पुगेको छ। त्यसैले यी र अरू पूर्वजहरूको हामीले यसरी नै सम्मान गर्न सिक्नु पनि साहित्यको सेवा हो र नेपाली भाषा र नेपालप्रतिको भक्ति हो।

॥अस्तु ॥

(बोस्टन अमेरिका निवासी लेखक दर्पण पत्रिकाका कार्यकारी सम्पादकसमेत हुनुहुन्छ।)

# प्रवृत्तिगत आधारमा "वैशाख" कविताको विश्लेषण



हरिप्रसाद पराजुली

**सारांश**

*यो समीक्षात्मक लेख कवि माधव घिमिरेद्वारा लिखित 'वैशाख' शीर्षकको कवितामा आधारित छ। यस लेखमा कवि घिमिरेको सामान्य चिनारी गराई उनको 'वैशाख' कवितालाई प्रवृत्तिगत आधारमा विभिन्न पक्षबाट हेर्न खोजिएको छ। यस क्रममा उक्त कवितामा अभिव्यक्त उनको जीवन मूल्यसम्बन्धी दृष्टिकोणलाई विशेषतः प्राथमिकतामा राखेर सो कृतिको विश्लेषण गरिएको छ। यसबाट 'वैशाख' कविताभित्रका घिमिरेको काव्य प्रवृत्तिका साथै त्यसभित्र निहित जीवन मूल्यसम्बन्धी दृष्टिकोणबारे बुझ्न सहयोग पुग्ने देखिन्छ।*

## १ विषय परिचय

माधव घिमिरे (वि.सं.१९७६-२०७७) नेपाली साहित्यको स्वच्छन्दतावादी काव्यधाराका विशिष्ट प्रतिभा हुन्। उनले काव्य साधनामा आठ दशकको समय व्यतीत गरेका छन्। यति लामो काव्ययात्रामा उनका विभिन्न फुटकर कविता, खण्डकाव्य र गीतहरू प्रकाशित देखिन्छन्। उनले काव्येतर विधाअन्तर्गत

पर्ने निबन्ध र कथा लेखनमा पनि आफूलाई समाहित गरेका देखिन्छन् । **आफ्नो बाँसुरी आफ्नै गीत** (२०३०) र **चारुचर्चा** (२०५८) उनका निबन्धात्मक कृति हुन् भने **मनचिन्ते मुरली** (२०५७) कथासङ्ग्रह हो । काव्यलेखनको दीर्घयात्रामा घिमिरेबाट निबन्ध, कथाजस्ता विधामा समेत लेखनी चलेको पाइए पनि ती उनका पक्कडका विधा नभएर रहरका विधाका रूपमा सिर्जिएका देखिन्छन् । उनी निबन्धकार एवम् कथाकारका रूपमा नचिनिनु तर काव्य विधामा 'राष्ट्रकवि' उपाधिद्वारा विभूषित हुनु नै यसको प्रमाण हो । जहाँसम्म काव्य सृजनाको कुरा छ, त्यहाँ भने घिमिरेले एउटा सिङ्गो युग नै बोकेका छन् । आफ्ना अग्रज लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटाजस्ता साहित्य मनीषिहरूदेखि लिएर आजका सुदूर उत्तरवर्ती पनाति पुस्ताका व्यक्तिहरूसम्म उनको काव्य सृजना प्रसारित भएको देखिन्छ ।

वि.सं. १९९२ को 'ज्ञानपुष्प' शीर्षकको फुटकर कविताबाट साहित्यिक धरातलमा अवतरण गरेका (शर्मा, २०६२:८) घिमिरेले दुईओटा कवितासङ्ग्रह **नवमञ्जरी** (१९९४) र **चैत वैशाख** (२०६०), दुईओटा गीतसङ्ग्रह **नयाँ नेपाल** (२०१३) र **किन्नर–किन्नरी** (२०३३) चारओटा बालकविता कृति **घामपानी** (२०१०), **बाललहरी** (२०२६), **राहुल यशोधरा** (२०३५) र **सुनपङ्खी चरी** (२०५३), आठओटा खण्डकाव्य **पापिनी आमा** (२०१३), **गौरी** (२०१५) **राजेश्वरी** (२०१७), **राष्ट्रनिर्माता** (२०२३), **धर्तीमाता** (२०३०), **इन्द्रकुमारी**, **बोराको पर्दा** र **गौँथली** र **गजधम्मे** (तिनओटै २०५७) तथा सातओटा गीति नाटक **शकुन्तला** (२०३८), **मालती–मङ्गले** (२०३९), **विषकन्या** (२०५०), **अश्वत्थामा** (२०५३), **हिमालवारि हिमालपारि** (२०५४), **देउकी** (२०५५) र **बालकुमारी** (२०६१) जस्ता रचनाहरू प्रकाशन गरिसकेका छन् । जीवन यात्राको अन्तिम बिन्दुसम्म आइपुग्दा पनि उनी काव्य निर्माणमा लागेकै देखिन्थे । पछिल्लो कालखण्डमा उनी डेढ दशकभन्दा अगाडि नै सुरु गरेर थन्किएर रहेको **ऋतम्भरा** नामक महाकाव्य पूरा गर्ने अभियानमा जुटेका थिए । तर पूर्ण रूपमा परिमार्जन गर्न बाँकी रहेकै अवस्थामा उहाँको देहावसान भएकाले उक्त कृति प्रकाशनमा नआएको बुझिन्छ ।

माधव घिमिरेका कवितामा राष्ट्रियता, जातीय चेत एवम् लोक संस्कृतिको जिउँदो जाग्दो रूप प्राप्त गर्न सकिन्छ। हुन पनि उनी आफ्नै राष्ट्रिय भूगोलको माटो, हावापानी, प्रकृति, जातीय चेतनाजस्ता कुराहरूसँग पशुपक्षीहरूसँगै सम्बन्ध जोडेर रमाएका हुन्छन् । उनी आफ्ना कवितामा पाठकलाई कतै हँसाउँछन् अनि कतै वीरतायुक्त भावले ओतप्रोत गराउँछन् । त्यतिमात्र होइन, कतै रुवाउँछन् अनि कतै राष्ट्रप्रति जागरुक बन्न उत्साहित तुल्याउँछन् । यिनै विशेषताले गर्दा उनको काव्य धरातल विशिष्ट किसिमको बन्न पुगेको छ। यी विषयहरूलाई उनले वार्णिक, वर्ण मात्रिक छन्दका लिकमा अत्यन्त सहजताका साथ हिँडाएका पनि छन् । त्यसैले घिमिरे राष्ट्रकविका रूपमा परिचित छन् । यस लेखमा चाहिँ उनको 'वैशाख' शीर्षकको कवितामा केन्द्रित रही त्यसलाई विभिन्न प्रवृत्तिगत कोणबाट नियाल्ने प्रयास गरिएको छ ।

## २ वैशाख कविताको प्रवृत्ति निरूपण

माधव घिमिरेको काव्ययात्रालाई पूर्वार्ध (१९९२-२०२२) र उत्तरार्ध (२०२३ पछि) गरी स्थूल रूपमा दुई युगमा टुक्र्याइएको छ। यी दुईमध्ये पहिलोलाई राष्ट्रिय प्रकृति अनुप्राणित सुकुमार कल्पना तरलित युग र दोस्रोलाई आर्ष दार्शनिक चिन्तन सिञ्चित प्रौढ भावना कुसुमित युग भनिएको छ *(पोखरेल, २०५९:१८६)*। पहिलो र दोस्रो दुबै युगलाई पुनः विभिन्न चरण र उपचरणमा विभाजन गरिएको छ, जसमध्ये 'वैशाख' कवितालाई पहिलो युगको द्वितीय चरणको दोस्रो उपचरण (२०१०-२०१२) अन्तर्गत राखिएको छ (पूर्ववत्: १९६) वस्तुतः 'वैशाख' (२०११) कविताको प्रकाशनताका घिमिरेका सृजनामा नेपाली बोध, जीवन जगत्प्रतिको अमरता, जीवनवादी दृष्टि, प्राकृतिक सन्निध्यमा जीवनलाई हेर्ने तथा कविताभित्रै विचार दृष्टि प्रस्तुत गर्ने प्रवृत्ति विकसित भएको देखिन्छ। 'वैशाख' कविताभित्र मात्रै पनि यहाँ उल्लेख गरिएका कतिपय बुँदाहरू पहिल्याउन सक्ने स्थिति देखिन्छ। त्यसर्थ यहाँ यिनै मूल्य, मान्यताहरूलाई केन्द्रमा राखेर 'वैशाख' कवितामा अभिव्यक्त प्रवृत्तिहरूलाई निम्नबमोजिम प्रस्तुत गरिन्छ :

## २.१ प्राकृतिक सौन्दर्यको उद्घाटन गर्नु

स्वच्छन्दतावादी भाव चेतना भएका कविहरू प्रकृतिबाट कहिल्यै टाढा हुन सक्दैनन्। प्रकृतिको स्निग्घ, कोमल वा रौद्र जेजस्तो रूप भए पनि तिनलाई आमन्त्रण गरेकै हुन्छन्। घिमिरेका हकमा पनि यो कुरा लागु हुन्छ। विशेषतः यिनीचाहिँ प्रकृतिको कोमल रूपमै बढी रमाउन पुगेका छन्। यस दृष्टिले 'वैशाख' कवितालाई नियाल्दा यसको शीर्षक नै प्रकृतिकेन्द्री रहेको पाइन्छ। वैशाख वर्षचक्र अन्तर्गतका बार, महिनामध्येको एक हिस्सा हो। यसले समयको एक स्थिति वा खण्डलाई द्योतन गर्छ तापनि यसले त्यतिमै आफ्नो अर्थलाई सीमाङ्कन गरेको छैन। यसले चैत, वैशाख दुबै महिनाको प्रतिनिधित्व हुने ऋतु (वसन्त) विशेषलाई जनाएको छ। ऋतुहरूको राजा मानिने यस समयको आगमनसँगै धर्तीमा शृङ्गार शोभाले चरम उत्कर्ष प्राप्त गर्छ। हुन पनि शिशिरको ठिहीले उजाड बनाएको धर्तीको कलेवरमा वसन्त अर्थात् चैत, वैशाखले चमत्कार नै ल्याइदिन्छ। कवि घिमिरेले यही तथ्यलाई हृदयङ्गम गरेर चहुरहरूमा हरिया घाँसहरू पलाउने, वनस्पति जगत् नयाँ पाउलाहरूले भरिभराउ हुने, जतातते रङ्गीविरङ्गी फूलहरू फुल्ने कुरा प्रकट गरेका छन्। कविले प्रस्तुत कविताका सात श्लोकमध्ये प्रायः श्लोकहरूमा कुनै न कुनै रूपमा प्राकृतिक सौन्दर्यको वर्णन गर्न भुलेका छैनन्। लेकका नागीहरूमा यत्रतत्र बुकी फूल फुल्ने तथा मध्य पहाडी भागका डाँडा, पाखाहरूमा गुराँस फुलेर वातावरणलाई नै रोमाञ्चक बनाइदिने समय पनि यही हो। उपत्यका तथा बेँसीका भागहरूमा बासनायुक्त अनेकौँ फूलहरू फुल्ने समय पनि यही नै हो। त्यसैले वसन्तमा फुल्ने समग्र फूलहरूको नाम मलाई कसले बताइदेला भनेर कविले वसन्तमा बहुविध फूलहरू फुल्ने स्थितितर्फ सङ्केत गरेका छन्। यसरी हेर्दा 'वैशाख' कविताका कवि घिमिरेले प्रकृतिको वस्तुपरक एवम् इन्द्रीय संवेद्य अभिव्यक्ति प्रस्तुत गरेको देखिन्छ। हुन पनि कवि नेपाली पहाडी प्रकृतिका बहुआयामिक छवि तरेलीहरूलाई अत्यन्त नजिकबाट पर्यवेक्षण गर्न सफल भएका छन् *(त्रिपाठी, २०४८:१७७)*। यी कुराहरूबाट 'वैशाख' कवितामा प्राकृतिक सौन्दर्य समुद्घाटित भएको तथ्य स्पष्ट हुन्छ।

## २.२ प्रकृति र मानव जीवनका बिच तादात्म्य स्थापित गर्नु

कवि घिमिरेका कवितामा प्राकृतिक तत्त्वले आरम्भकालदेखि नै कुनै न कुनै रूपमा प्रवेश गर्ने अवसर पाएको देखिन्छ। काव्यजीवनको पछिल्लो समयमा आउँदा पनि यस प्रवृत्तिले साथ छाडेको देखिँदैन, तर प्रकृतिको के कस्तो रूप वा स्वरूपलाई कविले आत्मसात गर्दै आएका छन् भन्ने सन्दर्भमा भने बुझेर मात्रै टिप्पणी गर्नुपर्ने हुन्छ। आरम्भकालीन कवि प्रकृतिको सरल एवम् सहज रूपको चित्रणमा अग्रसर देखिन्थे। अर्थात् तात्कालिक कवि मूलतः प्रकृतिको तन्मय चित्रणमा केन्द्रित देखिन्थे। 'वैशाख' कविताको रचनाकालसम्म आइपुग्दा पनि कवि प्राकृतिक सामग्रीको वैविद्यको चित्रण गर्ने कार्यमै रमेका देखिन्छन्। यसो भन्नुको खास तात्पर्य के हो भने कविको प्रकृतिसँगको सम्बन्ध विस्तार आध्यात्मिकमार्गतर्फ अभिमुख हुँदै गएको देखिन्छ। त्यसैले उनी **राष्ट्रनिर्माता**, **धर्तीमाता** हुँदै अघि बढ्ने क्रममा प्रकृतिको मन्मय चित्रणतर्फ बढी आकर्षित हुँदै गएका देखिन्छन्। फलतः कवि वैदिकसूक्तहरूका प्रकृति साहचर्ययोगी चिन्तनहरूको अनुशीलन गर्दै प्रकृति दर्शनका अतल गहिराइमा पुगेर त्यसका सापेक्षतामा जीवन छाम्न पुगेका छन् *(पोखरेल, २०५९:२६३)* यस दृष्टिले 'वैशाख' कवितालाई प्रकृति र मानवजीवनका बिचको सेतुबन्धको काम गर्ने औजारका रूपमा लिन सकिन्छ। किनभने यसमा प्रकृतिको बाह्यान्तरिक दुबै पक्षलाई समवेत उद्घाटन गरिएको छ। यसै सिलसिलामा कविताभित्र प्राकृतिक आन्तरिक पक्षको चित्रणका क्रममा जीवन जगत्सँग तादात्म्य स्थापित गर्ने प्रयत्न भएको देखिन्छ।

'वैशाख' कवितामा कविले वैशाख (वसन्त) लाई कुशल कलाकारका रूपमा पनि हेरेका छन्। यहाँ प्रकृति सर्जक बनेर आएको मात्र छैन अपितु मानवजगत्लाई स्वस्थ कलाकृतिको निर्माणका दिशामा प्रेरित गर्ने उद्देश्यले समेत आएको देखिन्छ। वास्तवमा उनी सृजनालाई जीवनको मूल ध्येय ठान्छन् किनभने मानवीय मूल्य र मान्यताको विघटन हुँदै गएको वर्तमान सन्दर्भमा सृजनाका अतिरिक्त कुनै अर्को मार्ग छैन भन्ने कविको ठम्याइ छ *(उपाध्याय, २०४०:*

१७७)। प्रकृतिमा जाँगर छ जादुगरी शिल्प छ अनि कर्तव्य चेतना छ। त्यसैले हरेक वैशाख आफ्नो कला प्रतिभाले धरतीलाई सिँगार्नबाट किञ्चित् पछि हट्तैन। त्यसैगरी हामीले पनि आफूभित्रको क्षमतालाई नव सृजनाका बाटामा अग्रसर गराउन सक्नुपर्छ। यसो गर्न सकेका खण्डमा मात्रै सामाजिक उत्थान हुन सक्छ। अर्कातर्फ वैशाख भनेको वासन्तिक बैंस हो। मानवजीवनमा पनि एक पटक केही समयसम्म रहने गरी यो स्थिति प्रकट हुन्छ। यो क्षण युवायुवतीले प्राप्त गर्छन्। हुन पनि यौवनकाल भनेको प्रचूर कार्यक्षमता भएको अवस्था हो। कार्यक्षमताको प्रचूर सम्भावना बोकेको अवस्था हुनाको कारण यो जीवनको ऊर्वरकाल हो। त्यसैले युवायुवतीले समाजमा नव जागरणका साथ सृजनात्मक लहर उत्पन्न गराउन सक्नुपर्छ। कविका अनुसार व्यक्तिलाई साहित्यिक चौतारीमा कृतिरूपी बरपिपल रोप्ने उत्साह वैशाखको आगमनले ल्याइदिन्छ। अर्कातर्फ प्रकृतिको समयचक्रमा वैशाख आउने क्रम पनि निरन्तर चलिरहन्छ। यो गति वा क्रम कहिलै रोकिँदैन। त्यसै गरी मानवसमाजमा पनि प्रीति गाँस्ने, गीत गाउने अनि नव सृजनाका साथ अगाडि बढ्ने क्रम निरन्तर चल्ने कुरा हुन्। कविद्वारा अभिव्यक्त यी कुराले प्रकृति र मानव जीवनका बिच तादाम्य स्थापित गर्न खोजेको देखिन्छ।

कवि घिमिरेले प्रकृति र मानवजीवनलाई अर्को पाटोबाट पनि नाप्ने काम गरेका छन्। यस सन्दर्भमा उनी के भन्छन् भने प्रकृति र मानवजीवनमा आउने बैंस क्षणिक हुन्। यिनको स्थायित्व हुँदैन। वसन्तमा फुलेका रङ्गीचङ्गी फूलहरू वसन्तको अवसानसँगै ओइलिएर जान्छन्। ग्रीष्मको कडा प्रहारले तिनको जीवनलाई नष्ट गराइदिन्छ। मान्छे पनि एक पटक बैंसालु क्षणमा प्रवेश गर्छ तर त्यो स्थिति दिगो हुन सक्दैन। उसलाई पनि समयले विस्तारै वार्धक्यको दिशातर्फ घचेट्तै अन्ततोगत्वा मृत्युवरण गर्ने स्थितिमा पुऱ्याइदिन्छ। त्यसर्थ वासन्तिक फूल समयको गतिसँगै ओइलाएर झरेजस्तै जीवनरूपी वास्तविक फूल (बैंस) पनि समय क्रममा नष्ट हुन्छ तर त्यस्तो समय सधैँका लागि समाप्त हुँदैन। त्यो त चक्रजस्तै घुमिरहन्छ। त्यसैले त वैशाखमा उत्पन्न वासन्तिक सौन्दर्यका प्रतीक पुष्पहरू जेठको प्रचण्ड घामको तापले समाप्त भएजस्तै र एउटा वसन्तमा विरही स्वर अलाप्ने कोइली अर्को वसन्त आउनुभन्दा अगाडिको समयमा हराएजस्तै

मानव जिन्दगानी पनि समय पुगेपछि समाप्त भएर जान्छ। यसबाट के स्पष्ट हुन्छ भने समयको परिवर्तनशीलता र त्यसको पुनरावृत्तिको क्रम चलिरहन्छ। समयको यही गतिमा प्रत्येकले आआफ्ना पूर्व पीडाहरू बिर्सँदै जान्छन् । अर्थात् अघिल्लो समयका कष्टहरू पछिल्ला समयका सुखद अनुभूतिका आलोकमा स्वतः लुप्त भएर जान्छन् । यहाँ कविले वेदान्तीय दृष्टिले भौतिक जीवनको क्षणभङ्गुरतालाई समेत स्पष्ट पारेका छन्। धर्तीमा मानवजीवन पानीको फोकाजस्तै क्षणिक अवधिका लागि मात्र प्रकट हुन्छ। यसको स्थायित्व हुँदैन। त्यसैले दुई दिनका पाहुना बनेर मान्छे यस धर्तीमा अवतरित हुन्छ, हाँसखेल गर्छ र इहलीला समाप्त गरेर जान्छ। त्यसपछिको जिन्दगानीको यात्रा कहाँ हुन्छ ? त्यो कसैलाई थाहा हुँदैन। यसरी 'वैशाख' कविताका कवि फूल र जीवनलाई एउटै रूपमा दाँज्न पुगेका देखिन्छन्। कविले ठानेजस्तै जीवन पनि एक प्रकारको फूल नै त हो किनभने यसले पनि पृथ्वीरूपी विशाल भागमा जन्म लिन्छ, कोपिला हाल्छ फक्रन्छ अनि केही समयको मुस्कानपश्चात् स्वतः ओइलिएर र झरेर जान्छ। यसरी 'वैशाख' कवितामा कविले कतिपय सर्न्दभमा प्रकृति र मानवजीवनका बिच तादात्म्य देखाएका छन् ।

## २.३. **लोकजीवनको अभिव्यक्ति प्रकट गर्नु**

'वैशाख' कवितामा कविले मूल कथ्यलाई प्रस्तुत गर्ने सिलसिलामा लोकजीवनका अभिव्यक्तिहरूलाई पनि समावेश गरेका छन्। लमजुङको पुस्तुनमा जन्मिएका र त्यहीँको माटो र हावापानीमा बाल्यकाल एवम् कैशोर्य व्यतीत गरेका घिमिरेका काव्यमा पहाडी लोकजीवन र संस्कृतिको अभेद्य छाप परेको देखिन्छ। घर, पाखा, पखेरा, पधेँरा, उकाली ओराली, भन्ज्याङ चौतारी, देउरालीहरूलाई राम्ररी आत्मसात गरेका हुनाले उनका कवितामा यी परिदृश्यहरू राम्ररी बिउँझिएका पनि छन् । 'वैशाख' कवितामा कविले वसन्तलाई मूल विषय बनाएर त्यही प्राकृतिक विम्बका माध्यमबाट जीवन र जगत्लाई नियाल्ने काम गरेका छन् । कविताको पहिलो भावगुच्छमै कविले **गोठालाले वन वन डुली हाल्न थाल्यो सुसेली** भनेर पाठकलाई लोक (ग्रामीण) परिवेशतर्फ तान्न खोजेका छन् ।

शिशिर ऋतुमा हिउँ, शीत वा तुषारोले खाएर बोट बिरुवा शोभाहीन बनेका हुन्छन् । त्यस बेला धर्ती नाङ्गो हुन्छ। त्यतिबेला गोठाला, गोठाल्नीहरूको प्रसङ्ग नै उठ्तैन किनभने यस्तो स्थितिमा कुनै उमङ्ग नै हुँदैन तर वसन्तमा प्रकृतिको हरियालीसँगै किसानहरूले रोप्न थालेका बालीनाली पनि हरियो बनेर प्रकट हुँदै गरेको अवस्था हुन्छ। त्यस बेला गोठाला, गोठाल्नीहरू गाईबाख्रा लिएर चरन भएतर्फ जाने परम्परा पूरानो हो। यो हरेक गाउँलेको दैनिकी नै हो। त्यस बेला चरनमा गोठाला, गोठाल्नीहरू वन जङ्गलै घन्किने गरी एकल वा दोहोरी भाकामा गीत गाउने गर्छन् । वस्तुतः यस्ता गीतमा नव यौवनाहरूको अन्तर्मनका भावनाहरू अभिव्यक्त भएका हुन्छन्। कसैका गीतमा मायालु नपाउँदाको दुःखको रन्को पोखिन सक्छ भने कसैका गीतमा विवाहपश्चात् कतै परदेश वा सेनामा जागिर खान गएको पतिलाई सम्भ्केर पत्नीका तर्फबाट अभिव्यक्त हुने विरही वेदना प्रकट भएका हुन्छन्। त्यस्तै सुसेलीचाहिँ साङ्गीतिक ध्वनि सङ्केत हो। त्यहाँ अर्को साङ्गीतिक वाद्यवादन हुँदैन। सुसेलीले नै अप्रत्यक्षतः यसैको काम गरेको हुन्छ। अर्कातर्फ यो नजानिँदो किसिमले मन परेकी मायालाई आफूतिर आकर्षित गर्ने वा बोलाउने माध्यम पनि हो। यसरी कविले गोठालाको प्रसङ्ग कोट्याएर नेपालको सबै पहाडी भेकमा जीवन्त रहेको लोकजीवनको उद्घाटन गरेका छन्। यस भनाइलाई स्पष्ट पार्न तल उद्धृत पद्यांश महत्त्वपूर्ण सहयोगी बन्ने देखिन्छः

**"लाऊँ कानैतिर भनी टिपिन् गुर्सिनीले गुराँस**
**नेवार्नीले मधु सुमनले जेल्दिइन् केशपाश**
**भोटेनीले मगमग बुकी फूल बाँधिन् तुनामा**
**क्वैली बोल्यो वनवन नयाँ प्रीतिको सम्भ्कनामा"**

उक्त पद्यांशले भिन्नभिन्न नेपाली भूगोलका भिन्नभिन्न जातिको पहिचानका साथै तिनको लोकजीवनको अभिव्यञ्जना प्रस्तुत गरेको छ। उक्त कवितांशमा भोटेनी, गुर्सिनी (गुरुङ्सेनी तर गुरुङ बहुल समाज लमजुङ, मनाङ, स्याङ्जा, गोरखा आदि स्थानमा कथ्य रूपमा गुर्सिनी भनिने) र नेवारनीको प्रसङ्ग उभ्याइएको छ। यी भिन्नभिन्न पहाडी प्रादेशिक जीवनका प्रतिनिधि पात्र हुन्।

तामाङ, शेर्पा जातिहरू बसोवास गर्ने स्थान पहाडको माथिल्लो भेक हो। यिनका स्त्री जातिहरूलाई भोटेनी भन्ने परम्परा प्राचीन हो। अहिले यस्तो सम्बोधन हराउँदै गएको छ। भोटेनीहरू बसोवास गर्ने क्षेत्रमा वसन्त ऋतुकालमा चउरभरि बुकी फूल सेताम्मे भएर फुलेको देखिन्छ। अर्कातिर चिसो हावापानी हुने हुनाले त्यहाँका नारीले छाती छोप्ने गरी तुनावाल चोलो कसेर लगाउनु स्वाभाविक हो। तिनीहरू वास्तविक मौसममा बुकी फूल टिपेर आआफ्ना चोलाका तुनामा बाँध्दछन्। यो बासनादार फूल तुनामै बाँध्नाले लामो समयसम्म बासना लिइरहन पाइन्छ। यो फूल कपालतिर सिउरिइन्न। यो फूल भुवाजस्तो नरम हुनाले तुनामै बाँध्दा यसको शोभा रहने देखिन्छ। यसरी कविले बुकी फूलको प्रसङ्ग ल्याएर शेर्पा, तामाङ जातिहरूको लोक सांस्कृतिक भावनालाई उजागर गराएका छन्।

गुरुङ जातिको सन्दर्भलाई पनि कविले ठिक ढङ्गले प्रस्तुत गरेका छन्। गुरुङ जातिको मुख्य थलो मध्य पहाड हो। यिनीहरू धवलागिरी, गण्डकी अञ्चलका पहाडी क्षेत्रमा विशेष सङ्ख्यामा रहेका छन् तापनि सुदूर पूर्वी पहाडसम्म नै कुनै न कुनै रूपमा छरिएर रहेका देखिन्छन्। यिनीहरूको बसोवासको क्षेत्रमा गुराँस विशेष मात्रामा हुने वनस्पति विशेष हो। त्यसैले उनीहरूको जीवनशैलीमा गुराँसले स्थान पाउनु उपयुक्त कुरा हो। गुरुङ जातिले अङ्ग्रेज सेनामा पनि उहिल्यै प्रवेश पाएका हुन्। त्यहाँ रहेर काम गरी आफ्नो घर फर्कँदा तिनले आफ्ना पत्नी, चेलीबेटीहरूलाई सुनका गहनाले झकिझकाउ बनाइदिन्थे। गुरुङ इतर राई, मगर आदिमा पनि यो स्थिति देखिन्छ। हुनेले आफ्ना शिरमा सुनका सूर्य, चन्द्र, तारा आदि आकारका गहना लगाउँथे। नहुनेले वासन्ती मौसममा गुराँसका फूल सिउरिन्थे। अद्यापि कतिपय स्थानमा यो स्थिति कायमै रहेको देखिन्छ। कानैनेर सिउरिने भन्नाले चुल्ठामा सिउरिने भन्ने अर्थ हो। यो उनीहरूको प्राकृतिक सौन्दर्य साधन पनि हो। प्राकृतिक उपहारका रूपमा प्राप्त फूलहरू हरेक दिन कपालमा सिउरिनु त्यस क्षेत्रका नारी जातिको दिनचर्या नै हो। कोरीबाटी गरेको केशमा रातो फूल सिउँरिदा त्यसले नारी सौन्दर्यलाई उजागर गरेकै हुन्छ। वस्तुतः यहाँ कवि वसन्त ऋतुमा गुराँस फुलेको बेलाको पहाडी सौन्दर्यसँग गुराँसको फूल सिउरिने नवयौवना गुरुङ कन्याको नारी सौन्दर्यलाई समेत जोडेर हेर्न पुगेका देखिन्छन्।

माथिको कवितांशमा नेवारनीको प्रसङ्ग पनि छ। नेवार जाति अहिले आएर नेपालका सबै क्षेत्रमा फैलिएका भए पनि तिनीहरूको मूल थलो काठमाडौं उपत्यका नै हो। उपत्यकाली नेवार कन्या वा स्त्री जातिहरू वसन्तमा प्राप्त प्राकृतिक फूलहरू आफ्नो केश वा चुल्ठोमा घुसार्न पछि पर्दैनथे। फूलप्रतिको मोह कुनै पनि जात जातिमा परापूर्वकालदेखि रहिआएको थियो। नेवार कन्याहरू पनि यसबाट अछूत थिएनन्। वास्तवमा आफ्ना केशराशिलाई कलात्मक पाराले चुल्ठो बनाएर त्यहाँ थरीथरीका वासनादार फूलहरू सजाउने परिपाटी नेवार समुदायका नारीहरूमा पनि जीवन्त रहेको कुरालाई कविले स्पष्ट पारेका छन्। अहिलेकै सन्दर्भमा पनि कृषिकर्ममा आश्रित उपत्यकाका अन्तरकुन्तरका नेवार कन्याहरू आक्कलझुक्कल उक्त रूपमा देखिँदै आएका छन्। यहाँ कविले वसन्त ऋतुमा थरीथरीका फूलहरू देख्दा ती फूलहरूले नेवार कन्याहरूको केशपास सजिएको अनुभूतिको विम्ब उतारेर लोक संस्कृतिप्रतिको आफ्नो गहिरो प्रेम प्रकट गरेका छन् *(गौतम, २०५६ : ३३)* भन्न सकिन्छ।

लोकजीवनको अभिव्यक्ति प्रस्तुत गर्ने सन्दर्भमा कविले सामाजिक मूल्य र मान्यतासँग जोडिएका कुराहरू पनि उठाएका छन्। चौतारी लगाउने, वरपिपलका बिरुवा रोप्ने, पाटीपौवा बनाउने, गुठी स्थापना गर्ने, मठ मन्दिर बनाउनेजस्ता कुराहरू विशेषतः धार्मिक प्रयोजन हेतु गरिँदै आइएका उदाहरण हाम्रा गाउँ, समाजमा प्रशस्त छन्। यस्ता कार्यहरू लोकोपकारसँग जोडिएका हुन्छन्। यस्ता कार्यक्रमको समाप्तिका अवसरमा कीर्तन भजन गर्ने परम्परा नै रहेको पाइन्छ। यहाँ कविले 'चौतारीमा वर पिपलको बोट नौलो म लाऊँ' भनेर समाजका दिलदार व्यक्तिहरूले गर्ने कार्यमा लोकहितको भावना सबल रूपमा रहेको र त्यस कार्यको सफल समाप्तिका अवसरमा आत्मसन्तुष्टिको गीत गाउने परम्परा रहेको कुरालाई अभिव्यञ्जित गरेका हुन्। वस्तुतः बरपिपल लगाउनुलाई यस जीवनको पुण्यकर्मका साथै निर्माण कर्ताको पुनर्जन्म सुधार्ने आधार मान्ने हाम्रो लोक मान्यतालाई समेत यसले उद्घाटन गरेको छ।

यस कवितामा अभिव्यक्त लोकजीवनलाई सङ्केत गर्ने अर्को महत्त्वपूर्ण सन्दर्भलाई पनि कोट्याउनु सान्दर्भिक ठहर्छ। यहाँ कविले कोइली र उसको विरहको कुरालाई माइत घर छाडेर बिरानो ठाउँको पतिघर गएकी युवतीको अवस्थालाई उद्घाटित गरेका छन्। हुन पनि यहाँ जन्मघर छाडेर पराइघर गएका नारीहरूको विरह र वेदनाको अभिव्यक्तिलाई कोइलीको संवेदनात्मक 'कुहुकुहु' मा अभिव्यञ्जित गराइएको छ। किनभने आफ्नो माइती देश छाडेर जाँदाको स्थितिमा नारी हृदयमा उत्पन्न हुने विरहको मार्मिकतालाई कविले वसन्तको कोइलीमा प्रतिबिम्बित गराएका छन् *(गौतम, २०५६:३४)*। यसरी 'वैशाख' कवितामा कविले लोक जीवनलाई जीवन्त रूपमा अघि सारेका छन् भन्न सकिन्छ।

## २.४. जातीय चेतनाको झलक दिनु

नेपाल भौगोलिक दृष्टिले सानो आकारको राष्ट्र भए पनि जाति भाषा, संस्कृतिका दृष्टिले ठूलो छ। नेपाल र नेपालीको पहिचानको एउटा मुख्य आधार यो पनि हो। जातीय विविधतासँगै भाषिक एवम् सांस्कृतिक विविधता पनि जोडिएर आउने कुरा हुन्। नेपालका अधिकांश भाषा संस्कृति जातीय पहिचानसँग जोडिएर आएका कुराले यस तथ्यको पुष्टि गर्छ। 'वैशाख' कविताका कवि घिमिरेले यस कुरालाई राम्ररी बुझेका छन्। त्यसैले यहाँ कविले जातीय विविधताको कुरालाई स्पष्ट पार्न साङ्केतिक रूपमा नेवारनी, गुर्सिनी, भोटेनीको प्रसङ्ग कोट्याएका हुन् भन्न सकिन्छ। यसका माध्यमबाट कविले नेपालमा विविध जाति र ती जातिभित्र विविध सांस्कृतिक परम्परा रहेको दिशातर्फ सङ्केत गर्दै प्रत्येक जातिको प्रकृतिसँगको नाता आआफ्नै संस्कृतिअनुरूप विकसित हुँदै आएको हुन्छ भन्ने कुरा व्यक्त गर्न खोजेका छन्। अहिलेको सन्दर्भमा अन्तर्जातीय, अन्तर्क्षेत्रीय विवाह तथा बसाइँसराइको क्रम बढ्दै गएकाले मिश्रित पहिचान बढ्दै गएको देखिन्छ। तर पूर्व परिस्थितितर्फ दृष्टि दिँदा प्रायः खास जाति खास भौगोलिक परिवेशमा बस्ने गरेको पाइएको छ। हिमाली क्षेत्र मूलतः शेर्पा जातिहरूकै बसोवासको क्षेत्र हो भने मध्य पहाडका खास स्थानमा गुरुङ,

मगरहरूको बाहुल्य पाइन्छ। अहिलेकै सन्दर्भमा पनि यो स्थिति कायमै रहेको देखिन्छ। नेवार जातिको बोलवाला रहेको उपत्यकामा नेपालको सबैजसो भूगोल र संस्कृतिका व्यक्तिहरूको मिश्रण छ। यति भएर पनि उपत्यकामा अद्यापि नेवारी संस्कृति भिन्न पहिचानका रूपमा प्रकट हुँदै आएको देखिन्छ। यहाँ नेपालका आदिवासीका रूपमा रहेका यी तिन (नेवार, गुरुङ र शेर्पा) जातिलाई प्रतिनिधिका रूपमा उभ्याएर नेपाललाई जातीय गौरव बोकेको राष्ट्रका रूपमा चिनाउन खोजेको बुझिन्छ।

## २.५ जीवनवादी चिन्तन व्यक्त गर्नु

माधव घिमिरेका कविताहरू उद्देश्यमूलक हुन्छन्। कविताको सतहमा भावसौन्दर्य घनीभूत बनेर आए पनि त्यसको अन्तःस्तलमा ठोस विचारसमेत अभिव्यक्त भएको पाइन्छ। कवि घिमिरेको मौलिक पहिचानको एउटा आधार यो पनि हो। वस्तुतः उनका कवितामा प्रकट हुने विचार चाहिँ मूलतः राष्ट्र, राष्ट्रियता, मानवीय कर्तव्य, मानवता आदिकै सेरोफेरोमा आबद्ध हुने गरेको पाइन्छ। यी सबैको  सारभूत कुरा कर्मप्रतिको विश्वास हो। यस कवितामा भने कवि घिमिरे कर्मवादी बनेर देखा परेका छन्। उनले मानवसमाजलाई कर्मद्वारा आफ्नो जीवन सार्थक बनाउन आग्रह पनि गरेका छन्। 'वैशाख' कविता मात्रैले पनि यस कुराको दिग्दर्शन गरेको छ।

**"मेरै धौलागिरि उपरमा छैन मैले पुगेको**
**नेपालीको दिल छुन अझै छैन मैले सकेको"**

प्रस्तुत पद्यांशमा कविको कर्मप्रतिको मोह टड्कारो रूपमा उद्घाटित भएको देखिन्छ। हामी धवलागिरीको शिरमा अझै पुग्न नसकेको कुराले हाम्रो कर्मप्रतिको त्याग कम रहेको अर्थात् हामीले उल्लेख्य काम गर्न नसकेको कुरालाई जनाएको छ। जब कर्मका बाटाहरू साँघुरा हुन्छन् तब राष्ट्र विकासको गतिमा कमी आउँछ। त्यसैले हामीले स्मरणयोग्य काम गर्न सकेका खण्डमा मात्रै जीवनको ध्येयका नजिक पुग्न सक्छौँ। चौतारी लगाउने, बरपिपल रोप्ने प्रभृति

कुराहरूका माध्यमबाट पनि कविले मानवजीवनको सार्थकता कर्ममै अडेको हुन्छ भन्ने कुराको पुष्टि गर्न चाहेका छन् भन्ने बुझिन्छ। यहाँ कर्मसँगै जोडिएर आएको अर्को पक्ष हो मानवतावाद। उक्त कवितामा कविको आफूले नेपालीको दिल छुन नसकेको कुराको स्वीकारोक्ति पनि छ। यसको तात्पर्य हामीले आफू मान्छे भएर अर्को मान्छेको समस्या, पीडा वा मर्महरू बुझ्न सकेका छैनौँ र बुझ्ने प्रयत्न पनि गरेका छैनौँ भन्ने हो। वस्तुतः यस्तो प्रवृत्तिले हामीलाई व्यक्तिवादी बाटोतर्फ अभिमुख गराउँदै लगेको छ। यसर्थ नेपालीको दिल छुने प्रसङ्ग कोट्याएर यसका माध्यमबाट कविले समाजको उत्थानका लागि शान्ति र सहअस्तित्वको भावनाको विकास हुनुपर्छ भन्ने कुरामा जोड दिन पुगेका देखिन्छन्। हुन पनि एकले अर्काको पीडा व्यथा बुझेर समान रूपमा अगाडि बढ्न सकेमा नै जीवनको लक्ष्य प्राप्ति हुन सक्छ। 'वैशाख' कवितामा कविले यस कुरालाई स्पष्ट रूपमा राखेका पनि छन्। त्यसर्थ यस कवितामा मानवतामा आबद्ध कर्मवादी चिन्तनलाई पनि स्पष्ट रूपमा अघि सारेको पाइन्छ।

### २.६ प्रेमको अमरता दर्साउनु

व्यष्टि जीवनका स्तरमा कुनै पनि विषयको स्थायित्व हुँदैन। दुःख होस् वा सुख होस्, त्यो अस्थायी हुन्छ। यहाँ कविले वासन्ती सौन्दर्यको क्षणिकतालाई देखाएर त्यसका माध्यमबाट जीवनप्रतिको आफ्नो दृष्टिकोण अघि सारेका छन्। यसै सिलसिलामा कविले वसन्तमा स्वतः स्फूर्त उत्पन्न हुने सौन्दर्य ग्रीष्मपछि हराएजस्तै मानवजीवनका रागात्मक चेष्टामा कहिलै अमरता नरहने ठानेका छन् *(त्रिपाठी, २०४८:१८३)*। जीवनमा सुखद पक्षको मात्र स्थायित्व नरहने होइन, दुखद पक्षको स्थिति पनि त्यस्तै हुन्छ। अर्थात् जीवनमा उत्पन्न हुने शोक, विरह, निराशाजस्ता कुराहरू पनि स्थायी हुँदैनन्। तैपनि वैशाख वा वसन्त आउने परम्परा युगयुगसम्म दोहोरिइरहन्छ। यसको सदाका लागि अवसान हुँदैन। जीवनमा पनि राग आइरहन्छ, गइरहन्छ। यसको पनि सदाका लागि अन्त हुँदैन। यसरी कविले अन्ततः जीवन र सृजनाका बिचको प्रीति शाश्वत वा अमर छ भन्ने कुरालाई झल्काउन खोजेका छन्। यही तथ्यलाई राम्ररी बुझेका कविले कुसुम वनमा

प्रीतिका गीतहरूको अन्त कहिलै नहुने कुराको सङ्केत गरेर प्रेमको अमरताप्रतिको आफ्नो दृष्टिकोण अघि सारेका हुन् भन्न सकिन्छ। यथाः

**बोका फेरीकन समयले घाउ सारा पुरिन्छन्**
**मौरी आई मधुपवनमा सुन्तलामा धुरिन्छन्**
**कस्तुरीले गिरिवन घुमी खोज्छ आफ्नै सुगन्ध**
**हुन्नन् कैल्यै कुसुमवनमा प्रीतिका गीत बन्द**

## २.७ लयात्मक साङ्गीतिक योजना मिलाउनु

माधव घिमिरे छन्दवादी स्रष्टा हुन्। उनको कवित्व नै छन्दवादी संस्कारमा निर्माण भएको र हुर्किएको पाइन्छ। उनले वार्णिक र वर्णमात्रिक छन्दमा प्रशस्त रचनाहरूको निर्माण गरेका छन्। उनले मुक्त छन्दमा रचना गरेको उदाहरण पाइएको छैन। अर्कातर्फ मात्रिक छन्दलाई प्रयोगमा ल्याउन खोजे पनि त्यसमा पनि वाञ्छित सफलता प्राप्त गर्न नसकेको बुझिन्छ। सम्भवतः घिमिरेको रुचि मात्रिक छन्दमा थिएन पनि। उनको रुचि र पकड भएको छन्द वार्णिक र वर्णमात्रिक नै हुन् भन्ने कुरा उनले यी छन्दमा प्राप्त गरेको उपलब्धिले स्पष्ट पारेको छ। यस हिसाबले 'वैशाख' कवितामाथि दृष्टि दिँदा घिमिरे वर्णमात्रिक छन्दका सफल प्रयोक्ता हुन् भन्ने कुराको पुष्टि हुन्छ। यही कविता मात्रैले पनि यस तथ्यलाई उजागर गरेको छ। यस कवितामा पूर्वीय परम्पराको वर्णमात्रिक अन्तर्गतको मन्दाक्रान्ता छन्दको प्रयोग भएको छ। यस कविताको शब्दशय्याभित्र सुकोमल सङ्गीत र भावविम्बको परिष्कृत सन्तुलनलाई कविले कायम राखेका छन्। भावविम्बहरूलाई राम्ररी वहन गर्ने अन्त्यानुप्रासयुक्त शब्द, शब्दावलीहरूको सुन्दर आयोजना भएकाले उक्त कविता लयात्मकताका दृष्टिले पनि विशिष्ट प्राप्ति बन्न पुगेको देखिन्छ।

## ३. निष्कर्ष

माधव घिमिरेको 'वैशाख' कविता उनको काव्ययात्राको पूर्वार्ध चरणको उपज हो। यसमा समयचक्रमा आउने प्रकृति विशेष वसन्त (ऋतु) लाई मूल विषयवस्तुका रूपमा उभ्याइएको छ। शीर्षक (वैशाख) पनि यही कुरालाई प्रतिविम्बित गर्ने गरी राखिएको छ। कविको मूल उद्देश्यचाहिँ वैशाख (प्रकृति)

लाई सतही रूपमा नहेरी त्यसका माध्यमबाट जीवन जगत्का विविध कोण प्रतिकोणहरूलाई ध्वन्यात्मक रूपमा अभिव्यञ्जित गर्नु रहेको देखिन्छ। खास रूपमा भन्दा कविले यसमा जीवनवादी चिन्तन, जीवन, जगत्को नैरन्तर्य स्थिति, प्राकृतिक सौन्दर्य, राष्ट्रप्रेम, कर्मवादी सोचजस्ता कुराहरूलाई समग्र रूपमा वैशाखरूपी प्राकृतिक ऐनाभित्र अभिव्यञ्जित गराएका छन् । यस कार्यमा कवि घिमिरे धेरै सफल पनि छन् । यहाँ कवि घिमिरेले आफ्नो स्वच्छन्दतावादी काव्य मान्यतालाई प्राकृतिक सौन्दर्यको चित्रण तथा काल्पनिक भावविम्बको प्रस्तुतिका माध्यमबाट अवलम्बन गरेको देखिन्छ। साथै जीवन मूल्यसँग जोडिएको विचारलाई कालिगडीयुक्त शैली शिल्पभित्र अभिव्यक्त गरिएको पाइन्छ। यो कविताको अत्यन्त आकर्षक पक्ष हो। त्यसैले 'वैशाख' कविता विषयवस्तु लगायत भाव/अर्थ, लय, विम्ब आदि विविध कोणबाट नेपाली छन्दवादी कविता क्षेत्रको एक विशिष्ट प्राप्ति बन्न पुगेको देखिन्छ। यसर्थ वैशाख कविता पूर्वीय छन्दवादी धारमा टेकेरै विशिष्ट पहिचानका साथ उभिएको उच्चस्तरको कविता हो भन्ने तथ्य स्पष्ट हुन्छ।

## सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद (२०४०), **विचार र व्याख्या**, *काठः साझा प्रकाशन ।*

गौतम, लक्ष्मणप्रसाद (२०५६), "माधव घिमिरेको 'वैशाख' कवितामा लोक जीवनको अभिव्यक्ति" **उन्नयन**, *अङ्क ३४, पृ. ३०-३५*

त्रिपाठी, वासुदेव र अरू, सम्पा. (२०४८), **नेपाली कविता भाग २**, *काठः साझा प्रकाशन ।*

पोखरेल, भानुभक्त (२०५९), **कवि घिमिरेको रचना योग**, *काठः साझा प्रकाशन ।*

शर्मा, बिन्दु (२०६२), **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे**, *काठः अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।*


*(............निवासी लेखक नेपाली साहित्यिक क्षेत्रमा विशिष्ट रूपमा चिनिन्छन् ।)*

# माधव घिमिरेको अमेरिकामा अभिनन्दन

**चर्को घाम थिए असार महिना डी.सी. बलेको थियो**
**गौरीका घिमिरे र माधव दुवै आएर छाँया दियो**
**बीसौँ वर्ष पुगे तथापि अहिले सम्झन्छु आजै थियो**
**हाम्रो त्यो अभिनन्दनै जगत्मा साझा भएको थियो।**



होमनाथ सुवेदी

राष्ट्रकवि माधव घिमिरे आज छैनन् तर पनि स्रष्टा माधव घिमिरे विश्वकवि बनेर हामी विश्वभरका नेपालीका हृदय-हृदयमा अमर छन्। हामीले बेलैमा अभिनन्दन गरेछौँ– यो माथिको उद्गार राष्ट्रकवि माधव घिमिरेको लागि यो पङ्क्तिकारको हार्दिक श्रद्धाञ्जली पनि हो।

मृत्युभीतिले नै मान्छेलाई क्षणक्षणको उपयोगिता सिकाउँछ र सिर्जनशील र नैतिकवान् बन्न उत्प्रेरित गर्दछ। डरले त सत्तरी लागेपछि नै मुन्टो उठाउन थाल्छ तर पनि मान्छेको आयु शतवर्ष भनिएकोले त्यो आयुको चुचुरो छुनु जीवनको सगरमाथामा चढेर झन्डा गाड्नुजस्तै हो। माधव घिमिरेले त्यहाँ चढेर विजयपताकामात्र फहराएनन् अपितु एक सय एकमा चढी आकाशगङ्गामा नै सजीव पौडिएर स्वर्ग चढेजस्तै गरी स्वर्गारोहण गरे। यो महाप्रस्थान राष्ट्रकविको विजययात्रा नै जस्तो देखियो। सुरुमा उनले 'मधुश्री' नाम राखेर कविता लेख्थे, पछि माधव घिमिरे लेख्नुमा नै स्वाभिमान पाए। उनको पहिलो कविता १४ वर्षको उमेरमा 'ज्ञानपुष्प' शीर्षकको कविता **गोरखापत्र**मा छापिइसकको थियो। उनले २० भन्दा बढी पुस्तक लेखे, अन्तिम **ऋतम्भरा** महाकाव्यको अन्तिम सर्ग

पूरा हुन शेष छ। अरू सबै पूरा गरेका छन्। उनले कविता, गीत र काव्यमा मात्र हैन जीवनमा स्वस्थ रहनु र एकेडेमीको कुलपति हुँदै विविध पुरस्कार सम्मान र अभिनन्दनमाथि विजयपताका फहराएर उनको यान आकाशियो। यो स्मरणीय पक्ष हो।

उनका मातापिता गौरीशङ्कर र द्रौपदीदेवी घिमिरे थिए। उनी तीन वर्षको उमेरमा नै आमा बितेकाले टुहुरा भएका थिए। टुहुराको भाग्य पछिल्तिर हुन्छ भनेजस्तै यो कुरालाई चरितार्थ बनाए तर पक्कै पनि उनको प्रतिभा र साधनाविना यो विजय सम्भव भएन। उनी वि.सं. १९७६ असोज ७ मा पुस्तुन, लमजुङमा जन्मेर भाद्र २, २०७७ को दिन काठामाडौं घरमा नै स्वर्गे भए। सर्वदर्शनमा शास्त्रीको अध्ययन मात्र प्रमाणपत्र भए पनि उनले स्वाध्ययनलाई फराकिलो बनाउँदै गएकाले र जीवन र प्रकृतिसित उनको तादात्म्य तथा गीति लय र छन्दमा भएको उनको दखलले उनलाई महामहोपाध्यायहरूले पनि अध्ययन गर्नुपर्ने शिक्षकको स्थानमा आफूलाई उभ्याउन सफल भएर गए। उनी गए पनि उनका काव्यले उनलाई अमर राखेका छन्। उनको **गौरी** बहुचर्चित शोककाव्य हो। म **गौरी**लाई सम्झन्छु, बितेर गएका माधव घिमिरेलाई सम्झन्छु र आफ्नो घरभित्र आजकल मैले आफैं उनको यो कविता गुन्गुनाएको सुन्छु :

**मेरी लक्षणकी जहान घरमा बल्दैन बत्ती अब**
**बत्तीनेर मुहार चारु हँसिलो पर्दैन देखा अब**
**सन्तोषी मुखमा सुखी हृदयको देखिन्न माया पनि**
**भित्तातर्फ कपालको गुजमुजे पर्दैन छाया पनि।** *(गौरी)*

यी हृदयविदारक कविताले लोकजीवनमा अधिकार जमाएका छन्। यो उनको ठूलो प्राप्ति हो कविको अर्थमा।

**अनेसासको इतिहास** प्रथम संस्करणको पृष्ठ १११ अनुसार तत्कालीन अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका अध्यक्ष वसन्त श्रेष्ठको अध्यक्षतामा

भएको कार्य समितिले जुन ६, २००० को दिन नर्दर्न भर्जिनिया कम्युनिटी कलेज, भर्जिनियामा राष्ट्रकवि माधव घिमिरेको अभिनन्दन गरेको थियो। त्यो अभिनन्दन समारोह अन्तर्राष्ट्रिय तहमा रहेका नेपालीहरूको सामुहिक नेतृत्वमा घिमिरेको अभिनन्दन भएको थियो। त्यो अभिनन्दन समारोहमा जापानबाट प्रतिनिधित्व गर्ने त्यहाँको एन्सीजेका अध्यक्ष खेम भट्टचन नै अनेसासका उपाध्यक्ष थिए र जापानबाट सहभागिता जनाए। त्यस्तै युकेबाट पुष्प श्रेष्ठले अनेसासको प्रतिनिधित्व गरेर यो अभिनन्दन समारोहमा बेलायतको सहभागिता भएको थियो। त्यस्तै अष्ट्रेलियाबाट पनि अनेसासका तत्कालीन प्रतिनिधि भएकाले गोपालप्रसाद रेग्मीले यो अभिनन्दन समारोहमा सहभागिता जनाएका थिए। त्यस्तै नेपालबाट स्व. शिवप्रसाद सत्याल, जापानबाट स्व.रवि तुलाचन, क्यानडाबाट डा. लक्ष्मण त्रिपाठीले अनेसासका केन्द्रीय कार्य समितिमा रहेर यो समारोहमा आआफ्नो अभिमत राखेर सहमति जनाएका थिए। त्यो बेला जुम थिएन जे सम्भव थियो त्यही साधन प्रयोग गरियो। राष्ट्रकवि माधव घिमिरेको यो अभिनन्दन समारोह वासिङ्गटन डी.सी.का हामीले मात्र गरेको नभएर यो अभिनन्दनमा विभिन्न राष्ट्रका नेपालीको सहभागिता भएको कार्यसमितिले गरेको हो। त्यसमा ती प्रतिनिधि राष्ट्रका नेपालीको पनि अभिमत भएकोले उनीहरूको पनि सहभागिता भएको मानेर हामीले यो अभिनन्दन समारोहको श्रेय ती प्रतिनिधिका राष्ट्रबाट पनि अभिनन्दन भएको श्रेय दिनुपर्दछ। यो अभिनन्दन हामीले गरेका हौं। भर्जिनियाका हामीले गरेको मात्र नभएर यो अन्तर्राष्ट्रिय नेपाली साहित्यसमाजका विभिन्न प्रतिनिधिहरूको संस्था र सहभागितामा भएकोले यो विश्वका नेपालीको प्रतिनिधित्व भएको अनेसासले गरेको स्व.राष्ट्रकवि माधव घिमिरेको अभिनन्दन समारोह थियो र हो यो अभिनन्दन अमेरिका, जापान, बेलायत र अष्ट्रेलियाका नेपालीले पनि गरेको हो संयुक्तरूपमा। छोटो समयमा सानो भेलामा पनि व्यापक दायित्वसाथ यो गहन अभिनन्दन भएको थियो। यो अभिनन्दन समारोहको बेला अनेसास केन्द्रका महासचिव नेपाली फिल्मी दुनियाका सफल नायक सरोज खनाल नै थिए। यसले कलाको क्षेत्रको पनि प्रतिनिधित्व भएको थियो। महिलामा डा.कल्पना

सत्याल अनेसासकी सचिव पदमा थिइन् भने युवाबाट आनन्द रेग्मी कोषाध्यक्ष थिए। सबै क्षेत्रका प्रतिनिधिले दिलोज्यानले काम गरेका थिए। अनेसासका बिओटी कोचेयर भीमप्रसाद रेग्मी तथा तत्कालीन अनेसास केन्द्रका प्रशाशकीय अधिकृत पुरुषोत्तम सुवेदीलगायतका व्यक्तिहरूको सक्रिय सहभागिता रहेको थियो। स्वयं म अनेसास बिओटीको चेयर र अनेसासको साहित्यिक त्रैमासिक पत्रिका **अन्तर्दृष्टि**को प्रधान सम्पादक थिएँ र अतिथि सम्पादक नियात्राकार जय छाङ्छा थिए। सह सम्पादकमा दामोदर घताने थिए र सम्पादकहरूमा कल्पना सुवेदी, आनन्द रेग्मी, सीता रेग्मी, पुरु सुवेदी थिए। राष्ट्रकवि माधव घिमिरेको यो अभिनन्दन समारोह आयोजना गरेर सफल बनाएकोमा माथिका सबै सहभागी र अनेसासका सदस्य तथा शुभचिन्तकहरूले गौरव गर्ने अधिकार राख्दछन्। उनीहरूको अदम्य उत्साहले राष्ट्रकविको अभिनन्दनमा भव्यता र नव्यताका लागि इँटा थपेको थियो। त्यो आज सम्झना आउँछ मलाई। ती विभिन्न राष्ट्रका सहभागीहरूको साथले गरिएको राष्ट्रकवि माधव घिमिरेको त्यो अभिनन्दन समारोहलाई गौरवसाथ स्मरण गर्दछौं। त्यो बेला छोटो समय र सीमित स्रोत र साधनको बीचमा पनि तत्कालीन अनेसासका अध्यक्ष वसन्त श्रेष्ठको कुशल नेतृत्व र दृढसङ्कल्पले गर्दा त्यो अभिनन्दन समारोह सफल बनाएका थियौँ र आज हामीले गौरवसाथ भन्न सक्छौँ अनेसासबाट अन्तर्राष्ट्रियस्तरमा नै २० वर्ष अगाडि नै राष्ट्रकवि माधव घिमिरेको अभिनन्दन गरेका थियौँ। त्यो अभिनन्दन समारोहमा अमेरिकाका लागि नेपालका महामहिम राजदूत दामोदर गौतमको उपस्थिति थियो। तत्कालीन अनेसास केन्द्रका सलाहकार डा. श्याम कार्की (एएन्एका अध्यक्ष), डा. प्रह्लाद पन्त (एन्एसीका संस्थापक अध्यक्ष), दिव्या हाडा (न्युयोर्क), डा.जगदीश्वर देवकोटा(मिजौरी), डा.महेश मास्के (क्यानडा), किरण ढुङ्गाना (अनेसासका पूर्व अध्यक्ष, क्यानडा) जस्ता अमेरिकाभित्र र बाहिरका लब्धप्रतिष्ठित व्यक्तित्वको सहयोग र समर्थनमा अभिनन्दनले सफलता पाएको कुरा बिर्सनुहुँदैन। त्यो समारोहलाई सफल बनाउन अमेरिका भ्रमणमा आउनुभएका राष्ट्रकवि माधव घिमिरेलाई न्युयोर्कमा भएकी उनकी छोरी ज्योतिको

घरबाट समारोहका ल्याइपुऱ्याउन न्युजर्सीबाट अनन्तगोपाल रिसाल र न्युयोर्कबाट बद्री पौडेलले उत्साहपूर्ण सहयोग रहेको कुरा बिर्सन सक्दैनौँ। कविकी छोरी ज्योति जो पछि अनेसास न्युयोर्क च्याप्टरकी अध्यक्ष पनि भइन् उनको प्रत्यक्ष वा अप्रत्यक्ष सहयोगको लागि हामी आभार अहिले पनि व्यक्त गर्दछौँ। वास्तवमा एक सफल गीतकार माधव घिमिरेकी सफल गीति विधाकी प्रतिनिधि सन्तान पनि हुन् ज्योति पौडेल, जसको हार्दिक सहयोगले आयोजकलाई अत्यन्त सुविधा पुऱ्याएको थियो। आज राष्ट्रकवि स्व.माधव घिमिरे गए पनि हाम्राअगाडि उनलाई अभिनन्दन गरिएको त्यो क्षण ताजै छ। उनको पार्थीव शरीर गए पनि उनका कृतिमा अजर अमर छन्। उनको दर्शन हो– ***वासांसि जीर्णानी यथा विहाय, नवानि गृह्णाति नरोऽपराणि, तथा शरीराणि विहाय जीर्णा, न्यन्यानि संयाति नवानि देही ॥२.२२॥*** तदनुसार पनि उनको आत्मा निर्विकार छ।

उनको आत्मा हाम्रो बीचमा नै छ। हामी उनका **गौरी**जस्ता काव्यका साथ साथमा छौँ। उनको उही २० वर्षअगाडि भर्जिनियामा देखेको अनुहार आज पनि ताजा छ। घिमिरेमा गौरी उत्रिएकी थिइन्। आज **गौरी**मा घिमिरे उत्रिएर हामीमा छाएका छन्।

**धर्ती यो हरियो थियो सगरका तारा उज्याला थिए**
**मेरै प्रीति सुहाई कान्तिपुरमा संभाल अग्ला थिए**
**छाया आज पर् यो छिप्यो छवि कहाँ के देख्नु मैले पऱ्यो**
**आँसुमा अब चिप्लियो कलम यो के लेख्नु मैले पऱ्यो।** *(गौरी)*

शान्ति र कान्तिलाई हुर्काएर गहभरि आँसु लिई गौरीलाई हुर्काएर भवसागर पार गरी गौरीको सामु उपस्थित हुन पुगेका छन् कवि। ती कविका लयमा हामी बाँचेका छौँ। **गौरी**का छन्दमा कवि अमर छन्। **गौरी** कृतिमा गौरी अमर छिन् कवि घिमिरे त्यसमा अमर छन् हामी तिनमा मन्त्रमुग्ध छौँ। सामाजिक सम्बन्ध र साहित्यिक सम्बन्धले उनको रूप गए पनि सार हामीमा भाइब्रेट छ। यसको

जति दायरा फराकिलो भयो उति मानिसको अमरताको दायरा पनि फराकिलो हुन जान्छ ।

अनेसासले राष्ट्रकवि माधव घिमिरेको नाममा एउटा अन्तर्राष्ट्रिय काव्य पुरस्कारको स्थापना गर्ने निर्णय गरेर प्रशंसनीय काम गरेको छ। अनेसास बिओटीको अगस्त १९, २०२० मा बसेको कार्यसमितिको बैठकको निर्णयअनुसार यो प्रतिदुई वर्षको काव्यविधामा उत्कृष्ट पुस्तकका लेखकलाई प्रदान गरिनेछ र पहिलो पुरस्कार वि.सं. २०२१ को महाकवि देवकोटा जयन्तीको दिन प्रदान गरिने कुराको घोषणा भएको छ । यो पुरस्कार मूल्याङ्कनका आधार र नियमहरूको मस्यौदाको लागि बोर्डले पुरस्कार समितिलाई जिम्मा दिइसकेको हुँदा वैध र विश्वसनीय मूल्याङ्कन गरी दिइएको पुरस्कारले राष्ट्रकविको आत्मालाई शान्ति मिल्नेछ। यो पुरस्कार राष्ट्रकविको स्मृतिमा अहिले यो सबभन्दा ठूलो योगदान हुनेछ र अभिनन्दनको सबै अधुरा कामको यसले पूरा गर्नेछ ।

अनेसासले सन् २००० को अभिनन्दन गर्दा जुमको चलन थिएन तर जस्तो संवादको सम्भावना थियो त्यो अनुसारको सहभागिता रहेको थियो। नायक प्रशन्न थिए र सहभागीले कार्यक्रम सफल भएकोमा प्रशन्नता व्यक्त गरेका थिए। त्यो प्रशन्नताका नायक आज छैनन् तर उनको देन नेपाली दुनियामा जिउँदो छ। अनेसासको त्यो अभिनन्दन समारोहका केही प्रतिनिधि सहभागीसहितका दुईवटा तस्वीर पनि भीमप्रसाद रेग्मीसँग भेटिए, ती यहाँ संस्मरणको लागि प्रस्तुत छन् । अन्त्यमा, अनेसासले गरेको राष्ट्रकवि माधव घिमिरेको अभिनन्दनको स्मरण गर्दै भीमप्रसाद रेग्मीलगायत सबै सहयोगी महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

*(भर्जिनिया, अमेरिका निवासी लेखक अनेसासका संस्थापक अध्यक्ष तथा अनेसास बिओटीका निवर्तमान अध्यक्ष हुन् ।)*

# घिमिरेका गद्यकृति र साहित्यचिन्तन



ज्ञानु अधिकारी

राष्ट्रकवि माधव घिमिरे नेपाली साहित्यका विशिष्ट स्रष्टा मात्र नभई आम पाठकले रुचाएका लोकप्रिय कवि हुन् । यस धर्तीमा एक शताब्दी आयु बाँचेर हालसालै दिवङ्गत भएका उनी आफ्नो दीर्घजीवनको अन्तिम दिनहरूमा पनि साहित्य लेखनमा नै सक्रिय रहे । नेपाली काव्यसाहित्य र गीतसङ्गीतका क्षेत्रमा उनले जुन उचाइ प्राप्त गरे त्यो नै उनको साहित्यको सामर्थ्य थियो । साहित्यमा घिमिरेका व्यक्तित्वका विविध आयामहरू छन् । कवि, खण्डकाव्यकार, गीतकार, गीतिनाटककार, बालसाहित्यकारजस्ता व्यक्तित्व उनको साहित्यिक व्यक्तित्व हुन् र यी व्यक्तित्वसँग आम नेपाली पाठक सुपरिचित छन् । यस बाहेक पनि उनको एउटा साहित्यिक व्यक्तित्व छ, जोसँग नेपाली साहित्यका कमै मात्र पाठक जानकार छन् । उनको अर्को साहित्यिक व्यक्तित्व निबन्धकार तथा प्रबन्धकार व्यक्तित्व हो । गद्यमा भन्दा पद्यमा लेख्न मन पराउने उनले साहित्य वा काव्यलाई स्वतःस्फूर्त आत्मप्रकाशनका रूपमा लिन्छन् र योजना बनाएर जे लेखिन्छ त्यो त कागजको फूल बन्दछ भन्ने धारणा राख्दछन् ।

'हृदयको परिवर्तन हृदयभित्रबाटै हुन्छ, हाम्रा भावनाहरूको परिष्कार साहित्यबाट मात्र सम्भव छ' भन्ने विचार व्यक्त गर्ने घिमिरेले गीत, कविता, खण्डकाव्य, गीतीनाटकका गरी झण्डै दुई दर्जन कृति पद्यमा नै लेखेका छन् भने

**आफ्नो बाँसुरी आफ्नै गीत** (२०३०) र **चारु चर्चा** (२०५८) दुई कृति गद्य विधाका कृति हुन् । यी दुई कृतिमध्ये पनि साहित्यसम्बन्धी दृष्टिकोण र विचारहरूका दृष्टिले **चारु चर्चा** बढी महत्त्वपूर्ण देखिन्छ । यस कृतिमा उनले विभिन्न समयमा र विभिन्न सन्दर्भहरूमा साहित्य र यसका मूल्यका बारेमा अभिव्यक्त गरेका विचार र धारणाहरूलाई समेटिएको छ । २००१ सालमा बनारसबाट शास्त्री पढेर आएपछि जागिरे जीवन सुरु गरेका र साहित्यमा क्रियाशील रहेका उनले भाषानुवाद परिषद, गोरखापत्र, नेपालभारत मैत्री संघ, नेपाली शिक्षा परिषद, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानजस्ता प्राज्ञिक संस्थामा रहेर काम गरे । यसरी काम गर्दाका ज्ञान र अनुभव, आफ्ना सृजनाहरूबाट प्राप्त अनुभूति तथा साहित्यसम्बन्धी आफ्ना मौलिक दृष्टिकोणहरू नै यस कृतिमा व्यक्त भएका छन् । साहित्य चिन्तनका दृष्टिले पठनीय बनेको यो कृति उनको जीवनदर्शन र साहित्यप्रतिको निष्ठासँग परिचित गराउने कृति हो ।

साहित्य र यसका विभिन्न विधा, पक्ष र प्रवृत्तिहरूका बारेमा घिमिरेले यस कृतिमा आफ्ना मौलिक विचारहरू व्यक्त गरेका छन् । ती विचार र धारणाहरू साहित्यसम्बन्धी जिज्ञासा राख्ने पाठकका लागि महत्त्वपूर्ण देखिन्छ । **चारुचर्चा**मा व्यक्त भएका उनका काव्य चिन्तनसम्बन्धी विचारहरू सबैलाई यस लेखमा चर्चा गर्न सम्भव नहुने भएकाले उनका केही महत्त्वपूर्ण अभिव्यक्तिलाई उद्धृत गर्नु सान्दर्भिक देखिन्छ :

काव्यमय सत्य जति उद्घाटित गऱ्यो त्यति उद्घाटित गर्न शेष रहन्छ । एउटा कविले भन्नुपर्ने जति भनिसक्यो जस्तो लाग्दालाग्दै पनि यहाँ अर्को कविका निम्ति भन्नुपर्ने त्यति नै नवीनतम सत्य शेष रहन्छ । (पृ.७)

साहित्यको प्रमुख उद्देश्य स्वत्वको अभिव्यक्ति हो । यस्तो स्वत्वको अभिव्यक्ति व्यक्ति, समाज र राष्ट्रको तीनै स्तरमा हुन्छ र तिनका रूपरङ्ग, आनीबानी, चिन्तन र चरित्रमा हुन्छ । (पृ.२२०)

पूर्वीय सङ्गीत, कला र कविताको प्राप्ति अध्यात्म हो, हामीभित्रकै उन्मुक्त आकाश हो। हामी यही जीवनको रसात्मक अनुभूतिबाट नै प्रतिपल त्यो उन्मुक्त अवस्थामा पुग्न सक्छौँ र आखिरमा यिनै रञ्जनाबाट निरञ्जनमा, यिनै रवबाट नीरवमा र यिनै संवेदनाबाट अमृतमा पुग्न सक्छौँ। (पृ.२९६)

कविता कविको आफ्नो अभिव्यक्ति हो, ऊ व्यक्तिबाट प्रारम्भ हुन्छ र व्यक्तित्वलाई पार गरिसकेपछि मात्र कवि बन्छ। (पृ.११२)

कुनै भाव यति सुन्दर हुन्छन् कि भावान्तर सोच्नै मन लाग्दैन, त्यसैलाई बारम्बार गाएर हृदयङ्गम गर्न मन लाग्छ। एउटै आनन्दलाई पलपल नौलो रूपमा प्रकट गर्ने कला नै गीत हो। (पृ.१९)

म आफ्नो भाषाको जीवन्तपन लोकगीत र लोकसूक्तिमै पाउँछु। मेरा गीतमा मैले लोकबोलीलाई नै प्रथम स्थान दिएको छु। (पृ.१४६)

कुनै पनि तत्त्वचिन्तन अन्तिम सत्य हुन्न। त्यो अन्तिम भए पनि त्यसलाई बारम्बार नवीन बनाउने कार्य कलाले नै गर्छ। मस्तिष्कका चिन्तनलाई कलाले नै हृदयको वस्तु बनाउँछ। (पृ.२०४)

आधुनिकता भन्नु युगबोध हो। आधुनिक कालमा लेख्दैमा साहित्य आधुनिक बन्दैन। आदर्शराघव महाकाव्य र 'प्रह्लाद' नाटक एकै समयमा लेखिए। दुबैको पृष्ठभूमि पौराणिक छ। तर 'प्रह्लाद' नाटक प्राचीन मूल्यको स्थानमा नवीन मूल्य स्थापित गर्छ र आधुनिक बन्छ। (पृ.२०)

जुन भाषामा बालगीत रच्न सकिन्न, त्यो भाषा यान्त्रिक भाषा बन्छ। त्यसमा दिलको तन्त्री बज्न सक्दैन। शिशुलाई सुनाउने लोरीमा आमाको हृदयको सङ्गीत र आत्माको ऊष्मा हुन्छ। (पृ.२१६)

कवि रहस्यका समाधान गर्दैन, अनुभूति गर्छ। विज्ञान चन्द्रमाको रहस्य समाप्त गरेर विजयी बनेर फर्कन्छ तर चन्द्रमाको मुस्कान अझै पनि उत्तिकै

आकर्षक छ र त्यसले हाम्रो मन प्राणलाई रोमाञ्चित पारिरहन्छ।...रहस्यको अनुभूति गरेर कहिल्यै सकिन्न। जुन दिन रहस्य सकिन्छ, त्यो दिन जीवनको सरसता पनि सकिन्छ। (पृ.६९)

माथि उद्धृत गरिएका विचारहरू त केही उदाहरण मात्र हुन्। प्रस्तुत कृतिभित्रका निबन्धमा उनका यस्ता अनेकौँ सारगर्भित विचार र धारणाहरू समेटिएका छन् र यसले उनको द्रष्टा र चिन्तनशील व्यक्तित्वलाई परिचित गराउँछ। उनले यस कृतिमा गीत, सङ्गीत, लोकसाहित्य, बालसाहित्य, दर्शन र साहित्यका अन्य धेरै पक्षहरूका बारेमा गहन विचार प्रस्तुत गरेका छन्। उनले प्रस्तुत गरेका विचारहरू आफ्ना अनुभव र अनुभूतिमा आधारित छन् र ती अनुभूतिप्रधान देखिन्छन्। पूर्वीय अध्यात्म र काव्यचिन्तनबाट अनुप्राणित उनका दृष्टिकोणहरू अधिक देखिए पनि पाश्चात्य साहित्य चिन्तनको सन्दर्भलाई पनि उनले यस कृतिमा जोडेका छन्। समग्रमा राष्ट्रकवि माधव घिमिरेका जीवनदर्शन, काव्यमान्यता, सृजनअनुभव र द्रष्टा व्यक्तित्वबारे उत्सुक पाठकहरूका लागि प्रस्तुत कृति निकै पठनीय देखिन्छ।

( प्रस्तुत लेख **कविवर माधव घिमिरे अभिनन्दन ग्रन्थ २०६०** मा प्रकाशित डा. हेमाङ्गराज अधिकारीको 'स्रष्टा घिमिरे नेपाली काव्यशास्त्रका द्रष्टाका रूपमा' शीर्षकको लेखलाई सन्दर्भ बनाएर लेखिएको हो )

*shabdaga@gmail.com*
*कीर्तिपुर, काठमाडौँ।*

*(काठमाडौं, नेपाल निवासी लेखक त्रि.वि.वि. मा प्राध्यापन पेसामा हुनुका साथै नेपाली साहित्यिक क्षेत्रका समालोचकका रूपमा चिनिन्छिन्।)*



# राष्ट्रकवि माधव घिमिरे विशेषाङ्क

## कविता/गीत/ गजल खण्ड

# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका
सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ,
दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा
सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका
साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै
अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई
चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन
सम्पूर्ण मानवसमुदायलाई सफलता
प्राप्त होस् भनी हार्दिक शुभकामना
व्यक्त गर्दछु ।



**डा. उषा शर्मा**
**पूर्व अध्यक्ष**
**अनेसास बोष्टन च्याप्टर**

# हाम्रा प्यारा राष्ट्रकवि



**अरूणबहादुर खत्री “नदी” नेपाल**

हाम्रा प्यारा राष्ट्रकवि
गर्छौं मङ्गल कामना
तिमी शाश्वत भै बाँच
यही छ सबको चाहना ।

तिमीले गरेका सिर्जनाले
मनै छुन्छ कतिकति
अटल रहूँ यो धर्तीमा
बनी सधैं रवि शशी ।

गरायौ आफ्ना सिर्जनाले नै
उच्च शिर नेपालीको
तिम्रो यहाँ जन्म हुनु
सौभाग्य हो नेपालीको ।


तिमीलाई गुरु मान्दै
सम्झन्छु म सधैंसधैं
तिम्रो आशीर्वाद पाए
फुल्थ्यो होला जीवन अझैं ।


# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**महेश्वर पन्त**
सहसंयोजक
एनआरएनए
भाषा, साहित्य, संस्कृति तथा सम्पदा
संरक्षण समिति



# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका
सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ,
दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा
सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका
साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै
अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई
चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन
सम्पूर्ण मानवसमुदायलाई सफलता
प्राप्त होस् भनी हार्दिक शुभकामना
व्यक्त गर्दछु ।



**नीलकण्ठ सुवेदी**
सचिव
अनेसास वासिङ्गटन डिसी च्याप्टर

# हार्दिक श्रद्धाञ्जली

इन्दिरा दाहाल, *नेपाल*



नेपालीपन झल्कियो कलममा पोखी कला काव्यमा
जन्मायौ नवमञ्जरी सुरु भयो त्यो काव्य यात्रा यहाँ
सारा शब्दहरू थपाथप बसे आएर त्यो कण्ठमा
टिप्दै सुन्दर पुष्पहार बुनिए साहित्यको बागमा ।

रोयौ धर्धर शोकले अललियौ गौरी गुमायौ जब
जन्मायौ सबले सधैँ हृदयमा साँच्ने नयाँ मानव
तिम्री मात्र थिइन् उनी अमर छिन् हाम्री बनाई दियौ
लेख्यौ प्रेम अनन्तकाल जगमा बाँच्ने बनाई दियौ ।

भाषा, भेष र भक्तिले हृदयको ढोका नियाली दिँदा
जाग्यो चेतन दिव्यता प्रखर भै राजेश्वरीका कथा
छोप्यौ विम्ब र शिल्पले गहकिला सौन्दर्यका लेखनी
राख्यौ लक्ष्य चिनाउने जगतमा यो राष्ट्रको जीवनी ।

माटोको ममता अपार मनमा बोकेर बाँच्यौ तिमी
भोग्यौ वर्ष शतायु स्वस्थ्य तनले हाँसेर बाँच्यौ तिमी
जस्तो शिखर अग्लियो गगनमा चुम्ने इरादा लिँदै
उस्तै उच्च अठोटले शिर उचो बन्दै गयो दिन्दिनै ।

मान्छे पुग्छ अवस्य भोग सकिए धर्ती छोडी स्वर्गमा
गौरी खोज्न उतै गयौ प्रिय कवि त्यो स्वर्गको बागमा
छोड्यौ प्राण तथापि दिव्य रचना साथै रहे झल्झली
मेरो भाव छ कीर्तिशेष कविमा हार्दिक श्रद्धाञ्जली ।

Gmail- indudahal2038@gmail.com

# शब्द-श्रद्धाञ्जली

ऋषभदेव घिमिरे, *नेपाल*



लमजुङको पुस्तुन जन्म गाउँ
कविन्द्र हे ! माधव दिव्य नाउँ ।
सरस्वती साधक भै उदायौ
स्वच्छताको मुरली बजायौ ॥१॥

थ्यौ राष्ट्रका गौरव सिद्ध शिल्पी
छन् याद मीठा बहने बयेली ।
यो राष्ट्रले गर्दछ गान तिम्रो
के गर्न सक्थे र बखान तिम्रो ॥२॥

श्रृङ्गार भर्दै हिम टाकुराको
सद्ज्ञान छर्दै फूल आँकुराको ।
मर्स्याङ्दीको गीत सुनाई हिँड्थ्यौ
नबिर्सने प्रित बसाइ हिँड्थ्यौ ॥३॥

काव्यर्चनाका तिमी थ्यौ जुहार
देख्यौ हरिया सपना हजार ।
डाँफे नचाई तिमी काव्य लेख्थ्यौ
नेपाललाई तिमी स्वर्ग देख्थ्यौ ॥४॥

साहित्य आकाशभरि तिमी छौ
भाका र बोलीहरू भित्र नै छौ ।
ओजस्वी हे राष्ट्रिकवि कविन्द्र
भानुसरिका तिमी एक चन्द्र ॥५॥

दियौ मीठा काव्य सुधा तिमीले
छर्यौ नयाँ चेत प्रभा तिमीले ।
हे काव्यका माधव मुर्ति प्यारा
सम्झन्छु आलोक प्रताप सारा ॥६॥

शताब्दीका हौ तिमी काव्यकर्मी
साहित्य विपुल र शिल्पधर्मी ।
स्वच्छन्दधारा तिमीले सिकायौ
काव्यादीमा उज्ज्वल रश्मि ल्यायौ ॥७॥

सौगात लाग्छन् सब काव्य तिम्रा
सूक्तिसरि छन् मधु युक्त सूक्त ।
फोरेर ढुङ्गा रचना उमार्‍यौ
साहित्यले देश सधैँ सिँगार्‍यौ ॥८॥

साहित्यका हौ तिमी उच्च शैल
साहित्यले नित्य चुमोस् हिमाल ।
देख्दैछु गौरीभरि त्यो मुहार
गर्छु नमस्कार म बार-बार ॥९॥

साहित्यका मानक युग द्रष्टा
छन् ढुक्ढुकीमा उहीँ साक्षी स्रष्टा ।
शब्दाञ्जलीको फूल-पाती छर्छु
श्रद्धाञ्जली माधवमा म गर्छु ॥१०॥

*(प्रस्तुत कविता राष्ट्रकविको १३ औँ पुण्यतिथिमा वाचन गरिएको हो ।)*


# शुभकामना

**नयाँ वर्ष सन् २०२१ को**

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**गोवर्द्धन पूजा**
वरिष्ठ उपाध्यक्ष
अनेसास, केन्द्रीय कार्यसमिति




# वाङ्मयका ज्योति



**ऋषि बराल, *नेपाल***

उदाएथ्यौ यही माटोमा वाङ्मयको ज्योति
ज्ञान नै बाँड्यौ सबैलाई काव्यधारा पोखी।

तिम्रा लबज मीठो लाग्ने सधैँ कालजयी
सबै मनमा बस्यौ तिमी राष्ट्रकवि भई॥

अमोल नीधि तिम्रा गाउँछन् डाँफे मुनाल
स्मृतिमा तिमीसँगै हाँस्दछ सेतो हिमाल॥

त्यागी गयौ सबैथोक भरेर काव्य झोली
तिमी जस्तै अर्को तारा उदाउला कि कोही ?

खोज्दछन् होला वसन्तमा फूल मञ्जरीले
शीर नुहाइ बिदा गरेँ मनको अँजुलीले

बाल, बृद्ध, युवासँग मिल्ने तिम्रो लबज
स्वर्ग पुग्दा तिम्री गौरी बनुन् रक्षा कबज॥

सगरभरि आभाको तिमी नौलखा तारा
युगौँयुग तिम्रै कीर्ति गाउँछ जगत् सारा॥

# श्रद्धा-कुसुमाञ्जलि

**कोषराज न्यौपाने, *नेपाल***



नेपाली दिलका धरोहर तिमी साक्षात् ठूला काव्य हौ
वाणीपुत्र भएर चम्किरहने मूर्धन्य साहित्य हौ
तप् तप् स्वर्णकला भरेर चुहुने ती काव्यवाणी थिए
लामो जीवनका अनन्त सपना सत्कल्पना सिर्जिए ।१।

आफैं हौ उपजीव्य-काव्य-छहरा बग्ने सधैं कल्कल
नेपाली कविता बनेर सरिता बग्थे जहाँ छल्छल
लामो आयु जियौ दिई मुलुकमा सञ्जीवनी अल्पियौ
यी श्रद्धा कुसुमाञ्जलि प्रिय कवि प्रेमी बनी अर्पियौं ।२।

*२०७७ भदौ २ बेलुकी बौद्ध काठमाडौं ।*

# राष्ट्रकवि



**चित्रकला कोइराला, *नेपाल***

नगाऊ न्याउली विरह गाथा नेपाल रुनेछ
ओभाको छैन शोकले आँखा हृदय डुब्नेछ

सृजना शक्ति शिखर चुम्ने कलाको सागर
राष्ट्रका कवि सरल छवि ज्ञानको भण्डार

गौरीका लागि विरह सिन्धु आँशुले लेखेर
वेदना तिम्रो रसाए होला विछोड सम्झेर

हर्षले गौरी हाँसेकी छैनन् ती भित्री मनले
नेपाल भूमि टुहुरो भयो प्याराको गमनले

रचेर सृष्टि सौन्दर्य लेख्न पठायौ माधव
आयुको कृपा प्रसाद दियौ धन्य छ राघव

युगको छवि खिचेर राख्यौ भावको मसीले
कोमल मन, प्रकृति धन सजायौ कुचीले

आशीष दिनू एकता राख्न पुर्खाले आर्जेको
नेपाल हाम्रो सुन्दर शान्त अखण्ड बनेको ।

# शोक छैन

छत्रपति दाहाल, *अमेरिका*



***मन्दाक्रान्ता***

'गौरी' तिम्री अमर उहिल्यै भैसकेकी थिइन् ती
तिम्रो काव्यामृत स्रवित भै हो सँगै बौरिइन् ती
हे शब्दैका परमप्रतिभा ! शक्ति तिम्रो अपार
नेपालीका हृदयभरि छौ, प्यार कस्तो अपार !
॥१॥

हेलम्बुका बनतिर गइन् क्यार 'राजेश्वरी' ती
तिम्रै काव्यात्मक किरणले झल्किइन् झल्झली ती
'आमा' भन्ने कसरी दबिई 'पापिनी' त्यो सभामा
हाम्रो सामाजिक लहरमा तै थिए सत्यभामा
॥२॥

खेल्यौ गाई मधुर लयमा 'मालती-मंगले'मा
पृथ्वीनारायण चहकिए, 'राष्ट्रनिर्माण' केमा ?
तिम्रा मीठा सरस कविता 'किन्नरै-किन्नरी'मा
तिम्रा मीठा नवरस खुले ती 'नवै मञ्जरी'मा
॥३॥

आफ्नै तिम्रो मधुर मुरली, 'चारुचर्या' सुसेल्छन्
तिम्रा राम्रा मत हृदयका भाव सारा उकेल्छन्
लामो आयुष्य पनि कहिल्यै बोझ तिम्रो भएन
ऐयाशी भै सतत सुतुवा सोच तिम्रो भएन
॥४॥

तिम्रो स्रष्टाहृदय जहिल्यै सृष्टिका निम्ति जाग्यो
तिम्रो द्रष्टाहृदय युगकै दृष्टिका निम्ति जाग्यो
कल्प्यौ, लेख्यौ, जबतक रह्यो प्राण लेखीरहेथ्यौ
साँच्चै हो माधव ! हृदयमा साथ राखीरहेथ्यौ
॥५॥
पूरा तिम्रो ऋत भरिदिने काव्य भो जो तयार
खोली आए लिन अमर ती देवता मुक्तिद्वार
हाँसी हाँसी परमपदमा जो गयौ दुःख छैन
तिम्रो आत्मा अमर छ, सधैं छौ सँगै, शोक छैन
॥६॥

# गीत

जीविका अश्रु, सिक्किम, *भारत*



ढल्यो अग्लो धरहरा छाप छोड्दै समाजमा
फैलिआयो दुःखद खबर देशबाट प्रवासमा ।

गौरीसँगै हाम्रो मनमा बस्न सफल भयौ
सारा आफ्ना ज्ञान छोडी फेरि टाढा भयौ
बहुमुखी प्रतिभाको रुख ढल्यो त्यो धरामा
फैली आयो दुःखद खबर देशबाट प्रवासमा ।

हिमालवारि हिमालपारि तिमीलाई देख्छौँ
राजेश्वरी हेर्दै आफ्ना मनको तृष्णा मेट्छौँ ।
गुञ्जिएछन् तिम्रै काव्य खेत गरा पहाडमा
फैली आयो दुःखद खबर देशबाट प्रवासमा ।

थोरै भयो सय वर्ष स्वच्छन्दतावादीलाई
धोको रह्यो मेरो उनी बिते भेट गर्न नपाई
साहित्यका धरोहर सबका प्रिय समाजमा
फैली आयो दुःखद खबर देशबाट प्रवासमा ।

मनमै राखी मनले श्रद्धा अर्पण गरेकाछौँ
उनकै सारा कृतिभित्र प्राण भरेकाछौँ ।
श्रद्धाञ्जली धुन गुञ्जियो सारा आकाशमा
फैली आयो दुःखद खबर देशबाट प्रवासमा ।

# कविको जन्मस्थल

तीर्थराज अधिकारी, *अमेरिका*



पुस्तुन जाउँला जुनेली खाउँला लेखौँला कविता
बाहुन डाँडे ओराली झर्दा बोलाउ है सविता
त्यो पारि बन्को तिंदुको बोट फुल्यो कि फुलेन
गैरीमा अहिले मसिने धान झुल्यो कि झुलेन।

X

मर्स्याङ्दी नुहाउन आउलिन् खुदी ठूलएकादशीमा
डोलीको फूल तारदै होलान् उनेर रसीमा
पोखरा हुँदै मोटरको बाटो करापु झरेर
म आजै पुग्छु सिन्दुरे ढुङ्गा मिदिम तरेर ।

X

असारको मेलो सघाउन आउँला खुर्पेटो भिरेर
भिरको बाटो बनाउन आउँला पहाड चिरेर
बिजुली बत्ती बालन आउँला मर्स्याङ्दी थुनेर
म आउँला आफैं लम्जुङेहरू बोलेको सुनेर।

# माधव घिमिरे

दुर्गाबहादुर शाह 'बाबा', *नेपाल*



हिमालको छहारीमा
ऐतिहासिक जिल्ला लमजुङ
जन्म तिम्रो पुस्तुन गाउँ
लैनचौरस्थित निवास तिम्रो
धेरै पटक लिउँ लिउँ लाग्ने
माधव  तिम्रो नाउँ ।

नव मञ्जरी पहिलो कृति
शोककाव्य गौरीशङ्कर
गीतले त्यस्तै मन छुने
कवितामा धाराप्रवाह
सवैलाई  सद्भाव दिने
नमुना  तिम्रो बानी ।

हे माधव ! तिम्रो
उचाई के नाप्नु
जसको शिर  भेटिँदैन
अपूरो शब्दकोषबाट
गुनगान के गाइरहनु ?
बगैँचाका फल र फूलहरू
यसै नतमस्तक भएर
झुकिरहेका छन् भने
ती तिम्रा गला र पाँउमा
किन चढाइरहनु !

सगरमाथाका उचाईबाट बगिरहेका
पवित्र जलहरू तिम्रै लागि
समाहित छन् भने
तर्पण किन दिइरहनु !

साहित्य आकासमा तिमी
चन्द्र र सूर्य हौ
नेपाल आमाको
मन मन्दिरमा
सजिएको तिमी
प्रत्येक धून र पाइला पाइलाहरूमा
तिम्रै शब्दहरूले
प्राण भरिएका छन्
गुञ्जने छन् युगौँयुग  ।

नेपाल र नेपालीको
ढुकढुकीमा बस्न गयौ
राष्ट्रकवि तिमी
एक सय एकको दीर्घ जीवन
साहित्यमा नबिर्सने
छवि बनाई गयौ तिमी ।

# एउटा चिठी : कविवरलाई



**प्रह्लाद पोखरेल, *नेपाल***

भेट्यौ होला कवि अनि कलाकारको हूललाई
स्रष्टा भानुप्रभृति कविको मण्डली नै जगाई
गर्दै हौला अब त गतिलो स्वर्गमै काव्यगोष्ठी
जाऊ प्यारा कविवर ! उतै ध्यान देऊ समष्टि ॥१॥

तिम्रो खाँचो अनुज-जनले पूर्ण गर्लान् नगर्लान् !
तिम्रैजस्तो कलम र कला सामु पर्लान् नपर्लान् !
जे जे होला अवनि-तलमा छोड चिन्ता र चासो
तिम्रो माया तर वर रहोस् दूर पारी गुनासो ॥२॥

लेख्यौ शोकाकुल कवि हुँदा हुन्छ कस्तो रुवाइ !
गर्थ्यौ साँच्चै परिणत तिमी शक्तिमा शोकलाई
यस्ता स्रष्टा अमर पदवी शीर्ष गन्तव्य पुग्दा
हामी रुन्नौँ हृदयभरिका शब्दका पुष्प उन्दा ॥३॥

फाटे होलान् 'सम'सित घुमी लेखनाथीय भोटा
डुल्दै होलान् मदन र मुनासाथमा देवकोटा
तिम्रा प्यारा कमलमणिको साथ पाई रमाऊ
मख्खै पर्लान् कविजनहरू काव्य लेखी सुनाऊ ॥४॥

पायौ गौरी पनि प्रियतमा साथमा बस्नलाई
मेट्दै हौला सुरपुर पुगी आज लामो थकाई
हे दिव्यात्मा ! अमरपुरको लेख है काव्य एक
जागोस् हाम्रो पनि हृदयमा काव्य लेख्नेल विवेक ॥५॥

*२०७७ भदौ १४*

# माधवः एक प्रेम नक्षत्र

पुष्पा खनाल, *नेपाल*



फुटाई नवरस सिर्जना मूलमा, बनाई धन्य जग
छ्यौ कैल्यै नरित्तिने जुगजुग, प्रचूर प्रीति राग
दियौ गौरी एक अव्वल गरिमा, छ प्रीति रे सौष्ठव
चिनारी बलियो साहित्य जगमा, मूर्धन्य हे मानव !

निशान बलिया साहित्य जगका, अटल मौर्य वीर
साधना सकेर यो मर्त्यलोकको, प्रस्थान सौर्यतिर
चिम्ली चर्मचक्षु नखुल्ने गरेर, बेला निशान्त पारी
लाग्यौ माधव महाप्रस्थानतिर, फिर्ता नहुने गरी ।

फुल्नू त्यहाँ पनि वशन्त वागमै, ऋतु बनी प्रेमका
मिल्नेछ हे माधव स्वर्गलोकमा, गौरी सरी मेनका
दिनू मार्ग सकल प्रेम भरेर, हे प्रित शिखरिणी !
गर्नेछौं लोकमा काव्यिक साधना, बनी सदाको ऋणि ।

निशानी यिनको राखेर छातीमा, निहुरिन्छ जस्को शीर
त्यो जगत् पनि प्रेमकै लहरमा, फैलिन्छ नै आखिर
लिएर प्रेरणा नक्षत्र प्रेमको, गरेर सराहना
राखौंला मान हो, त्यो योगदानको, हे राष्ट्रका गहना !

# अमर स्मृति

**बाबुराम न्यौपाने 'उत्स', *नेपाल***



जसको कलमबाट प्रष्फुटित
मुटु र माटोको गाथा
जीवनको लयमा कुँदियो
गाउँ बैंसी- खौंच कन्दराका
सुमधुर भाका
काव्यधाराको कोमल प्रवाहमा
छङ्छङ् बगिरहे
नेपाली साहित्यका
एक उज्ज्वल नक्षेत्रप्रति
"अमर स्मृतिका दुईशब्द ।"

जीवनसाथीको "मृत्यु"मा
शोकाकूल मन एक्कासी कहालियो
आहत हृदय रसायो
प्रिया ! बिछोडको प्रसववेदनामा
जब
"गौरी" खण्डकाव्य जन्मियो
अक्षर अक्षरबाट
करुणाको सागर उर्लियो
हृदय चट्टान पग्लिएर
आँसुको छालमा
मोतीको पहाड बगेर आयो ।

जसको गीतका सुसेलीहरू
प्रेमको साक्षी बनेर
छहरा र पहराको धुनमा सुसाउँदै
राष्ट्रप्रेमको स्पन्दनमा
जागृतिको भाषा बोल्छन्
सिर्जनाको मुहानमा
प्रकृति र अखण्ड देश
धुकधुकी भएर चल्मलाउँछ ।

"राष्ट्रकवि"को चौघेराभन्दा
धेरैधेरै फराकिला
अमर कविप्रति
भावपूर्ण श्रद्धासुमन ।

# सम्झनामा राष्ट्रकवि

भगवती बस्नेत, *नेपाल*



**अनुष्टुप छन्द**

माधव घिमिरे प्राज्ञ नेपालका सुपुत्र हुन्
मीठा काव्यहरू लेख्ने राष्ट्रकवि प्रणम्य छन् ।
॥१॥
नेपाली मातृभाषामा भाव भरेर लेख्तछन्
निष्ठा उज्ज्वल पारेर रचनारम्य रच्तछन् ।
॥२॥
देशको दिव्यतालाई कवि अनन्य ठान्दछन्
दानी, ध्यानी, गुनी, ज्ञानी प्रज्ञाका प्रतिमूर्ति हुन ।
॥ ३॥
विभिन्न छन्दमा लेखी छन्दप्रवीण बन्दछन्
विद्याविनय सम्पन्न घिमिरे देशदीप हुन् ।
॥ ४॥
प्रतिष्ठा काव्यको राख्ने कवि माधव पूज्य छन्
प्रकृति प्रियतालाई कवि पावन मान्दछन् ।
॥५॥
गौरी हो शोकको काव्य पार्ने हृदय विह्वल
कविको सम्झना गर्दा बग्दछन् आँसुका भल ।
॥६॥
कविका कल्पनाबाट जन्मिए कृति दीपित
ऋतम्भरा महाकाव्य हुन्छ सदैव जीवित ।
॥ ७॥

तिम्रा कृतिहरू राख्छौं हामीहरू सुरक्षित
कविका गुण गाएर पाछौं जीवन पुष्पित ।
॥८॥
कवि अवनि छोडेर ऐले वैकुण्ठ बस्तछन्
नेपालको गरी माया कवि भावुक बन्दछन् ।
॥९॥
आशीर्वाद दिनू दिव्य भाव पारेर निर्मल
कविको प्रेरणाबाट हुन्छन् दिल समुज्वल ।
॥१०॥
कवि माधव हुन् हाम्रा विशुद्ध काव्यदर्पण
घिमिरे कविमा गर्छु श्रद्धासद्भाव अर्पण ।
॥११॥


# शुभकामना

नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।



**सुशिल नेपाल**
संरक्षक
राज-मित्र प्रज्ञा पतिष्ठान, अमेरिका

# राष्ट्रकवि: श्रद्धासुमन



भावना न्यौपाने भवानी, *नेपाल*

पवित्र भावना राख्ने हुन् माधव सुधी कवि ।
प्रज्ञावर्षा गरी पूज्य बने सत्काव्यका रवि ॥ १॥

राष्ट्रकवि महात्मा हुन् पूज्य साहित्यसागर ।
विवेक बुद्धिले लेख्थे कविता सुमनोहर ॥२॥

नेपाल जननीलाई कवि गर्थे समादर ।
नेपाली मातृभाषाको पूजा गर्थे सधैँभर ॥ ३॥

नेपाली प्रतिभालाई मान्थे अनन्य पावन ।
साहित्यको गरी सेवा पारे उत्कृष्ट जीवन ॥४॥

विद्याको वर पाएर गरे ज्ञान प्रवर्धन ।
वन्दना गुरुको गर्दै बढाए दिव्य चेतन ॥ ५॥

प्रतिष्ठा उच्च राखेर गर्थे सद्गुण चिन्तन ।
प्रणवको गरी ध्यान भए कवि निरन्जन ॥ ६॥

माधव घिमिरे शान्त नेपालका सुपुत्र हुन् ।
गौरीको प्रियतालाई सबैले उच्च मान्दछन् ॥७॥

अरू कृतिहरू लेखे भाषा पारेर सुन्दर ।
घिमिरे कवि हुन् ज्ञानी सौम्य सत्काव्य मन्दिर ॥८॥

स्वर्गीय कविजी हाम्रा हुन् विज्ञ छन्ददर्पण ।
गर्छु माधवजीलाई श्रद्धासुमन अर्पण ॥९॥



# नेपाल धर्तीका सपूत

**भीमकुमारी श्रेष्ठ, *नेपाल***

नेपाल धर्तीका सपूत छोरा, माधव थियो नाम
हिँड्दैछौ कि कहीँ रोकियौ सडक भएर जाम ।

नेपालका तिमी राष्ट्रकवि हौ त्यहाँ के काम गर्दछौ
स्वर्गमा गइकन पनि तिमी चलाऊ नेपाल कै नाऊ ।

तिम्रै आवाज सुनौँ सुनौँ भयो कवितामा हेर
लय राखेर गाउँछौँ हामी तम्रै यादका खातिर ।

आवाज सुन्न पाउँ नेपाल धर्तीका सपूत तिम्रो
नेपाल देशकै शान, मान अनि गौरव हौ हाम्रो ।


# शुभकामना

**नयाँ वर्ष सन् २०२१ को**

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका
सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण
इष्टमित्रहरूमा सु–स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका
साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त
पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका
पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता
प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**यम पौडेल**
निवर्तमान अध्यक्ष
अनेसास बोष्टन च्याप्टर




# गर्छु श्रद्धाञ्जली समर्पण

मुकुन्द शर्मा चालिसे, *नेपाल*



जसले ज्योतिको पङ्ख उचाल्ने कविता दिए
मानौँ जगाउनलाई बिहानै सविता दिए ।

मायालु गृहिणी गौरी बैँसमा नै चिता भइन्
उनका शब्द पाएर नमर्ने कविता भइन् ।

राजराजेश्वरी आइन् नेपालीका हृदयाभरि
जसै छचल्किए शब्द कविताका दियाभरि ।

जसले लोकलयमा मुछे शब्द अजम्मरी
हामीले तान रन्कायौँ भई किन्नर-किन्नरी ।

देश यो खण्डमा लाने घातकीका विरुद्धमा
जो उठे पृथिवीलाई बोकी निर्भय युद्धमा ।

माटो र ममतालाई एउटै पार्दथे उनी
नेपाली भावनालाई शब्दमा झार्दथे उनी ।

हाम्रो हृदयको भाषा बोल्ने अमर ती कवि
गए हालै उतापट्टि छोडी गहकिलो छवि ।

जसका रचना हाम्रा मानौँ हुन् दिव्य दर्पण
ती राष्ट्रकविमा गर्छु श्रद्धाञ्जली समर्पण ।

# गजल

## राज श्रेष्ठ, *कुवेत*



सुन्दा खबर अविश्वासिलो हुरि चलेझैँ भयो ।
नेपाली साहित्य जगत्को मियो ढलेझैँ भयो ।

रोए अक्षर र शब्द आज, रोएका छन् कृतिहरू,
रुँदैछन् नेपाली जनहरू, मन यो गलेझैँ भयो ।

लाग्यो आज धस्यो धरा फाट्यो यो मनको गरा,
चुँड्दा प्राण हजुरको दैवले ढाँटे छलेझैँ भयो ।

राखी चितामा जलाउँदा, त्यो पार्थीव देहलाई
नेपाली साहित्यको सिङ्गो घर नै जलेझैँ भयो ।

अश्रुले धोई चरणकमल त्यो दिँदा श्रद्धाञ्जली,
बाल्दा दीप कविको नाउँमा आत्मा बलेझैँ भयो ।

# माधव घिमिरे

**रामविक्रम थापा, *नेपाल***



हाम्रा आस्था अनुपम प्रभा छन्दज्ञाता महान
तिम्रा राम्रा गतिमय कला स्वच्छजस्तै बिहान
लेख्दालेख्दै प्रखर प्रतिभा दीर्घजीवी उमेर
ठूलो श्रद्धा युगपुरुषको पूर्णताले छुएर ।

इन्द्रेणीका नवनव कला देख्नलाई तयार
खेतीपाती कवि र कविता लेख्नलाई हतार
आफ्नै माटो मनमहलमा देख्न सक्दा सचित्र
अग्लो मान्छे हिमशिखरको लेख्न सक्दा पवित्र

यौटा मान्छे गति र लयमा नाच्न सक्दो रहेछ
हाम्रै मान्छे अमर पथमा बाँच्न सक्ने भएछ
यौटा यात्रा रन र वनमा फुल्छ,फल्दो रहेछ
यौटा बत्ती अवगुण बिना बल्छ,बल्दो रहेछ

गाथा गौरी सुललित कला मालती-मङ्गलेको
छन्दै राम्रो मगमग भयो मङ्गलै भो सबैको
गाईजस्तै दुहुँदुहुँ हुने कामधेनु दुधालु
द्रष्टा, श्रष्टा थर छ घिमिरे माधवै जो सिपालु ।

# राष्ट्रकविको याद

**लक्ष्मी नेपाल, *नेपाल***



याद आउँछ ती राष्ट्रकविको रुन्छ नि सधैँ मन
अध्ययन गर्छु कविका कविता फुरुङ्ग हुन्छ तन
स्वच्छ पवित्र राष्ट्र धरोहरको याद मात्रै रह्यो यहाँ
छोड्दिन उहाँको काव्य कृतिको सम्मान गर्न जहाँ ।

गर्नु भो राष्ट्रकै निम्ति अमर ती अमूल्य काव्यहरू
बिर्सेछु भनें उहाँको राष्ट्रप्रतिको त्याग मै मरुँ बरु
स्वार्थी भाव अनि दम्भ मनमा थिएन कहिल्यै पनि
शरीर मरेर केभो र आखिर कृति मर्दैन जुनी जुनी ।

राष्ट्रका निम्ती जीवन दिनुभो जादुमय थियो कला
अमर कृति लेख्ने र गाउँने क्या मीठो थियो गला
लेखेर निरन्तर अमर रचना जीवन्त बनी दियौ
छोडेर हामीलाई अमुल्य याद स्वर्गमा विलीन भयौ ।

तिम्रो नाम अनि अमूल्य रचना युगयुग रहिरहोस्
सत्मार्ग लिएर सधैँ साहित्य सिर्जना भइरहोस्
पढ्न पाउँन् करोडौँ युगले ती तिम्रा शब्दका लहरी
आत्माले शान्ति पावस् सधैँ सम्झिन्छौँ चिन्तन गरी ।

# छैन आज उज्यालो



**ललिता 'दोषी' , *नेपाल***

छैन आज उज्यालो खोइ
सूर्य उदाउँदा पनि
खोजेँ अहँ भेटिनँ कतै
अहो ! त्यो सुन्दर मणि ।

छाया छ यतैउतै
गुञ्जिरहन्छ आवाज त्यो
माउ हराएका बचेरा सरी
टुहुरा भयौं अहो !

रोकेर रोकिन्न आँसु
मुटु पोल्छ भतभती
गाएर गाउनै नसक्ने
महिमा तिम्रो कतिकति ।

काया बिलाए पनि तिम्रो
छाया बिलाउन्न कतै
रहिरहन्छौ राष्ट्रकवि
नेपालीका ढुकढुकीमा सधैँ ।


# शुभकामना

**नयाँ वर्ष सन् २०२१ को**

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**विजय शर्मा**
उपाध्यक्ष: बोष्टन च्याप्टर



# मेरो मनपरेको कविसँग

विश्वप्रेम अधिकारी, *नेपाल*



स्रष्टा हाम्रा करुणरसका दीनका स्नेहदाता,
खोज्दै हिँड्ने चउर वनमा ज्योतिका चिह्न खासा।
हेलम्बुका धवल कुटीमा बल्छीझैं दृष्टि फ्याँकी,
भेट्यौ आमासरि विरहिणी सिंहिनीतुल्य रानी ।

आफ्नै भाका मधुरलयको साधना स्तुत्य तिम्रो,
आफ्नै भाषा ललितवयको सृष्टिसौन्दर्य तिम्रो ।
खोज्दै हिँड्ने तिमिर-घनमा धन्य हो दृष्टि तिम्रो,
शिल्पी नै हो प्रखर रचना भावना स्पष्ट तिम्रो ।

वाणी भर्दै व्यथित मनको गाउँमै स्वर्ग खोज्ने,
दानी चाक्लो हृदय छ जहाँ खोजिल्याएर राख्ने ।
आफ्ना सारा विरह बहका पुञ्ज फोयौ गलाले,
'गौरी' हाँसिन् सुरपुरतिरै लेखनीका कलाले ।

बिर्सायो है अमृत-रसले दुःख ती झोपडीका
सम्झायौ है हृदय-तलमा 'मालती-मङ्गलेका' ।
घोकायौ क्या सकलजनको धुक्धुकी स्पर्श गर्दै,
'लम्कौं-लम्कौं सहज गतिले' भन्दछौ विम्ब फोर्दै ।

गाग्री भर्ने हिमशिखरको फेदमा त्यो पँधेरो,
देख्यौ पैला अनि तृप्तिका दृष्टि माड्यौ, बबूरो
अज्ञानीको कटु हृदयमा प्रेमको गन्ध भर्दै,
नेपाली जो अघि अघि बढे उच्च ती शैलि फेर्दै ।

तिम्रो कैयौँ दशक सकिए छन्दमा गन्ध भर्दै
तिम्रा आफ्ना दिनहरू गए गीतका भाव छर्दै
'मेरै धौलागिरि शिखरमा छैन मैले पुगेको'
भन्दा भन्दै अझ तिमी देख्छु चढ्दै गरेको ।

कस्ले तोक्ला अमर कविको लौकिकीतुल्य आयु,
'वाणी नै हो दश सय' बरु साधकीको चिरायु ।
तिम्रो जन्मोत्सव शरदमा हुन्न कैल्यै जयन्ती,
तिम्रा वाणी प्रतिध्वनित भै घुम्दछन् माथि माथि

तिम्रा मीठा सरस कविता भावनाका नदी हुन्
बग्छन् आफैं सलल गतिमा श्रोतृका धुक्धुकी हुन्
सिङ्गो हाम्रो मुलुक घरझैँ अंश लाग्दैन भन्दै,
'निर्माता'को कदर गरदै काव्य लेख्यौ नभन्दै ।

टेक्यौ पैलो चरण सुखले शान्त 'गाउँशहर्मा',
'पुस्तन्' भन्ने जनपद महाँ हाँसिखली रहर्मा ।
डण्डी बीयो समवयसखा चुल्बुले हात जोडी,
हिँड्थ्यो पक्कै लमजुङतिरै त्यो सबै चट्ट छोडी

धुलो धूवाँ कसरी रतियौ कङ्कला शब्दभित्र,
मर्स्याङ्दीको सरर ध्वनि औ गाउँका इष्टमित्र
बिर्सी एक्लै कुन रसबुटी साथमा ली ठमेल,
रोज्यौ स्रष्टा भनन भन हे के भने हुन्छ मेल ।

# हार्दिक श्रद्धाञ्जली

शम्भु गजुरेल, *नेपाल*



चिल्थोले अपमानमा विगुलको बाजा बजाए अति
सत्ताको मतियार माधव भयो भन्दै थिए झन् कति
जो जो साँढ बनेर गर्जन गरे बोकेर कालो मन
आफ्नो सौम्य विचार को कलमले बाँध्यौ मीठो बन्धन ॥१॥

फ्याँके पत्थर जो बन्यो मखमली बज्रेर त्यो देहमा
वाणी दुर्जनका सबै बदलिए साहित्यका भेषमा
पिट्दा लौह बनेछ झन् चहकिलो चम्क्यो टलक्कै जब
पार्दै स्वाँङ दलाल चाकरहरू झुक्दा भएका सब ॥२॥

तारा चन्द्र समानका अमर छन् गौरी तथा मालती
सारा काव्य अमूल्य छन् अजर छन् हुन् राष्ट्रका सम्पत्ति
नेपाली शिरमा सहर्ष सजिने टोपी तिमी माधव
नेपाली नशमा सदैव बहने सञ्जीवनी माधव ॥३॥

तिम्रा शब्द पढेर हर्दम नयाँ ऊर्जा यहाँ मिल्दछ
तिम्रा काव्य सुनेर बादल विना वर्षा हुने गर्दछ
तिम्रा ग्रन्थहरू अपार रसिला कैलाशका टाकुरा
सुख्खा बन्जरमा गराइ मलिलो हुर्काउने आँकुरा ॥४॥

पीडाको पलमा तथा अमनमा नेपालको शानमा
देवीका गुणगानमा सगर वा पातालको मानमा
भाषाको गरिमा चढ्यो शिखरमा देखिन्छ है दर्पण
हे प्यारा गुणवान् विशिस्ट कवि ज्यू श्रद्धाञ्जली अर्पण ॥५॥

# HEALTH INSURANCE

Open Enrollment & Renewal Nov. 1st -Dec. 15th

Individual Health Insurance & Stand-Alone Dental and Vision Plan

**(Including Obamacare)**

KAISER PERMANENTE

Cigna

VSP

CareFirst BlueCross BlueShield

Anthem

Humana

UnitedHealthcare

Healing health care. Together.

aetna



**Arjun Dahal**

**5129 Lee Highway**

**Arlington, VA, 22207**

**Office 703-531-1461, Cell 703-965-0991, Fax 703-532-0857**

**www.ominsuranceusa.com**

# ध्रुवतारा तिमी

**शर्मिला श्रेष्ठ, *अमेरिका***



बखान गर्न असक्षम छ यो कलमका
शब्दावली अनि आख्यानहरू !
सूर्यको तेजलाई सक्दैन बादलले छेक्न
कालखण्डले मेटाउन सक्दैन अस्तित्व
अजर अमर रहनेछन् माधव जसै देव !
युगौं हरेक दिलको पाना पानाहरूमा
साहित्यिक भावनाका तरङ्गहरूमा
पल्लवित भई पुनः लता लतामा पाउनेछौं
उदाहरणीय अक्षरशः अलङ्कार अग्रगामी
जहाँ पुग्दैन रवि त्यहाँ पुग्नेछ सुवास उनकै
माधवप्रसाद घिमिरे राष्ट्रकवि

नश्वर चोला प्राकृतिक नियमले छुटे पनि
हरेक उनका कविता, गीत, कथा, निबन्ध,
नाटक, खण्डकाव्य, कथा अनुवाद लेख,
प्रवन्ध विद्या उपविधा, प्रकृतिसापेक्ष
ब्याख्यान कविताहरूमा युगौं अनुभूति गर्दै
उनकै पदचाप अनुसरण गर्ने छौं,

स्वच्छन्दवादी, परिस्कारवादी विचारधाराका बहुमुखी प्रतिभाका
प्रखर व्यक्तित्व निरन्तर नेपाली साहित्यमा

दिएका बहुमूल्य मूर्धन्य योगदानले
जीवन्त रचनाहरूले आउँदा नव पुस्ताहरूलाई मार्गनिर्देशन प्रदान गर्नेछ,

राष्ट्रभक्तिले ओतप्रोत उनका गीत
'गाउँछ गीत नेपाली ज्योतिको पङ्ख उचाली'
'नेपाली हामी रहौँला काहाँ नेपालै नरहे'
जस्ता कालजयी हृदयस्पर्शी गीतमा
बारम्बार अविष्मरणीय जम्काभेट हुनेछ,

प्रकृतिका विविध पक्षहरूलाई
आफ्ना जीवन्त रचनाहरूमा समावेश गरी
जीवनलाई प्राकृतिक सापेक्ष ढङ्गबाट
प्रस्तुतिकरण गरी पाठकलाई
प्रकृतिको सामीप्यमा झुमाएका छन्
प्रकृतिबिना हामी निरर्थक छौँ
प्रकृति नै हाम्री चर-अचरकी जननी हुन्
प्रकृतिका नियम बिरुद्ध गयौँ भने
मानव जातीको अवशेष रहने छैन
सचेतना छताछुल्ल पोखिएका
बुझ्नेलाई श्रीखण्ड सन्देशमुलक
सम्प्रेषित रचनाहरूमा यत्रतत्र भान हुन्छ,

उनका विशेष कविता
प्रथम कृति नवमञ्जरी
प्रेमप्रति ओतप्रोत शोककाव्य गौरी
राजेश्वरी, इन्द्रकुमारी, राष्ट्रनिर्माता
अनि गीति नाटक मालती-मङ्गले,
हिमालपारि हिमालवारि,
किन्नर-किन्नरी गीति सङ्ग्रह र

आफ्नै बाँसुरी आफ्नै गीत,
चारुचर्चा निबन्धजस्ता
बहुमूल्य कृतहस्त रचनाहरूले
साहित्यिक मन मुटुहरूमा
मूर्धन्य उच्चस्तरीय छाप छोडेको छ
कहिले मरणको महसुस हुनेछैन
युगौँ साहित्यकार अनुगृहीत रहनेछन्
सदा साहित्य आकाशका ध्रुवतारासरि
चम्किरहने छन् चम्किरहने छन् ॥

# शुभकामना

## नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**लालगोपाल सुवेदी**
पूर्व अध्यक्ष
अनेसास बोष्टन च्याप्टर



# सम्झनामा राष्ट्रकवि

**श्रीषा पाण्डे, *नेपाल***



आँखामा हिमाल मुटुमा नेपाल ज्ञानका टाकुरा
जाँगरी तन इन्द्रेणी मन सृष्टिका आँकुरा
सिकेर जीवन जितेर भुवन सर्वत्र फुलेर
राष्ट्रका कवि तेजस्वी छवि नमन झुकेर ।

राजेश्वरीलाई तिमीले सुन्यौ अरूले सुनेनन्
आमालाई हिजो पापिनी भन्दा धेरैले बुझेनन्
गौरीलाई सम्झी रोएथ्यौ सारा नेपाली रूवाई
पूर्खाको नासो अखण्ड देश मुटुमा सजाई ।

सुसेल्छे कहाँ सुनपङ्खी चरी नेपालै नरहे
मञ्जरी पनि दिदैंन शोभा घामपानी नसहे
मालती दुःख गर्दछिन् माया गर्दछ मङ्गले
युवाको जोशले उठाऊ देश स्वदेशी ढङ्गले ।

हे छन्द ऋषि ! तपस्वी भयौ देशप्रेममा हाँसेर
राष्ट्रनिर्माता सिर्जना गर्यौ वीरता गाँसेर
हे अश्वत्थामा ! स्वाभिमान साँच्दै बजाऊ बाँसुरी
सगरमाथा बुद्धको साथमा किन्नरकिन्नरी ।


आफैँमा पूर्ण हुदैँन कोही कर्मले सजाऊ
राष्ट्रको शान राष्ट्रको मान चूलीमा उठाऊ
प्रतिभारूपी काव्यको बिहान धर्तीमा उघ्रियोस्
मानवता फुल्दा माटोको माया जगत्मा फैलियोस् ।


# शुभकामना

नयाँ वर्ष सन् २०२१ को

सुखद उपलक्ष्यमा विश्वभर रहनुभएका सम्पूर्ण साहित्यानुरागी, दाजुभाइ, दिदीबहिनीलगायत सम्पूर्ण इष्टमित्रहरूमा सु-स्वास्थ्य, उन्नति र दीर्घायुको कामनाका साथै कोरोना भाइरस (कोभिड १९) ले विश्वलाई नै अक्रान्त पारिरहेको वर्तमान अवस्थालाई चिर्दै सुख एवं समृद्धिका पाइलाहरूमा लम्कन सम्पूर्ण मानवसमुदायलाई सफलता प्राप्त होस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**हरिप्रसाद काफ्ले 'शैव'**
पूर्व अध्यक्ष
अनेसास बोष्टन च्याप्टर



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) केन्द्रको प्रकाशन

# अनेसास दर्पण

INLS Darpan

८ औं अङ्क

# लेख/रचनाका लागि

## हार्दिक अपिल

युगानुसार समयको
वचत हुने गरी सुरक्षित गर्न सकिने प्रविधिबाट प्रकाशित
हुने यस **दर्पण** त्रैमासिक अनलाइन पत्रिकाका लागि
तपाईंलाई सन्तुष्ट लागेको लेख/रचना यथाशीघ्र पठाई यसै
अङ्कका लागि सुरक्षित गर्नुहुन अनुरोध छ ।

ध्यान दिनुपर्ने कुरा :

१) लेख/रचना टाइप गरेर डिकोड (प्रिति वा नागरिक) फन्टमा नै पठाउनु पर्नेछ । यद्यपि व्याकरणिक तथा भाषिक शुद्धता पछि सम्पादन गरिनेछ ।

३) लेख/रचनाको शीर्षकभन्दा माथि रेजुलेशन नघटाइकन सादा ब्याकग्राउण्ड भएको क्लोजप तस्वीरसहित निम्नानुसारको विवरण मात्र लेखी पठाउनुहोला-

नाम:
ठेगाना स्थायी:
ठेगाना हाल:
इमेल :

६) रचना आइपुग्नुपर्ने मिति चैत्र मसान्त २०७७ (April, 13, 2021)

२) पठाउने ईमेल ठेगाना **darpanpatrika7@gmail.com**

अनेसास
दर्पण
INLS Darpan

# प्रकाशन समिति



लालगोपाल सुवेदी (अमेरिका)
*प्रधान सम्पादक*



हरिप्रसाद काफ्ले 'शैव'(अमेरिका)
*कार्यकारी सम्पादक*




रमेश दाहाल (नेपाल)
*प्रविधि सम्पादक*

## सम्पादकहरु



ज्ञानु अधिकारी
*(नेपाल)*



नीलकण्ठ उप्रेती
*(अमेरिका)*



हेमन्त गिरी
*(जापान)*



धनीराम सापकोटा
*(अमेरिका)*



डी.आर. न्यौपाने 'सूर्य'
*(कोरिया)*



सुरेश पोखरेल
*(अमेरिका)*



प्रदीप खनाल
*(भारत)*



मदन पौडेल
*(बेलायत)*



मनोज न्यौपाने
*(नेपाल)*



यादव देवकोटा
*(पोर्चुगल)*



नमराज लामिछाने
*(साउदी)*